# राष्ट्रिय सामाजिक पार्टी

## विधान- २०८३

# विषय-सूची


प्रस्तावना ४

परिच्छेद १ प्रारम्भ ८

परिच्छेद २ दलको नाम र कार्यालय सम्वन्धी व्यवस्था ११

परिच्छेद ३ दलको छाप, चिन्ह र झण्डा १२

परिच्छेद ४ दलको सिद्धान्त उदेस्य र कार्यक्रम १३

परिच्छेद ५ दलको सदस्यता नवीकरण सुल्क र अभीलेख १८

परिच्छेद ६ दलको संगठनात्मक संरचना सम्बन्धी व्यवस्था २६

परिच्छेद ७ समिति र पदाधिकारी सम्ब्न्धी व्यवस्था २७

परिच्छेद ८ निर्वाचन र मनोनयन सम्बन्धी व्यवस्था ३८

परिच्छेद ९ महाधिवेशन सम्बन्धी व्यवस्था ६२

परिच्छेद १० विभिन्न तहका सभा/पषिद, समिति, विभाग तथा पदाधिकारीको काम कर्तव्य र अधिकार ७४

परिच्छेद ११ बैठक र निर्णय सम्बन्धी व्यवस्था ११३

परिच्छेद १२ अनुशासन सम्बन्धी कारबाही र पुनरावेदन १२०

परिच्छेद १३ विवाद समाधान समीती सम्वन्धी व्यवस्था १२९

परिच्छेद १४ दलको कोष सम्वन्धी व्यवस्था १३२

परिच्छेद १५ विधान संशोधन १४०

परिच्छेद १६ दल विघटन हुने अवस्था र विघटन भएमा सम्पत्ति तथा दायित्वको व्यवस्थापन १४४

परिच्छेद १७ विविध १४५

अनुसूची १ धारा ५ संग सम्बन्धित दलको छाप १५७

अनुसूची २ धारा ६ संग सम्बन्धीत दलको चीन्ह १५८

अनुसूची ३ धारा ७ संग सम्बन्धीत दलको झण्डा १५९

अनुसूची ४ धारा २२ को उपधारा (१) संग सम्बन्धीत दलको दर्ता किताव १६०

अनुसूची ५ धारा २३ को उपधारा (१) संग सम्बन्धीत सदस्य सपथ ग्रहणको ढाँचा १६१

अनुसूची ६ धारा २५ को उपधारा (२) संग सम्बन्धित संगठनात्मक संरचना दलको छाप १६२

अनुसूची ७ धारा ४९ को उपधारा (४) संग सम्बन्धित विजयी उमेदवारको प्रमाणपत्र १६३

अनुसूची ८ धारा १०३ को उपधारा (५) संग सम्बन्धित नगदी रसिद/भरपाइ लको छाप १६४

अनुसूची ९ धारा ११२ को उपधारा (१) संग सम्बन्धित दलको सम्पत्तिको लगत अभिलेखको ढाँचा १६५

अनुसूची १० धारा ११५ को उपधारा (१) संग सम्बन्धित विधान संशोधनको ढाँचा १६६

अनुसूची ११ धारा १२३ को उपधारा (३) संग सम्बन्धित सम्पत्ति विवरण पेश गर्ने ढाँचा १६७

## प्रस्तावना

नेपाल केवल ढुङ्गा र माटोले कोरिएको कुनै निर्जीव नक्सा होइन यो त हाम्रा पुर्खाहरूको रगत, पसिना, सभ्यता, सङ्घर्ष र बलिदानले सिञ्चिएको एउटा जीवित आत्मा हो। हजारौँ वर्षको इतिहास, विविध संस्कृति, भाषा, धर्म, भूगोल र सभ्यताको अनुपम समिश्रणले नेपाली राष्ट्रको विशिष्ट पहिचान निर्माण गरेको छ। हिमाल, पहाड र तराईको अद्वितीय भौगोलिक विविधता, बहुजातीय तथा बहुसांस्कृतिक सामाजिक संरचना, सहिष्णु धार्मिक परम्परा र अनेकताभित्रको एकताले हाम्रो राष्ट्रिय अस्तित्वलाई जीवन्त राखेको छ। यही मौलिकता नेपालको शक्ति, सम्पत्ति र भविष्यको आधार हो।

तर आज हाम्रो राष्ट्र गम्भीर चुनौतीहरूको सामना गरिरहेको छ। हिमालको गौरव लुटिँदै छ, पहाडको स्वाभिमान बेचिँदै छ, तराईको उर्वर छाती चिरिँदै छ, अनि हाम्रो राष्ट्रियताको आत्मा, अनेकताभित्रको एकता, बिस्तारै  कमजोर बन्दै गएको अनुभूति भइरहेको छ। यही संकटग्रस्त मौलिकता, स्वाभिमान र राष्ट्रिय गौरवको पुनर्स्थापना आजको सबैभन्दा ठूलो आवश्यकता बनेको छ।

आज त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट दैनिक रूपमा विदेशिने युवाहरूका आँसु, रातो बाकसभित्र फर्कने नेपाली छोराछोरीका शव, र बस्ती रित्तिँदै उजाड बन्दै गएका गाउँहरूले राष्ट्रको यथार्थलाई गम्भीर प्रश्न गरिरहेका छन्। केवल खोक्रो आर्थिक वृद्धि, वैदेशिक ऋणका तथ्याङ्क वा कागजी विकासले राष्ट्र महान् बन्न सक्दैन। राष्ट्रको समृद्धि केवल आर्थिक वृद्धिबाट मात्र सम्भव हुँदैन; वास्तवमा आर्थिक विकास र समृद्धिको आधार सामाजिक न्याय, मानव मर्यादा, राष्ट्रिय एकता, वैज्ञानिक चेतना, समाजतान्त्रिक मूल्य, लोकतान्त्रिक संस्कार, जिम्मेवारीपूर्ण नागरिक, पूर्ण रोजगारीको सुनिश्चितता, मर्यादित तथा उत्तरदायी स्वतन्त्रता र सुशासनको सुदृढ समन्वयमा निहित हुन्छ।

जबसम्म सीमान्तकृत नागरिकका झुपडीमा सामाजिक न्यायको घाम पुग्दैन, जबसम्म श्रमिकको पसिनाले उचित मूल्य पाउँदैन, जबसम्म प्रत्येक नागरिकले शिक्षा, स्वास्थ्य, रोजगारी र सम्मानजनक जीवनको अवसर प्राप्त गर्दैन, तबसम्म विकास केवल भ्रम मात्र रहन्छ। विकास त्यतिबेला मात्र दिगो, न्यायपूर्ण र जनमुखी बन्न सक्छ, जब त्यो राष्ट्रको आफ्नै इतिहास, भूगोल, संस्कृति, सामाजिक संरचना, आर्थिक यथार्थ र जनताको जीवनशैलीसँग मेल खान्छ। नेपाली माटो, नेपाली समाज, नेपाली संस्कृति र नेपाली आवश्यकताबाट निर्देशित विकास नै नेपालको समृद्धिको सही मार्ग हो भन्ने हाम्रो विश्वास छ।

यसै यथार्थको धरातलमा उभिएर राष्ट्रिय सामाजिक पार्टी (एकता) ले मानवकेन्द्रित सामाजिक राष्ट्रवादलाई आफ्नो मूल दार्शनिक आधारका रूपमा अंगीकार गरेको छ। हाम्रो विचारमा राष्ट्र केवल राजनीतिक सीमारेखा वा राज्यसत्ताको संरचना मात्र होइन; राष्ट्र भनेको साझा इतिहास, साझा संस्कृति, साझा जिम्मेवारी र साझा भविष्यको जीवन्त अभिव्यक्ति हो। नागरिकको सम्मान, सुरक्षा, समृद्धि र अवसर सुनिश्चित नगरी राष्ट्र बलियो हुन सक्दैन, र बलियो राष्ट्रबिना नागरिकको भविष्य पनि सुरक्षित हुन सक्दैन।

राष्ट्रिय सामाजिक पार्टी (एकता) समाजतन्त्रलाई वर्गसंघर्षको माध्यमका रूपमा होइन, वर्ग समन्वय, सामाजिक न्याय, समान अवसर, श्रमको सम्मान, सामाजिक सुरक्षा र मानव मर्यादाको आधारका रूपमा स्वीकार गर्दछ। किसान, मजदुर, कर्मचारी, उद्यमी, व्यवसायी, सहकारी क्षेत्र तथा बुद्धिजीवी वर्ग राष्ट्र निर्माणका परस्पर पूरक शक्ति हुन् भन्ने हाम्रो विश्वास छ। समाजको प्रगति द्वन्द्वबाट होइन, सहकार्य, समन्वय र साझा उत्तरदायित्वबाट सम्भव हुन्छ।

पार्टीले वर्ग समन्वयको सिद्धान्त अनुरूप नियन्त्रित अर्थतन्त्रको अवधारणालाई अवलम्बन गर्दछ, जहाँ राज्यले राष्ट्रिय हित, सामाजिक न्याय र आर्थिक सन्तुलनको संरक्षकको भूमिका निर्वाह गर्दछ। निजी क्षेत्रलाई उत्पादन, लगानी र नवप्रवर्तनको अवसर प्रदान गरिनेछ, सहकारी क्षेत्रलाई सामूहिक समृद्धिको माध्यमका रूपमा विकास गरिनेछ, र श्रमिक तथा उत्पादक वर्गको अधिकार सुनिश्चित गरिनेछ। अर्थतन्त्रको उद्देश्य सीमित व्यक्तिको सम्पत्ति वृद्धि नभई सम्पूर्ण नागरिकको समृद्धि, पूर्ण रोजगारी, उत्पादन वृद्धि र राष्ट्रको आत्मनिर्भरता हुनेछ।

राष्ट्रको सम्पत्ति, अवसर र विकासका प्रतिफलहरू सीमित समूहमा केन्द्रित नभई सम्पूर्ण नागरिकसम्म न्यायपूर्ण रूपमा पुग्नुपर्छ भन्ने मान्यता पार्टीको मूल आधार हो। प्रत्येक नागरिकले शिक्षा, स्वास्थ्य, रोजगारी, सामाजिक सुरक्षा र सम्मानजनक जीवनको अवसर प्राप्त गर्नुपर्छ। उत्पादनमा प्रोत्साहन, वितरणमा न्याय, श्रमको सम्मान र राष्ट्रिय हितमा नियमन हाम्रो आर्थिक दर्शनको मूल आधार हुनेछ।

हामी स्वतन्त्रतालाई समजतन्त्र, लोकतन्त्रको आधार मान्छौं, तर स्वतन्त्रता असीमित वा अराजक हुन सक्दैन भन्ने विश्वास राख्छौं। मर्यादित, जिम्मेवारी पूर्ण स्वतन्त्रता सामाजिक राष्ट्रवादको महत्वपूर्ण आधार हो, जहाँ व्यक्तिको अधिकारको सम्मान गरिन्छ तर त्यसको प्रयोग समाज, राष्ट्र र अरू नागरिकको अधिकारप्रति उत्तरदायी ढङ्गले हुनुपर्छ। अधिकार र कर्तव्य, स्वतन्त्रता र जिम्मेवारी तथा व्यक्ति र राष्ट्रबीचको सन्तुलन नै सभ्य समाजको आधार हो।

राष्ट्रिय सामाजिक पार्टी (एकता) नेपालको भौगोलिक विविधता, प्राकृतिक स्रोतसाधन, कृषि सम्भावना, जलस्रोत, पर्यटन, उद्योग, विज्ञान तथा प्रविधिलाई राष्ट्र निर्माणका प्रमुख आधारका रूपमा उपयोग गर्दै पूर्ण रोजगारीमुखी, उत्पादनमुखी र आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्न प्रतिबद्ध छ। पार्टीका अनुसार प्रत्येक नागरिकलाई सम्मानजनक रोजगारीको अवसर उपलब्ध गराउनु राज्यको प्रमुख दायित्व हो। बेरोजगारी केवल आर्थिक समस्या मात्र नभई सामाजिक असमानता, गरिबी र राष्ट्रिय कमजोरीको कारण पनि हो।

हामी विकासलाई केवल भौतिक पूर्वाधारको विस्तारमा सीमित नराखी मानव विकास, सांस्कृतिक संरक्षण, सामाजिक सद्भाव, वातावरणीय सन्तुलन, नैतिक नेतृत्व र सुशासनसँग जोडेर हेर्छौं। सामाजिक न्याय र राष्ट्रिय स्वाभिमानलाई हामी परस्पर विरोधी होइन, एकअर्काका पूरक शक्तिका रूपमा स्वीकार गर्दछौं।

राष्ट्रिय सामाजिक पार्टी (एकता) तथ्यपूर्ण प्रेस स्वतन्त्रतालाई समजतन्त्र,लोकतन्त्र, सामाजिक न्याय र राष्ट्रिय उत्तरदायित्वको आधारभूत स्तम्भका रूपमा स्वीकार गर्दछ। हाम्रो विश्वास छ कि प्रेस स्वतन्त्रता समजतन्त्र, लोकतन्त्रको आत्मा हो, तर त्यो स्वतन्त्रता सत्य, तथ्य, व्यावसायिक नैतिकता, सामाजिक उत्तरदायित्व र राष्ट्रिय हितप्रति प्रतिबद्ध हुनुपर्छ।

सामाजिक राष्ट्रवादको दृष्टिकोण अनुसार सञ्चारमाध्यम केवल सूचना प्रवाहको साधन मात्र होइन, राष्ट्र निर्माण, सामाजिक चेतना, नागरिक सशक्तीकरण र राष्ट्रिय एकताको महत्वपूर्ण माध्यम हो। त्यसैले सञ्चारमाध्यमले सत्य र तथ्यमा आधारित सूचना सम्प्रेषण गर्दै समाजमा सकारात्मक बहस, जनजागरण र उत्तरदायी नागरिक संस्कृतिको विकास गर्नुपर्छ।

समाजतान्त्रिक आधारमा सञ्चार क्षेत्र सीमित आर्थिक, राजनीतिक वा बाह्य स्वार्थ समूहहरूको नियन्त्रणमा केन्द्रित हुनु हुँदैन। सञ्चारमाध्यमले सम्पूर्ण नागरिक, श्रमिक, किसान, युवा, महिला, उद्यमी तथा समाजका सबै वर्गको आवाजलाई समान अवसर प्रदान गर्नुपर्छ। सूचना र सञ्चारको पहुँच सबै नागरिकका लागि समान रूपमा सुनिश्चित गरिनुपर्छ।

हामी तथ्यपूर्ण प्रेस स्वतन्त्रताको पूर्ण संरक्षण गर्दै पत्रकारको पेशागत स्वतन्त्रता, नागरिकको सूचनाको अधिकार र सञ्चारमाध्यमको स्वतन्त्र अस्तित्व सुनिश्चित गर्न प्रतिबद्ध छौं। स्वतन्त्र, निष्पक्ष र तथ्यमा आधारित सञ्चारमाध्यम समजतन्त्र, लोकतन्त्र, सुशासन, सामाजिक न्याय र जनउत्तरदायित्वका महत्वपूर्ण आधार हुन् भन्ने हाम्रो विश्वास छ।

राष्ट्रिय सामाजिक पार्टी (एकता) शिक्षा, स्वास्थ्य र खेलकुदलाई मानव विकास तथा राष्ट्र निर्माणका आधारभूत स्तम्भका रूपमा स्वीकार गर्दछ। हाम्रो विश्वास छ कि शिक्षित, स्वस्थ, अनुशासित, सीपयुक्त र राष्ट्रप्रति समर्पित नागरिक नै समृद्ध राष्ट्रको वास्तविक शक्ति हुन्। त्यसैले शिक्षा, स्वास्थ्य र खेलकुदलाई व्यापार वा विशेषाधिकारको विषय नभई प्रत्येक नागरिकको मौलिक अधिकार तथा राज्यको प्रमुख दायित्वका रूपमा स्थापित गरिनुपर्छ।

पार्टीको लक्ष्य गुणस्तरीय, वैज्ञानिक, रोजगारमुखी तथा राष्ट्रप्रेममा आधारित शिक्षाको विकास, सर्वसुलभ र प्रभावकारी स्वास्थ्य सेवाको सुनिश्चितता तथा खेलकुदमार्फत स्वस्थ, अनुशासित र प्रतिस्पर्धी समाजको निर्माण गर्नु हो। आर्थिक अवस्था, भौगोलिक अवस्था वा सामाजिक पृष्ठभूमिका कारण कुनै पनि नागरिक शिक्षा, स्वास्थ्य र खेलकुदको अवसरबाट वञ्चित हुनुहुँदैन भन्ने हाम्रो मान्यता छ।

राष्ट्रिय सामाजिक पार्टी (एकता) दीर्घकालीन रूपमा आधारभूतदेखि उच्च शिक्षासम्म निःशुल्क तथा गुणस्तरीय शिक्षा, आधारभूतदेखि विशिष्टीकृत स्वास्थ्य सेवासम्म निःशुल्क र सर्वसुलभ पहुँच तथा प्रत्येक स्थानीय तहमा खेलकुद पूर्वाधार, प्रतिभा विकास र खेल संस्कृतिको विस्तारलाई राज्यको दायित्वका रूपमा स्थापित गर्न प्रतिबद्ध छ। मानव पूँजीमा गरिएको लगानीलाई राष्ट्रको सबैभन्दा ठूलो लगानी मान्दै पार्टीले शिक्षा, स्वास्थ्य, खेलकुद, अनुसन्धान र नवप्रवर्तनलाई राष्ट्रिय विकासको केन्द्रमा राख्नेछ।

नेपालको संविधानले परिकल्पना गरेको लोकतान्त्रिक मूल्य, सामाजिक न्याय, सुशासन, समृद्धि र राष्ट्रिय एकताको लक्ष्य प्राप्तिका लागि नागरिकको जीवनस्तरमा गुणात्मक सुधार ल्याउने दृढ संकल्पका साथ राष्ट्रिय सामाजिक पार्टी (एकता) स्थापना गरिएको हो। नेपाली माटो, नेपाली समाज, नेपाली संस्कृति र नेपाली आवश्यकतामा आधारित आधुनिक विकास मोडेल निर्माण गर्दै वर्ग समन्वयमा आधारित सामाजिक न्याय, मर्यादित,जिम्मेवारी पूर्ण स्वतन्त्रता, पूर्ण रोजगारी, निःशुल्क तथा गुणस्तरीय शिक्षा र स्वास्थ्य सेवा, खेलकुदको विकास, श्रमको सम्मान, आत्मनिर्भर तथा नियन्त्रित अर्थतन्त्र, वैज्ञानिक अनुसन्धान र नवप्रवर्तनमार्फत समृद्ध, न्यायपूर्ण, आत्मनिर्भर र एकताबद्ध नेपाल निर्माण गर्नु यस पार्टीको मूल उद्देश्य हुनेछ।

राष्ट्रको स्वाभिमान, सामाजिक न्याय, नागरिकको सम्मान, श्रमको प्रतिष्ठा र साझा समृद्धिलाई मार्गदर्शक आदर्शका रूपमा आत्मसात गर्दै राष्ट्रिय सामाजिक पार्टी (एकता) संविधान, समजतन्त्र, लोकतन्त्र, मानव मर्यादा, सामाजिक उत्तरदायित्व र राष्ट्रिय हितप्रति प्रतिबद्ध रही नेपाली जनता र राष्ट्रको सर्वाङ्गीण विकासका लागि निरन्तर क्रियाशील रहनेछ।

यसै उद्देश्य र आदर्शलाई संस्थागत गर्दै नेपाली जनताको राजनीतिक, आर्थिक, सामाजिक, शैक्षिक, सांस्कृतिक तथा नैतिक उत्थानका लागि यो विधान जारी गरिएको छ।

## परिच्छेद-१

## प्रारम्भ

**धारा- १. दलको नाम र प्रारम्भः**

१. यस विधानको पुरा नाम राष्ट्रिय सामाजिक पार्टी को विधान- २०८३ रहेको छ । यो विधान यससङ्गठनको निर्माण र सञ्चालनको मूल आधार हुनेछ ।

२. यो विधान तुरुन्त प्रारम्भ हुनेछ ।

**धारा २. परिभाषा :**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस विधानमा:

(क) "अधिवेशन" भन्नाले यस विधानको धारा ५७ बमोजिम प्रदेश, जिल्ला, गाउँ/नगर तथा वडा तहमा आयोजना हुने दलको सम्बन्धित तहको निर्वाचन तथा विधानबमोजिमको अधिकार प्रयोग गर्न सक्षम भेलालाई सम्झनुपर्छ।

(ख) "आयोग" भन्नाले नेपालको संविधानको धारा २४५ बमोजिम गठन भएको निर्वाचन आयोगलाई सम्झनुपर्छ।

(ग) "आयोगको सम्बन्धित कार्यालय" भन्नाले वडा, गाउँ/नगर तथा जिल्ला समितिको हकमा सम्बन्धित जिल्ला निर्वाचन कार्यालय, प्रदेश समितिको हकमा सम्बन्धित प्रदेश निर्वाचन कार्यालय र केन्द्रीय समितिको हकमा निर्वाचन आयोगको केन्द्रीय कार्यालयलाई सम्झनुपर्छ।

(घ) "ऐन" भन्नाले प्रचलित राजनीतिक दलसम्बन्धी ऐन, २०७३ लाई सम्झनुपर्छ।

(ङ) "समिति" भन्नाले दलका विभिन्न तहमा यस विधानबमोजिम गठन हुने कार्यकारी समिति तथा अन्य समितिलाई सम्झनुपर्छ र सो शब्दले दलका विभिन्न निकाय, समिति तथा उपसमितिलाई समेत जनाउँछ।

(च) "कार्यकारी अधिकार" भन्नाले दलको तर्फबाट निर्णय गर्न यस विधानबमोजिम प्राप्त अधिकारलाई सम्झनुपर्छ।

(छ) "केन्द्रीय समिति" भन्नाले यस विधानको धारा २७ बमोजिम केन्द्रीय तहमा गठन तथा परिचालन हुने दलको सर्वोच्च कार्यकारी समिति सम्झनुपर्छ।

(ज) "केन्द्रीय निकाय" भन्नाले केन्द्रीय तहमा गठन तथा परिचालन हुने केन्द्रीय समिति, विभाग, सभा/परिषद तथा अन्य समितिलाई सम्झनुपर्छ।

(झ) "कोष" भन्नाले यस विधानको धारा १०८ बमोजिम स्थापना तथा सञ्चालन हुने दलको कोषलाई सम्झनुपर्छ।

(ञ) "तोकिएबमोजिम" भन्नाले यस विधानको अधीनमा रही दलले बनाएको नियमावली, विनियम वा कार्यविधिमा तोकिएबमोजिमको व्यवस्था सम्झनुपर्छ।

(ट) "दल/पार्टी" भन्नाले "राष्ट्रिय सामाजिक पार्टी" नामक राजनीतिक दललाई सम्झनुपर्छ।

(ठ) "नगरपालिका" भन्नाले नगरपालिका, उपमहानगरपालिका तथा महानगरपालिकालाई समेत सम्झनुपर्छ।

(ड) "निर्वाचन समिति" भन्नाले यस विधानको धारा ३४ बमोजिम गठन हुने निर्वाचन समितिलाई सम्झनुपर्छ।

(ढ) "पदाधिकारी" भन्नाले यस विधानबमोजिम निर्वाचित, मनोनित वा गठन हुने समितिका अध्यक्ष/सभापति, संयोजक, उपाध्यक्ष, महासचिव, सचिव, कोषाध्यक्ष, सदस्य-सचिव तथा अन्य पदाधिकारीलाई सम्झनुपर्छ। सो शब्दले कुनै निश्चित कार्य वा जिम्मेवारीका लागि कुनै निकायमा दलको तर्फबाट प्रतिनिधित्व गर्न तोकिएको प्रतिनिधिलाई समेत जनाउँछ।

(ण) "पालिका" भन्नाले गाउँपालिका वा नगरपालिका सम्झनुपर्छ।

(त) "प्रदेश समिति" भन्नाले यस विधानको धारा २८ बमोजिम प्रदेश तहमा गठन तथा परिचालन हुने दलको कार्यकारी समितिलाई सम्झनुपर्छ।

(थ) "प्रमुख पदाधिकारी" भन्नाले अध्यक्ष/सभापति, उपाध्यक्ष/उपसभापति, महासचिव, सचिव तथा कोषाध्यक्ष जस्ता पदलाई सम्झनुपर्छ र सो शब्दले विभाग वा अन्य समितिका संयोजक तथा सचिवलाई समेत जनाउँछ।

(द) "प्रदेश निकाय" भन्नाले प्रदेश तहमा गठन तथा परिचालन हुने प्रदेश समिति, विभाग, सभा/परिषद तथा अन्य समितिलाई सम्झनुपर्छ।

(ध) "महाधिवेशन" भन्नाले यस विधानको धारा ५७ बमोजिम केन्द्रीय तहमा आयोजना हुने केन्द्रीय तहका समितिको निर्वाचन, विधान निर्माण वा संशोधन तथा विधानबमोजिमका अन्य अधिकार प्रयोग गर्न सक्षम दलको सर्वोच्च प्रतिनिधिमूलक भेलालाई सम्झनुपर्छ।

(न) "माथिल्लो समिति" भन्नाले वडा तहको समितिको हकमा गाउँ/नगर समिति, गाउँ/नगर समितिको हकमा जिल्ला समिति, जिल्ला समितिको हकमा प्रदेश समिति र प्रदेश समितिको हकमा केन्द्रीय समितिलाई सम्झनुपर्छ।

(प) "विधान" भन्नाले "राष्ट्रिय सामाजिक पार्टी" दलको विधान, २०८३ लाई सम्झनुपर्छ।

(फ) “सदस्य” भन्नाले यस विधानको धारा १४ बमोजिम दलको सदस्यता प्राप्त गरेको व्यक्तिलाई सम्झनुपर्छ।

(ब) “सभा/परिषद” भन्नाले यस विधानबमोजिमको अधिकार प्रयोग गर्न सक्षम धारा ३० बमोजिम गठन भएको सभा/परिषदलाई सम्झनुपर्छ।

(भ) “समावेशी समूह” भन्नाले महिला, दलित, आदिवासी जनजाति, खस आर्य, मधेसी, थारू, मुस्लिम, पिछडिएको क्षेत्र, अपाङ्गता भएका व्यक्ति, युवा तथा दलको नियमावलीमा तोकिएका अन्य वर्ग, समुदाय, क्षेत्र तथा समूहलाई सम्झनुपर्छ।

(म) “संसदीय दल” भन्नाले संघीय संसद वा प्रदेश सभामा दलको तर्फबाट निर्वाचित तथा प्रतिनिधित्व गर्ने सदस्यहरू सम्मिलित भई संघीय वा प्रदेश तहको संसदमा गठन हुने दलको संसदीय संयन्त्रलाई सम्झनुपर्छ।

(य) “संयन्त्र” भन्नाले दल सञ्चालन, समन्वय तथा परिचालनका लागि केन्द्रदेखि स्थानीय तहसम्म यस विधानबमोजिम गठन तथा परिचालन हुने विभिन्न निकाय, समिति, विभाग, सभा/परिषद तथा संरचनालाई सम्झनुपर्छ।

(र) “संविधान” भन्नाले नेपालको संविधानलाई सम्झनुपर्छ।

(ल) “स्थानीय अधिकारी” भन्नाले सम्बन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारीलाई सम्झनुपर्छ।

(ब) “स्थानीय तह” भन्नाले नेपालको संविधानबमोजिमका गाउँपालिका तथा नगरपालिकालाई सम्झनुपर्छ। यस शब्दले आवश्यक सन्दर्भमा जिल्ला तहलाई समेत जनाउँछ।

(श) “क्षेत्र” भन्नाले दलको महाधिवेशन वा अधिवेशनमा प्रतिनिधि निर्वाचन गर्न तथा दलका विभिन्न तहका कार्यकारी समिति वा निकायमा निर्वाचन गर्नका लागि यस विधान, निर्वाचन नियमावली वा निर्वाचन समितिले निर्धारण गरेको निर्वाचन क्षेत्रलाई सम्झनुपर्छ।

(ष) “निर्वाचित प्रतिनिधि” भन्नाले यस विधान तथा निर्वाचन नियमावलीबमोजिम सम्बन्धित तहको महाधिवेशन, अधिवेशन, सभा/परिषद वा समितिमा प्रतिनिधित्व गर्न विधिवत् रूपमा निर्वाचित भएको व्यक्तिलाई सम्झनुपर्छ।

(स) “विशेष महाधिवेशन/अधिवेशन” भन्नाले विधानबमोजिम विशेष परिस्थिति वा विशेष विषयमा निर्णय गर्न अधिकारप्राप्त निकायबाट आह्वान गरिएको राष्ट्रिय महाधिवेशन वा सम्बन्धित तहको अधिवेशनलाई सम्झनुपर्छ।

## परिच्छेद-२

# दलको नाम र कार्यालय सम्बन्धी व्यवस्था

### धारा- ३.पार्टीको नाम र कार्यालय :

१. यस पार्टीको नाम राष्ट्रि सामाजिक पार्टी रहनेछ। अङ्ग्रेजीमा National Societal Party भनिनेछ , नेपाली संक्षिप्तमा (रा.स.पा) र अङ्ग्रेजी संक्षिप्तमा RSP भनिनेछ।

२. दलको केन्द्रीय कार्यालय काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं १० मा रहनेछ।

३. दलले यस विधान बमोजिमका आफ्ना प्रदेश र स्थानीय तहमा प्रदेश तथा स्थानीय कार्यालय स्थापना र सञ्चालन गर्नेछ।

४. दलले प्रदेश तथा स्थानीय तहमा स्थापना गर्ने कार्यालयको ठेगाना र विवरण कार्यालय स्थापना भएको मितिले पन्ध्र दिन भित्र आयोगको सम्बन्धित कार्यालयलाई उपलब्ध गराउनेछ।

५. यो विधान तुरुन्त प्रारम्भ हुनेछ।

### धारा ४. दल स्वशासित र संगठित संस्था हुने:

१. यो दल अविच्छिन्न उत्तराधिकारवाला, स्वशासित, संगठित तथा कानूनी हैसियत भएको संस्था हुनेछ।

२. दलले प्रचलित कानूनको अधीनमा रही व्यक्ति सरह चल तथा अचल सम्पत्ति प्राप्त गर्न, स्वामित्व राख्न, भोगचलन गर्न, बिक्री-वितरण गर्न, हस्तान्तरण गर्न, भाडामा दिन वा लिन तथा अन्य किसिमले व्यवस्थापन गर्न सक्नेछ।

३. दलले आफ्नो नामबाट नालिस, उजुरी, मुद्दा वा अन्य कानूनी कारबाही गर्न सक्नेछ र दलउपर पनि सोही नामबाट नालिस, उजुरी, मुद्दा वा अन्य कानूनी कारबाही चलाउन सकिनेछ।

४. दलले प्रचलित कानूनको अधीनमा रही व्यक्ति सरह करार गर्न तथा करारबमोजिम प्राप्त हुने अधिकारको प्रयोग र निर्वाह गर्नुपर्ने दायित्व पूरा गर्न सक्नेछ।

५. दलले आफ्नो सम्पत्ति, कोष, अभिलेख तथा दायित्वको संरक्षण र व्यवस्थापन प्रचलित कानून, यस विधान तथा सम्बन्धित नियमावलीबमोजिम गर्नेछ।

६. प्रचलित कानूनबमोजिम दल विघटन वा खारेज भएमा यस विधानमा अन्यथा व्यवस्था भएकोमा बाहेक दलको बाँकी सम्पत्ति, कोष तथा जायजेथा प्रचलित कानूनबमोजिम नेपाल सरकारको हुनेछ।

परिच्छेद-३

## दलको छाप, चिन्ह र झण्डा

**धारा- ५. पार्टीको छाप :**

पार्टीको काम कार्बाहीका लागी छाप अनुसूची- १ मा उल्लेख भएबमोजिम हुनेछ ।

**धारा- ६. पार्टीको प्रतीक/चुनाव चिन्ह :**

यस पार्टीको आफ्नो छुट्टै प्रतीक चिह्न अनुसूची- २ मा उल्लेख भएबमोजिम हुनेछ ।

**धारा- ७. पार्टीको झण्डा :**

यस पार्टीको झण्डा अनुसूची-३ बमोजिम हुनेछ ।

**धारा ८. दलको घोषणपत्रः**

१. दलको आफ्नो घोषणापत्र हुनेछ । यस्तो घोषणापत्रको एक प्रति दल दर्ताका लागि आयोगमा निवेदन पेश गर्दा संलग्न राखी पेश गरिनेछ ।

२. दलले आफ्नो घोषणापत्रमा आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ । दलको घोषणापत्र संशोधन भएमा संशोधन भएको मितिले तीस दिनभित्र आयोगमा संशोधित घोषणापत्रको प्रति पेश गरिनेछ ।

परिच्छेद-४

# दलको सिद्धान्त, उद्देश्य र कार्यक्रम

## धारा ९. आधारभूत सिद्धान्त र प्रतिबद्धताः

दलको आधारभूत सिद्धान्त र प्रतिबद्धता देहाय बमोजिम हुनेछः-

(क). राष्ट्रिय स्वाधीनता, सार्वभौमिकता, अखण्डता र राष्ट्रिय हितको संरक्षण।

(ख). लोकतन्त्र, विधिको शासन, मानव अधिकार र मौलिक स्वतन्त्रताको सम्मान।

(ग). सामाजिक न्याय, समानता, समावेशिता र विभेदको अन्त्य।

(घ). वर्ग समन्वय, सामाजिक सद्भाव र राष्ट्रिय एकताको प्रवर्द्धन।

(ङ). उत्पादनमुखी, आत्मनिर्भर तथा रोजगारीमुखी अर्थतन्त्र निर्माण।

(च). भ्रष्टाचारमुक्त, पारदर्शी, जवाफदेही र जनमुखी सुशासन।

(छ). गुणस्तरीय शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षाको सुनिश्चितता।

(ज). कृषि, उद्योग, प्रविधि, ऊर्जा र पूर्वाधारको तीव्र विकास।

(झ). युवा, महिला तथा सीमान्तकृत समुदायको समान सहभागिता र सशक्तीकरण।

(ञ). प्राकृतिक स्रोत, वातावरण तथा राष्ट्रिय सम्पदाको संरक्षण र दिगो उपयोग।

(ट). स्वतन्त्र, सन्तुलित तथा राष्ट्रिय हितमा आधारित परराष्ट्र नीति।

(ठ). श्रमको सम्मान, सीपको विकास, उद्यमशीलता र स्वरोजगारको प्रवर्द्धन।

(ड). बहुभाषिक, बहुजातीय, बहुधार्मिक र बहुसांस्कृतिक नेपाली समाजको सम्मान।

(ढ). राष्ट्रहित, जनहित र सामाजिक समृद्धिलाई सर्वोच्च प्राथमिकता दिई समुन्नत, आत्मनिर्भर र न्यायपूर्ण नेपाल निर्माण गर्ने प्रतिबद्धता।

**धारा १०. उद्देश्य:**

दलको उद्देश्य देहाय बमोजिम हुनेछ:

(क). संविधान र ऐनको अधीनमा रही समान राजनीतिक विचारधारा, दर्शन र कार्यक्रममा प्रतिबद्ध व्यक्तिहरुलाई संगठित गरी राजनीतिक काम कारबाही सञ्चालन गर्नु,

(ख). संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संसदीय शासन प्रणालीको माध्यमबाट प्रत्येक नागरिकका राजनीतिक, आर्थिक, सामाजिक, भाषिक तथा सांस्कृतिक एवं धार्मिक अधिकार र वैयक्तिक स्वतन्त्रताको प्रत्याभूतिका लागि संघीय, प्रदेश र स्थानीय तहमा शान्तिपूर्ण राजनीतिक गतिविधि सञ्चालन गर्ने,

(ग). समुन्नत राष्ट्र र नागरिक निर्माण, अखण्ड, सम्पन्न र स्वाभिमानी राष्ट्र निर्माणका लागि राजनीतिक, सामाजिक तथा आर्थिक विकासको लक्ष्य पूरा गर्न राजनीतिक गतिविधि सञ्चालन गर्ने,

(घ). रोजगारी सिर्जना, उत्पादन वृद्धि र आत्मनिर्भर अर्थतन्त्र विकास गर्ने।

(ङ). शिक्षा, स्वास्थ्य, कृषि, उद्योग, प्रविधि तथा पूर्वाधारको विकास गर्ने।

(च). भ्रष्टाचार, अनियमितता, विभेद, शोषण र अन्यायको अन्त्य गर्ने।

(छ). युवा, महिला, श्रमिक, किसान तथा सीमान्तकृत समुदायको सशक्तीकरण गर्ने।

(ज). प्राकृतिक स्रोत, वातावरण र राष्ट्रिय सम्पदाको संरक्षण तथा दिगो उपयोग गर्ने।

(झ). राष्ट्रिय एकता, सामाजिक सद्भाव र नेपाली मौलिक संस्कृति तथा पहिचानको संरक्षण गर्ने।

(ञ). जनताको जीवनस्तर उकास्दै समृद्ध, आत्मनिर्भर, न्यायपूर्ण र समाजमुखी नेपाल निर्माण गर्ने।

**धारा ११. उद्देश्य प्राप्तिका लागि गरिने कार्य:**

१. आयोगबाट विधान स्वीकृत भई दल दर्ता भएपछि मात्र दलले धारा ९ मा उल्लेख भएका उद्देश्य प्राप्तिका लागि कार्य सञ्चालन गर्नेछ ।

२. धारा ९ बमोजिमका उद्देश्य प्राप्त गर्न दलले देहाय बमोजिमका काम गर्नेछ:

(क) दललाई आवश्यक पर्ने भवन निर्माण गर्ने वा भाडामा वा लिजमा लिने र कम्प्युटर, टेलिफोन, टाइपराइटर, फ्याक्स जस्ता कार्यालय सामान तथा सवारी साधन खरिद गर्ने वा भाडामा लिई प्रयोग गर्ने,

(ख) दललाई आवश्यक पर्ने कर्मचारी नियुक्त गर्ने तथा तिनको सेवाका शर्तहरु निर्धारण गर्ने,

(ग) बैंकमा खाता खोली दललाई प्राप्त रकम बैंकमा जम्मा गरी बै ंक खाता सञ्चालन गर्ने,

(घ) दलको कार्य सञ्चालनको लागि आवश्यकता अनुसार अचल सम्पत्ति खरिद गर्ने एवम् विधान र दलको नियमावली बमोजिम उक्त सम्पत्ति बेचबिखन गर्ने,

(ङ) आफ्ना नीति, कार्यक्रम, योजना वा रणनीति सार्वजनिक गर्ने वा सो विषयमा प्रचार प्रसारं गर्ने,

(च) संविधान र ऐन बमोजिम आफूसँग सम्बद्ध संस्थाको गठन गर्ने वा गराउने,

(छ) आफ्ना नीति, कार्यक्रम वा योजना कार्यान्वयन गर्न वा गराउन आवश्यकता अनुसार शान्तिपूर्ण जुलुस, आमसभा वा याली आयोजना गर्ने,

(ज) दलको उद्देश्य तथा कार्यक्रमप्रति जनसाधारणको समर्थन र सहयोग प्राप्त गर्नका लागि त्यसको प्रचार प्रसार गर्ने गराउने,

(झ) प्रतिस्पर्धात्मक बहुदलीय, सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक प्रणालीको सुदृढीकरण सम्बन्धी कार्य गर्ने,

(ञ) मुलुकको आर्थिक, सामाजिक वा साँस्कृतिक विकासको नीति, योजना र कार्यक्रम जनतासमक्ष ल्याउने,

(ट) राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर, स्वतन्त्र तथा उन्नतिशील बनाउँदै स्वतन्त्र र समृद्ध अर्थतन्त्रको विकास गर्न योगदान पुर् याउने,

(ठ) राजनीतिक वा नागरिक विकासको उत्प्रेरक प्रतिनिधिको रुपमा जनताको राजनीतिक सचेतना अभिवृद्धि गर्ने,

(ड) नागरिकका हक, हित र सरोकार पहिचान गर्ने र त्यस्ता हकको प्रचलन, हित तथा सरोकारको सम्बोधन गर्न आवश्यक प्रयास गर्ने,

(ढ) सबै किसिमका सामाजिक भेदभाव, हिंसा, छुवाछुत वा विभेदको अन्त्य गरी समतामूलक समाजको निर्माण गर्न योगदान पुर् याउने,

(ण) सुशासन पाउने नागरिकको हकलाई व्यवहारमा कार्यान्वयनमा ल्याउन सरकारी वा गैर सरकारी क्षेत्रमा आवश्यक पहल गर्ने र त्यस प्रयोजनका लागि सरकारी संयन्त्रलाई सहयोग गर्ने, (त) लोकतन्त्रको प्रवर्द्धन,विकास वा सुदृढीकरणका लागि अन्य आवश्यक काम गर्ने वा गराउने । (थ) स्वयंसेवी भावनाको विकास, सार्वभौमिकताको प्रवर्द्धन,मानव अधिकार, सामाजिक न्याय, शान्ति र अहिंसालाई उत्प्रेरित हुने खालका कार्यक्रम सञ्चालन गर्दै सामाजिक सद्भाव र एकता अभिवृद्धि गर्ने,

(द) दलको उद्देश्य पूरा गर्न तोकिए बमोजिम आवश्यक अन्य काम गर्ने,

**धारा १२. नीति तथा कार्यक्रम निर्माणः**

१. दलको राष्ट्रिय महाधिवेशनबाट पाँच वर्षको अवधिका लागि दलको समग्र नीति, कार्यक्रम तथा बजेट स्वीकृत गरिनेछ।

२. उपधारा (१) बमोजिम स्वीकृत नीति, कार्यक्रम तथा बजेटमा सम्भव भएसम्म संघीय, प्रादेशिक तथा स्थानीय तहका लागि छुट्टाछुट्टै नीति तथा कार्यक्रम तयार गरी समावेश गर्न सकिनेछ।

३. सम्बन्धित तहका समितिका लागि सम्बन्धित तहको अधिवेशनबाट त्यस अधिवेशन अवधिभर लागू हुने नीति, कार्यक्रम तथा बजेट स्वीकृत गरिनेछ।

४. सम्बन्धित तहको समितिले उक्त तहको महाधिवेशन वा अधिवेशनमा पेश गर्ने नीति, कार्यक्रम तथा बजेट धारा १३ बमोजिमको प्रक्रिया पूरा गरी तयार गर्नुपर्नेछ।

५. नीति तथा कार्यक्रम निर्माण गर्दा दलको विधान, नीति, सिद्धान्त, घोषणापत्र, दीर्घकालीन लक्ष्य, जनताको आवश्यकता, राष्ट्रिय हित, सामाजिक न्याय, आर्थिक विकास, सुशासन तथा समावेशी विकासलाई आधार बनाइनेछ।

६. नीति तथा कार्यक्रम तथा बजेट निर्माण गर्दा सम्बन्धित तहका समिति, विभाग, सभा/परिषद, विशेषज्ञ, विषयगत संगठन तथा सदस्यहरूबाट आवश्यक सुझाव, राय तथा प्रस्ताव माग गर्न सकिनेछ।

७. नीति तथा कार्यक्रम तथा बजेटको कार्यान्वयन, अनुगमन, मूल्याङ्कन, संशोधन तथा यससम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

**धारा १३. नीति तथा कार्यक्रम निर्माणमा सहभागिता:**

दलको नीति तथा कार्यक्रम तर्जुमा गर्दा सहभागिता सम्बन्धी विषय तोकिए बमोजिम हुनेछ ।

परिच्छेद-५

# दलको सदस्यता, नवीकरण शुल्क र अभिलेख सम्बन्धी व्यवस्था

**धारा १४. सदस्यताको प्रकारः**

दलमा देहाय बमोजिमका सदस्यहरु रहने छन्।

(क). साधारण सदस्य।

(ख). सक्रिय सदस्य।

(ग). संस्थापक सदस्य।

(घ). आजीवन सदस्य।

(ङ). मानार्थ सदस्य।

(च). विशेष सदस्य।

(छ). प्रवासी/समर्थक सदस्य।

**धारा १५. सदस्यता प्राप्तिका लागि आवश्यक योग्यताः**

दलको सदस्यता प्राप्त गर्नका लागि देहायबमोजिमको योग्यता पूरा गरेको हुनुपर्नेछः-

(क) नेपालको संविधान तथा प्रचलित कानूनबमोजिम नेपाली नागरिक भएको।

(ख) अठार वर्ष उमेर पूरा गरेको।

(ग) भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार, लागूऔषधको बिक्री-वितरण तथा निकासी वा पैठारी, सम्पत्ति शुद्धीकरण, अपहरणसम्बन्धी कसूर वा नैतिक पतन देखिने अन्य फौजदारी कसूरमा अदालतबाट अन्तिम फैसला भई कैदको सजाय नपाएको।

(घ) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको स्वामित्व वा नियन्त्रणमा रहेको वा प्रचलित कानूनबमोजिम स्थापित स्वशासित संस्थाको बहालवाला प्राध्यापक, शिक्षक वा कर्मचारीको पदमा नरहेको।

(ङ) कुनै सार्वजनिक पद धारण गरेको कारणबाट नेपालको संविधान तथा प्रचलित कानूनबमोजिम राजनीतिक दलको सदस्य हुन अयोग्य नरहेको।

(च) अर्को राजनीतिक दलको सदस्य नरहेको तथा एकै समयमा अर्को राजनीतिक दलको सदस्यता लिन वा कायम राख्न प्रतिबद्ध नरहेको।

(छ) दलको विधान, नीति, सिद्धान्त, उद्देश्य, कार्यक्रम तथा आचारसंहितालाई स्वीकार गरी त्यसको पालना गर्ने लिखित प्रतिबद्धता जनाएको।

(ज) दलको सदस्यता प्राप्त गर्न आवश्यक सदस्यता आवेदन, स्वघोषणा तथा तोकिएको अन्य प्रक्रिया पूरा गरेको।

**धारा १६. सदस्य हुन नसक्ने:**

देहायको अवस्था भएको कुनै पनि व्यक्ति दलको सदस्य हुन योग्य हुने छैन:-

(क) नेपाली नागरिक नभएको।

(ख) अठार वर्ष उमेर पूरा नगरेको।

(ग) प्रचलित कानूनबमोजिम दामासाहीमा परेको वा दिवालिया घोषित भई कानूनबमोजिम सदस्य हुन अयोग्य रहेको।

(घ) प्रचलित कानूनबमोजिम मानसिक अवस्था सम्बन्धी कारणले राजनीतिक दलको सदस्य हुन अयोग्य ठहरिएको।

(ङ) कुनै प्रकारको चोरी, ठगी, किर्ते वा जालसाजी गरेको वा आफ्नो जिम्माको धनमाल अनधिकृत तवरले मासेको वा दुरुपयोग गरेको वा भ्रष्टाचार गरेको अभियोगमा अदालतबाट कसुरदार ठहरी सजाय पाएको र सजाय भुक्तान गरेको एक वर्ष पूरा नभएको।

(च) प्रचलित कानूनबमोजिम राजनीतिक दलको सदस्य हुन अयोग्य ठहरिएको वा सदस्यता लिन निषेध गरिएको।

(छ) अर्को राजनीतिक दलको सदस्यता कायम रहेको वा एकै समयमा अर्को राजनीतिक दलको सदस्यता लिन खोजेको।

(ज) दलको विधान, नीति, सिद्धान्त तथा उद्देश्यलाई स्वीकार नगर्ने वा दलको सदस्यता प्राप्त गर्न आवश्यक स्वघोषणा तथा प्रतिबद्धता पेश गर्न अस्वीकार गर्ने।

(झ) यस विधानबमोजिम पहिले दलको सदस्यताबाट निष्कासन वा सदस्यता समाप्त गरिएको र तोकिएको प्रक्रिया पूरा गरी पुनः सदस्यता प्राप्त नगरेको।

**धारा- १७. सदस्यता समाप्तिः**

१. देहायको अवस्थामा कुनै व्यक्तिको दलको सदस्यता कायम रहने छैनः-

(क) धारा १५ बमोजिम सदस्यता प्राप्त गर्न आवश्यक योग्यता पूरा नगरेमा वा पछि त्यस्तो योग्यता नरहेमा।

(ख) यस विधानबमोजिमको प्रक्रिया पूरा गरी दलले सदस्यताबाट हटाएमा।

(ग) आफ्नो पदबाट दिएको राजीनामा स्वीकृत भएमा।

(घ) निजको मृत्यु भएमा।

(ङ) ऐनबमोजिम दलले गर्न नहुने भनी तोकिएको कुनै कार्य गरे वा गराएको प्रमाणित भएमा।

(च) सम्बन्धित सदस्यले दल त्याग गरेको लिखित सूचना दिएमा।

(छ) ऐनबमोजिम दल त्याग गरेको मानिने कुनै कार्य गरे वा गराएमा।

(ज) अर्को राजनीतिक दलको सदस्यता प्राप्त गरेमा।

(झ) दलको विधान, नीति, सिद्धान्त, आचारसंहिता वा अनुशासनको गम्भीर उल्लङ्घन गरेको प्रमाणित भई अधिकारप्राप्त निकायबाट सदस्यता समाप्त गर्ने निर्णय भएमा।

(ञ) तोकिएको अवधिभित्र सदस्यता नवीकरण नगरेमा वा दलको नियमावलीबमोजिम सदस्यता कायम नरहने अवस्था सिर्जना भएमा।

२. उपधारा (१) को खण्ड (ख), (ङ), (च), (ज), (झ) र (ञ) बमोजिम सदस्यता कायम नरहने निर्णय गर्नु अघि सम्बन्धित सदस्यलाई निजउपर लागेको आरोप, निर्णयको आधार तथा कारणको जानकारी गराई उचित समय दिई सफाइ पेश गर्ने मौका दिनुपर्नेछ।

३. उपधारा (२) बमोजिम मौका दिइएकोमा निजले सफाइ पेश गरेपछि वा सफाइ पेश गर्ने अवधि समाप्त भएपछि मात्र सदस्यता कायम रहने वा नरहने सम्बन्धमा अधिकारप्राप्त निकायले अन्तिम निर्णय गर्नुपर्नेछ।

४. उपधारा (३) बमोजिम दलले गरेको निर्णयउपर चित्त नबुझ्ने सदस्यले दलबाट भएको निर्णयउपर यस विधानबमोजिमको सम्बन्धित पुनरावेदन समितिसमक्ष पुनरावेदन गर्न सक्नेछ।

५. उपधारा (३) बमोजिम भएको सदस्यता समाप्तिसम्बन्धी निर्णयउपर उपधारा (४) बमोजिम पुनरावेदन परेकोमा पुनरावेदनको सुनुवाइबाट भएको निर्णयबमोजिम र पुनरावेदन नपरेकोमा

पुनरावेदन गर्ने म्याद समाप्त भएपछि मात्र सदस्यता समाप्तिसम्बन्धी निर्णय अन्तिम रूपमा कार्यान्वयन गरिनेछ।

६. सदस्यता समाप्तिसम्बन्धी निर्णय अन्तिम भएपछि सम्बन्धित सदस्यको नाम दलको सदस्यता अभिलेखबाट हटाई सोको विवरण सम्बन्धित तहको सदस्यता अभिलेखमा अद्यावधिक गर्नुपर्नेछ।

७. सदस्यता समाप्त भएको व्यक्तिले दलको नाम, पद, परिचय, झण्डा, लोगो, छाप वा दलसँग सम्बन्धित कुनै आधिकारिक अधिकार तथा सुविधा प्रयोग गर्न पाउने छैन।

८. सदस्यता समाप्ति, पुनरावेदन, अभिलेख अद्यावधिक तथा सदस्यता पुनःप्राप्तिसम्बन्धी अन्य व्यवस्था यस विधान, नियमावली तथा तोकिएबमोजिम हुनेछ।

**धारा- १८. सदस्यता शुल्क :**

दलको सदस्यता शुल्क देहाय बमोजिम हुनेछः-

(क). साधारण सदस्यता शुल्क – स्वेच्छिक सहयोगका रूपमा हुनेछ।

(ख). सक्रिय सदस्यता शुल्क – रु. १००।- वार्षिक।

(ग). आजीवन सदस्यता शुल्क – रु. ५,०००।- एकमुष्ट हुनेछ। संस्थापक सदस्यले स्वेच्छाले सोभन्दा बढी रकम सहयोग गर्न सक्नेछ।

(घ). संस्थापक सदस्यता शुल्क – न्यूनतम रु. २५,०००।- एकमुष्ट हुनेछ। संस्थापक सदस्यले स्वेच्छाले सोभन्दा बढी रकम सहयोग गर्न सक्नेछ।

(ङ). मानार्थ सदस्यता – कुनै शुल्क नलाग्ने।

(च). विशेष सदस्यता शुल्क – रु. १,०००।- वार्षिक।

(छ) प्रवासी/समर्थक सदस्यता शुल्क – दलको सम्बन्धित निकायले निर्धारण गरेबमोजिम हुनेछ।

**धारा- १९. दलको सदस्यता प्रदान गर्ने कार्यविधिः**

धारा १४ बमोजिमको योग्यता पुगेको व्यक्तिले दलको सदस्यता लिने कार्यविधि दलले तोके बमोजिम हुनेछ

**धारा- २०. सदस्यता पुनः प्राप्ति**

१. अनुशासनको कारबाहीमा परी दलको सदस्यता समाप्त भएको व्यक्तिले तोकिएको प्रक्रिया पूरा गरी पुनः सदस्यता प्राप्त गर्न सक्नेछ।

२. उपधारा (१) बमोजिम पुनः सदस्यता प्राप्त गर्न चाहने व्यक्तिले सदस्यता पुनःप्राप्तिको कारण, विगतको कारबाहीको विवरण तथा भविष्यमा दलको विधान, नीति, सिद्धान्त, आचारसंहिता र अनुशासन पूर्ण रूपमा पालना गर्ने प्रतिबद्धतासहित सम्बन्धित तहको समितिसमक्ष लिखित निवेदन दिनुपर्नेछ।

३. पुनः सदस्यता प्रदान गर्नु अघि सम्बन्धित समितिले निजको विगतको आचरण, कारबाहीको प्रकृति, सुधारको अवस्था तथा दलप्रतिको प्रतिबद्धताको आवश्यक मूल्याङ्कन गरी उचित निर्णय गर्नुपर्नेछ। गम्भीर प्रकृतिको अनुशासनहीनता, आर्थिक अनियमितता वा प्रचलित कानूनविपरीतको कार्यमा कारबाही भएको व्यक्तिको पुनः सदस्यता सम्बन्धमा केन्द्रीय अनुशासन समितिको राय लिन सकिनेछ।

४. पुनः सदस्यता प्राप्त गर्ने व्यक्ति सदस्यता प्राप्त गरेको मितिदेखि नयाँ सदस्यको रूपमा रहनेछ र विधान तथा नियमावलीबमोजिम तोकिएको परीक्षणकाल, सदस्यता शुल्क तथा अन्य आवश्यक प्रक्रिया पूरा गर्नुपर्नेछ। पुनः सदस्यता प्राप्तिसम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

**धारा- २१. सदस्यता नविकरण :**

१. दलको सदस्यता नवीकरण सम्बन्धी व्यवस्था दलको विधान, नियमावली तथा प्रचलित कानूनबमोजिम हुनेछ।

२. सदस्यता नवीकरण गर्दा दलले राजनीतिक दलसम्बन्धी ऐन, २०७३ को अनुसूचीमा उल्लिखित व्यवस्था तथा प्रचलित कानूनबमोजिम सदस्यता नवीकरण शुल्क निर्धारण गर्नेछ।

३. सदस्यले तोकिएको अवधिभित्र निर्धारित सदस्यता नवीकरण शुल्क बुझाई आफ्नो सदस्यता नवीकरण गर्नुपर्नेछ। तोकिएको अवधिभित्र सदस्यता नवीकरण नगरेमा नियमावलीबमोजिम सदस्यता निष्क्रिय वा समाप्त गर्न सकिनेछ।

४. दलले राजनीतिक दलसम्बन्धी ऐन, २०७३ को दफा १४ को उपदफा (३) बमोजिम दलका सदस्यको नाम, ठेगाना, सदस्यता नम्बर, सदस्यता प्राप्ति तथा नवीकरणसम्बन्धी विवरण अद्यावधिक गरी व्यवस्थित अभिलेख राख्नुपर्नेछ।

५. सदस्यता नवीकरण तथा सदस्यको विवरण अद्यावधिक गर्दा तथ्यगत शुद्धता, पारदर्शिता, गोपनीयता तथा समान व्यवहार कायम गरिनेछ।

६. सदस्यता नवीकरण शुल्क, नवीकरणको अवधि, प्रक्रिया, अभिलेख व्यवस्थापन, नवीकरण नभएको सदस्यको स्थिति तथा सदस्यता नवीकरणसम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

**धारा २२. सदस्यता दर्ता किताबः**

१. यस परिच्छेदबमोजिम दलले प्रदान गरेको प्रत्येक सदस्यको सदस्यताको प्रकार खुल्ने गरी अनुसूची-४ बमोजिमको ढाँचामा सम्बन्धित गाउँ/नगरपालिका, जिल्ला, प्रदेश तथा केन्द्रीय तहमा सदस्यता दर्ता किताब राखिनेछ।

२. सदस्यता प्रदान गरेको मितिले सम्बन्धित गाउँ/नगरपालिका तहको समितिले पन्ध्र दिनभित्र, जिल्ला तथा प्रदेश समितिले एक महिनाभित्र र केन्द्रीय समितिले तीन महिनाभित्र उपधारा (१) बमोजिमको सदस्यता दर्ता किताबमा सम्बन्धित सदस्यको अभिलेख कायम गर्नुपर्नेछ।

३. उपधारा (२) बमोजिम कायम गरिएको सदस्यता दर्ता किताबको अभिलेख तथा सदस्यको अद्यावधिक विवरण केन्द्रीय समितिमार्फत प्रत्येक वर्षको चैत्र मसान्तभित्र निर्वाचन आयोगमा पेश गर्नुपर्नेछ।

४. सदस्यता दर्ता किताबमा सदस्यको नाम, सदस्यता नम्बर, सदस्यता प्राप्त गरेको मिति, सदस्यताको प्रकार, स्थायी तथा सम्पर्क ठेगाना, सदस्यता नवीकरणको अवस्था तथा आवश्यक अन्य विवरण स्पष्ट रूपमा उल्लेख गर्नुपर्नेछ।

५. सदस्यता दर्ता किताबको विवरणमा कुनै परिवर्तन, संशोधन, नवीकरण वा सदस्यता समाप्ति भएमा सम्बन्धित तहको समितिले त्यस्तो विवरण तोकिएको समयभित्र अद्यावधिक गर्नुपर्नेछ। सदस्यता अभिलेखलाई सुरक्षित, व्यवस्थित तथा आवश्यकतानुसार विद्युतीय प्रणालीमा समेत राख्न सकिनेछ।

६. सदस्यता दर्ता किताब तथा सदस्यको अभिलेख व्यवस्थापन, संरक्षण, निरीक्षण, अद्यावधिक, प्रतिवेदन तथा निर्वाचन आयोगमा विवरण पेश गर्ने सम्बन्धी अन्य व्यवस्था प्रचलित कानून, निर्वाचन आयोगको निर्देशन तथा तोकिएबमोजिम हुनेछ।

**धारा- २३. सदस्यता सम्बन्धी अन्य व्यवस्थाः**

१. दलको सदस्यले सदस्यता प्राप्त गरेपछि अनुसूची-५ बमोजिमको सपथ ग्रहण गर्नुपर्नेछ।

२. दलको सदस्यको परीक्षणकाल सम्बन्धी व्यवस्था देहायबमोजिम हुनेछः-

(क) नयाँ सदस्यलाई सदस्यता प्रदान गरेपछि छ महिनाको परीक्षणकाल रहनेछ।

(ख) परीक्षणकालमा सदस्यले दलको विधान, नीति, सिद्धान्त, कार्यक्रम, आचारसंहिता तथा अनुशासनको पालना गरी तोकिएको संगठनात्मक जिम्मेवारी पूरा गर्नुपर्नेछ।

(ग) परीक्षणकाल समाप्त भएपछि सम्बन्धित समितिले सदस्यको आचरण, सक्रियता, योगदान तथा विधानको पालना मूल्याङ्कन गरी सदस्यता स्थायी गर्ने वा आवश्यक कारणसहित निर्णय गर्नेछ।

३. सदस्यता सम्बन्धी अन्य व्यवस्था देहायबमोजिम हुनेछः-

(क) दलको सदस्यले दलको विधान, नीति, सिद्धान्त, कार्यक्रम, निर्णय तथा अनुशासनको पालना गर्नुपर्नेछ र दलको हित, प्रतिष्ठा तथा संगठनात्मक एकताविपरीत कार्य गर्न पाउने छैन।

(ख) सदस्यले आफ्नो सदस्यता विवरण, सम्पर्क विवरण तथा आवश्यक व्यक्तिगत विवरणमा परिवर्तन भएमा सम्बन्धित समितिलाई समयमा नै जानकारी गराउनुपर्नेछ। सदस्यता अभिलेख सम्बन्धित तहले व्यवस्थित तथा अद्यावधिक रूपमा राख्नेछ।

(ग) सदस्यले नियमित रूपमा तोकिएको सदस्यता शुल्क तथा नवीकरण शुल्क बुझाउनुपर्नेछ। सदस्यता नवीकरण, सदस्यता हस्तान्तरण, निष्क्रिय सदस्यता, सदस्यता खारेजी तथा सदस्यता सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

## धारा- २४. सदस्यको काम, कर्तव्य र अधिकार :

दलको सदस्यको काम,कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क). पार्टी समिती, निकाय, विभाग, परिषद, पार्टीका घोषित जनसङ्गठन, मञ्च वा तोकियको स्थानमा सङ्गठित भई काम गर्ने ।

(ख). तोकिय बमोजिम बैठक, भेला, सम्मेलन, अधिवेसन, महाधिवेसनमा मतदान गर्ने, निर्वाचित हुने र सम्बन्धित समिमि, निकाय, विभाग वा तोकियको सम्यन्त्रमा आफ्नो मत राख्ने ।

(ग). पार्टीको निर्णयप्रति आफ्नो सहमति असहमतिको मत दिने/राख्न पाउने

(घ). संगठनका साधारण सदस्यलाई पार्टीको प्रारम्भिक निर्वाचनमा आफू सम्बन्धित निर्वाचन क्षेत्रमा मतदान गरी पार्टीको तर्फबाट सम्बन्धित चुनावको उम्मेदवार छान्न पाउने अधिकार हुनेछ ।

(ङ). राष्ट्र र संगठर्नप्रति इमान्दर रही पार्टीको विधान, नीति र कार्यक्रमप्रति प्रतिबद्ध रही भ्रष्टाचारमुक्त, समृद्ध राष्ट्र निर्माणमा योगदान गर्ने ।

(च). पार्टीका विचार, विधान वा राष्ट्रिय अन्तर्राष्ट्रिय स्तरका विचार वा एजेण्डा हरुमा आफ्नो धारणा राख्ने।

(छ). पार्टी प्रदान गरेको आन्तरिक समाजिक अधिकारलाई प्रयोग गर्दै संगठर्नले गरेका कुनै पनि प्रकारको सजायको प्रतिवाद, सुनवाई र पुनः आवेदनको अधिकारको उपयोग गर्ने ।

(ज). पार्टीको निर्णय, निर्देशन र कार्यक्रमको अध्ययन गरेर प्रचार, प्रसार, कार्यान्वयन तथा सम्बन्धित समिति वा संयन्त्रमा सल्लाह, सुझाव राख्ने ।

(झ). पार्टी सदस्यताको नियमित रुपमा नवीकरण गर्ने र पार्टीको कार्यक्रमहरुमा सक्रिय भई जिज्ञासा, अवलोकन, सल्लाह, सुझाव दिने ।

**धारा- २५. पार्टी सदस्यता कायम रहने :**

१. राष्ट्रय सामाजिक पार्टीको कुनै पनि समुहमा सदस्यता प्राप्त गरी सदस्यता कायम रहेको प्रमाणित भयको व्यक्तिले आफ्नो समुह त्याग गरी पार्टी प्रवेश गरेमा तोकिए बमोजिमको मापदण्ड र प्रक्रियाका आधारमा निजको सदस्यता कायम हुन सक्नेछ ।

२. त्यसरी पार्टी प्रवेश गरेका व्यक्तिको सदस्यता कायम गर्नुअघि स्थानीय पार्टी समितिले छानबिन गरी निर्णय गर्नुपर्ने छ ।

३. पार्टीले विशेष काममा खटाएका सदस्यहरू कुनै समिति वा निकायमा सङ्गठित नरहे पनि निजको सदस्यता कायम रहनेछ ।

परिच्छेद-६

## दलको संगठनात्मक संरचना सम्बन्धी व्यवस्था

**धारा २६. सङ्गठनात्मक संरचनाः**

१. दलको संगठनात्मक संरचना देहाय बमोजिम हुनेछः-

(क) महाधिवेशन,

(ख) केन्द्रीय समिति,

(ग) अधिवेशन,

(घ) प्रदेश समिति,

(ङ) स्थानीय तह समिति,

(च) विभागहरु,

२. उपधारा (१) बमोजिमको निकायहरु सहितको दलको सङ्गठनात्मक संरचना अनुसूची-६ उल्लेख गरिए बमोजिमको ढाँचामा हुनेछ ।

३. उपधारा (२) बमोजिमको ढाँचामा प्रतिकूल असर नपर्ने गरी दलको केन्द्रीय समितिले आवश्यकता अनुसार दलको सङ्गठनात्मक संरचनामा सामान्य हेरफेर गर्न सक्नेछ ।

४. उपधारा (३) बमोजिम संरचनामा हेरफेर गरिएकोमा सो सम्बन्धी निर्णय भएको मितिले तीस दिनभित्र अयोगलाई जानकारी दिनु पर्नेछ ।

५. उपधारा (३) बमोजिम भएको संरचनाको हेरफेरको निर्णय भए पश्चात लगत्तै सम्पन्न हुने महाधिवेशनमा अनुमोदनका लागि पेश गर्नु पर्नेछ ।

६. उपधारा (५) बमोजिम महाधिवेशनमा पेश भएकोमा प्रस्ताव स्वीकृत भएमा अनुसूचीमा संशोधन गर्नु पर्नेछ तर प्रस्ताव अस्वीकृत भएमा तत्काल कायम रहेको व्यवस्था बमोजिम हुनेछ।

७. उपधारा (६) बमोजिम महाधिवेशनबाट प्रस्ताव अस्वीकृत भएमा संरचना हेरफेर सम्बन्धी सम्पूर्ण कार्य निस्क्रिय हुनेछ

## परिच्छेद-७

# समिति र पदाधिकारी सम्बन्धी व्यवस्थ

**धारा- २७. केन्द्रीय समिति :**

१. संघीय तहमा कार्यकारी अधिकार सहितको एक केन्द्रीय समिति रहनेछ।

२. उपधारा (१) बमोजिमको समितिमा देहाय अनुसार पदाधिकारीहरु रहनेछन् :

क. केन्द्रीय अध्यक्ष – १ जना

ख. वरिष्ठ उपाध्यक्ष – आवश्यकताअनुसार बढीमा ५ जना

ग. उपाध्यक्ष – आवश्यकताअनुसार बढीमा ३ जना

घ. महासचिव – १ जना

ङ. उपमहासचिव – आवश्यकताअनुसार ३ जना

च. सचिव – आवश्यकताअनुसार ५ जना

छ. सहसचिव – आवश्यकताअनुसार ५ जना

ज. कोषाध्यक्ष – १ जना

झ. सहकोषाध्यक्ष – १ जना

ञ. प्रवक्ता – आवश्यकताअनुसार बढीमा ५ जना

ट. संगठन विभाग प्रमुख – १ जना

ठ. प्रचार तथा सञ्चार विभाग प्रमुख – १ जना

ड. प्रविधि तथा सूचना विभाग प्रमुख – १ जना

ढ. नीति तथा अनुसन्धान विभाग प्रमुख – १ जना

ण. विभागीय प्रमुख तथा अन्य पदाधिकारी – २७ जना

त. केन्द्रीय सदस्यहरू – जम्मा ३५५ जना रहनेछन्

३. उपधारा (२) बमोजिमका पदाधिकारीहरुको निर्वाचन राष्ट्रिय महाधिवेशनबाट प्रत्ये वर्षमा गरिनेछ। ४. उपधारा (१) बमोजिमको केन्द्रीय समितिमा कुल सदस्य संख्याको कम्तीमा एक तिहाई महिला सदस्य रहनेछन।

५. उपधारा (१) बमोजिमको केन्द्रीय समितिमा निर्वाचन, मनोनय वा नियुक्ति गर्दा नेपालको सामाजिक विविधता प्रतिविम्वित हुने गरी समानुपातिक समावेशी सिद्धान्तका आधारमा तोकिए बमोजिमको संख्यामा सदस्य रहनेछन्।

६. केन्द्रीय समितिको निर्वाचनमा कम्तीमा एकतिहाई महिलासहित नेपालामा हुने महिलाप्रतिको भेदभाव हटाउने गरी सामेल गरिनेछ ।

७. केन्द्रीय समितिको कुल सदस्य संख्याबाट कम्तीमा ५० प्रतिसत (३२ -४०) उमेरका युवा समावेस गरिनेछ ।

८. पार्टीका निवर्तमान अध्यक्ष बरिष्ठ नेता हुनेछन् । महाधिवेशनले अन्यथा निर्धारण गरेकोमा बाहेक निजको मर्यादाक्रम अध्यक्षपछि रहनेछ ।

९. केन्द्रीय समिति सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

**धारा- २८. प्रदेश समिति :**

१. प्रत्येक प्रदेशमा कार्यकारी अधिकार सहितको प्रदेश समिति रहनेछ ।

२. उपधारा (१) बमोजिमको प्रदेश समितिमा देहाय अनुसार पदाधिकारीहरु रहनेछन्।

क. प्रदेश अध्यक्ष – १ जना

ख. वरिष्ठ उपाध्यक्ष – १ जना

ग. उपाध्यक्ष – ३ जना

घ. प्रदेश महासचिव – १ जना

ङ. उपमहासचिव – २ जना

च. सचिव – ३ जना

छ. सहसचिव – ३ जना

ज. कोषाध्यक्ष – १ जना

झ. सहकोषाध्यक्ष – १ जना

ञ. प्रवक्ता – १ जना

ट. विभागीय प्रमुखहरू – ७ जना

ठ. प्रदेश सदस्यहरू – प्रदेश समितिको अधिकतम संख्या ५५ हुनेछ । यो संख्यामा प्रदेशअन्तर्गतका निर्वाचन क्षेत्रबाट ३ जनाका दरले कायम हुने छ । संख्या थप गर्नु पर्ने अवस्थामा ६१ जना भित्र रहने गरी संख्या थप गर्न सकिनेछ । प्रदेश समितिमा प्रदेशको विविधता प्रतिबिम्बित हुने गरी समावेशीकरण गरिनेछ ।

३. उपधारा (२) बमोजिमका पदाधिकारीहरुको निर्वाचन प्रदेश अधिवेशनबाट प्रत्येक ५ र्षमा गरिनेछ। ४. उपधारा (१) बमोजिमको प्रदेश समितिमा कुल सदस्य संख्याको कम्तिमा एक तिहाई महिला सदस्य रहनेछन्।

५. उपधारा (१) बमोजिमको प्रदेश समितिमा निर्वाचन, मनोनयन वा नियुक्ति गर्दा सामाजिक विविधता प्रतिविम्बित हुने गरी समानुपातिक समावेशी सिद्धान्तका आधारमा तोकिए बमोजिमको संख्यामा सदस्य रहनेछन् ।

६. प्रदेश समितिको कुल सदस्य संख्याबाट कम्तीमा ५० प्रतिसत (३२ -४०) उमेरका युवा समावेस गरिनेछ ।

७. प्रदेश समिति सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

**धारा २९. स्थानीय समितिः**

१. प्रत्येक जिल्लामा कार्यकारी अधिकार सहितको जिल्ला कमिटी समिति रहनेछ ।

२. उपधारा (१) बमोजिमको जिल्ला समितिमा देहाय अनुसार पदाधिकारीहरु रहनेछन् ।

(क) जिल्ला अध्यक्ष – १ जना

(ख) वरिष्ठ उपाध्यक्ष – १ जना

(ग) उपाध्यक्ष – २ जना

(घ). जिल्ला सचिव – १ जना

(ङ) उपसचिव – २ जना

(च). सहसचिव – २ जना

(छ) कोषाध्यक्ष – १ जना

(ज) सहकोषाध्यक्ष – १ जना

(झ) प्रवक्ता – १ जना

(ञ) विभागीय प्रमुखहरू – ५ जना

(ट) जिल्ला सदस्यहरू – जिल्ला समितिको अधिकतम संख्या ८१ हुनेछ। यो संख्यामा जिल्ला अन्तर्गतका प्रतिनिधिसभाको प्रत्येक निर्वाचन क्षेत्र बराबर १७ जनाका दरले कायम हुने छ। संख्या थप गर्नुपर्ने अवस्थामा ९१ जना भित्र रहने गरी संख्या थप गर्न सकिनेछ। जिल्ला समितिमा जिल्लाभित्रको विविधता प्रतिबिम्बित हुने गरी समावेशीकरण गरिनेछ।

३. प्रत्येक नगरपालिकामा कार्यकारी अधिकार सहितको नगर समिति रहनेछ।

४. उपधारा (३) बमोजिमको नगर समितिमा देहाय अनुसारका पदाधिकारीहरु रहनेछन्।

(क) नगर अध्यक्ष – १ जना

(ख) वरिष्ठ उपाध्यक्ष – १ जना

(ग) उपाध्यक्ष – २ जना

(घ) नगर सचिव – १ जना

(ङ) उपसचिव – २ जना

(च) सहसचिव – २ जना

(छ) कोषाध्यक्ष – १ जना

(ज) सहकोषाध्यक्ष – १ जना

(झ) प्रवक्ता – १ जना

(ञ) विभागीय प्रमुखहरू – ५ जना

(ट) पालिका सदस्यहरू – पालिका समितिको अधिकतम संख्या ७१ हुनेछ, नगरपालिका समितिको अधिकतम संख्या ८१ हुनेछ, उपमहानगरपालिका समितिको अधिकतम संख्या १०१ हुनेछ र महानगरपालिका समितिको अधिकतम संख्या १३५ हुनेछ। यो संख्यामा थप गर्नुपर्ने अवस्थामा साबिक संख्यामा ३५ जना थप गर्न सकिनेछ। पालिका समितिमा पालिकाभित्रको विविधता प्रतिबिम्बित हुने गरी समावेशीकरण गरिनेछ।

५. प्रत्येक गाउँपालिकामा कार्यकारी अधिकार सहितको गाउँ समिति रहनेछ ।

६. उपधारा (५) बमोजिमको गाउँ समितिमा देहाय अनुसारका पदाधिकारीहरु रहनेछन्

(क) गाउँ अध्यक्ष – १ जना

(ख) वरिष्ठ उपाध्यक्ष – १ जना

(ग) उपाध्यक्ष – २ जना

(घ) गाउँ सचिव – १ जना

(ङ) उपसचिव – २ जना

(च) सहसचिव – २ जना

(छ) कोषाध्यक्ष – १ जना

(ज) सहकोषाध्यक्ष – १ जना

(झ) प्रवक्ता – १ जना

(ञ) विभागीय प्रमुखहरू – ३ जना

(ट) गाउँ समिति सदस्यहरू – गाउँ समितिको अधिकतम संख्या ७१ हुनेछ , नगरपालिका समितिको अधिकतम संख्या ८१ हुनेछ , उपमहानगरपालिका समितिको अधिकतम संख्या १०१ हुनेछ र महानगरपालिका समितिको अधिकतम संख्या १३५ हुनेछ । यो संख्यामा थप गर्नुपर्ने अवस्थामा साबिक संख्यामा ३५ जना थप गर्न सकिनेछ । पालिका समितिमा पालिकाभित्रको विविधता प्रतिबिम्बित हुने गरी समावेशीकरण गरिनेछ ।

७. उपधारा (२) बमोजिमका पदाधिकारीहरुको निर्वाचन सम्बन्धित जिल्ला अधिवेशनबाट, उपधारा (४) र (६) बमोजिमका पदाधिकारीहरुको निर्वाचन सम्बन्धित गाउँ नगर अधिवेशनबाट प्रत्येक ५ वर्षमा गरिनेछ।

८. उपधारा (१), (३) र (५) बमोजिमको समितिमा कुल सदस्य संख्याको कम्तीमा एक तिहाई महिला सदस्य रहनेछन् ।

९. उपधारा (१), (३) र (५) बमोजिमको समितिमा निर्वाचन, मनोनयन वा नियुक्ति गर्दा सामाजिक विविधता प्रतिविम्बित हुने गरी समानुपातिक समावेशी सिद्धान्तका आधारमा तोकिए बमोजिमको संख्यामा गरिनेछ ।

१०. स्थानीय समिति सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछन्।

**धारा ३०. अन्य समितिहरुः**

१. धारा २७ बमोजिमका समिति बाहेक दलले यस धारामा उल्लेख भएबमोजिम अन्य समिति तथा सभा/परिषदहरूको गठन र परिचालन गर्नेछ।

२. दलका देहायबमोजिमका सभा/परिषद रहनेछन्।

(क) केन्द्रीय सभा/परिषद

(ख) प्रदेश सभा/परिषद

(ग) जिल्ला सभा/परिषद

३. दलका देहायबमोजिमका अन्य समिति रहनेछन्।

(क) केन्द्रीय सल्लाह तथा परामर्श समिति

(ख) केन्द्रीय अनुशासन समिति

(ग) केन्द्रीय कार्यान्वयन समिति

४. उपधारा (२) को खण्ड (क) बमोजिमको केन्द्रीय सभा/परिषदमा देहायबमोजिमका पदाधिकारीहरू रहनेछन्।

(क) अध्यक्ष - १ जना

(ख) उपाध्यक्ष - १ जना

(ग) सचिव - १ जना

५. उपधारा (२) को खण्ड (ख) बमोजिमको प्रदेश सभा/परिषदमा देहायबमोजिमका पदाधिकारीहरू रहनेछन्।

(क) अध्यक्ष - १ जना

(ख) उपाध्यक्ष - १ जना

(ग) सचिव - १ जना

६. उपधारा (२) को खण्ड (ग) बमोजिमको जिल्ला सभा/परिषदमा देहायबमोजिमका पदाधिकारीहरू रहनेछन्

(क) अध्यक्ष - १ जना

(ख) उपाध्यक्ष - १ जना

(ग) सचिव - १ जना

७. उपधारा (३) को खण्ड (क) बमोजिमको केन्द्रीय सल्लाह तथा परामर्श समितिमा देहायबमोजिमका पदाधिकारीहरू रहनेछन्

(क) अध्यक्ष - १ जना

(ख) उपाध्यक्ष - १ जना

(ग) सदस्य-सचिव - १ जना

८. उपधारा (३) को खण्ड (ख) बमोजिमको केन्द्रीय अनुशासन समितिमा देहायबमोजिमका पदाधिकारीहरू रहनेछन्

(क) अध्यक्ष - १ जना

(ख) उपाध्यक्ष - १ जना

(ग) सदस्य-सचिव - १ जना

९. उपधारा (३) को खण्ड (ग) बमोजिमको केन्द्रीय कार्यान्वयन समितिमा देहायबमोजिमका पदाधिकारीहरू रहनेछन्

(क) अध्यक्ष - १ जना

(ख) उपाध्यक्ष - १ जना

(ग) सचिव - १ जना

१०. उपधारा (२) र (३) बमोजिमका सभा/परिषद तथा समितिमा आवश्यक संख्यामा सदस्यहरू रहनेछन्। सदस्य संख्या, गठन, निर्वाचन, मनोनयन, कार्यकाल, काम, कर्तव्य तथा अधिकार दलको विधान, नियमावली तथा सम्बन्धित निकायको निर्णयबमोजिम हुनेछ।

११. उपधारा (२) र (३) बमोजिमका सभा/परिषद तथा समितिको गठन गर्दा सामाजिक विविधता प्रतिबिम्बित हुने गरी समानुपातिक समावेशी सिद्धान्त तथा कम्तीमा एक तिहाई महिला सहभागितालाई आधार बनाइनेछ।

**धारा ३१. विभागहरुः**

१. दलको कामकारबाहीलाई सबै वर्ग, समुदाय, जातजाति, भाषाभाषी तथा क्षेत्रसम्म सहज, प्रभावकारी र समावेशी रूपमा सञ्चालन तथा विस्तार गर्न दलले यस धारामा उल्लेख भएबमोजिम विभिन्न तहमा विभागहरूको गठन र परिचालन गर्नेछ।

२. दलको केन्द्रीय तहमा देहायबमोजिमका विभागहरू रहनेछन्-

(क) संगठन तथा जनसम्पर्क विभाग

(ख) नीति, अनुसन्धान तथा योजना विभाग

(ग) आर्थिक तथा वित्तीय विभाग

(घ) प्रचार, प्रसार तथा सञ्चार विभाग

(ङ) प्रशिक्षण तथा क्षमता विकास विभाग

(च) युवा तथा खेलकुद विभाग

(छ) महिला विभाग

(ज) किसान तथा कृषि विभाग

(झ) श्रमिक तथा रोजगार विभाग

(ञ) शिक्षा तथा स्वास्थ्य विभाग

(ट) उद्योग, व्यापार तथा उद्यमशीलता विभाग

(ठ) प्रविधि तथा सूचना सञ्चार विभाग

(ड) सामाजिक न्याय तथा समावेशीकरण विभाग

(ढ) कानून, मानव अधिकार तथा सुशासन विभाग

(ण) विदेश सम्बन्ध तथा कूटनीतिक समन्वय विभाग

३. उपधारा (२) बमोजिमका विभागमा तोकिएबमोजिमको संख्यामा पदाधिकारी तथा सदस्यहरू रहनेछन्।

४. दलको प्रदेश तहमा देहायबमोजिमका विभागहरू रहनेछन्

(क) संगठन तथा जनसम्पर्क विभाग

(ख) नीति तथा योजना विभाग

(ग) प्रचार तथा सञ्चार विभाग

(घ) प्रशिक्षण तथा क्षमता विकास विभाग

(ङ) आर्थिक तथा वित्तीय विभाग

(च) युवा तथा महिला विभाग

(छ) किसान, श्रमिक तथा रोजगार विभाग

(ज) शिक्षा, स्वास्थ्य तथा सामाजिक विकास विभाग

(झ) कानून तथा सुशासन विभाग

(ञ) प्रविधि तथा सूचना सञ्चार विभाग

५. उपधारा (४) बमोजिमका विभागमा तोकिएबमोजिमको संख्यामा पदाधिकारी तथा सदस्यहरू रहनेछन्।

६. दलको जिल्ला तहमा देहायबमोजिमका विभागहरू रहनेछन्

(क) संगठन तथा जनसम्पर्क विभाग

(ख) प्रचार तथा सञ्चार विभाग

(ग) प्रशिक्षण तथा क्षमता विकास विभाग

(घ) आर्थिक तथा वित्तीय विभाग

(ङ) युवा तथा महिला विभाग

(च) किसान तथा श्रमिक विभाग

(छ) शिक्षा, स्वास्थ्य तथा सामाजिक विकास विभाग

(ज) कानून तथा सुशासन विभाग

७. उपधारा (६) बमोजिमका विभागमा तोकिएबमोजिमको संख्यामा पदाधिकारी तथा सदस्यहरू रहनेछन्।

८. दलको गाउँ/नगर तहमा देहायबमोजिमका विभागहरू रहनेछन्

(क) संगठन तथा जनसम्पर्क विभाग

(ख) प्रचार तथा सञ्चार विभाग

(ग) युवा तथा महिला विभाग

(घ) किसान तथा श्रमिक विभाग

(ङ) आर्थिक तथा उद्यम विकास विभाग

(च) सामाजिक सेवा तथा जनसरोकार विभाग

९. उपधारा (८) बमोजिमका विभागमा तोकिएबमोजिमको संख्यामा पदाधिकारी तथा सदस्यहरू रहनेछन्।

१०. उपधारा (२), (४), (६) र (८) बमोजिमका विभागहरूमा रहने पदाधिकारी तथा सदस्यहरूको निर्वाचन, मनोनयन वा नियुक्ति सम्बन्धित महाधिवेशन/अधिवेशन वा अधिकारप्राप्त निकायबाट प्रत्येक पाँच वर्षमा गरिनेछ।

११. उपधारा (२), (४), (६) र (८) बमोजिमका विभागमा कुल सदस्य संख्याको कम्तीमा एक तिहाई महिला सदस्य रहनेछन्।

१२. उपधारा (२), (४), (६) र (८) बमोजिमका विभागमा सामाजिक विविधता प्रतिबिम्बित हुने गरी समावेशी समूहका प्रतिनिधित्वलाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा तोकिएबमोजिम सुनिश्चित गरिनेछ।

१३. विभागका पदाधिकारी तथा सदस्यहरूको कार्यविभाजन सम्बन्धित तहको समितिले आवश्यकता र कार्यक्षेत्रअनुसार गर्नेछ।

१४. प्रत्येक विभागले आफ्नो कार्यक्षेत्रसँग सम्बन्धित वार्षिक कार्ययोजना तयार गरी सम्बन्धित तहको समितिबाट स्वीकृत गराई कार्यान्वयन गर्नेछ तथा कार्यप्रगतिको प्रतिवेदन सम्बन्धित समितिसमक्ष पेश गर्नेछ।

१५. यस धाराबमोजिम गठन हुने विभागहरूको संख्या, संरचना, सदस्य संख्या, पदाधिकारीको योग्यता, गठन तथा परिचालन, काम, कर्तव्य, अधिकार तथा अन्य व्यवस्था विधान, नियमावली तथा तोकिएबमोजिम हुनेछ।

**धारा ३२. पदावधि:**

१. केन्द्रीय समिति र प्रदेश समिति तथा केन्द्रीय र प्रदेश तहमा रहने समिति, विभाग, सभा/परिषदको पदावधि पाँच वर्षको हुनेछ।

२. जिल्ला तथा गाउँ/नगर समिति र जिल्ला तथा गाउँ/नगर तहमा रहने समिति, विभाग, सभा/परिषदको पदावधि चार वर्षको हुनेछ।

३. वडा समिति र वडा तहमा रहने समिति, विभाग, सभा/परिषदको पदावधि तीन वर्षको हुनेछ।

४. अन्य जनसम्पर्क मञ्च तथा वर्गीय संगठन समिति र जनसम्पर्क मञ्च तथा वर्गीय संगठन तहमा रहने समिति, विभाग, सभा/परिषदको पदावधि सम्बन्धित जनसम्पर्क मञ्च तथा वर्गीय संगठनको विधानमा उल्लेख भएबमोजिम हुनेछ।

**धारा ३३. संसदीय दल:**

१. सङ्घीय संसद वा प्रदेश सभाको निर्वाचनमा दलको तर्फबाट निर्वाचित प्रत्येक सदस्यहरु संसदीय दलको सदस्य रहने गरी सङ्घीय तथा प्रदेश संसदीय दल गठन गरिनेछ ।

२. उपधारा (१) बमोजिमको सङ्घीय तथा प्रदेश संसदीय दलमा देहाय अनुसार पदाधिकारीहरु रहनेछन्।

(क) संसदीय दलको नेता - १ जना

(ख) उपनेता - १ जना

(ग) प्रमुख सचेतक - १ जना

(घ) सचेतक - आवश्यकताअनुसार

३. दलको सङ्घीय तथा प्रदेश संसदीय दल सम्बन्धी अन्य व्यवस्था सम्बन्धित संसदीय दलको विधानमा उल्लेख भए बमोजिम हुनेछ ।

४. स्थानीय तहमा दलको तर्फबाट प्रतिनिधित्व गर्ने सदस्यहरु रहेको स्थानीय तह संसदीय समिति गठन गर्न सकिनेछ ।

५. उपधारा (४) बमोजिम गठन हुने स्थानीय संसदीय समिति सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

६. यस दफा बमोजिम गठन हुने संसदीय दल तथा संसदीय समितिको पदावधि सम्बन्धित तहको संसद, सभाको अवधिभर हुनेछ ।

परिच्छेद-८

# निर्वाचन र मनोनयन सम्बन्धी व्यवस्था

**धारा ३४. निर्वाचन प्रणाली:**

१. केन्द्रीय समिति, प्रदेश समिति, जिल्ला समिति, गाउँ/नगर समिति, वडा समिति लगायत दलका विभिन्न समिति तथा विभागमा रहने पदाधिकारीहरूको निर्वाचन लोकतान्त्रिक, पारदर्शी, निष्पक्ष तथा समानुपातिक समावेशी निर्वाचन प्रणाली अपनाई गरिनेछ।

२. केन्द्रीय समितिका पदाधिकारीहरूको निर्वाचन देहायबमोजिम गरिनेछः-

(क) अध्यक्षको निर्वाचन राष्ट्रिय महाधिवेशनबाट मतदानद्वारा गरिनेछ।

(ख) उपाध्यक्ष, महासचिव, सचिव, कोषाध्यक्ष लगायतका पदाधिकारीहरूको निर्वाचन राष्ट्रिय महाधिवेशनका निर्वाचित प्रतिनिधिहरूबाट मतदानद्वारा गरिनेछ।

(ग) पदाधिकारीहरूको निर्वाचन गर्दा कम्तीमा एक तिहाई महिला सहभागिता तथा सामाजिक विविधताको समानुपातिक समावेशी प्रतिनिधित्व सुनिश्चित गरिनेछ।

३. प्रदेश समितिका पदाधिकारीहरूको निर्वाचन देहायबमोजिम गरिनेछः-

(क) प्रदेश अध्यक्षको निर्वाचन सम्बन्धित प्रदेश अधिवेशनबाट मतदानद्वारा गरिनेछ।

(ख) प्रदेश उपाध्यक्ष, सचिव, सहसचिव, कोषाध्यक्ष लगायतका पदाधिकारीहरूको निर्वाचन प्रदेश अधिवेशनका प्रतिनिधिहरूबाट मतदानद्वारा गरिनेछ।

(ग) निर्वाचन गर्दा कम्तीमा एक तिहाई महिला सहभागिता तथा सामाजिक विविधताको समानुपातिक समावेशी प्रतिनिधित्व सुनिश्चित गरिनेछ।

४. जिल्ला समितिका पदाधिकारीहरूको निर्वाचन देहायबमोजिम गरिनेछः-

(क) जिल्ला अध्यक्षको निर्वाचन सम्बन्धित जिल्ला अधिवेशनबाट मतदानद्वारा गरिनेछ।

(ख) जिल्ला उपाध्यक्ष, सचिव, सहसचिव, कोषाध्यक्ष लगायतका पदाधिकारीहरूको निर्वाचन जिल्ला अधिवेशनका प्रतिनिधिहरूबाट मतदानद्वारा गरिनेछ।

(ग) निर्वाचन गर्दा कम्तीमा एक तिहाई महिला सहभागिता तथा सामाजिक विविधताको समानुपातिक समावेशी प्रतिनिधित्व सुनिश्चित गरिनेछ।

५. गाउँ/नगर समितिका पदाधिकारीहरूको निर्वाचन देहायबमोजिम गरिनेछः-

(क) गाउँ/नगर अध्यक्षको निर्वाचन सम्बन्धित गाउँ/नगर अधिवेशनबाट मतदानद्वारा गरिनेछ।

(ख) गाउँ/नगर उपाध्यक्ष, सचिव, सहसचिव, कोषाध्यक्ष लगायतका पदाधिकारीहरूको निर्वाचन अधिवेशनका प्रतिनिधिहरूबाट मतदानद्वारा गरिनेछ।

(ग) निर्वाचन गर्दा कम्तीमा एक तिहाई महिला सहभागिता तथा सामाजिक विविधताको समानुपातिक समावेशी प्रतिनिधित्व सुनिश्चित गरिनेछ।

६. विभिन्न तहमा रहने विभागका पदाधिकारीहरूको निर्वाचन देहायबमोजिम गरिनेछः-

(क) सम्बन्धित विभागका अध्यक्ष तथा प्रमुख पदाधिकारीहरूको निर्वाचन सम्बन्धित महाधिवेशन/अधिवेशन वा अधिकारप्राप्त निकायबाट गरिनेछ।

(ख) विभागका उपाध्यक्ष, सचिव, सहसचिव, कोषाध्यक्ष तथा अन्य पदाधिकारीहरूको निर्वाचन सम्बन्धित महाधिवेशन/अधिवेशन वा अधिकारप्राप्त निकायबाट मतदानद्वारा गरिनेछ।

(ग) विभागका पदाधिकारी तथा सदस्यहरूको निर्वाचन गर्दा कम्तीमा एक तिहाई महिला सहभागिता तथा समानुपातिक समावेशी प्रतिनिधित्व सुनिश्चित गरिनेछ।

७. अन्य समितिका पदाधिकारीहरूको निर्वाचन देहायबमोजिम गरिनेछः-

(क) सम्बन्धित समितिको अध्यक्ष/संयोजकको निर्वाचन सम्बन्धित तहको सभा, परिषद, महाधिवेशन वा अधिवेशनबाट गरिनेछ।

(ख) उपाध्यक्ष, सचिव, सदस्य-सचिव तथा अन्य पदाधिकारीहरूको निर्वाचन सम्बन्धित सभा/परिषद वा अधिकारप्राप्त निकायबाट मतदानद्वारा गरिनेछ।

(ग) अन्य समितिको गठन तथा निर्वाचनमा समानुपातिक समावेशी सिद्धान्त तथा कम्तीमा एक तिहाई महिला सहभागिता सुनिश्चित गरिनेछ।

८. दलका विभिन्न तहमा रहने समितिका पदाधिकारीहरूको निर्वाचन देहायबमोजिम गरिनेछः-

(क) सम्बन्धित तहको समितिको अध्यक्षको निर्वाचन सम्बन्धित तहको महाधिवेशन वा अधिवेशनबाट प्रत्यक्ष मतदानद्वारा गरिनेछ।

(ख) अन्य पदाधिकारीहरूको निर्वाचन सम्बन्धित तहको अधिवेशनका निर्वाचित प्रतिनिधिहरूबाट मतदानद्वारा गरिनेछ।

(ग) निर्वाचन प्रक्रियामा सामाजिक विविधता, भौगोलिक सन्तुलन, समानुपातिक समावेशिता तथा कम्तीमा एक तिहाई महिला सहभागिता सुनिश्चित गरिनेछ।

९. दलका सभा/परिषदका पदाधिकारीहरूको निर्वाचन देहायबमोजिम गरिनेछः-

(क) सम्बन्धित सभा/परिषदका अध्यक्षको निर्वाचन सम्बन्धित महाधिवेशन/अधिवेशनबाट मतदानद्वारा गरिनेछ।

(ख) उपाध्यक्ष, सचिव तथा अन्य पदाधिकारीहरूको निर्वाचन सम्बन्धित सभा/परिषदका प्रतिनिधिहरूबाट मतदानद्वारा गरिनेछ।

(ग) सभा/परिषदका पदाधिकारीहरूको निर्वाचनमा कम्तीमा एक तिहाई महिला सहभागिता तथा समानुपातिक समावेशी प्रतिनिधित्व सुनिश्चित गरिनेछ।

१०. निर्वाचनमा उम्मेदवार हुने व्यक्ति दलको विधान, नियमावली तथा प्रचलित कानूनबमोजिम तोकिएको योग्यता पूरा गरेको हुनुपर्नेछ। निर्वाचन प्रक्रिया स्वतन्त्र, निष्पक्ष, गोप्य मतदान, समान अवसर र लोकतान्त्रिक मूल्य तथा मान्यतामा आधारित हुनेछ।

११. निर्वाचन सञ्चालन, मतदाता नामावली, उम्मेदवारी दर्ता, प्रचार-प्रसार, मतदान, मतगणना, निर्वाचन विवाद तथा निर्वाचन परिणाम प्रमाणीकरणसम्बन्धी अन्य व्यवस्था निर्वाचन नियमावली तथा तोकिएबमोजिम हुनेछ।

१२. दलको कार्य सञ्चालनका लागि आवश्यक अन्य समितिको निर्वाचन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**धारा ३५. निर्वाचन समितिः**

१. केन्द्रीय समिति, विभाग, सभा/परिषद, प्रदेश समिति, विभाग, सभा/परिषद, जिल्ला समिति, विभाग, सभा/परिषद, गाउँ/नगर समिति, विभाग, सभा/परिषद, वडा समिति तथा विधानबमोजिम गठन गर्नुपर्ने अन्य समिति/निकायको निर्वाचन सम्पन्न गर्नका लागि केन्द्रीय, प्रदेश, जिल्ला, गाउँ/नगर, वडा तथा आवश्यक अन्य तह वा निकायमा स्थायी संरचनाको रूपमा निर्वाचन समिति रहनेछ।

२. उपधारा (१) बमोजिमको निर्वाचन समितिमा देहायबमोजिमका पदाधिकारी तथा सदस्यहरू रहनेछन्।

(क) अध्यक्ष - १ जना

(ख) सचिव - १ जना

(ग) उपाध्यक्ष - १ जना

(घ) लगायत १५ सदस्य संख्या रहने छन्।

३. उपधारा (१) बमोजिम गठन हुने निर्वाचन समितिमा कम्तीमा एक तिहाई महिला सदस्य रहनेछन्। निर्वाचन समिति गठन गर्दा सामाजिक विविधता तथा समानुपातिक समावेशी सिद्धान्तलाई समेत आधार बनाइनेछ।

४. निर्वाचन समितिका पदाधिकारीहरूको निर्वाचन राष्ट्रिय महाधिवेशन तथा सम्बन्धित तहको महाधिवेशन/अधिवेशनबाट विधानमा तोकिएको निर्वाचन प्रणालीबमोजिम हुनेछ।

५. सम्बन्धित तहको निर्वाचन समितिका पदाधिकारीहरू सम्बन्धित तहको समितिका पदेन सदस्य रहनेछन्।

स्पष्टीकरण: यस धाराको प्रयोजनका लागि "सम्बन्धित तह" भन्नाले केन्द्रीय, प्रदेश, जिल्ला, गाउँ/नगर, वडा तथा विधानबमोजिमका अन्य निकाय वा तह सम्झनुपर्छ।

६. निर्वाचन समितिले दलका विभिन्न तहका महाधिवेशन, अधिवेशन तथा आन्तरिक निर्वाचनको निर्वाचन कार्यतालिका, मतदाता नामावली, उम्मेदवारी दर्ता, मतदान, मतगणना तथा निर्वाचन परिणाम घोषणा सम्बन्धी कार्य सञ्चालन गर्नेछ।

७. निर्वाचन समितिले निर्वाचनसम्बन्धी कार्य निष्पक्ष, पारदर्शी, गोप्य मतदानको सिद्धान्त तथा दलको विधान, नियमावली र प्रचलित कानूनबमोजिम सञ्चालन गर्नेछ। निर्वाचनसम्बन्धी विवाद वा उजुरी प्राप्त भएमा तोकिएको कार्यविधिबमोजिम आवश्यक निर्णय वा सिफारिस गर्नेछ।

८. निर्वाचन समिति सम्बन्धी गठन, पदाधिकारी तथा सदस्यको संख्या, योग्यता, कार्यकाल, काम, कर्तव्य, अधिकार, निर्वाचन सञ्चालन तथा अन्य व्यवस्था निर्वाचन नियमावली तथा तोकिएबमोजिम हुनेछ।

## धारा ३६. निर्वाचन समितिको काम, कर्तव्य र अधिकार:

१. निर्वाचन समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) सम्बन्धित तहको निर्वाचनमा सहभागी हुने मतदाताहरूको नामावली तयार गर्ने, अद्यावधिक गर्ने तथा अन्तिम नामावली प्रकाशन गर्ने।

(ख) सम्बन्धित तहको समिति, विभाग, सभा/परिषद, निर्वाचन समिति तथा विधानबमोजिम गठन हुने अन्य निकायको निर्वाचनका लागि निर्वाचनको मिति, समय र स्थान निर्धारण तथा घोषणा गर्ने।

(ग) सम्बन्धित तहको महाधिवेशन वा अधिवेशनबाट निर्वाचन गर्नुपर्ने पदाधिकारी तथा सदस्यहरूको उम्मेदवारी दर्ता, दाबी-विरोध, उम्मेदवारको अन्तिम नामावली प्रकाशन, मतदान, मतगणना, परिणाम घोषणा तथा निर्वाचित पदाधिकारीको प्रमाणपत्र प्रदान गर्नेसम्मका सम्पूर्ण निर्वाचनसम्बन्धी कार्य गर्ने।

(घ) मतदान स्थल, मतपेटिका, मतपत्र, मतगणना स्थल तथा निर्वाचनसम्बन्धी आवश्यक सामग्रीको व्यवस्थापन गर्ने तथा मतदान र मतगणनास्थलको आवश्यक सुरक्षा व्यवस्था सम्बन्धित निकायसँग समन्वय गरी मिलाउने।

(ङ) उम्मेदवारको योग्यता तथा अयोग्यतासम्बन्धी परेको उजुरी, दाबी-विरोध तथा विवादउपर आवश्यक छानबिन गरी निर्णय गर्ने।

(च) निर्वाचन तथा मतदान प्रक्रिया, मतपत्रको ढाँचा, मतदानको विधि, मतगणनाको प्रक्रिया तथा निर्वाचन परिणाम घोषणा गर्ने विधि निर्धारण गर्ने।

(छ) निर्वाचन आचारसंहिता तयार गरी लागू गर्ने तथा उम्मेदवार, प्रतिनिधि, मतदाता र सम्बन्धित सदस्यबाट आचारसंहिताको पालना भए/नभएको अनुगमन गर्ने।

(ज) निर्वाचनलाई स्वतन्त्र, निष्पक्ष, पारदर्शी, गोप्य मतदानमा आधारित तथा विवादरहित रूपमा सम्पन्न गराउन आवश्यक निर्देशन, समन्वय तथा व्यवस्थापन गर्ने।

(झ) निर्वाचनसम्बन्धी उजुरी, विवाद तथा अनियमितताको सम्बन्धमा आवश्यक छानबिन गरी तत्काल निर्णय गर्ने वा अधिकारक्षेत्रभन्दा बाहिरको विषय भएमा सम्बन्धित अधिकारप्राप्त निकायसमक्ष सिफारिससहित पेश गर्ने।

(ञ) निर्वाचन सम्पन्न भएपछि मतदान, मतगणना, निर्वाचन परिणाम तथा सम्बन्धित कागजातको अभिलेख सुरक्षित राखी आवश्यक प्रतिवेदन सम्बन्धित तहको समिति तथा निर्वाचन समितिसमक्ष पेश गर्ने।

(ट) निर्वाचन प्रक्रियामा कम्तीमा एक तिहाई महिला सहभागिता तथा विधानबमोजिमको समानुपातिक समावेशी प्रतिनिधित्व सुनिश्चित गर्न आवश्यक व्यवस्था गर्ने।

२. उपधारा (१) बमोजिम निर्वाचन समितिको कार्यमा आवश्यक सहयोग, समन्वय तथा स्रोत-साधन उपलब्ध गराउनु सम्बन्धित तहको महाधिवेशन/अधिवेशन आयोजक समितिको कर्तव्य हुनेछ।

३. निर्वाचन समितिको अन्य काम, कर्तव्य र अधिकार विधान, निर्वाचन नियमावली तथा तोकिएबमोजिम हुनेछ।

**धारा ३७. मतदाता:**

१. केन्द्रीय समिति, विभाग, सभा/परिषद, प्रदेश समिति, विभाग, सभा/परिषद, जिल्ला समिति, विभाग, सभा/परिषद, गाउँ/नगर समिति, विभाग, सभा/परिषदलगायत विधानबमोजिम गठन गर्नुपर्ने अन्य समिति/निकायको निर्वाचनका लागि सम्बन्धित तहको महाधिवेशन वा अधिवेशनका निर्वाचित प्रतिनिधिहरू नै मतदाता कायम हुनेछन्।

२. उपधारा (१) बमोजिम कायम हुने मतदाताहरूको नामावली तयार गर्ने, अद्यावधिक गर्ने तथा अन्तिम नामावली प्रकाशन गर्ने कार्य सम्बन्धित निर्वाचन समितिको हुनेछ।

३. मतदाता नामावली तयार गर्दा प्रतिनिधिको योग्यता, वैधता, सदस्यता तथा सम्बन्धित महाधिवेशन/अधिवेशनको प्रतिनिधित्वसम्बन्धी अभिलेखलाई आधार मानिनेछ। मतदाता नामावलीसम्बन्धी अन्य व्यवस्था निर्वाचन नियमावली तथा तोकिएबमोजिम हुनेछ।

**धारा ३८. राष्ट्रिय महाधिवेशन तथा अधिवेशन प्रतिनिधिको योग्यता:**

१. राष्ट्रिय महाधिवेशनको प्रतिनिधि हुनका लागि देहायबमोजिमको योग्यता पूरा गरेको हुनुपर्नेछः-

(क) दलको वैध सदस्य भई विधानबमोजिम तोकिएको न्यूनतम अवधि पूरा गरेको हुनुपर्नेछ।

(ख) सम्बन्धित तहको संगठनमा सक्रिय रही दलको विधान, नीति, सिद्धान्त, कार्यक्रम तथा अनुशासनको पालना गरेको हुनुपर्नेछ।

(ग) सम्बन्धित तल्लो तहको अधिवेशनबाट विधिवत् रूपमा राष्ट्रिय महाधिवेशन प्रतिनिधिका लागि निर्वाचित वा चयन भएको हुनुपर्नेछ।

२. प्रदेश अधिवेशनको प्रतिनिधि हुनका लागि देहायबमोजिमको योग्यता पूरा गरेको हुनुपर्नेछः-

(क) दलको वैध सदस्य भई विधानबमोजिम तोकिएको न्यूनतम अवधि पूरा गरेको हुनुपर्नेछ।

(ख) सम्बन्धित जिल्ला वा प्रदेशअन्तर्गतको संगठनमा सक्रिय रही दलको नीति, विधान तथा अनुशासनको पालना गरेको हुनुपर्नेछ।

(ग) सम्बन्धित तहको अधिवेशनबाट विधिवत् रूपमा प्रदेश अधिवेशन प्रतिनिधिका रूपमा निर्वाचित वा चयन भएको हुनुपर्नेछ।

३. जिल्ला अधिवेशनको प्रतिनिधि हुनका लागि देहायबमोजिमको योग्यता पूरा गरेको हुनुपर्नेछः-

(क) दलको वैध सदस्य भई विधानबमोजिम तोकिएको न्यूनतम अवधि पूरा गरेको हुनुपर्नेछ।

(ख) सम्बन्धित गाउँ/नगर वा स्थानीय संगठनमा सक्रिय रही दलको नीति, कार्यक्रम, विधान तथा अनुशासनको पालना गरेको हुनुपर्नेछ।

(ग) सम्बन्धित गाउँ/नगर वा अधिकारप्राप्त तहको अधिवेशनबाट विधिवत् रूपमा जिल्ला अधिवेशन प्रतिनिधिका रूपमा निर्वाचित वा चयन भएको हुनुपर्नेछ।

४. गाउँ/नगर अधिवेशनको प्रतिनिधि हुनका लागि देहायबमोजिमको योग्यता पूरा गरेको हुनुपर्नेछः-

(क) दलको वैध सदस्य भई विधानबमोजिम तोकिएको न्यूनतम अवधि पूरा गरेको हुनुपर्नेछ।

(ख) सम्बन्धित वडा वा गाउँ/नगरस्तरीय संगठनमा सक्रिय रही दलको नीति, विधान तथा अनुशासनको पालना गरेको हुनुपर्नेछ।

(ग) सम्बन्धित वडा वा तोकिएको स्थानीय तहको अधिवेशनबाट विधिवत् रूपमा गाउँ/नगर अधिवेशन प्रतिनिधिका रूपमा निर्वाचित वा चयन भएको हुनुपर्नेछ।

५. वडा अधिवेशनको प्रतिनिधि हुनका लागि देहायबमोजिमको योग्यता पूरा गरेको हुनुपर्नेछः-

(क) दलको वैध सदस्य भई विधानबमोजिम तोकिएको न्यूनतम अवधि पूरा गरेको हुनुपर्नेछ।

(ख) सम्बन्धित वडा तथा टोल/स्थानीय संगठनात्मक गतिविधिमा सक्रिय रही दलको नीति, विधान, कार्यक्रम तथा अनुशासनको पालना गरेको हुनुपर्नेछ।

(ग) सम्बन्धित वडा वा तोकिएको संगठनात्मक प्रक्रियाबाट विधिवत् रूपमा वडा अधिवेशन प्रतिनिधिका रूपमा निर्वाचित वा चयन भएको हुनुपर्नेछ।

६. राष्ट्रिय महाधिवेशन तथा अधिवेशनको प्रतिनिधि हुन देहायको अवस्थाको कुनै पनि व्यक्ति अयोग्य हुनेछः-

(क) राष्ट्रिय महाधिवेशनका लागि उपधारा (१), प्रदेश अधिवेशनका लागि उपधारा (२), जिल्ला अधिवेशनका लागि उपधारा (३), गाउँ/नगर अधिवेशनका लागि उपधारा (४) र वडा अधिवेशनका लागि उपधारा (५) बमोजिमको योग्यता पूरा नगरेको।

(ख) दलको विधान, नियमावली वा आचारसंहिता उल्लङ्घन गरी अधिकारप्राप्त निकायबाट निलम्बन गरिएको वा प्रतिनिधि बन्नबाट रोक लगाइएको अवस्थामा रहेको।

(ग) दलको सदस्यता कायम नरहेको, सदस्यता निलम्बित भएको वा दलबाट निष्कासन गरिएको।

(घ) प्रतिनिधि चयन वा निर्वाचनका क्रममा झुट्टा विवरण, गलत कागजात वा आफ्नो योग्यता लुकाई प्रतिनिधि बन्न खोजेको प्रमाणित भएको।

(ङ) प्रचलित कानूनबमोजिम सम्बन्धित पद वा प्रतिनिधित्वका लागि अयोग्य ठहरिएको।

(च) दलको आधिकारिक निर्णयविरुद्ध गम्भीर अनुशासनहीन कार्य गरेको वा प्रतिनिधिको हैसियतमा रहन अनुपयुक्त हुने गरी कारबाही भएको।

(छ) सम्बन्धित निर्वाचन समितिबाट आवश्यक छानबिनपछि प्रतिनिधि बन्न अयोग्य ठहर गरिएको।

**धारा ३९. राष्ट्रिय महाधिवेशन तथा अधिवेशन प्रतिनिधिको निर्वाचनः**

१. राष्ट्रिय महाधिवेशन तथा विभिन्न तहका अधिवेशनका प्रतिनिधिहरूको निर्वाचनका लागि दलको विधान तथा निर्वाचन नियमावलीबमोजिम आवश्यक निर्वाचन क्षेत्र निर्धारण गरिनेछ।

२. उपधारा (१) बमोजिम निर्धारण गरिएको प्रत्येक निर्वाचन क्षेत्रबाट तोकिएको संख्यामा प्रतिनिधिहरू निर्वाचित भई राष्ट्रिय महाधिवेशन तथा सम्बन्धित तहको अधिवेशनमा प्रतिनिधित्व गर्नेछन्।

३. उपधारा (२) बमोजिम प्रतिनिधिहरूको निर्वाचन दलको विधानमा भएको व्यवस्था तथा तोकिएबमोजिमको निर्वाचन प्रक्रिया पूरा गरी सम्बन्धित तहको निर्वाचन समितिले गर्नेछ।

४. उपधारा (३) बमोजिम निर्वाचित प्रतिनिधिहरू तथा विधानबमोजिम मनोनयन भएका प्रतिनिधिहरूले सम्बन्धित तहको समिति, विभाग, सभा/परिषद तथा विधानबमोजिम निर्वाचन गर्नुपर्ने अन्य समितिका पदाधिकारी तथा सदस्यहरूको निर्वाचनमा मतदाताको रूपमा भाग लिन पाउनेछन्।

५. महाधिवेशन तथा अधिवेशन प्रतिनिधिको निर्वाचनका लागि देहायबमोजिमका मतदाता कायम गरिनेछः-

(क) सम्बन्धित निर्वाचन क्षेत्र तथा संगठनात्मक तहमा विधानबमोजिम कायम रहेका वैध सदस्य तथा प्रतिनिधि चयनसम्बन्धी तोकिएको योग्यता पूरा गरेका सदस्यहरू।

(ख) सम्बन्धित तहको विधान, नियमावली तथा निर्वाचन समितिबाट प्रमाणित अन्तिम मतदाता नामावलीमा समावेश भएका वैध मतदाताहरू।

६. महाधिवेशन तथा अधिवेशन प्रतिनिधिको निर्वाचनमा उम्मेदवार बन्ने व्यक्तिले दलको विधान, नियमावली तथा प्रचलित कानूनबमोजिम तोकिएको योग्यता पूरा गरेको हुनुपर्नेछ। प्रतिनिधि निर्वाचनमा कम्तीमा एक तिहाई महिला सहभागिता तथा समानुपातिक समावेशी प्रतिनिधित्व सुनिश्चित गरिनेछ।

७. महाधिवेशन तथा अधिवेशन प्रतिनिधिको निर्वाचनसम्बन्धी मतदाता नामावली, निर्वाचन क्षेत्र निर्धारण, प्रतिनिधिको संख्या, उम्मेदवारी दर्ता, मतदान, मतगणना, परिणाम घोषणा, विवाद समाधान तथा अन्य व्यवस्था विधान, निर्वाचन नियमावली तथा तोकिएबमोजिम हुनेछ।

**धारा ४०. केन्द्रीय तहका समितिका उम्मेदवारको योग्यताः**

१. केन्द्रीय समिति, विभाग, सभा/परिषद, निर्वाचन समिति तथा विधानबमोजिम केन्द्रीय तहमा रहने अन्य समिति/निकायको निर्वाचनमा उम्मेदवार हुनका लागि देहायबमोजिमको योग्यता पूरा गरेको हुनुपर्नेछः-

(क) दलको वैध सदस्य भई विधानबमोजिम तोकिएको न्यूनतम सदस्यता अवधि पूरा गरेको तथा दलको नीति, सिद्धान्त, विधान, कार्यक्रम र अनुशासनप्रति प्रतिबद्ध रहेको हुनुपर्नेछ।

(ख) दलको केन्द्रीय तथा मातहतका संगठनमा सक्रिय रूपमा जिम्मेवारी निर्वाह गरेको, सांगठनिक योगदान, क्षमता, अनुभव, इमानदारी तथा नेतृत्वदक्षता भएको हुनुपर्नेछ।

(ग) सम्बन्धित पदको जिम्मेवारी निर्वाह गर्न आवश्यक योग्यता, क्षमता र अनुभव भएको तथा दलको हित, उद्देश्य र संगठनात्मक मर्यादाप्रति प्रतिबद्ध रहेको हुनुपर्नेछ।

(घ) दलको आन्तरिक निर्वाचन तथा पदाधिकारी चयनसम्बन्धी प्रचलित नियमअनुसार उम्मेदवारीका लागि आवश्यक प्रतिनिधित्व, समावेशिता तथा अन्य मापदण्ड पूरा गरेको हुनुपर्नेछ।

(ङ) प्रचलित कानूनबमोजिम उम्मेदवार हुन अयोग्य नभएको हुनुपर्नेछ।

२. देहायको अवस्थाको कुनै पनि व्यक्ति केन्द्रीय समिति, विभाग, सभा/परिषद, निर्वाचन समिति तथा विधानबमोजिम केन्द्रीय तहमा रहने अन्य समिति/निकायको निर्वाचनमा उम्मेदवार हुन अयोग्य हुनेछः-

(क) उपधारा (१) बमोजिमको योग्यता पूरा नगरेको।

(ख) दलको सदस्यता कायम नरहेको, सदस्यता निलम्बित भएको वा दलबाट निष्कासन गरिएको।

(ग) दलको विधान, नियमावली वा आचारसंहिता उल्लङ्घन गरेको कारण अधिकारप्राप्त निकायबाट निलम्बन गरिएको वा उम्मेदवार हुन रोक लगाइएको।

(घ) दलको आर्थिक स्रोत, सम्पत्ति, पद वा जिम्मेवारीको दुरुपयोग, आर्थिक अनियमितता वा गम्भीर अनुशासनहीनतामा दोषी ठहर भएको।

(ङ) उम्मेदवारी दर्ता गर्दा झुट्टा विवरण, गलत कागजात वा आफ्नो वास्तविक योग्यता लुकाएको प्रमाणित भएको।

(च) प्रचलित कानूनबमोजिम सम्बन्धित पदमा उम्मेदवार हुन अयोग्य ठहरिएको।

(छ) एउटै निर्वाचनमा विधान तथा निर्वाचन नियमावलीले तोकेको भन्दा बढी पदमा उम्मेदवारी दिएको वा तोकिएको उम्मेदवारीसम्बन्धी शर्त पूरा नगरेको।

(ज) निर्वाचन समितिले आवश्यक छानबिन तथा प्रमाणका आधारमा उम्मेदवार हुन अयोग्य ठहर गरेको।

(झ) केन्द्रीय तहको पदमा निर्वाचित वा नियुक्त भई जिम्मेवारी निर्वाह गर्दा दलको हित, एकता, अनुशासन तथा प्रतिष्ठामा गम्भीर असर पर्ने कार्य गरेको प्रमाणित भएको।

**धारा ४१. केन्द्रीय तहका समितिका पदाधिकारीको निर्वाचनः**

१. केन्द्रीय समिति, विभाग, सभा/परिषद, निर्वाचन समिति तथा विधानबमोजिम केन्द्रीय तहमा रहने अन्य समिति/निकायका पदाधिकारीहरूको निर्वाचन प्रत्येक पाँच वर्षमा गरिनेछ।

२. उपधारा (१) बमोजिम हुने निर्वाचनमा राष्ट्रिय महाधिवेशनका विधिवत् निर्वाचित प्रतिनिधिहरू मतदाताको रूपमा रहनेछन्।

३. उपधारा (२) बमोजिमका मतदाताले निर्वाचन समितिले निर्धारण गरेको निर्वाचन तथा मतदान प्रक्रियाबमोजिम विधानअनुसार केन्द्रीय समिति, विभाग, सभा/परिषद, निर्वाचन समिति तथा अन्य केन्द्रीय तहमा रहने समिति/निकायका पदाधिकारीहरूको निर्वाचन गर्नेछन्।

४. केन्द्रीय तहका पदाधिकारीहरूको निर्वाचन गोप्य मतदान, निष्पक्षता, समान अवसर तथा लोकतान्त्रिक निर्वाचन प्रणालीका आधारमा गरिनेछ। निर्वाचनमा कम्तीमा एक तिहाई महिला सहभागिता तथा विधानबमोजिम समानुपातिक समावेशी प्रतिनिधित्व सुनिश्चित गरिनेछ।

५. निर्वाचनमा उम्मेदवारको मनोनयन, दाबी-विरोध, उम्मेदवारको अन्तिम नामावली प्रकाशन, मतदान, मतगणना, निर्वाचन परिणाम घोषणा तथा निर्वाचित पदाधिकारीलाई प्रमाणपत्र प्रदान गर्ने कार्य निर्वाचन समितिले तोकिएबमोजिम गर्नेछ।

६. केन्द्रीय समिति, विभाग, सभा/परिषद, निर्वाचन समिति तथा विधानबमोजिम केन्द्रीय तहमा रहने अन्य समिति/निकायका पदाधिकारीहरूको निर्वाचनसम्बन्धी अन्य व्यवस्था विधान, निर्वाचन नियमावली तथा तोकिएबमोजिम हुनेछ।

**धारा ४२. प्रदेश तहका समितिको उम्मेदवारको योग्यता:**

१. प्रदेश समिति, विभाग, सभा/परिषद, निर्वाचन समिति तथा विधानबमोजिम प्रदेश तहमा रहने अन्य समिति/निकायको निर्वाचनमा उम्मेदवार हुनका लागि देहायबमोजिमको योग्यता पूरा गरेको हुनुपर्नेछ:-

(क) दलको वैध सदस्य भई विधानबमोजिम तोकिएको न्यूनतम सदस्यता अवधि पूरा गरेको तथा दलको नीति, सिद्धान्त, विधान, कार्यक्रम र अनुशासनप्रति प्रतिबद्ध रहेको हुनुपर्नेछ।

(ख) सम्बन्धित प्रदेश तथा मातहतका संगठनमा सक्रिय रूपमा काम गरेको, सांगठनिक योगदान, क्षमता, अनुभव, इमानदारी तथा नेतृत्वदक्षता भएको हुनुपर्नेछ।

(ग) सम्बन्धित पदको जिम्मेवारी निर्वाह गर्न आवश्यक योग्यता, क्षमता तथा अनुभव भएको र दलको उद्देश्य तथा संगठनात्मक मर्यादाप्रति प्रतिबद्ध रहेको हुनुपर्नेछ।

(घ) सम्बन्धित प्रदेशभित्रको संगठनात्मक क्षेत्रसँग आवश्यक सम्बन्ध तथा जिम्मेवारी निर्वाह गर्न सक्ने आधार भएको हुनुपर्नेछ।

(ङ) प्रचलित कानूनबमोजिम उम्मेदवार हुन अयोग्य नभएको हुनुपर्नेछ।

२. देहायको अवस्थाको कुनै पनि व्यक्ति प्रदेश समिति, विभाग, सभा/परिषद, निर्वाचन समिति तथा विधानबमोजिम प्रदेश तहमा रहने अन्य समिति/निकायको निर्वाचनमा उम्मेदवार हुन अयोग्य हुनेछ:-

(क) उपधारा (१) बमोजिमको योग्यता पूरा नगरेको।

(ख) दलको सदस्यता कायम नरहेको, सदस्यता निलम्बित भएको वा दलबाट निष्कासन गरिएको।

(ग) दलको विधान, नियमावली वा आचारसंहिता उल्लङ्घन गरेको कारण अधिकारप्राप्त निकायबाट निलम्बन गरिएको वा उम्मेदवार हुन रोक लगाइएको।

(घ) दलको पद, आर्थिक स्रोत, सम्पत्ति वा जिम्मेवारीको दुरुपयोग, आर्थिक अनियमितता वा गम्भीर अनुशासनहीनतामा दोषी ठहर भएको।

(ङ) उम्मेदवारी दर्ताका क्रममा झुट्टा विवरण, गलत कागजात वा आफ्नो योग्यता लुकाएको प्रमाणित भएको।

(च) प्रचलित कानूनबमोजिम सम्बन्धित पदमा उम्मेदवार हुन अयोग्य ठहरिएको।

(छ) एउटै निर्वाचनमा विधान तथा निर्वाचन नियमावलीले तोकेको भन्दा बढी पदमा उम्मेदवारी दिएको वा उम्मेदवारीसम्बन्धी तोकिएको शर्त पूरा नगरेको।

(ज) सम्बन्धित निर्वाचन समितिले आवश्यक छानबिन तथा प्रमाणका आधारमा उम्मेदवार हुन अयोग्य ठहर गरेको।

(झ) प्रदेश तहको पदमा रहँदा दलको नीति, निर्णय, संगठनात्मक एकता तथा प्रतिष्ठामा गम्भीर असर पर्ने कार्य गरेको प्रमाणित भएको।

**धारा ४३. प्रदेश तहका समितिका पदाधिकारीको निर्वाचनः**

१. प्रदेश समिति, विभाग, सभा/परिषद, निर्वाचन समिति तथा विधानबमोजिम प्रदेश तहमा रहने अन्य समिति/निकायका पदाधिकारीहरूको निर्वाचन प्रत्येक पाँच वर्षमा गरिनेछ।

२. उपधारा (१) बमोजिम हुने निर्वाचनमा सम्बन्धित प्रदेश अधिवेशनका विधिवत् निर्वाचित प्रतिनिधिहरू मतदाताको रूपमा रहनेछन्।

३. उपधारा (२) बमोजिमका मतदाताले निर्वाचन समितिले निर्धारण गरेको निर्वाचन तथा मतदान प्रक्रियाअनुरूप विधानबमोजिम प्रदेश समिति, विभाग, सभा/परिषद, निर्वाचन समिति तथा प्रदेश तहमा रहने अन्य समिति/निकायका पदाधिकारीहरूको निर्वाचन गर्नेछन्।

४. प्रदेश तहका पदाधिकारीहरूको निर्वाचन गोप्य मतदान, निष्पक्षता, समान अवसर तथा लोकतान्त्रिक निर्वाचन प्रणालीका आधारमा गरिनेछ। निर्वाचनमा कम्तीमा एक तिहाई महिला सहभागिता तथा समानुपातिक समावेशी प्रतिनिधित्व सुनिश्चित गरिनेछ।

५. निर्वाचनमा उम्मेदवारी दर्ता, दाबी-विरोध, उम्मेदवारको अन्तिम नामावली प्रकाशन, मतदान, मतगणना, परिणाम घोषणा तथा निर्वाचित पदाधिकारीलाई प्रमाणपत्र प्रदान गर्ने कार्य सम्बन्धित निर्वाचन समितिले तोकिएबमोजिम गर्नेछ।

६. प्रदेश समिति, विभाग, सभा/परिषद, निर्वाचन समिति तथा विधानबमोजिम प्रदेश तहमा रहने अन्य समिति/निकायका पदाधिकारीहरूको निर्वाचनसम्बन्धी अन्य व्यवस्था विधान, निर्वाचन नियमावली तथा तोकिएबमोजिम हुनेछ।

## धारा ४४. जिल्ला तहका समितिको उम्मेदवारको योग्यताः

१. जिल्ला समिति, विभाग, सभा/परिषद, निर्वाचन समिति तथा विधानबमोजिम जिल्ला तहमा रहने अन्य समिति/निकायको निर्वाचनमा उम्मेदवार हुनका लागि देहायबमोजिमको योग्यता पूरा गरेको हुनुपर्नेछः-

(क) दलको वैध सदस्य भई विधानबमोजिम तोकिएको न्यूनतम सदस्यता अवधि पूरा गरेको तथा दलको नीति, सिद्धान्त, विधान, कार्यक्रम र अनुशासनप्रति प्रतिबद्ध रहेको हुनुपर्नेछ।

(ख) सम्बन्धित जिल्ला तथा मातहतका संगठनमा सक्रिय रूपमा काम गरेको, सांगठनिक योगदान, क्षमता, इमानदारी तथा नेतृत्वदक्षता भएको हुनुपर्नेछ।

(ग) सम्बन्धित पदको जिम्मेवारी निर्वाह गर्न आवश्यक योग्यता, क्षमता तथा अनुभव भएको र दलको उद्देश्य तथा संगठनात्मक मर्यादाप्रति प्रतिबद्ध रहेको हुनुपर्नेछ।

(घ) सम्बन्धित जिल्लाभित्रको संगठनात्मक कार्यक्षेत्रसँग आवश्यक सम्बन्ध तथा जिम्मेवारी निर्वाह गर्न सक्ने आधार भएको हुनुपर्नेछ।

(ङ) प्रचलित कानूनबमोजिम उम्मेदवार हुन अयोग्य नभएको हुनुपर्नेछ।

२. देहायको अवस्थाको कुनै पनि व्यक्ति जिल्ला समिति, विभाग, सभा/परिषद, निर्वाचन समिति तथा विधानबमोजिम जिल्ला तहमा रहने अन्य समिति/निकायको निर्वाचनमा उम्मेदवार हुन अयोग्य हुनेछः-

(क) उपधारा (१) बमोजिमको योग्यता पूरा नगरेको।

(ख) दलको सदस्यता कायम नरहेको, सदस्यता निलम्बित भएको वा दलबाट निष्कासन गरिएको।

(ग) दलको विधान, नियमावली वा आचारसंहिता उल्लङ्घन गरेको कारण अधिकारप्राप्त निकायबाट निलम्बन गरिएको वा उम्मेदवार हुन रोक लगाइएको।

(घ) दलको पद, आर्थिक स्रोत, सम्पत्ति वा जिम्मेवारीको दुरुपयोग, आर्थिक अनियमितता वा गम्भीर अनुशासनहीनतामा दोषी ठहर भएको।

(ङ) उम्मेदवारी दर्ताका क्रममा झुट्टा विवरण, गलत कागजात वा आफ्नो योग्यता लुकाएको प्रमाणित भएको।

(च) प्रचलित कानूनबमोजिम सम्बन्धित पदमा उम्मेदवार हुन अयोग्य ठहरिएको।

(छ) एउटै निर्वाचनमा विधान तथा निर्वाचन नियमावलीले तोकेकोभन्दा बढी पदमा उम्मेदवारी दिएको वा उम्मेदवारीसम्बन्धी तोकिएको शर्त पूरा नगरेको।

(ज) सम्बन्धित निर्वाचन समितिले आवश्यक छानबिन तथा प्रमाणका आधारमा उम्मेदवार हुन अयोग्य ठहर गरेको।

(झ) जिल्ला तहको पदमा रहँदा दलको नीति, निर्णय, संगठनात्मक एकता तथा प्रतिष्ठामा गम्भीर असर पर्ने कार्य गरेको प्रमाणित भएको।

**धारा ४५. जिल्ला तहका समितिका पदाधिकारीको निर्वाचन:**

१. जिल्ला समिति, विभाग, सभा/परिषद, निर्वाचन समिति तथा विधानबमोजिम जिल्ला तहमा रहने अन्य समिति/निकायका पदाधिकारीहरूको निर्वाचन प्रत्येक चार वर्षमा गरिनेछ।

२. उपधारा (१) बमोजिम हुने निर्वाचनमा सम्बन्धित जिल्ला अधिवेशनका विधिवत् निर्वाचित प्रतिनिधिहरू मतदाताको रूपमा रहनेछन्।

३. उपधारा (२) बमोजिमका मतदाताले निर्वाचन समितिले निर्धारण गरेको निर्वाचन तथा मतदान प्रक्रियाअनुरूप विधानबमोजिम जिल्ला समिति, विभाग, सभा/परिषद, निर्वाचन समिति तथा जिल्ला तहमा रहने अन्य समिति/निकायका पदाधिकारीहरूको निर्वाचन गर्नेछन्।

४. जिल्ला तहका पदाधिकारीहरूको निर्वाचन गोप्य मतदान, निष्पक्षता, समान अवसर तथा लोकतान्त्रिक निर्वाचन प्रणालीका आधारमा गरिनेछ। निर्वाचनमा कम्तीमा एक तिहाई महिला सहभागिता तथा समानुपातिक समावेशी प्रतिनिधित्व सुनिश्चित गरिनेछ।

५. निर्वाचनमा उम्मेदवारी दर्ता, दाबी-विरोध, उम्मेदवारको अन्तिम नामावली प्रकाशन, मतदान, मतगणना, निर्वाचन परिणाम घोषणा तथा निर्वाचित पदाधिकारीलाई प्रमाणपत्र प्रदान गर्ने कार्य सम्बन्धित निर्वाचन समितिले तोकिएबमोजिम गर्नेछ।

६. जिल्ला समिति, विभाग, सभा/परिषद, निर्वाचन समिति तथा विधानबमोजिम जिल्ला तहमा रहने अन्य समिति/निकायका पदाधिकारीहरूको निर्वाचनसम्बन्धी अन्य व्यवस्था विधान, निर्वाचन नियमावली तथा तोकिएबमोजिम हुनेछ।

**धारा ४६. गाउँ/नगर तहका समितिको उम्मेदवारको योग्यताः**

१. गाउँ/नगर समिति, विभाग, सभा/परिषद, निर्वाचन समिति तथा विधानबमोजिम गाउँ/नगर तहमा रहने अन्य समिति/निकायको निर्वाचनमा उम्मेदवार हुनका लागि देहायबमोजिमको योग्यता पूरा गरेको हुनुपर्नेछः-

(क) दलको वैध सदस्य भई विधानबमोजिम तोकिएको न्यूनतम सदस्यता अवधि पूरा गरेको तथा दलको नीति, सिद्धान्त, विधान, कार्यक्रम र अनुशासनप्रति प्रतिबद्ध रहेको हुनुपर्नेछ।

(ख) सम्बन्धित गाउँ/नगर तथा मातहतका संगठनमा सक्रिय रूपमा काम गरेको, सांगठनिक योगदान, क्षमता, इमानदारी तथा नेतृत्वदक्षता भएको हुनुपर्नेछ।

(ग) सम्बन्धित पदको जिम्मेवारी निर्वाह गर्न आवश्यक योग्यता, क्षमता तथा अनुभव भएको र दलको उद्देश्य तथा संगठनात्मक मर्यादाप्रति प्रतिबद्ध रहेको हुनुपर्नेछ।

(घ) सम्बन्धित गाउँ/नगर क्षेत्रभित्र संगठनात्मक जिम्मेवारी निर्वाह गर्न सक्ने आधार भएको हुनुपर्नेछ।

(ङ) प्रचलित कानूनबमोजिम उम्मेदवार हुन अयोग्य नभएको हुनुपर्नेछ।

२. देहायको अवस्थाको कुनै पनि व्यक्ति गाउँ/नगर समिति, विभाग, सभा/परिषद, निर्वाचन समिति तथा विधानबमोजिम गाउँ/नगर तहमा रहने अन्य समिति/निकायको निर्वाचनमा उम्मेदवार हुन अयोग्य हुनेछः-

(क) उपधारा (१) बमोजिमको योग्यता पूरा नगरेको।

(ख) दलको सदस्यता कायम नरहेको, सदस्यता निलम्बित भएको वा दलबाट निष्कासन गरिएको।

(ग) दलको विधान, नियमावली वा आचारसंहिता उल्लङ्घन गरेको कारण अधिकारप्राप्त निकायबाट निलम्बन गरिएको वा उम्मेदवार हुन रोक लगाइएको।

(घ) दलको पद, आर्थिक स्रोत, सम्पत्ति वा जिम्मेवारीको दुरुपयोग, आर्थिक अनियमितता वा गम्भीर अनुशासनहीनतामा दोषी ठहर भएको।

(ङ) उम्मेदवारी दर्ताका क्रममा झुट्टा विवरण, गलत कागजात वा आफ्नो योग्यता लुकाएको प्रमाणित भएको।

(च) प्रचलित कानूनबमोजिम सम्बन्धित पदमा उम्मेदवार हुन अयोग्य ठहरिएको।

(छ) एउटै निर्वाचनमा विधान तथा निर्वाचन नियमावलीले तोकेकोभन्दा बढी पदमा उम्मेदवारी दिएको वा उम्मेदवारीसम्बन्धी तोकिएको शर्त पूरा नगरेको।

(ज) सम्बन्धित निर्वाचन समितिले आवश्यक छानबिन तथा प्रमाणका आधारमा उम्मेदवार हुन अयोग्य ठहर गरेको।

(झ) गाउँ/नगर तहको पदमा रहँदा दलको नीति, निर्णय, संगठनात्मक एकता तथा प्रतिष्ठामा गम्भीर असर पर्ने कार्य गरेको प्रमाणित भएको।

**धारा ४७. निर्वाचन कार्यक्रमः**

१. निर्वाचन समितिले निर्वाचन सम्पन्न गर्नका लागि निर्वाचन तथा मतदानको प्रक्रिया सहित यस धारामा उल्लेख भएबमोजिमका निर्वाचनसम्बन्धी सम्पूर्ण क्रियाकलाप सञ्चालन हुने गरी निर्वाचन कार्यक्रम प्रकाशन गर्नुपर्नेछ।

२. उपधारा (१) बमोजिम प्रकाशन गरिने निर्वाचन कार्यक्रममा देहायका क्रियाकलापहरू समेटिएको हुनुपर्नेछः-

(क) मतदाता नामावली प्रकाशन तथा सोउपर दाबी-विरोध गर्ने समयावधि।

(ख) अन्तिम मतदाता नामावली प्रकाशन।

(ग) उम्मेदवारी मनोनयनपत्र दर्ता गर्ने मिति, समय र स्थान।

(घ) मनोनयनपत्र दर्ता गर्ने उम्मेदवारहरूको नामावली प्रकाशन।

(ङ) मनोनयनपत्र दर्ता गरेका उम्मेदवारको योग्यता सम्बन्धमा दाबी-विरोध गर्ने समयावधि।

(च) खण्ड (ङ) बमोजिम परेको दाबी-विरोधउपर सुनुवाइ तथा निर्णय।

(छ) उम्मेदवारको अन्तिम नामावली प्रकाशन।

(ज) मतदानको मिति, समय र स्थान।

(झ) मतगणना तथा मतपरिणाम प्रकाशन गरिने मिति, समय र स्थान।

(ञ) निर्वाचित उम्मेदवारको नाम घोषणा तथा निर्वाचन प्रमाणपत्र प्रदान गर्ने मिति, समय र स्थान।

३. निर्वाचन समितिले निर्वाचन कार्यक्रम प्रकाशन गर्दा निर्वाचनका प्रत्येक चरणका लागि पर्याप्त र युक्तिसंगत समय निर्धारण गर्नुपर्नेछ। निर्वाचन कार्यक्रममा कुनै संशोधन गर्न

आवश्यक भएमा कारणसहितको सूचना प्रकाशन गरी सम्बन्धित मतदाता तथा उम्मेदवारलाई जानकारी गराउनुपर्नेछ।

४. निर्वाचन कार्यक्रम सम्बन्धी अन्य व्यवस्था निर्वाचन नियमावली, दलको विधान तथा तोकिएबमोजिम हुनेछ।

**धारा ४८. उम्मेदवार मनोनयन:**

१. यस परिच्छेदमा सम्बन्धित तहको समितिको पदाधिकारीमा उम्मेदवार हुन अयोग्य नभएको तथा सम्बन्धित तहको महाधिवेशन वा अधिवेशनको प्रतिनिधि हुन योग्य व्यक्तिले तोकिएबमोजिम उम्मेदवारी दिन सक्नेछ।

२. उपधारा (१) बमोजिम उम्मेदवार मनोनयन गर्दा सम्बन्धित तहको महाधिवेशन वा अधिवेशनका प्रतिनिधिमध्ये एक जना प्रस्तावक र एक जना समर्थक हुनुपर्नेछ।

३. उपधारा (२) बमोजिम कुनै व्यक्तिलाई उम्मेदवारको रूपमा प्रस्ताव गरिएको अवस्थामा त्यस्तो उम्मेदवारले मनोनयनपत्रमा आफ्नो मञ्जुरी जनाई सहीछाप समेत गर्नुपर्नेछ।

४. उपधारा (२) र (३) बमोजिमको रीत नपुर्‍याई मनोनयनपत्र दाखिला भएको अवस्थामा त्यस्तो उम्मेदवारलाई निर्वाचन समितिले उम्मेदवारको रूपमा मान्यता दिने छैन।

५. उपधारा (२) बमोजिम कुनै व्यक्तिलाई उम्मेदवारको रूपमा प्रस्ताव वा समर्थन गर्ने व्यक्तिले सोही पदका लागि अन्य कुनै व्यक्तिलाई प्रस्ताव वा समर्थन गर्न पाउने छैन।

६. मनोनयनपत्र सम्बन्धित उम्मेदवार वा निजको प्रस्तावक वा समर्थकले निर्वाचन समितिले तोकेको मिति, समय र स्थानमा तोकिएबमोजिमको प्रक्रिया पूरा गरी दर्ता गर्नुपर्नेछ।

७. एउटै पदमा एकभन्दा बढी उम्मेदवारी परेको अवस्थामा निर्वाचन समितिले उम्मेदवारहरूको नामावली तयार गरी तोकिएको निर्वाचन कार्यक्रमअनुसार प्रकाशन गर्नेछ।

८. उम्मेदवारीसम्बन्धी दाबी-विरोध, उम्मेदवारी फिर्ता, उम्मेदवारको अन्तिम नामावली प्रकाशन तथा अन्य निर्वाचनसम्बन्धी प्रक्रिया निर्वाचन समितिले निष्पक्ष र पारदर्शी रूपमा सञ्चालन गर्नेछ।

९. उम्मेदवार मनोनयनसम्बन्धी अन्य व्यवस्था विधान, निर्वाचन नियमावली तथा तोकिएबमोजिम हुनेछ।

**धारा ४९. मनोनयनपत्र बदर हुने अवस्था:**

१. देहायको अवस्थामा मनोनयनपत्र बदर हुनेछ:-

(क) विधान तथा निर्वाचन नियमावलीबमोजिम उम्मेदवार हुन आवश्यक योग्यता पूरा नगरेमा।

(ख) उम्मेदवार हुने व्यक्तिको मनोनयनपत्रमा आफ्नो मञ्जुरी नभएमा।

(ग) उम्मेदवारको प्रस्तावक वा समर्थकको सहीछाप नभएमा वा सहीछाप किर्ते भएको प्रमाणित भएमा।

(घ) तोकिएको मिति, समय र स्थानमा मनोनयनपत्र दर्ता नगरेमा वा तोकिएको समयसीमा समाप्त भएपछि मनोनयनपत्र दर्ता गरेमा।

(ङ) निर्वाचन समितिले तोकेबमोजिमको धरौटी रकम दाखिला नगरेमा।

(च) धारा ४७ बमोजिम मनोनयनपत्र दर्ता गर्दा पूरा गर्नुपर्ने रीत तथा प्रक्रिया पूरा नभएमा।

(छ) मनोनयनपत्रमा उम्मेदवारको नाम, पद वा अन्य आवश्यक विवरण गलत, अपूर्ण वा अस्पष्ट रूपमा उल्लेख गरेको भएमा र त्यस्तो त्रुटि सच्याउन नसकिने प्रकृतिको भएमा।

(ज) उम्मेदवारले एकै समयमा विधान वा निर्वाचन नियमावलीले तोकेको सीमाभन्दा बढी पदमा उम्मेदवारी दिएको प्रमाणित भएमा।

(झ) उम्मेदवारले झुट्टा विवरण, गलत कागजात वा तथ्य लुकाई मनोनयनपत्र दर्ता गरेको प्रमाणित भएमा।

(ञ) प्रचलित कानून, दलको विधान, नियमावली वा निर्वाचन समितिले तोकेको अन्य अनिवार्य शर्त पूरा नगरेमा।

२. मनोनयनपत्र बदर गर्नुअघि निर्वाचन समितिले सम्भव भएसम्म सम्बन्धित उम्मेदवारलाई आवश्यक स्पष्टीकरण वा प्रमाण पेश गर्ने उचित अवसर प्रदान गर्नुपर्नेछ।

३. मनोनयनपत्र बदर गर्ने निर्णय निर्वाचन समितिले स्पष्ट कारणसहित लिखित रूपमा अभिलेख राखी सम्बन्धित उम्मेदवारलाई जानकारी गराउनुपर्नेछ।

४. मनोनयनपत्र बदर हुने सम्बन्धी अन्य व्यवस्था विधान, निर्वाचन नियमावली तथा तोकिएबमोजिम हुनेछ।

**धारा ५०. मतदान, मतगणना र मतपरिणाम घोषणा:**

१. निर्वाचन समितिले तोकेको मिति, समय र स्थानमा मतदानको कार्य सम्पन्न हुनेछ।

२. उपधारा (१) बमोजिम मतदानको प्रक्रिया, मतदानको विधि, मतपत्रको प्रयोग, मतदाताको पहिचान तथा मतदानसम्बन्धी अन्य व्यवस्था निर्वाचन समितिले तोकेबमोजिम हुनेछ।

३. मतदान कार्य सम्पन्न भएपछि निर्वाचन समितिले तोकेको मिति, समय र स्थानमा मतगणनाको कार्य प्रारम्भ गरिनेछ। मतगणना कार्य उम्मेदवार वा निजका अधिकृत प्रतिनिधिको उपस्थितिमा पारदर्शी रूपमा सञ्चालन गरिनेछ।

४. मतगणना कार्य सम्पन्न भएपछि निर्वाचन समितिले प्राप्त मतपरिणामको आधारमा विजयी उम्मेदवार घोषणा गर्नेछ र विजयी उम्मेदवारलाई अनुसूची-७ बमोजिमको ढाँचामा विजयी प्रमाणपत्र उपलब्ध गराउनुपर्नेछ।

५. मतदान वा मतगणनाका क्रममा कुनै मतपत्र च्यातिएको, बिग्रिएको, दोहोरो चिन्ह लगाइएको, उम्मेदवार स्पष्ट रूपमा पहिचान हुन नसक्ने गरी चिन्ह लगाइएको वा निर्वाचन नियमावलीबमोजिम अमान्य हुने अन्य अवस्था देखिएमा त्यस्तो मतलाई बदर मतका रूपमा कायम गरिनेछ।

६. मत बराबर भएको अवस्थामा विजेता निर्धारण गर्ने विधि निर्वाचन समितिले निर्वाचनको प्रकृति तथा सम्बन्धित पदको व्यवस्था हेरी पुनःमतदान वा तोकिएको अन्य लोकतान्त्रिक विधिबाट निर्धारण गर्नेछ।

७. मतदान, मतगणना तथा मतपरिणाम घोषणा सम्बन्धी अन्य व्यवस्था विधान, निर्वाचन नियमावली तथा तोकिएबमोजिम हुनेछ।

**धारा ५१. पदाधिकारी मनोनयन गर्न सकिने:**

१. केन्द्रीय, प्रदेश तथा स्थानीय तहका समिति/कमिटीका बहुमत सदस्यहरूको निर्णयबाट त्यस्तो समितिमा निर्वाचित कुल सदस्य संख्याको बढीमा दश प्रतिशतसम्म सदस्यलाई पदाधिकारी वा सदस्यका रूपमा मनोनयन गर्न सकिनेछ।

२. पदाधिकारी मनोनयन गर्दा महाधिवेशन वा अधिवेशनबाट विधानबमोजिम कम्तीमा एक तिहाई महिला सदस्य निर्वाचित हुन नसकेको अवस्थामा उक्त संख्या पूरा हुने गरी धारा ५० बमोजिम मनोनयन गरिनेछ।

३. मनोनयन गर्दा दलको नीति, सिद्धान्त, विधान, संगठनात्मक आवश्यकता, क्षमता, अनुभव तथा योगदानलाई आधार मानिनेछ।

४. मनोनयनबाट पूर्ति गरिने पदाधिकारी वा सदस्यको संख्या, पद, कार्यक्षेत्र तथा कार्यकाल सम्बन्धित समितिको निर्णय र दलको विधानबमोजिम हुनेछ।

५. पदाधिकारी मनोनयन गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

**धारा ५२. महाधिवेशन तथा अधिवेशनबाट निर्वाचन हुने:**

१. विधानमा अन्यथा व्यवस्था भएकोमा बाहेक केन्द्रीय, प्रदेश तथा स्थानीय तहका समिति/कमिटीका पदाधिकारी तथा सदस्यहरूको निर्वाचन सम्बन्धित तहको महाधिवेशन वा अधिवेशनबाट मात्र गरिनेछ।

२. विधानबमोजिम सम्बन्धित तहको समिति/कमिटीमा महिलाको संख्या निर्वाचनबाट पूर्ति हुन नसकेमा धारा ५० बमोजिम मनोनयन हुने संख्याबाट आवश्यक महिला प्रतिनिधित्व पूरा गरिनेछ।

३. महाधिवेशन वा अधिवेशनबाट निर्वाचित समिति/कमिटीको पदावधि समाप्त नभएसम्म सामान्य अवस्थामा मनोनयनका माध्यमबाट निर्वाचित पदाधिकारी हटाई अन्य व्यक्ति कायम गर्न पाइने छैन। रिक्त पद उत्पन्न भएमा विधान, नियमावली तथा तोकिएको प्रक्रियाबमोजिम पदपूर्ति गरिनेछ।

४. महाधिवेशन वा अधिवेशनबाट निर्वाचन, मनोनयन, रिक्त पदपूर्ति तथा सम्बन्धित समिति/कमिटीको गठनसम्बन्धी अन्य व्यवस्था विधान, निर्वाचन नियमावली तथा तोकिएबमोजिम हुनेछ।

**धारा ५३. पदबाट राजीनामा दिन सक्ने:**

१. अध्यक्षले सम्बन्धित तहको समितिसमक्ष तथा अन्य पदाधिकारीले सम्बन्धित अध्यक्ष समक्ष लिखित रूपमा राजीनामा दिन सक्नेछन्।

२. उपधारा (१) बमोजिम दर्ता हुन आएको राजीनामा सम्बन्धित तहको समिति कुल सदस्य संख्याको बहुमत सदस्यको निर्णयबाट स्वीकृत हुनेछ।

३. उपधारा (१) बमोजिम परेको राजीनामा उपधारा (२) बमोजिम स्वीकृत भएमा सम्बन्धित पदाधिकारीको पद रिक्त भएको मानिनेछ।

४. अध्यक्षको राजीनामा स्वीकृत भएमा नयाँ अध्यक्षको निर्वाचन नभएसम्म सम्बन्धित तहको उपाध्यक्ष/उपसभापतिले कार्यवाहक अध्यक्षको रूपमा कार्य गर्नेछ। उपाध्यक्ष/उपसभापति उपलब्ध नभएमा समितिले तोकेको पदाधिकारीले कार्यवाहक अध्यक्षको जिम्मेवारी सम्हाल्नेछ।

५. राजीनामा स्वीकृत नभएसम्म सम्बन्धित पदाधिकारीले आफ्नो पदको जिम्मेवारी निरन्तर निर्वाह गर्नुपर्नेछ।

६. राजीनामाका कारण कुनै पद रिक्त भएमा रिक्त पदको पूर्ति दलको विधान, निर्वाचन नियमावली तथा सम्बन्धित तहको समितिको निर्णयबमोजिम गरिनेछ।

७. पदाधिकारीको राजीनामा दिने, स्वीकृत गर्ने, अभिलेख राख्ने तथा रिक्त पदपूर्ति सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

**धारा ५४. अविश्वासको प्रस्तावः**

१. सबै तहका समितिका अध्यक्ष लगायत प्रमुख पदाधिकारीविरुद्ध सम्बन्धित तहका सभा/परिषदका कम्तीमा ९० प्रतिशत सदस्यले अविश्वासको प्रस्ताव सम्बन्धित तहको निर्वाचन समितिमा दर्ता गराउन सक्नेछन्।

२. उपधारा (१) बमोजिम दर्ता हुन आएको अविश्वासको प्रस्तावका सम्बन्धमा निर्वाचन समितिले तोकिएबमोजिमको प्रक्रिया पूरा गरी प्रस्तावको आधिकारिकता, प्रस्तावक तथा समर्थकको वैधता जाँच गर्नुपर्नेछ।

३. उपधारा (१) बमोजिम परेको अविश्वासको प्रस्ताव उपधारा (२) बमोजिम जाँच गर्दा आधिकारिक रहेको पाइएमा सम्बन्धित तहको सभा/परिषदमा साठी दिनभित्र निर्णयार्थ पेश गर्न सम्बन्धित तहको समितिमा पठाउनुपर्नेछ।

४. उपधारा (३) बमोजिम निर्वाचन समितिले पठाएको प्रस्ताव सम्बन्धित तहको समितिले साठी दिनभित्र निर्णयार्थ सम्बन्धित सभा/परिषदमा पेश गर्नुपर्नेछ।

५. उपधारा (३) बमोजिम निर्वाचन समितिबाट प्राप्त प्रस्ताव उपधारा (४) बमोजिम निर्णयार्थ पेश नभएमा निर्वाचन समितिले उपधारा (४) बमोजिमको अवधि समाप्त भएको मितिले तीस दिनभित्र सम्बन्धित तहको सभा/परिषदको बैठक बोलाई उक्त बैठकमा निर्णयार्थ पेश गर्नुपर्नेछ।

६. उपधारा (४) वा (५) बमोजिम पेश हुन आएको अविश्वासको प्रस्तावको पक्षमा सम्बन्धित तहको सभा/परिषदको कुल सदस्य सङ्ख्याको कम्तीमा दुई तिहाइ मत प्राप्त भएमा त्यस्तो प्रस्ताव पारित भएको मानिनेछ।

७. उपधारा (१) बाहेकका अन्य पदाधिकारीविरुद्ध सम्बन्धित तहका सभा/परिषदका कम्तीमा पच्चीस प्रतिशत सदस्यले अविश्वासको प्रस्ताव सम्बन्धित तहको निर्वाचन समितिमा दर्ता गराउन सक्नेछन्।

८. उपधारा (७) बमोजिम दर्ता हुन आएको अविश्वासको प्रस्तावका सम्बन्धमा निर्वाचन समितिले उपधारा (२) बमोजिमको प्रक्रिया पूरा गरी प्रस्तावको आधिकारिकता जाँच गर्नुपर्नेछ।

९. उपधारा (७) बमोजिम परेको अविश्वासको प्रस्ताव उपधारा (८) बमोजिम जाँच गर्दा आधिकारिक रहेको पाइएमा निर्वाचन समितिले सम्बन्धित तहको समितिमा साठी दिनभित्र निर्णयार्थ पेश गर्न पठाउनुपर्नेछ।

१०. उपधारा (९) बमोजिम निर्वाचन समितिले पठाएको प्रस्ताव सम्बन्धित तहको समितिले साठी दिनभित्र निर्णयार्थ सम्बन्धित सभा/परिषदमा पेश गर्नुपर्नेछ।

११. उपधारा (९) बमोजिम निर्वाचन समितिबाट प्राप्त प्रस्ताव उपधारा (१०) बमोजिम निर्णयार्थ पेश नभएमा निर्वाचन समितिले उपधारा (१०) बमोजिमको अवधि समाप्त भएको मितिले तीस दिनभित्र सम्बन्धित तहको सभा/परिषदको बैठक बोलाई उक्त बैठकमा निर्णयार्थ पेश गर्नुपर्नेछ।

१२. उपधारा (१०) वा (११) बमोजिम पेश हुन आएको अविश्वासको प्रस्तावको पक्षमा सम्बन्धित तहको सभा/परिषदको कुल सदस्य सङ्ख्याको कम्तीमा दुई तिहाइ मत प्राप्त भएमा त्यस्तो प्रस्ताव पारित भएको मानिनेछ।

१३. अध्यक्षविरुद्ध परेको अविश्वासको प्रस्तावउपर निर्णय गर्न बोलाइएको सभा/परिषदको बैठकको अध्यक्षता उपाध्यक्षले गर्नेछ। उपाध्यक्षसमेत अविश्वासको प्रस्तावमा परेको अवस्थामा बैठकले चयन गरेको निष्पक्ष पदाधिकारी वा सदस्यले अध्यक्षता गर्नेछ।

१४. यस धाराबमोजिम अविश्वासको प्रस्तावउपर निर्णय गर्दा सम्बन्धित निर्वाचन समितिका पदाधिकारीहरूले मतदान गर्न पाउने छैनन्।

१५. एउटै पदाधिकारीविरुद्ध अविश्वासको प्रस्ताव एक पटक निर्णय भइसकेपछि एक वर्षभित्र पुनः अविश्वासको प्रस्ताव दर्ता गर्न पाइने छैन, तर गम्भीर अनुशासनहीनता, भ्रष्टाचार, आर्थिक अनियमितता वा प्रचलित कानूनविपरीतको कार्य प्रमाणित भएको अवस्थामा यो व्यवस्था लागू हुने छैन।

१६. अविश्वासको प्रस्तावमाथि निर्णय गर्नुअघि सम्बन्धित पदाधिकारीलाई लिखित स्पष्टीकरण, आफ्नो धारणा तथा प्रतिरक्षा प्रस्तुत गर्ने पर्याप्त अवसर प्रदान गर्नुपर्नेछ। अविश्वासको प्रस्ताव दर्ता, सुनुवाइ तथा निर्णय प्रक्रिया निष्पक्ष, पारदर्शी र लोकतान्त्रिक ढङ्गले सम्पन्न गर्नुपर्नेछ।

१७. अविश्वासको प्रस्ताव दर्ता, आधिकारिकता जाँच, सूचना, सुनुवाइ, बैठक बोलाउने, मतदान, मतगणना, निर्णय प्रमाणीकरण तथा यससम्बन्धी अन्य व्यवस्था विधान, निर्वाचन नियमावली तथा तोकिएबमोजिम हुनेछ।

## धारा ५५. पदाधिकारीको पद रिक्त हुने:

देहायको अवस्थामा पदाधिकारीको पद रिक्त हुनेछः-

(क) निजको मृत्यु भएमा।

(ख) निजले आफ्नो पदबाट दिएको राजीनामा स्वीकृत भएमा।

(ग) निजले दल त्याग गरेमा वा दलको सदस्यता कायम नरहेमा।

(घ) निजविरुद्धको अविश्वासको प्रस्ताव पारित भएमा।

(ङ) निजलाई दलको विधान, नियमावली तथा प्रचलित कानूनबमोजिम पदबाट हटाइएमा।

(च) निजको पदावधि समाप्त भएमा वा विधानबमोजिम अन्य कुनै कारणले पदमा कायम रहन अयोग्य भएमा।

## धारा ५६. रिक्त पद पूर्ति:

१. अध्यक्ष, प्रमुख पदाधिकारी लगायत अन्य पदाधिकारीको पदावधि एक वर्षभन्दा बढी बाँकी रहेको अवस्थामा कुनै कारणले पद रिक्त भएमा त्यस्तो पद यस धाराबमोजिम पूर्ति गरिनेछ।

२. उपधारा (१) बमोजिम अध्यक्ष लगायत प्रमुख पदाधिकारीको पद रिक्त भएमा सम्बन्धित तहको निर्वाचन समितिले पद रिक्त भएको मितिले साठी दिनभित्र सम्बन्धित तहको सभा/परिषद्को बैठक वा विशेष भेला बोलाई रिक्त पदको निर्वाचन सम्पन्न गराउनुपर्नेछ।

३. उपधारा (१) बमोजिम अध्यक्ष तथा प्रमुख पदाधिकारीबाहेक अन्य पदाधिकारीको पद रिक्त भएमा सम्बन्धित तहको निर्वाचन समितिले पद रिक्त भएको मितिले साठी दिनभित्र सम्बन्धित तहको समिति/कमिटीको बैठक बोलाई रिक्त पदको निर्वाचन सम्पन्न गराउनुपर्नेछ।

४. रिक्त पद पूर्ति गर्दा जुन पदाधिकारी निर्वाचन वा मनोनयन जुन विधिबाट पूर्ति भएको हो, सोही विधिबाट रिक्त पदको पूर्ति गरिनेछ।

५. यस धारामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि मनोनित सदस्यको पद रिक्त भएमा सम्बन्धित तहको समितिको कुल सदस्य संख्याको बहुमत सदस्यको निर्णयबाट अर्को सदस्य मनोनयन गर्न सकिनेछ।

६. रिक्त पदको निर्वाचन वा मनोनयन नभएसम्म सम्बन्धित पदको कार्य सम्पादनका लागि विधानबमोजिमको कार्यवाहक व्यवस्था लागू हुनेछ। कार्यवाहकले नियमित तथा अत्यावश्यक कार्यबाहेक दीर्घकालीन नीतिगत निर्णय गर्न पाउने छैन।

७. रिक्त पद पूर्ति गर्दा कम्तीमा एक तिहाई महिला सहभागिता तथा विधानबमोजिमको समानुपातिक समावेशी प्रतिनिधित्व कायम गर्न आवश्यक व्यवस्था गरिनेछ।

८. पद पूर्ति, निर्वाचन, मनोनयन, कार्यवाहक जिम्मेवारी तथा रिक्त पदसम्बन्धी अन्य व्यवस्था विधान, निर्वाचन नियमावली तथा तोकिएबमोजिम हुनेछ।

## परिच्छेद - ९

# महाधिवेशन सम्बन्धी व्यवस्था

**धारा ५७ महाधिवेशन तथा अधिवेशनः**

१. दलको महाधिवेशन तथा अधिवेशन सम्बन्धी व्यवस्था देहायबमोजिम हुनेछः-

(क) राष्ट्रिय महाधिवेशन,

(ख) प्रदेश अधिवेशन,

(ग) जिल्ला अधिवेशन,

(घ) गाउँ/नगर अधिवेशन,

(ङ) वडा अधिवेशन,

२. राष्ट्रिय महाधिवेशन दलको सर्वोच्च निकायको रूपमा रहनेछ र तहगत अधिवेशनहरू सम्बन्धित तहको समितिको हकमा माथिल्लो निकायको रूपमा रहनेछन्।

३. उपधारा (१) को खण्ड (क) बमोजिमको राष्ट्रिय महाधिवेशन निर्वाचन प्रयोजनका लागि प्रत्येक पाँच वर्षमा आयोजना गरिनेछ।

४. उपधारा (१) को खण्ड (ख) बमोजिमको प्रदेश अधिवेशन निर्वाचन प्रयोजनका लागि प्रत्येक पाँच वर्षमा सम्पन्न गरिनेछ र यस्तो अधिवेशन राष्ट्रिय महाधिवेशन सम्पन्न हुनुभन्दा कम्तीमा छ महिनाअघि आयोजना गरिनेछ।

५. उपधारा (१) को खण्ड (ग) र (घ) बमोजिमको जिल्ला तथा गाउँ/नगर अधिवेशन निर्वाचन प्रयोजनका लागि प्रत्येक तीन वर्षमा आयोजना गरिनेछ।

६. उपधारा (१) को खण्ड (ङ) बमोजिमको वडा अधिवेशन निर्वाचन प्रयोजनका लागि प्रत्येक तीन वर्षमा आयोजना गरिनेछ र वडा अधिवेशन सम्बन्धित गाउँ/नगर अधिवेशनभन्दा अगावै सम्पन्न गरिनेछ।

७. राष्ट्रिय महाधिवेशन वा सम्बन्धित तहको अधिवेशनमा दलको नीति, कार्यक्रम, संगठनात्मक प्रतिवेदन, आर्थिक प्रतिवेदन, विधान तथा विधान संशोधन, आगामी कार्यदिशा र निर्वाचनसम्बन्धी विषयमा आवश्यक निर्णय गर्न सकिनेछ।

८. यस धारामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै राष्ट्रिय विपत्ति, महामारी, प्राकृतिक विपद् वा अन्य असाधारण परिस्थितिका कारण तोकिएको अवधिभित्र महाधिवेशन वा

अधिवेशन सम्पन्न गर्न नसकिने अवस्था सिर्जना भएमा राष्ट्रिय महाधिवेशनको हकमा केन्द्रीय समिति र अधिवेशनको हकमा सम्बन्धित अधिवेशन आयोजना गर्ने दायित्व भएको सम्बन्धित तहको समितिले बढीमा अर्को छ महिनाभित्र महाधिवेशन वा अधिवेशन आयोजना गर्ने गरी निर्णय गर्न सक्नेछ।

९. उपधारा (८) बमोजिम निर्णय भएकोमा राष्ट्रिय महाधिवेशनको हकमा केन्द्रीय समितिले निर्वाचन आयोगलाई, प्रदेश अधिवेशनको हकमा प्रदेश समितिले केन्द्रीय समिति तथा सम्बन्धित प्रदेश निर्वाचन कार्यालयलाई र जिल्ला, गाउँ/नगर तथा वडा अधिवेशनको हकमा सम्बन्धित तहको समितिले आफूभन्दा माथिल्लो तहको समिति तथा सम्बन्धित निर्वाचन कार्यालयलाई निर्णय भएको मितिले पन्ध्र दिनभित्र लिखित जानकारी दिनुपर्नेछ।

१०. राष्ट्रिय महाधिवेशन तथा अधिवेशनको प्रतिनिधि निर्वाचन, अधिवेशन आयोजना, प्रतिनिधित्व, बैठक सञ्चालन, निर्णय प्रक्रिया, निर्वाचन, विशेष अधिवेशन तथा यससम्बन्धी अन्य व्यवस्था यस विधान, नियमावली तथा तोकिएबमोजिम हुनेछ।

**धारा ५८. महाधिवेशन तथा अधिवेशन प्रतिनिधिः**

१. दलको राष्ट्रिय महाधिवेशन प्रतिनिधि सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछः-

(क) राष्ट्रिय महाधिवेशन दलको सर्वोच्च निर्णयकारी निकाय हुनेछ। राष्ट्रिय महाधिवेशन प्रत्येक पाँच वर्षमा केन्द्रीय समितिद्वारा आयोजना गरिनेछ।

(ख) राष्ट्रिय महाधिवेशन सञ्चालन तथा व्यवस्थापनका लागि ९ सदस्यीय अध्यक्ष मण्डल गठन गरिनेछ। महाधिवेशनको प्रभावकारी सञ्चालनका लागि आवश्यकता अनुसार अन्य समिति, उपसमिति तथा संरचना गठन गर्न सकिनेछ।

(ग) राष्ट्रिय महाधिवेशनका प्रतिनिधिहरूको चयन निर्वाचन, मनोनयन वा नियुक्तिबाट समानुपातिक समावेशी सिद्धान्तका आधारमा गरिनेछ।

(घ) राष्ट्रिय महाधिवेशन प्रतिनिधिहरूको संख्या, योग्यता, चयन प्रक्रिया तथा अधिकार र कर्तव्य दलको विधान तथा नियमावलीबमोजिम हुनेछ।

(ङ) राष्ट्रिय महाधिवेशनले दलको नीति, कार्यक्रम, विधान, नेतृत्व तथा संगठनसम्बन्धी आवश्यक निर्णय गर्नेछ।

२. दलको प्रदेश अधिवेशन प्रतिनिधि सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछः-

(क) प्रदेश अधिवेशन दलको सर्वोच्च निर्णयकारी निकाय हुनेछ। प्रदेश अधिवेशन प्रत्येक पाँच वर्षमा केन्द्रीय समितिद्वारा आयोजना गरिनेछ।

(ख) प्रदेश अधिवेशन सञ्चालन तथा व्यवस्थापनका लागि १३ सदस्यीय अध्यक्ष मण्डल गठन गरिनेछ। अधिवेशनको प्रभावकारी सञ्चालनका लागि आवश्यकता अनुसार अन्य समिति, उपसमिति तथा संरचना गठन गर्न सकिनेछ।

(ग) प्रदेश अधिवेशनका प्रतिनिधिहरूको चयन निर्वाचन, मनोनयन वा नियुक्तिबाट समानुपातिक समावेशी सिद्धान्तका आधारमा गरिनेछ।

(घ) प्रदेश अधिवेशन प्रतिनिधिहरूको संख्या, योग्यता, चयन प्रक्रिया तथा अधिकार र कर्तव्य दलको विधान तथा नियमावलीबमोजिम हुनेछ।

(ङ) प्रदेश अधिवेशनले दलको नीति, कार्यक्रम, विधान, नेतृत्व तथा संगठनसम्बन्धी आवश्यक निर्णय गर्नेछ।

३. दलको जिल्ला अधिवेशन प्रतिनिधि सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछः-

(क) जिल्ला अधिवेशन दलको सर्वोच्च निर्णयकारी निकाय हुनेछ। जिल्ला अधिवेशन प्रत्येक पाँच वर्षमा केन्द्रीय समितिद्वारा आयोजना गरिनेछ।

(ख) जिल्ला अधिवेशन सञ्चालन तथा व्यवस्थापनका लागि ९ सदस्यीय अध्यक्ष मण्डल गठन गरिनेछ। अधिवेशनको प्रभावकारी सञ्चालनका लागि आवश्यकता अनुसार अन्य समिति, उपसमिति तथा संरचना गठन गर्न सकिनेछ।

(ग) जिल्ला अधिवेशनका प्रतिनिधिहरूको चयन निर्वाचन, मनोनयन वा नियुक्तिबाट समानुपातिक समावेशी सिद्धान्तका आधारमा गरिनेछ।

(घ) जिल्ला अधिवेशन प्रतिनिधिहरूको संख्या, योग्यता, चयन प्रक्रिया तथा अधिकार र कर्तव्य दलको विधान तथा नियमावलीबमोजिम हुनेछ।

(ङ) जिल्ला अधिवेशनले दलको नीति, कार्यक्रम, विधान, नेतृत्व तथा संगठनसम्बन्धी आवश्यक निर्णय गर्नेछ।

४. दलको गाउँ/नगर अधिवेशन प्रतिनिधि सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछः-

(क) गाउँ/नगर अधिवेशन दलको सर्वोच्च निर्णयकारी निकाय हुनेछ। गाउँ/नगर अधिवेशन प्रत्येक पाँच वर्षमा केन्द्रीय समितिद्वारा आयोजना गरिनेछ।

(ख) गाउँ/नगर अधिवेशन सञ्चालन तथा व्यवस्थापनका लागि ९ सदस्यीय अध्यक्ष मण्डल गठन गरिनेछ। अधिवेशनको प्रभावकारी सञ्चालनका लागि आवश्यकता अनुसार अन्य समिति, उपसमिति तथा संरचना गठन गर्न सकिनेछ।

(ग) गाउँ/नगर अधिवेशनका प्रतिनिधिहरूको चयन निर्वाचन, मनोनयन वा नियुक्तिबाट समानुपातिक समावेशी सिद्धान्तका आधारमा गरिनेछ।

(घ) गाउँ/नगर अधिवेशन प्रतिनिधिहरूको संख्या, योग्यता, चयन प्रक्रिया तथा अधिकार र कर्तव्य दलको विधान तथा नियमावलीबमोजिम हुनेछ।

(ङ) गाउँ/नगर अधिवेशनले दलको नीति, कार्यक्रम, विधान, नेतृत्व तथा संगठनसम्बन्धी आवश्यक निर्णय गर्नेछ।

५. दलको वडा अधिवेशन प्रतिनिधि सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछः-

(क) वडा अधिवेशन दलको सर्वोच्च निर्णयकारी निकाय हुनेछ। वडा अधिवेशन प्रत्येक पाँच वर्षमा केन्द्रीय समितिद्वारा आयोजना गरिनेछ।

(ख) वडा अधिवेशन सञ्चालन तथा व्यवस्थापनका लागि ९ सदस्यीय अध्यक्ष मण्डल गठन गरिनेछ। अधिवेशनको प्रभावकारी सञ्चालनका लागि आवश्यकता अनुसार अन्य समिति, उपसमिति तथा संरचना गठन गर्न सकिनेछ।

(ग) वडा अधिवेशनका प्रतिनिधिहरूको चयन निर्वाचन, मनोनयन वा नियुक्तिबाट समानुपातिक समावेशी सिद्धान्तका आधारमा गरिनेछ।

(घ) वडा अधिवेशन प्रतिनिधिहरूको संख्या, योग्यता, चयन प्रक्रिया तथा अधिकार र कर्तव्य दलको विधान तथा नियमावलीबमोजिम हुनेछ।

(ङ) वडा अधिवेशनले दलको नीति, कार्यक्रम, विधान, नेतृत्व तथा संगठनसम्बन्धी आवश्यक निर्णय गर्नेछ।

६. दलको अन्य अधिवेशन प्रतिनिधि सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछः-

(क) सम्बन्धित तहका अधिवेशनमा प्रतिनिधिहरूको चयन निर्वाचन, मनोनयन वा नियुक्तिबाट गरिनेछ।

(ख) अधिवेशन प्रतिनिधि चयन गर्दा सामाजिक विविधता तथा समानुपातिक समावेशी सिद्धान्तलाई आधार मानिनेछ।

(ग) प्रतिनिधिको संख्या, योग्यता, निर्वाचन तथा चयन प्रक्रिया दलको विधान तथा नियमावलीबमोजिम हुनेछ।

७. यस धारा बमोजिमको महाधिवेशन तथा अधिवेशन प्रतिनिधिमा कुल सदस्य संख्याको कम्तीमा एक तिहाई महिला प्रतिनिधि रहनेछन् ।

८. यस धारा बमोजिमको महाधिवेशन तथा अधिवेशन प्रतिनिधिमा दलित, आदिवासी जनजाति, खस आर्य,मधेशी, थारु,मुस्लिम तथा पिछडिएको क्षेत्रबाट समानुपातिक समावेशी सिद्धान्तका आधारमा तोकिए बमोजिमको संख्यामा प्रतिनिधिहरु रहनेछन् ।

९. महाधिवेशन तथा अधिवेशन प्रतिनिधि सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

**धारा ५९. विशेष महाधिवेशन तथा अधिवेशनः**

१. दलको विशेष राष्ट्रिय महाधिवेशन सम्बन्धी व्यवस्था देहायबमोजिम हुनेछः-

(क) तत्काल कायम रहेको केन्द्रीय समितिको कम्तीमा एक तिहाइ सदस्यले लिखित माग गरेमा वा केन्द्रीय समितिको दुई तिहाइ बहुमतले आवश्यक ठहर गरेमा विशेष राष्ट्रिय महाधिवेशन बोलाउन सकिनेछ।

(ख) विशेष राष्ट्रिय महाधिवेशनको माग प्राप्त भएको वा आयोजना गर्ने निर्णय भएको मितिले बढीमा नब्बे दिनभित्र विशेष राष्ट्रिय महाधिवेशन आयोजना गर्नुपर्नेछ। विशेष राष्ट्रिय महाधिवेशनमा तत्काल अघिल्लो राष्ट्रिय महाधिवेशनका प्रतिनिधिहरू प्रतिनिधि रहनेछन्।

२. दलको विशेष प्रदेश अधिवेशन सम्बन्धी व्यवस्था देहायबमोजिम हुनेछः-

(क) तत्काल कायम रहेको प्रदेश समितिको कम्तीमा एक तिहाइ सदस्यले लिखित माग गरेमा वा प्रदेश समितिको दुई तिहाइ बहुमतले आवश्यक ठहर गरेमा विशेष प्रदेश अधिवेशन बोलाउन सकिनेछ।

(ख) विशेष प्रदेश अधिवेशनको माग वा निर्णय भएको मितिले बढीमा साठी दिनभित्र विशेष प्रदेश अधिवेशन आयोजना गर्नुपर्नेछ।

३. दलको विशेष जिल्ला अधिवेशन सम्बन्धी व्यवस्था देहायबमोजिम हुनेछः-

(क) तत्काल कायम रहेको जिल्ला समितिको कम्तीमा एक तिहाइ सदस्यले लिखित माग गरेमा वा जिल्ला समितिको दुई तिहाइ बहुमतले आवश्यक ठहर गरेमा विशेष जिल्ला अधिवेशन बोलाउन सकिनेछ।

(ख) विशेष जिल्ला अधिवेशनको माग वा निर्णय भएको मितिले बढीमा साठी दिनभित्र विशेष जिल्ला अधिवेशन आयोजना गर्नुपर्नेछ।

४. दलको विशेष गाउँ/नगर अधिवेशन सम्बन्धी व्यवस्था देहायबमोजिम हुनेछः-

(क) तत्काल कायम रहेको गाउँ/नगर समितिको कम्तीमा एक तिहाइ सदस्यले लिखित माग गरेमा वा सम्बन्धित गाउँ/नगर समितिको दुई तिहाइ बहुमतले आवश्यक ठहर गरेमा विशेष गाउँ/नगर अधिवेशन बोलाउन सकिनेछ।

(ख) विशेष गाउँ/नगर अधिवेशनको माग वा निर्णय भएको मितिले बढीमा पैंतालीस दिनभित्र विशेष गाउँ/नगर अधिवेशन आयोजना गर्नुपर्नेछ।

५. दलको विशेष वडा अधिवेशन सम्बन्धी व्यवस्था देहायबमोजिम हुनेछः-

(क) तत्काल कायम रहेको वडा समितिको कम्तीमा एक तिहाइ सदस्यले लिखित माग गरेमा वा वडा समितिको दुई तिहाइ बहुमतले आवश्यक ठहर गरेमा विशेष वडा अधिवेशन बोलाउन सकिनेछ।

(ख) विशेष वडा अधिवेशनको माग वा निर्णय भएको मितिले बढीमा तीस दिनभित्र विशेष वडा अधिवेशन आयोजना गर्नुपर्नेछ।

६. दलको अन्य विशेष अधिवेशन सम्बन्धी व्यवस्था देहायबमोजिम हुनेछः-

(क) विधानबमोजिम गठन भएका अन्य समिति, विभाग, सभा/परिषद वा संगठनको तत्काल कायम रहेको कुल सदस्य संख्याको कम्तीमा एक तिहाइ सदस्यले लिखित माग गरेमा वा सम्बन्धित निकायको दुई तिहाइ बहुमतले आवश्यक ठहर गरेमा विशेष अधिवेशन बोलाउन सकिनेछ।

(ख) त्यस्तो विशेष अधिवेशनको आयोजना, प्रतिनिधित्व, कार्यसूची, बैठक सञ्चालन तथा निर्णयसम्बन्धी व्यवस्था सम्बन्धित निकायको नियमावली वा तोकिएबमोजिम हुनेछ।

७. यस धाराबमोजिम आयोजना हुने विशेष राष्ट्रिय महाधिवेशन तथा अधिवेशनमा सम्बन्धित तहको तत्काल अघि सम्पन्न भएको नियमित महाधिवेशन वा अधिवेशनका प्रतिनिधिहरू नै विशेष राष्ट्रिय महाधिवेशन तथा अधिवेशनका प्रतिनिधि हुनेछन्।

(क) विशेष महाधिवेशन वा अधिवेशनमा प्रतिनिधिको संख्या तथा प्रतिनिधित्वमा परिवर्तन गर्नुपर्ने भएमा विधानबमोजिमको प्रतिनिधित्वको आधार कायम गरी निर्वाचन समितिको सिफारिसमा सम्बन्धित केन्द्रीय वा तहगत समितिले आवश्यक व्यवस्था गर्न सक्नेछ।

(ख) विशेष महाधिवेशन वा अधिवेशनमा कार्यसूचीमा समावेश गरिएका विषयमा मात्र छलफल तथा निर्णय गरिनेछ।

८. विशेष महाधिवेशन वा अधिवेशनको मिति, स्थान, कार्यसूची, प्रतिनिधि विवरण तथा निर्वाचनसम्बन्धी कार्यक्रम कम्तीमा पन्ध्र दिनअघि सम्बन्धित प्रतिनिधिलाई जानकारी गराउनुपर्नेछ।

९. विशेष महाधिवेशन वा अधिवेशनले यस विधानबमोजिम नियमित महाधिवेशन वा अधिवेशनको अधिकार प्रयोग गर्न सक्नेछ। तर विशेष महाधिवेशन वा अधिवेशनको कार्यादेशभन्दा बाहिर गई विधान संशोधन वा संगठनात्मक संरचनामा परिवर्तन गर्नुपर्ने भएमा यस विधानमा भएको सम्बन्धित प्रक्रिया पूरा गर्नुपर्नेछ।

१०. विशेष महाधिवेशन तथा अधिवेशनसम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

**धारा ६०. महाधिवेशन तथा अधिवेशनको काम कर्तव्य र अधिकारः**

१. दलको राष्ट्रिय महाधिवेशनको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) महाधिवेशन सञ्चालन गर्न आवश्यक विभिन्न संयन्त्र, समिति तथा कार्यदल गठन गर्ने।

(ख) महाधिवेशनमा केन्द्रीय समिति तथा विधानबमोजिमका केन्द्रीय निकायबाट प्रस्तुत राजनीतिक, सांगठनिक, आर्थिक, लेखा तथा अन्य प्रतिवेदनमाथि छलफल गरी आवश्यक निर्णय गर्ने तथा आगामी मार्गचित्र तयार गर्ने।

(ग) दलको राष्ट्रिय नीति, कार्यक्रम तथा बजेटमाथि छलफल गरी स्वीकृत गर्ने।

(घ) दलको विधान आवश्यकता र औचित्यका आधारमा संशोधन गर्ने।

(ङ) केन्द्रीय समिति तथा विधानबमोजिमका केन्द्रीय निकायहरूको निर्वाचन गर्ने।

(च) महाधिवेशनले गर्नुपर्ने कुनै निश्चित कार्य तोकिएको शर्त, सीमा र अवधिभित्र केन्द्रीय समितिले गर्न सक्ने गरी अधिकार प्रत्यायोजन गर्ने।

(छ) दलको दीर्घकालीन राजनीतिक, आर्थिक, सामाजिक तथा संगठनात्मक नीति र कार्यदिशा निर्धारण गर्ने।

(ज) महाधिवेशनसमक्ष पेश भएका अन्य प्रस्ताव तथा विषयमाथि छलफल गरी आवश्यक निर्णय गर्ने।

२. दलको प्रदेश अधिवेशनको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) अधिवेशन सञ्चालन गर्न आवश्यक विभिन्न संयन्त्र, समिति तथा कार्यदल गठन गर्ने।

(ख) अधिवेशनमा प्रदेश समिति तथा विधानबमोजिमका प्रादेशिक निकायबाट प्रस्तुत राजनीतिक, सांगठनिक, आर्थिक तथा अन्य प्रतिवेदनमाथि छलफल गरी आवश्यक निर्णय गर्ने तथा आगामी मार्गचित्र तयार गर्ने।

(ग) दलको प्रदेशस्तरीय नीति, कार्यक्रम तथा बजेटमाथि छलफल गरी स्वीकृत गर्ने।

(घ) प्रदेश समिति तथा विधानबमोजिमका प्रादेशिक निकायहरूको निर्वाचन गर्ने।

(ङ) अधिवेशनले गर्नुपर्ने कुनै निश्चित कार्य तोकिएको शर्त, सीमा र अवधिभित्र प्रदेश समितिले गर्न सक्ने गरी अधिकार प्रत्यायोजन गर्ने।

(च) प्रदेशस्तरमा संगठन विस्तार, सदस्यता वृद्धि, जनसम्पर्क तथा राजनीतिक गतिविधिको कार्यदिशा निर्धारण गर्ने।

(छ) अधिवेशनसमक्ष पेश भएका अन्य प्रस्ताव तथा विषयमाथि छलफल गरी आवश्यक निर्णय गर्ने।

३. दलको जिल्ला अधिवेशनको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) अधिवेशन सञ्चालन गर्न आवश्यक विभिन्न संयन्त्र, समिति तथा कार्यदल गठन गर्ने।

(ख) अधिवेशनमा जिल्ला समिति तथा विधानबमोजिमका जिल्ला स्तरीय निकायबाट प्रस्तुत राजनीतिक, सांगठनिक, आर्थिक तथा अन्य प्रतिवेदनमाथि छलफल गरी आवश्यक निर्णय गर्ने तथा आगामी मार्गचित्र तयार गर्ने।

(ग) दलको जिल्लास्तरीय नीति, कार्यक्रम तथा बजेटमाथि छलफल गरी स्वीकृत गर्ने।

(घ) जिल्ला समिति तथा विधानबमोजिमका जिल्ला स्तरीय निकायहरूको निर्वाचन गर्ने।

(ङ) अधिवेशनले गर्नुपर्ने कुनै निश्चित कार्य तोकिएको शर्त, सीमा र अवधिभित्र जिल्ला समितिले गर्न सक्ने गरी अधिकार प्रत्यायोजन गर्ने।

(च) जिल्लास्तरमा संगठन विस्तार, सदस्यता वृद्धि, जनसम्पर्क तथा राजनीतिक गतिविधिको कार्यदिशा निर्धारण गर्ने।

(छ) अधिवेशनसमक्ष पेश भएका अन्य प्रस्ताव तथा विषयमाथि छलफल गरी आवश्यक निर्णय गर्ने।

४. दलको गाउँ/नगर अधिवेशनको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) अधिवेशन सञ्चालन गर्न आवश्यक विभिन्न संयन्त्र, समिति तथा कार्यदल गठन गर्ने।

(ख) अधिवेशनमा गाउँ/नगर समिति तथा विधानबमोजिमका गाउँ/नगर स्तरीय निकायबाट प्रस्तुत राजनीतिक, सांगठनिक, आर्थिक तथा अन्य प्रतिवेदनमाथि छलफल गरी आवश्यक निर्णय गर्ने तथा आगामी मार्गचित्र तयार गर्ने।

(ग) दलको गाउँ/नगरस्तरीय नीति, कार्यक्रम तथा बजेटमाथि छलफल गरी स्वीकृत गर्ने।

(घ) गाउँ/नगर समिति तथा विधानबमोजिमका गाउँ/नगर स्तरीय निकायहरूको निर्वाचन गर्ने।

(ङ) अधिवेशनले गर्नुपर्ने कुनै निश्चित कार्य तोकिएको शर्त, सीमा र अवधिभित्र गाउँ/नगर समितिले गर्न सक्ने गरी अधिकार प्रत्यायोजन गर्ने।

(च) स्थानीय तहमा संगठन विस्तार, सदस्यता वृद्धि, जनसम्पर्क तथा जनसरोकारका विषयमा आवश्यक कार्यदिशा निर्धारण गर्ने।

(छ) अधिवेशनसमक्ष पेश भएका अन्य प्रस्ताव तथा विषयमाथि छलफल गरी आवश्यक निर्णय गर्ने।

५. दलको वडा अधिवेशनको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) अधिवेशन सञ्चालन गर्न आवश्यक विभिन्न संयन्त्र, समिति तथा कार्यदल गठन गर्ने।

(ख) अधिवेशनमा वडा समिति तथा विधानबमोजिमका वडा स्तरीय निकायबाट प्रस्तुत राजनीतिक, सांगठनिक, आर्थिक तथा अन्य प्रतिवेदनमाथि छलफल गरी आवश्यक निर्णय गर्ने तथा आगामी मार्गचित्र तयार गर्ने।

(ग) दलको वडास्तरीय नीति, कार्यक्रम तथा बजेटमाथि छलफल गरी स्वीकृत गर्ने।

(घ) वडा समिति तथा विधानबमोजिमका वडा स्तरीय निकायहरूको निर्वाचन गर्ने।

(ङ) अधिवेशनले गर्नुपर्ने कुनै निश्चित कार्य तोकिएको शर्त, सीमा र अवधिभित्र वडा समितिले गर्न सक्ने गरी अधिकार प्रत्यायोजन गर्ने।

(च) वडास्तरमा संगठन विस्तार, सदस्यता वृद्धि, जनसम्पर्क तथा स्थानीय जनसरोकारका विषयमा आवश्यक कार्यदिशा निर्धारण गर्ने।

(छ) अधिवेशनसमक्ष पेश भएका अन्य प्रस्ताव तथा विषयमाथि छलफल गरी आवश्यक निर्णय गर्ने।

६. दलको अन्य अधिवेशनको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) अधिवेशन सञ्चालन गर्न आवश्यक विभिन्न संयन्त्र, समिति तथा कार्यदल गठन गर्ने।

(ख) अधिवेशनमा सम्बन्धित समिति तथा विधानबमोजिमका सम्बन्धित स्तरीय निकायबाट प्रस्तुत राजनीतिक, सांगठनिक, आर्थिक तथा अन्य प्रतिवेदनमाथि छलफल गरी आवश्यक निर्णय गर्ने तथा आगामी मार्गचित्र तयार गर्ने।

(ग) दलको सम्बन्धित स्तरीय नीति, कार्यक्रम तथा बजेटमाथि छलफल गरी स्वीकृत गर्ने।

(घ) सम्बन्धित समिति तथा विधानबमोजिमका सम्बन्धित स्तरीय निकायहरूको निर्वाचन गर्ने।

(ङ) अधिवेशनले गर्नुपर्ने कुनै निश्चित कार्य सम्बन्धित समितिले तोकिएको शर्त, सीमा र अवधिभित्र गर्न सक्ने गरी अधिकार प्रत्यायोजन गर्ने।

(च) सम्बन्धित तह वा संगठनको कार्यक्षेत्रमा दलको संगठन विस्तार, सदस्यता वृद्धि, जनसम्पर्क तथा कार्यक्रम सञ्चालनसम्बन्धी आवश्यक कार्यदिशा निर्धारण गर्ने।

(छ) सम्बन्धित अधिवेशनसमक्ष पेश भएका अन्य प्रस्ताव तथा विषयमाथि छलफल गरी आवश्यक निर्णय गर्ने।

७. महाधिवेशन तथा अधिवेशनले आफ्नो अधिकार प्रयोग गर्दा नेपालको संविधान, प्रचलित कानून, निर्वाचन आयोगका निर्देशन, दलको विधान, नीति, सिद्धान्त तथा स्वीकृत कार्यक्रमको अधीनमा रही निर्णय गर्नुपर्नेछ।

८. महाधिवेशन तथा अधिवेशनका निर्णय सम्बन्धित तहका समिति, विभाग, सभा/परिषद, पदाधिकारी तथा सदस्यका लागि बाध्यकारी हुनेछन्।

९. महाधिवेशन तथा अधिवेशनको बैठक सञ्चालन, गणपूरक संख्या, प्रस्ताव पेश गर्ने, छलफल, निर्णय, मतदान, अभिलेख तथा अन्य कार्यविधिसम्बन्धी व्यवस्था तोकिएबमोजिम हुनेछ।

**धारा ६१. राष्ट्रिय महाधिवेशन तथा अधिवेशनको घोषणा:**

१. राष्ट्रिय महाधिवेशन सम्पन्न गरिने मिति, समय र स्थान तोकी महाधिवेशनको घोषणा केन्द्रीय समितिले गर्नेछ ।

२. प्रदेश, जिल्ला, गाउँ/नगर तथा वडा अधिवेशन सम्पन्न गरिने मिति, समय र स्थान तोकी सम्बन्धित तहको समितिले अधिवेशनको घोषणा गर्नेछ ।

३. उपधारा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि विधान बमोजिम अधिवेशन गर्नुपर्ने अवधिमा सम्बन्धित तहको समितिले अधिवेशन आह्वान नगरेमा वा गराउन नसकेमा निकटतम माथिल्लो तहको समितिले त्यस्तो तहको अधिवेशन गर्ने मिति, समय र स्थान तोकी अधिवेशन आह्वान गर्नुपर्नेछ ।

४. उपधारा (१), (२) र (३) बमोजिम महाधिवेशन तथा अधिवेशनको घोषणा भएपछि सम्बन्धित तहको समिति स्वतः महाधिवेशन तथा अधिवेशन आयोजक समितिमा रूपान्तरण हुनेछ ।

५. उपधारा (४) बमोजिमको महाधिवेशन तथा अधिवेशन आयोजक समितिले यस विधानमा उल्लेख भएबमोजिम तथा विधान अन्तर्गत बनेको नियमावलीमा तोकिएबमोजिमको प्रक्रिया पूरा गरी महाधिवेशन तथा अधिवेशन सम्पन्न गर्नुपर्नेछ ।

६. महाधिवेशन तथा अधिवेशनको घोषणा गर्दा सम्बन्धित तहको निर्वाचन समितिलाई लिखित रूपमा जानकारी गराउनुपर्नेछ । निर्वाचन समितिले निर्वाचन कार्यक्रम, मतदाता नामावली, उम्मेदवार मनोनयन, मतदान तथा मतगणना लगायतका निर्वाचनसम्बन्धी आवश्यक कार्यतालिका तयार गरी सार्वजनिक गर्नेछ ।

७. महाधिवेशन तथा अधिवेशनको मिति, समय, स्थान, प्रतिनिधि छनोट तथा निर्वाचन कार्यक्रम सम्बन्धी सूचना सम्बन्धित सदस्य तथा प्रतिनिधिहरूलाई तोकिएबमोजिमको माध्यमबाट समयमै जानकारी गराउनुपर्नेछ । कुनै विशेष परिस्थिति उत्पन्न भई पूर्वनिर्धारित मिति, समय वा स्थान परिवर्तन गर्नुपर्ने भएमा आयोजक समितिले कारणसहित निर्णय गरी सम्बन्धित तहका सदस्य, प्रतिनिधि तथा निर्वाचन समितिलाई तत्काल जानकारी गराउनुपर्नेछ ।

८. महाधिवेशन तथा अधिवेशन घोषणा तथा सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

**धारा ६२. राष्ट्रिय महाधिवेशन तथा अधिवेशनको निर्णय प्रमाणीकरण:**

१. राष्ट्रिय महाधिवेशनका निर्णय प्रमाणीकरण गर्न महाधिवेशनले महाधिवेशन प्रतिनिधिहरूमध्येबाट कम्तीमा एक तिहाई महिला सदस्य सहित १५ सदस्यीय निर्णय प्रमाणीकरण समिति गठन गर्नुपर्नेछ ।

२. प्रदेश, जिल्ला, गाउँ/नगर तथा वडा अधिवेशनका निर्णय प्रमाणीकरण गर्न सम्बन्धित तहको अधिवेशनले अधिवेशन प्रतिनिधिहरूमध्येबाट कम्तीमा एक तिहाई महिला सदस्य सहित ९ सदस्यीय निर्णय प्रमाणीकरण समिति गठन गर्नुपर्नेछ।

३. उपधारा (१) र (२) बमोजिम गठन हुने निर्णय प्रमाणीकरण समितिमा समानुपातिक समावेशी सिद्धान्तका आधारमा महिला, दलित, आदिवासी जनजाति, खस आर्य, मधेसी, थारू, मुस्लिम, पिछडिएको क्षेत्र, अपाङ्गता भएका व्यक्ति, युवा तथा अन्य समावेशी समूहको प्रतिनिधित्व, सम्भव भएसम्म, सुनिश्चित गरिनेछ।

४. निर्णय प्रमाणीकरण समितिले सम्बन्धित महाधिवेशन वा अधिवेशनबाट भएका निर्णय, निर्वाचन परिणाम, विधान तथा नियमावली बमोजिमका प्रस्ताव र अन्य आधिकारिक निर्णयहरूको अभिलेख परीक्षण गरी प्रमाणीकरण गर्नुपर्नेछ। प्रमाणीकरण समितिको निर्णय बहुमतबाट हुनेछ र मत बराबर भएमा संयोजकको मत निर्णायक हुनेछ।

५. यस धाराबमोजिम गठन भएको निर्णय प्रमाणीकरण समितिबाट निर्णय प्रमाणीकरण भएपछि मात्र त्यस्तो निर्णयले आधिकारिकता प्राप्त गर्नेछ र कार्यान्वयनमा आउनेछ।

६. निर्णय प्रमाणीकरण समितिले प्रमाणीकरण गरेको निर्णयको प्रमाणित प्रति सम्बन्धित तहको समिति, केन्द्रीय अभिलेख तथा आवश्यकताअनुसार सम्बन्धित निकायमा सुरक्षित राख्नुपर्नेछ।

७. निर्णय प्रमाणीकरण सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

## परिच्छेद-१०

## विभिन्न तहका सभा/परिषद, समिति, विभाग तथा पदाधिकारीको काम, कर्तव्य र अधिकार

### धारा ६३ केन्द्रीय समितिको काम, कर्तव्य र अधिकारः

१ केन्द्रीय समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क). यस विधानले तोके बमोजिम केन्द्रीय समिति र केन्द्रीय आयोगहरू (केन्द्रीय निर्वाचन आयोगबाहेक) को निर्वाचन गर्ने/गराउने ।

(ख). यस विधानले तोके बमोजिम प्रदेश समिति, जिल्ला र पालिका समितिका पदाधिकारी एवं सदस्यहरूको निर्वाचन गर्ने/गराउने ।

(ग). पालिका मातहतका समितिका पदाधिकारी एवं सदस्यहरूको यस विधानले तोके बमोजिमे निर्वाचन गर्ने/गराउने ।

(घ). जिल्ला मातहतका समितिका पदाधिकारी एवं सदस्यहरूको निर्वाचनसम्बन्धी यस विधानले तोके बमोजिम निर्वाचन गर्ने, कार्यको मार्गदर्शन र अनुगमन गर्ने ।

(ङ). पार्टीका जनतासंग जोडियका समिति, संगठनहरुको निर्वाचनमा सहजीकरण गर्ने निर्वाचन गर्ने/गराउर्ने ।

(च). आफ्ना कामको प्रतिवेदन केन्द्रीय समिति, राष्ट्रिय महाधिवेशन प्रतिनिधि भेला र विधान महाधिवेशनमा प्रस्तुत गर्ने ।

(छ). आयोगका अध्यक्ष, उपाध्यक्ष, सचिव र सदस्यमाथि अनुशासनको कारबाही गर्ने र निजहरूको राजीनामा स्वीकृत गर्ने ।

(ज). आयोगका पदाधिकारी तथा सदस्यको पद रिक्त भएमा सो पदमा मनोनयर्ने/चयन गर्ने ।

(झ). पार्टीको निर्वाचनसम्बन्धी नियमावली निर्माण गरी कार्यान्वयन गर्ने/गराउने, आफ्नो कार्य सञ्चालनका लागि आवश्यक नियम आफैं बनाउने ।

(ञ). पार्टीको सबै तहको प्रारम्भिक निर्वाचन गर्ने ।

(ट). विधानमा तोकिए बमोजिम कार्यहरु गर्ने ।

२. केन्द्रीय समितिको काम, कर्तव्य र अधिकार सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**धारा ६४ केन्द्रीय सभा/परिषदको काम, कर्तव्य र अधिकारः**

१. केन्द्रीय सभा/परिषदको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) दलको नीति, सिद्धान्त, कार्यक्रम तथा संगठनात्मक कार्यदिशामाथि छलफल गरी आवश्यक निर्णय गर्ने।

(ख) केन्द्रीय समितिबाट प्रस्तुत राजनीतिक, सांगठनिक, आर्थिक तथा प्रगति प्रतिवेदनमाथि छलफल गरी मार्गदर्शन गर्ने।

(ग) दलको आगामी नीति, कार्यक्रम, योजना तथा बजेटमाथि छलफल गरी स्वीकृत गर्ने।

(घ) विधान तथा नियमावलीबमोजिमका केन्द्रीयस्तरीय समिति तथा निकायको निर्वाचन, गठन वा अनुमोदन गर्ने।

(ङ) दलको संगठन विस्तार, सुदृढीकरण तथा जनसम्बन्ध अभिवृद्धिका लागि आवश्यक नीति तथा योजना निर्धारण गर्ने।

(च) राष्ट्रिय तथा समसामयिक राजनीतिक, सामाजिक, आर्थिक विषयमा दलको धारणा तथा कार्यदिशा तय गर्ने।

(छ) दलको आर्थिक पारदर्शिता, अनुशासन तथा सुशासनसम्बन्धी विषयमा आवश्यक निर्देशन दिने।

(ज) आवश्यकता अनुसार दलको विधान, नियमावली तथा संगठनात्मक संरचनासम्बन्धी विषयमा आवश्यक निर्णय तथा सिफारिस गर्ने।

(झ) दलका विभिन्न तहका समिति तथा निकायबीच समन्वय, सहकार्य र प्रभावकारी सञ्चालनका लागि आवश्यक निर्देशन दिने।

(ञ) केन्द्रीय सभा/परिषदको अधिकारक्षेत्रभित्र पर्ने अन्य आवश्यक विषयमा निर्णय गर्ने।

२. केन्द्रीय सभा/परिषदको काम, कर्तव्य र अधिकार सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ

**धारा ६५. केन्द्रीय तहमा रहने विभागीय समितिको काम, कर्तव्य र अधिकारः**

१. केन्द्रीय तहमा रहने विभिन्न विभागीय समिति तथा कमिटीहरूको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) सम्बन्धित विभाग तथा क्षेत्रको विषयमा दलको नीति, योजना, कार्यक्रम तथा कार्यदिशा तयार गरी केन्द्रीय समितिसमक्ष पेश गर्ने र स्वीकृत नीति तथा कार्यक्रम कार्यान्वयन गर्ने।

(ख) सम्बन्धित विषयमा अध्ययन, अनुसन्धान, अनुगमन तथा मूल्याङ्कन गरी आवश्यक सुझाव तथा प्रतिवेदन केन्द्रीय समितिमा पेश गर्ने।

(ग) आफ्नो जिम्मेवारीसँग सम्बन्धित विषयमा प्रदेश, जिल्ला तथा स्थानीय तहका समितिहरूसँग समन्वय गरी संगठनात्मक तथा कार्यक्रमगत गतिविधि सञ्चालन गर्ने।

(घ) दलको नीति तथा कार्यक्रमलाई जनस्तरसम्म प्रभावकारी रूपमा कार्यान्वयन गर्न आवश्यक योजना तथा अभियान सञ्चालन गर्ने।

(ङ) विभाग तथा कमिटीको वार्षिक कार्ययोजना तयार गरी केन्द्रीय समितिबाट स्वीकृत गराई कार्यान्वयन गर्ने।

(च) सम्बन्धित क्षेत्रका विज्ञ, विशेषज्ञ, पेशागत तथा सामाजिक संघ-संस्था र सरोकारवाला पक्षसँग आवश्यक समन्वय तथा परामर्श गर्ने।

(छ) आफ्नो कार्यक्षेत्रसँग सम्बन्धित समसामयिक विषयमा दलको आधिकारिक धारणा निर्माण गर्न केन्द्रीय समितिलाई आवश्यक सुझाव दिने।

(ज) आफूले सम्पादन गरेका कार्यहरूको नियमित प्रतिवेदन केन्द्रीय समितिसमक्ष पेश गर्ने।

(झ) केन्द्रीय समिति तथा दलको विधान, नियमावली र निर्णयबमोजिम तोकिएका अन्य कार्यहरू गर्ने।

२. केन्द्रीय तहमा रहने विभागीय समितिको काम, कर्तव्य र अधिकार सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**धारा ६६ केन्द्रीय तहमा रहने अन्य समितिको काम, कर्तव्य र अधिकार:**

१. केन्द्रीय तहमा रहने अन्य समितिहरूको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) दलको विधान, नीति, निर्णय तथा केन्द्रीय समितिको निर्देशनबमोजिम आफ्नो जिम्मेवारी तथा कार्यक्षेत्रसँग सम्बन्धित कार्यहरू सञ्चालन गर्ने।

(ख) सम्बन्धित विषयमा आवश्यक अध्ययन, अनुसन्धान, योजना तथा कार्यक्रम तयार गरी केन्द्रीय समितिसमक्ष पेश गर्ने र स्वीकृत कार्यक्रम कार्यान्वयन गर्ने।

(ग) आफ्नो कार्यक्षेत्रसँग सम्बन्धित विषयमा अनुगमन, मूल्याङ्कन तथा समीक्षा गरी आवश्यक सुझाव तथा प्रतिवेदन केन्द्रीय समितिसमक्ष पेश गर्ने।

(घ) प्रदेश, जिल्ला तथा स्थानीय तहमा रहेका सम्बन्धित समिति तथा निकायसँग आवश्यक समन्वय, सहकार्य र सहजीकरण गर्ने।

(ङ) दलको नीति, कार्यक्रम तथा निर्णयलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न आवश्यक अभियान, कार्यक्रम तथा गतिविधि सञ्चालन गर्ने।

(च) सम्बन्धित क्षेत्रका विज्ञ, विशेषज्ञ, सरोकारवाला तथा सामाजिक संस्थासँग आवश्यक परामर्श र समन्वय गर्ने।

(छ) आफ्नो कार्यसम्पादनको नियमित प्रतिवेदन केन्द्रीय समितिसमक्ष पेश गर्ने।

(ज) केन्द्रीय समिति तथा सम्बन्धित निकायले तोकेका अन्य आवश्यक कार्यहरू गर्ने।

**धारा ६७ प्रदेश समितिको काम,कर्तव्य र अधिकारः**

१. प्रदेश समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) राष्ट्रिय महाधिवेशन, केन्द्रीय समिति तथा सम्बन्धित प्रदेश अधिवेशनका निर्णय, नीति, कार्यक्रम तथा निर्देशनलाई प्रदेश तहमा प्रभावकारी रूपमा कार्यान्वयन गर्ने ।

(ख) प्रदेशभित्र दलको संगठन विस्तार, सुदृढीकरण तथा परिचालन गर्ने र जिल्ला, गाउँ/नगर तथा वडा समितिहरूबीच आवश्यक समन्वय गर्ने ।

(ग) प्रदेशको सामाजिक, आर्थिक, राजनीतिक, सांस्कृतिक तथा विकाससम्बन्धी विषयको अध्ययन गरी प्रदेशस्तरीय नीति तथा कार्यक्रम निर्माण गरी केन्द्रीय समितिसमक्ष पेश गर्ने ।

(घ) प्रदेशस्तरीय नीति, कार्यक्रम तथा वार्षिक बजेट तयार गरी सम्बन्धित अधिवेशनबाट स्वीकृत गराई कार्यान्वयन गर्ने ।

(ङ) प्रदेशअन्तर्गतका जिल्ला, गाउँ/नगर तथा वडा समितिहरूको काम, कारबाहीको अनुगमन, मूल्याङ्कन तथा आवश्यक समन्वय गर्ने ।

(च) प्रदेशअन्तर्गतका समितिहरूलाई विधान, नियमावली, नीति तथा निर्णयको कार्यान्वयनमा आवश्यक निर्देशन तथा सहयोग गर्ने ।

(छ) प्रदेशमा दलको सदस्यता विस्तार, सदस्यता नवीकरण तथा सदस्यहरूको अभिलेख व्यवस्थापनलाई व्यवस्थित गर्ने ।

(ज) प्रदेशस्तरीय विभाग, समिति, सभा/परिषद तथा अन्य संयन्त्रहरूको गठन, परिचालन, अनुगमन तथा समन्वय गर्ने ।

(झ) प्रदेशस्तरमा जनसम्पर्क, जनसहभागिता, जनमत संकलन तथा जनसरोकारका विषयमा आवश्यक कार्यक्रम सञ्चालन गर्ने ।

(ञ) प्रदेशभित्रका जनताको समस्या, माग तथा सुझाव संकलन गरी सम्बन्धित निकायमा पहल गर्ने र आवश्यक नीति निर्माणका लागि केन्द्रीय समितिमा सिफारिस गर्ने ।

(ट) प्रदेशमा सुशासन, पारदर्शिता, सामाजिक न्याय, समान अवसर, समावेशिता तथा भ्रष्टाचारविरुद्धका अभियान सञ्चालन गर्ने ।

(ठ) प्रदेशअन्तर्गतका समितिहरूको आर्थिक तथा संगठनात्मक अनुशासन कायम गर्ने, लेखा तथा अभिलेख व्यवस्थापनको अनुगमन गर्ने ।

(ड) निर्वाचन आयोग तथा प्रचलित कानूनबमोजिम प्रदेशस्तरमा दलले पूरा गर्नुपर्ने कानूनी तथा प्रशासनिक कार्यहरू समयमा सम्पन्न गर्ने ।

(ढ) प्रदेशमा हुने निर्वाचनमा दलको तर्फबाट उम्मेदवार छनोट तथा सिफारिस सम्बन्धी कार्य विधान, नियमावली र केन्द्रीय समितिको निर्णयबमोजिम गर्ने ।

(ण) प्रदेशभित्रका राजनीतिक, सामाजिक तथा समसामयिक विषयमा दलको आधिकारिक धारणा निर्माण गरी केन्द्रीय समितिसमक्ष पेश गर्ने तथा स्वीकृत धारणा सार्वजनिक गर्ने ।

(त) प्रदेशअन्तर्गतका समितिहरूबीच उत्पन्न समन्वय तथा संगठनात्मक समस्याको समाधान गर्ने र आवश्यक परेमा माथिल्लो समितिमा सिफारिस गर्ने ।

(थ) प्रदेश समितिको तर्फबाट केन्द्रीय समितिमा नियमित रूपमा संगठनात्मक, राजनीतिक, आर्थिक तथा कार्यक्रमगत प्रतिवेदन पेश गर्ने ।

(द) राष्ट्रिय महाधिवेशन, केन्द्रीय समिति तथा सम्बन्धित प्रदेश अधिवेशनले दिएको निर्देशन तथा प्रत्यायोजित अधिकारबमोजिम आवश्यक निर्णय गर्ने ।

(ध) प्रदेशमा दलको विचार, सिद्धान्त, नीति तथा कार्यक्रमसम्बन्धी राजनीतिक प्रशिक्षण, नेतृत्व विकास तथा क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन गर्ने ।

(न) प्राकृतिक विपद्, महामारी, राष्ट्रिय संकट तथा अन्य जनसरोकारका विषयमा आवश्यक राहत, उद्धार तथा सामाजिक सहयोगका कार्यक्रम सञ्चालन गर्न सम्बन्धित निकायसँग समन्वय गर्ने ।

(प) प्रदेशस्तरमा दलको सम्पत्ति, कार्यालय, दस्तावेज, अभिलेख तथा अन्य स्रोतसाधनको संरक्षण र उचित व्यवस्थापन गर्ने ।

(फ) प्रदेश समितिको बैठक नियमित रूपमा सञ्चालन गर्ने तथा बैठकका निर्णयहरूको अभिलेख सुरक्षित राख्ने ।

(ब) विधान, नियमावली, राष्ट्रिय महाधिवेशन, केन्द्रीय समिति तथा प्रदेश अधिवेशनको निर्णयको अधीनमा रही प्रदेश समितिलाई प्राप्त अन्य अधिकार प्रयोग गर्ने ।

(भ) यस विधानबमोजिम प्रदेश समितिले गर्नुपर्ने अन्य कार्य गर्ने तथा तोकिएबमोजिमका अन्य काम, कर्तव्य र अधिकार प्रयोग गर्ने ।

२. प्रदेश कमिटी समितिको काम,कर्तव्य र अधिकार सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजि हुनेछ।

**धारा ६८. प्रदेश सभा/परिषदको काम, कर्तव्य र अधिकारः**

१. प्रदेश सभा/परिषदको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) प्रदेशभित्र दलको नीति, सिद्धान्त, कार्यक्रम तथा संगठनात्मक कार्यदिशाको कार्यान्वयन तथा प्रभावकारिताको समीक्षा गर्ने।

(ख) प्रदेश समितिबाट प्रस्तुत राजनीतिक, सांगठनिक, आर्थिक तथा प्रगति प्रतिवेदनमाथि छलफल गरी आवश्यक निर्देशन तथा मार्गदर्शन गर्ने।

(ग) प्रदेशस्तरीय नीति, कार्यक्रम, कार्ययोजना तथा बजेटमाथि छलफल गरी स्वीकृत गर्ने।

(घ) प्रदेशअन्तर्गतका जिल्ला, स्थानीय तथा अन्य संगठनात्मक निकायहरूको संगठन विस्तार, सुदृढीकरण र समन्वयसम्बन्धी आवश्यक निर्णय गर्ने।

(ङ) प्रदेशको सामाजिक, आर्थिक, राजनीतिक तथा विकाससम्बन्धी समसामयिक विषयमा छलफल गरी दलको प्रदेशस्तरीय धारणा तथा कार्यदिशा तय गर्ने।

(च) प्रदेश समितिको कार्यसम्पादनको अनुगमन, समीक्षा तथा मूल्याङ्कन गरी आवश्यक सुझाव तथा निर्देशन दिने।

(छ) प्रदेशभित्रका विभिन्न समिति तथा निकायबीच समन्वय, सहकार्य र संगठनात्मक एकता कायम गर्ने।

(ज) दलको विधान, नियमावली, केन्द्रीय समिति तथा राष्ट्रिय सभा/परिषदका निर्णय कार्यान्वयन गर्ने।

(झ) प्रदेशको आवश्यकता र प्राथमिकताका आधारमा जनमुखी कार्यक्रम तथा अभियान सञ्चालन गर्न आवश्यक निर्णय गर्ने।

(ञ) दलको विधान तथा नियमावलीबमोजिम प्रदेश सभा/परिषदको अधिकारक्षेत्रभित्र पर्ने अन्य आवश्यक कार्य तथा निर्णय गर्ने।

२. प्रदेश सभा/परिषदको काम, कर्तव्य र अधिकार सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## धारा ६९. प्रदेश तहमा रहने अन्य समितिको काम, कर्तव्य र अधिकार

१. प्रदेश तहमा रहने विभिन्न समितिहरूको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) प्रदेश समितिको नीति, निर्णय तथा निर्देशनबमोजिम आफ्नो कार्यक्षेत्रसँग सम्बन्धित संगठनात्मक, राजनीतिक तथा कार्यक्रमगत कार्य सञ्चालन गर्ने।

(ख) सम्बन्धित विषयमा आवश्यक अध्ययन, अनुसन्धान, योजना तथा कार्यक्रम तयार गरी प्रदेश समितिसमक्ष पेश गर्ने र स्वीकृत कार्यक्रम कार्यान्वयन गर्ने।

(ग) आफ्नो कार्यक्षेत्रसँग सम्बन्धित विषयको अनुगमन, मूल्याङ्कन तथा समीक्षा गरी आवश्यक सुझाव र प्रतिवेदन प्रदेश समितिसमक्ष पेश गर्ने।

(घ) जिल्ला तथा स्थानीय तहमा रहेका सम्बन्धित समिति तथा निकायसँग आवश्यक समन्वय, सहकार्य र सहजीकरण गर्ने।

(ङ) प्रदेशमा दलको नीति, कार्यक्रम तथा निर्णयलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न जनसम्बन्ध, प्रशिक्षण, संगठन विस्तार तथा विभिन्न अभियान सञ्चालन गर्ने।

(च) सम्बन्धित क्षेत्रका विज्ञ, विशेषज्ञ तथा सरोकारवालासँग आवश्यक परामर्श र समन्वय गर्ने।

(छ) आफ्नो कार्यसम्पादनको नियमित प्रतिवेदन प्रदेश समितिसमक्ष पेश गर्ने।

(ज) प्रदेश समिति, केन्द्रीय समिति तथा दलको विधान र नियमावलीबमोजिम तोकिएका अन्य कार्यहरू गर्ने।

२. यस धारा बमोजिमको प्रदेश तहका समितिको काम, कर्तव्य र अधिकार सम्बन्धीअन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**धारा ७० जिल्ला समितिको काम, कर्तव्य र अधिकार:**

१. जिल्ला समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क). जिल्लाभित्र पार्टीको कामको नेतृत्व गर्ने । जिल्ला अधिवेशन र जिल्ला भेलाको निर्णय कार्यान्वयन गर्ने, जिल्ला समितिको निर्णय र माथिल्लो समितिको निर्णय निर्देशन कार्यान्वयन गर्ने गराउने र कार्यान्वयन भए नभएको अनुगमन गर्ने ।

(ख). महाधिवेशन प्रदेश समिति र केन्द्रीय समितिका निर्णयको प्रतिकूल नहुने गरी आफ्नो कार्यक्षेत्र अन्तर्गतका राजनीतिक र संगठनात्मक विषयमा निर्णय गर्ने । जिल्ला समितिको निर्णय र माथिल्लो समितिका निर्देशन कार्यान्वयन गर्ने र गराउने ।

(ग). जिल्लाभित्रको राजनितिक तथा समसामयिक परिस्थितिका सम्बन्धमा पार्टीको दृष्टिकोण, नीति, कार्यक्रम विस्तार र सञ्चालन गर्न नीति तय गर्ने ।

(घ). जिल्लाभित्रका राजनीतिक तथा संगठनात्मक विषयमा आवश्यकता अनुसार निर्णय गर्ने ।

(ङ). नेपालको संविधान र प्रचलित कानुन बमोजिम पार्टीको जिल्ला समितिले गर्ने भनी तोकिएका कार्य गर्ने ।

(च). नेपालको संविधान वमोजिम संचालन हुने जिल्लाभित्रका निर्वाचनमा पार्टीको घोषणापत्र, नीति, कार्यक्रम तयार गर्ने र निर्वाचनका लागि जिल्ला भित्रका सम्पूर्ण निकायलाई परिचालन गर्ने ।

(छ). केन्द्रीय समितिबाट निर्धारित नीतिअनुरुप जिल्ला भित्र पार्टीका तर्फबाट प्रतिनिधित्व गर्ने ।

(ज). आफ्नो कार्यक्षेत्र भित्रको भौतिक तथा मानवीय विकास र सामाजिक न्यायको लागि आवश्यक सम्पूर्ण कार्यमा अगुवाइ गर्ने । आफ्नो प्रदेशको समग्र विकास र सामाजिक-आर्थिक रूपान्तरणको योजना निर्माण, कार्यान्वयन, अनुगमन तथा संयोजन गर्ने ।

(झ). विधानमा बमोजिम जिल्लाभित्रका आवश्यक संयन्त्र गठन गर्ने र तिनको काम, कर्तव्य र अधिकारको निर्धारण गर्ने । पार्टीका जिल्लाभित्रका समिति, विभाग, आयोग, कार्यदल र अन्य संयन्त्रबीच आवश्यक समन्वय र संयोजन गर्ने ।

(ञ). पार्टीको जिल्लाभित्रका समिति विभाग तथा अन्य संयन्त्रका निर्णयहरुलाई आवश्यक संशोधन र सुझावसहित अनुमोदन गर्ने र आवश्यकता अनुसार जिल्ला समितिका सदस्यहरुको कार्य विभाजन गर्ने ।

(ट). जिल्लाको भौतिक तथा आर्थिक विकासमा सुध्रिड गर्न उत्पादनमा वृद्धि, स्वरोजगार, रोजगारिता जनजीविकोपार्जनमा सहजता, जनचेतना अभिवृद्धि र सामाजिक न्यायका लागि आवश्यक सम्पूर्ण कार्यमा अगुवाइ गर्ने । राष्ट्रियता, समाजिक एकता, राष्ट्रिय अखण्डता, संवैधानिक सर्वोच्चता, न्यायिक सर्बोच्चता, जनजीविका र जन हितको रक्षाका लागि जनपरिचालन गर्ने र आवश्यकता अनुसार अभियान, आन्दोलन लगायत अन्य कार्य सञ्चालन गर्ने । पार्टीलाई प्रभावकारी रुपमा सञ्चालन गर्न आवश्यकता अनुसार अभियान घोषणा गर्ने र कार्यान्वयन गर्ने, गराउने ।

(ठ). विधान बमोजिम जिल्ला अधिवेशन र जिल्ला प्रतिनिधि भेलाको आयोजना गर्ने र बैठकमा उठायका निर्णयहरू कार्यान्वयन गर्ने/गराउने । विधानअनुरुप नियमित बैठकको आयोजना गर्ने अनुगमन गर्ने ।

(ड). विधान बमोजिम जिल्लाभित्र पार्टीको आर्थिक व्यवस्था सुदृढीकरणका निम्ति स्रोत पहिचान, संकलन र परिचानका लागि आवश्यक काम गर्ने ।

(ढ). पार्टीको जिल्ला कार्यालयलाई पार्टीको जिल्ला भित्रको प्रशासनिक एवम दैनिक काम कारवाही सञ्चालनका लागि आवश्यक निर्देशन दिने ।

(ण). विधान बमोजिम जिल्ला समितिले गर्ने भनी उल्लेख भएका कार्य गर्ने ।

(त). केन्द्रीय समितिबाट, प्रदेश समितिबाट बेलाबेलामा जारी हुने निर्णय तथा निर्देशनहरु पालना गर्ने, गराउने ।

(थ). जनतालाई प्रशिक्षित गर्ने र संगठित गर्ने ।

(द). अनुशासन पालना गर्ने, आफ्नो समितिका पदाधिकारी तथा सदस्यलाई अनुशासनको कारबाही गर्ने । अनुशासनको कारबाहीमा परेका व्यक्ति तथा समितिको उजुरीमाथि निर्णय दिने।

२. जिल्ला समितिको काम, कर्तव्य र अधिकार सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

## धारा ७१. जिल्ला सभा/परिषदको काम, कर्तव्य र अधिकार

१. जिल्ला सभा/परिषदको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) जिल्लाभित्र दलको नीति, सिद्धान्त, कार्यक्रम तथा निर्णयको प्रभावकारी कार्यान्वयन र संगठनको सुदृढीकरण गर्ने।

(ख) जिल्ला समितिबाट प्रस्तुत राजनीतिक, सांगठनिक, आर्थिक तथा प्रगति प्रतिवेदनमाथि छलफल गरी आवश्यक निर्देशन तथा मार्गदर्शन गर्ने।

(ग) जिल्ला तहको नीति, कार्यक्रम, कार्ययोजना तथा बजेटमाथि छलफल गरी स्वीकृत गर्ने।

(घ) जिल्लाअन्तर्गतका स्थानीय तथा अन्य संगठनात्मक निकायहरूको गठन, विस्तार, सुदृढीकरण तथा समन्वयसम्बन्धी आवश्यक निर्णय गर्ने।

(ङ) जिल्लाको सामाजिक, आर्थिक, राजनीतिक तथा विकाससम्बन्धी विषयमा छलफल गरी दलको स्थानीय कार्यदिशा तथा प्राथमिकता निर्धारण गर्ने।

(च) जिल्ला समितिको कार्यसम्पादनको अनुगमन, समीक्षा तथा मूल्याङ्कन गरी आवश्यक सुझाव तथा निर्देशन दिने।

(छ) जिल्लाभित्र संगठन विस्तार, सदस्यता वृद्धि, प्रशिक्षण, जनसम्पर्क तथा जनसरोकारका कार्यक्रम सञ्चालन गर्न आवश्यक निर्णय गर्ने।

(ज) जिल्ला तथा स्थानीय तहका समिति/निकायबीच समन्वय, सहकार्य र संगठनात्मक एकता कायम गर्ने।

(झ) प्रदेश तथा केन्द्रीय तहबाट प्राप्त नीति, निर्देशन र निर्णयहरू कार्यान्वयन गर्ने।

(ञ) दलको विधान, नियमावली तथा जिल्ला सभा/परिषदको अधिकारक्षेत्रभित्र पर्ने अन्य आवश्यक कार्य तथा निर्णय गर्ने।

२. जिल्ला सभा परिषदको काम, कर्तव्य र अधिकार सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**धारा ७२ गाउँ/नगर समितिको काम, कर्तव्य र अधिकार:**

१. गाउँ/नगर समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क). पालीकाभित्र पार्टीको कामको नेतृत्व गर्ने । पालिका अधिवेशन र पालिका भेलाको निर्णय कार्यान्वयन गर्ने, पालिका समितिको निर्णय र माथिल्लो समितिको निर्णय निर्देशन कार्यान्वयन गर्ने गराउने र कार्यान्वयन भए नभएको अनुगमन गर्ने ।

(ख). अधिवेशन, जिल्ला समिमि, प्रदेश समिति र केन्द्रीय समितिका निर्णयको प्रतिकूल नहुने गरी आफ्नो कार्यक्षेत्र अन्तर्गतका राजनीतिक र संगठनात्मक विषयमा निर्णय गर्ने । पालिका समितिको निर्णय र माथिल्लो समितिका निर्देशन कार्यान्वयन गर्ने र गराउने ।

(ग). पालिकाभित्रको राजनितिक तथा समसामयिक परिस्थितिका सम्बन्धमा पार्टीको दृष्टिकोण, नीति, कार्यक्रम विस्तार र सञ्चालन गर्न नीति तय गर्ने ।

(घ). पालिकाभित्रका राजनीतिक तथा संगठनात्मक विषयमा आवश्यकता अनुसार निर्णय गर्ने । विधानअनुरुप नियमित बैठकको आयोजना गर्ने र मातहतको समितिको अनुगमन गरी नियमित बैठक तथा अधिवेशन गर्न लगाउने ।

(ङ). नेपालको संविधान र प्रचलित कानुन बमोजिम पार्टीको पालिका समितिले गर्ने भनी तोकिएका कार्य गर्ने ।

(च). नेपालको संविधान वमोजिम संचालन हुने पालिकाभित्रका निर्वाचनमा पार्टीको घोषणापत्र, नीति, कार्यक्रम तयार गर्ने र निर्वाचनका लागि पालिका भित्रका सम्पूर्ण निकायलाई परिचालन गर्ने ।

(छ). केन्द्रीय, प्रदेश, जिल्ला समितिबाट निर्धारित नीतिअनुरुप पालिका भित्र पार्टीका तर्फबाट प्रतिनिधित्व गर्ने ।

(ज). आफ्नो कार्यक्षेत्र भित्रको भौतिक तथा मानवीय विकास र सामाजिक न्यायको लागि आवश्यक सम्पूर्ण कार्यमा अगुवाइ गर्ने । आफ्नो पालिका समग्र विकास र सामाजिक आर्थिक रूपान्तरणको योजना निर्माण, कार्यान्वयन, अनुगमन तथा संयोजन गर्ने ।

(झ). विधान बमोजिम पालिकाभित्रका आवश्यक संयन्त्र गठन गर्ने र तिनको काम, कर्तव्य र अधिकारको निर्धारण गर्ने । पार्टीको पालिकाभित्रका समिति, विभाग, आयोग र अन्य संयन्त्रबीच आवश्यक समन्वय र संयोजन गर्ने ।

(ञ). पार्टीको पालिका भित्रका समिति विभाग तथा अन्य संयन्त्रका निर्णयहरुलाई आवश्यक संशोधन र सुझावसहित अनुमोदन गर्ने र आवश्यकता अनुसार पालिका समितिका सदस्यहरुको कार्य विभाजन गर्ने ।

(ट). पालिकाको भौतिक तथा आर्थिक विकासमा सुध्रिड गर्न उत्पादनमा वृद्धि, स्वरोजगार, रोजगारिता जनजीविकोपार्जनमा सहजता, जनचेतना अभिवृद्धि र सामाजिक न्यायका लागि आवश्यक सम्पूर्ण कार्यमा अगुवाइ गर्ने । राष्ट्रियता, समाजिक एकता, राष्ट्रिय अखण्डता, संवैधानिक सर्वोच्चता, न्यायिक सर्बोच्चता, जनजीविका र जन

हितको रक्षाका लागि जनपरिचालन गर्ने र आवश्यकता अनुसार अभियान आन्दोलन लगायत अन्य कार्य सञ्चालन गर्ने । पार्टीलाई प्रभावकारी रुपमा सञ्चालन गर्न आवश्यकता अनुसार अभियान घोषणा गर्ने र कार्यान्वयन गर्ने, गराउने ।

(ठ). आफू सम्बद्ध स्थानीय तहको निर्वाचन परिचालन गर्ने । संघीय तथा प्रदेश तहको निर्वाचनमा माथिल्लो समितिको निर्देशनअनुरुप परिचालित हुने । केन्द्रीय समितिबाट निर्धारित नीतिअनुरुप स्थानीय तहमा पार्टीका तर्फबाट प्रतिनिधित्व गर्ने जनप्रतिनिधिहरूलाई नेतृत्व प्रदान गर्ने ।

(ड). विधान बमोजिम पालिका अधिवेशन र पालिका प्रतिनिधि भेलाको आयोजना गर्ने र बैठकमा उठायका निर्णयहरू कार्यान्वयन गर्ने/गराउने । विधानअनुरुप नियमित बैठकको आयोजना गर्ने अनुगमन गर्ने ।

(ढ). विधान बमोजिम पालिकाभित्र पार्टीको आर्थिक व्यवस्था सुदृढीकरणका निम्ति स्रोत पहिचान, संकलन र परिचानका लागि आवश्यक काम गर्ने ।

(ण). पार्टीको पालिका कार्यालयलाई पार्टीको पालिका भित्रको प्रशासनिक एवम दैनिक काम कारवाही सञ्चालनका लागि आवश्यक निर्देशन दिने ।

(त). विधान बमोजिम पालिका समितिले गर्ने भनी उल्लेख भएका कार्य गर्ने ।

(थ). केन्द्रीय समिति, प्रदेश समिति र जिल्ला समितिबाट बेलाबेलामा जारी हुने निर्णय तथा निर्देशनहरु पालना गर्ने, गराउने ।

(द). जनतालाई प्रशिक्षित गर्ने र संगठित गर्ने ।

(ध). पालिका समितिको कूल सदस्य संख्याको बिस प्रतिशत भन्दा नबढ्ने गरी सचिवालय गठन गर्ने । तोकिएबमोजिमका विभाग, संयन्त्र र कार्यदल गठन गर्ने, तिनको काम, कर्तव्य र अधिकार तोक्ने ।

२. गाउँ/नगर समितिको काम, कर्तव्य र अधिकार सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

## धारा ७३. गाउँ/नगर सभा/परिषदको काम, कर्तव्य र अधिकार

१. गाउँ/नगर सभा/परिषदको, विभागको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) गाउँ/नगर क्षेत्रमा दलको नीति, सिद्धान्त, कार्यक्रम तथा निर्णयको कार्यान्वयन र संगठन सुदृढीकरण गर्ने।

(ख) गाउँ/नगर समितिबाट प्रस्तुत राजनीतिक, सांगठनिक, आर्थिक तथा प्रगति प्रतिवेदनमाथि छलफल गरी आवश्यक सुझाव, निर्देशन तथा मार्गदर्शन गर्ने।

(ग) गाउँ/नगर तहको नीति, कार्यक्रम, कार्ययोजना तथा बजेटमाथि छलफल गरी स्वीकृत गर्ने।

(घ) वडा तथा स्थानीय संगठनात्मक निकायहरूको गठन, विस्तार, परिचालन तथा समन्वयसम्बन्धी आवश्यक निर्णय गर्ने।

(ङ) स्थानीय जनताका सामाजिक, आर्थिक, विकास तथा जनसरोकारका विषय पहिचान गरी सम्बन्धित निकायमा उठान तथा समाधानका लागि आवश्यक पहल गर्ने।

(च) गाउँ/नगर समितिको कार्यसम्पादनको अनुगमन, समीक्षा तथा मूल्याङ्कन गरी आवश्यक सुझाव तथा निर्देशन दिने।

(छ) सदस्यता विस्तार, संगठन निर्माण, प्रशिक्षण, जनसम्पर्क तथा जनसहभागिता अभिवृद्धिका कार्यक्रम सञ्चालन गर्ने।

(ज) गाउँ/नगरअन्तर्गतका वडा समिति तथा अन्य संगठनात्मक निकायबीच समन्वय, सहकार्य र संगठनात्मक एकता कायम गर्ने।

(झ) जिल्ला, प्रदेश तथा केन्द्रीय तहबाट प्राप्त नीति, निर्देशन तथा निर्णयलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने।

(ञ) दलको विधान, नियमावली तथा गाउँ/नगर सभा/परिषदको अधिकारक्षेत्रभित्र पर्ने अन्य आवश्यक कार्य तथा निर्णय गर्ने।

२. गाउँ नगरसभा/परिषदको काम, कर्तव्य र अधिकार सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

## धारा ७४ संसदीय दलको काम, कर्तव्य र अधिकारः

१. संसदीय दलको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) दलको नीति, सिद्धान्त, घोषणापत्र तथा निर्णयअनुसार संघीय तथा प्रदेश संसदमा दलको प्रभावकारी प्रतिनिधित्व र भूमिका निर्वाह गर्ने।

(ख) संसदमा प्रस्तुत हुने विधेयक, नीति, कार्यक्रम, बजेट तथा समसामयिक विषयमा दलको धारणा तय गरी सोहीअनुसार संसदीय भूमिका निर्वाह गर्ने।

(ग) सरकार निर्माण, समर्थन, सहभागिता वा विपक्षमा रहने सम्बन्धमा दलको नीति तथा केन्द्रीय समितिको निर्णयबमोजिम आवश्यक निर्णय र समन्वय गर्ने।

(घ) संसदीय दलका सदस्यहरूलाई संसदको कार्यसम्पादन, अनुशासन तथा दलको निर्णय कार्यान्वयनका सम्बन्धमा आवश्यक निर्देशन दिने।

(ङ) संसदमा दलको तर्फबाट प्रस्तुत गरिने विधेयक, संशोधन प्रस्ताव, संकल्प प्रस्ताव, प्रश्न तथा अन्य संसदीय विषयमा आवश्यक समन्वय गर्ने।

(च) संसदीय दलका सदस्यहरूको क्षमता अभिवृद्धि, प्रशिक्षण तथा संसदीय कार्यसम्बन्धी ज्ञान विकासका कार्यक्रम सञ्चालन गर्ने।

(छ) संसद तथा सरकारका कामकारबाहीको अनुगमन, मूल्याङ्कन तथा जनहितका विषयमा आवश्यक खबरदारी गर्ने।

(ज) संघीय तथा प्रदेश तहका संसदीय दलबीच आवश्यक समन्वय र सहकार्य कायम गर्ने।

(झ) संसदीय दलको बैठक, निर्णय, अभिलेख तथा आर्थिक कारोबारलाई व्यवस्थित, पारदर्शी र जवाफदेही बनाउने।

(ञ) दलको विधान, संसदीय दलको विधान तथा केन्द्रीय समितिको निर्णयबमोजिम तोकिएका अन्य कार्य गर्ने।

२. संसदीय दलको काम,कर्तव्य र अधिकार सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

**धारा ७५. केन्द्रीय समितिका पदाधिकारीहरुको काम,कर्तव्य र अधिकारः**

१. अध्यक्षको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) दलको राष्ट्रिय महाधिवेशन, राष्ट्रिय प्रतिनिधि भेला तथा केन्द्रीय समितिको निर्णय कार्यान्वयन गराउने तथा गराउने कार्यको नेतृत्व गर्ने।

(ख) दलको केन्द्रीय समितिको अध्यक्षता गर्ने र बैठकको कार्यसूची तथा आवश्यक विषयहरू तय गर्ने।

(ग) दलको समग्र राजनीतिक, संगठनात्मक तथा प्रशासनिक कार्यको नेतृत्व, निर्देशन, समन्वय तथा अनुगमन गर्ने।

(घ) दलको तर्फबाट राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा आवश्यक प्रतिनिधित्व गर्ने तथा आधिकारिक धारणा प्रस्तुत गर्ने।

(ङ) केन्द्रीय समितिका निर्णयहरू कार्यान्वयन गर्न सम्बन्धित पदाधिकारी, विभाग, समिति तथा निकायलाई आवश्यक निर्देशन दिने।

(च) दलका विभिन्न तहका समितिहरूबीच समन्वय कायम गर्ने तथा आवश्यक निर्देशन दिने।

(छ) राष्ट्रिय महाधिवेशन तथा केन्द्रीय समितिप्रति दलको समग्र कार्यसम्पादनका सम्बन्धमा जवाफदेही हुने।

(ज) आकस्मिक तथा अत्यावश्यक अवस्थामा विधान, नियमावली र केन्द्रीय समितिको निर्णयको अधीनमा रही आवश्यक निर्णय गर्ने र त्यस्तो निर्णयलाई तत्काल वा आगामी केन्द्रीय समितिको बैठकमा अनुमोदनका लागि पेश गर्ने।

(झ) दलको नीति, सिद्धान्त, कार्यक्रम तथा निर्णयको प्रभावकारी कार्यान्वयनका लागि सम्बन्धित निकायलाई निर्देशन दिने।

(ञ) दलको आर्थिक, संगठनात्मक तथा प्रशासनिक अनुशासन कायम गराउन आवश्यक पहल गर्ने।

(ट) केन्द्रीय समितिले प्रत्यायोजन गरेको अन्य अधिकार प्रयोग गर्ने तथा तोकिएबमोजिमका अन्य कार्य गर्ने।

२. केन्द्रीय समितिका अन्य पदाधिकारीहरूको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) उपाध्यक्षको काम, कर्तव्य र अधिकारः- अध्यक्षलाई आवश्यक सहयोग गर्ने, अध्यक्षको अनुपस्थितिमा अध्यक्षले तोकेको उपाध्यक्षले कार्यवाहक अध्यक्षको रूपमा कार्य गर्ने तथा अध्यक्षबाट प्रत्यायोजित जिम्मेवारी पूरा गर्ने।

(ख) महासचिवको काम, कर्तव्य र अधिकारः- केन्द्रीय समितिको प्रशासनिक तथा संगठनात्मक कार्य सञ्चालन गर्ने, बैठकको कार्यसूची तयार गर्ने, निर्णयको अभिलेख राख्ने, निर्णय कार्यान्वयन गराउने तथा केन्द्रीय कार्यालयको समग्र व्यवस्थापन गर्ने।

(ग) उपमहासचिवको काम, कर्तव्य र अधिकारः- महासचिवलाई सहयोग गर्ने, महासचिवले तोकेको संगठनात्मक तथा प्रशासनिक जिम्मेवारी पूरा गर्ने तथा महासचिवको अनुपस्थितिमा तोकिएबमोजिम कार्य गर्ने।

(घ) सचिवको काम, कर्तव्य र अधिकारः- केन्द्रीय समितिका निर्णय तथा पत्राचारको अभिलेख व्यवस्थापन गर्ने, सम्बन्धित समिति तथा निकायसँग समन्वय गर्ने र महासचिव तथा केन्द्रीय समितिले तोकेको जिम्मेवारी पूरा गर्ने।

(ङ) कोषाध्यक्षको काम, कर्तव्य र अधिकारः- दलको कोष तथा आर्थिक स्रोतको व्यवस्थापन गर्ने, आय-व्ययको अभिलेख राख्ने, वार्षिक बजेट तथा आर्थिक प्रतिवेदन तयार गर्ने, लेखा परीक्षण गराउने तथा आर्थिक अनुशासन कायम गर्ने।

(च) प्रवक्ताको काम, कर्तव्य र अधिकारः- दलको आधिकारिक निर्णय, नीति, धारणा तथा कार्यक्रम सार्वजनिक गर्ने, सञ्चार माध्यमसँग समन्वय गर्ने तथा केन्द्रीय समितिबाट स्वीकृत विषयमा दलको आधिकारिक धारणा प्रस्तुत गर्ने।

(छ) संगठन विभाग/संगठनसम्बन्धी जिम्मेवार पदाधिकारीको काम, कर्तव्य र अधिकारः- दलको संगठन विस्तार, सदस्यता वृद्धि, विभिन्न तहका समितिहरूको समन्वय, संगठनात्मक अभिलेख तथा संगठन सुदृढीकरणसम्बन्धी कार्यको नेतृत्व गर्ने।

(ज) केन्द्रीय समितिका सदस्यहरूको काम, कर्तव्य र अधिकारः- केन्द्रीय समितिको बैठकमा सहभागी हुने, नीति तथा निर्णय निर्माणमा योगदान गर्ने, आफूलाई तोकिएको क्षेत्र तथा जिम्मेवारीको अनुगमन गर्ने र केन्द्रीय समितिले दिएको जिम्मेवारी पूरा गर्ने।

(झ) महिला, युवा, समावेशी तथा अन्य जिम्मेवारी प्राप्त पदाधिकारीको काम, कर्तव्य र अधिकारः- सम्बन्धित क्षेत्र, वर्ग तथा समुदायको सहभागिता, प्रतिनिधित्व, संगठन विस्तार तथा क्षमता विकासका कार्यक्रम सञ्चालन गर्न आवश्यक समन्वय र नेतृत्व गर्ने।

(ञ) केन्द्रीय समितिका पदाधिकारीहरूले सामूहिक रूपमाः दलको विधान, नियमावली, महाधिवेशन तथा केन्द्रीय समितिका निर्णयको पालना गर्ने, एकअर्काबीच समन्वय गर्ने र दलको नीति, सिद्धान्त तथा कार्यक्रमको कार्यान्वयनमा सहयोग गर्ने।

(ट) कुनै पदाधिकारीलाई केन्द्रीय समितिले निश्चित विषय वा कार्यक्षेत्रको जिम्मेवारी तोक्न सक्नेछ र त्यस्तो पदाधिकारीले आफूलाई तोकिएको जिम्मेवारीको प्रगति तथा प्रतिवेदन केन्द्रीय समितिमा पेश गर्नु पर्नेछ।

(ठ) अध्यक्षको पद रिक्त भएमा विधानबमोजिम कार्यवाहक अध्यक्षको जिम्मेवारी प्राप्त पदाधिकारीले नयाँ अध्यक्षको निर्वाचन नभएसम्म केन्द्रीय समितिको नियमित कार्य सञ्चालन गर्नेछ।

(ड) कुनै पदाधिकारीको पद रिक्त भएमा वा निज अनुपस्थित भएमा विधानबमोजिम सम्बन्धित पदाधिकारीको जिम्मेवारी तोकिएको अन्य पदाधिकारीले कार्यसम्पादन गर्न सक्नेछ।

(ढ) केन्द्रीय समितिका पदाधिकारीले आफ्नो जिम्मेवारी निर्वाह गर्दा दलको विधान, नियमावली, महाधिवेशन तथा केन्द्रीय समितिका निर्णयको अधीनमा रही कार्य गर्नु पर्नेछ।

३. केन्द्रीय समितिका पदाधिकारीहरूको काम, कर्तव्य र अधिकारसम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

## धारा ७६. केन्द्रीय सभा/परिषदका पदाधिकारीहरूको काम, कर्तव्य र अधिकार

१. केन्द्रीय सभा/परिषदको अध्यक्षको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) केन्द्रीय सभा/परिषदको बैठक तथा अधिवेशनको अध्यक्षता गर्ने र बैठकलाई मर्यादित, व्यवस्थित तथा प्रभावकारी रूपमा सञ्चालन गर्ने।

(ख) केन्द्रीय सभा/परिषदको बैठक बोलाउन सम्बन्धित निकायलाई निर्देशन दिने तथा बैठकको कार्यसूची निर्धारण गर्न आवश्यक समन्वय गर्ने।

(ग) बैठकमा प्रस्तुत प्रस्तावमाथि छलफल गराउने, आवश्यक निर्णय प्रक्रियालाई सहजीकरण गर्ने तथा निर्णय प्रमाणित गर्ने।

(घ) केन्द्रीय सभा/परिषदका निर्णयहरू कार्यान्वयन भए/नभएको सम्बन्धमा आवश्यक अनुगमन तथा समन्वय गर्ने।

(ङ) केन्द्रीय सभा/परिषद र केन्द्रीय समितिबीच आवश्यक समन्वय, सहकार्य तथा संवाद कायम गर्ने।

(च) बैठकमा अनुशासन, मर्यादा र निष्पक्षता कायम गर्दै सबै सदस्यलाई आफ्नो धारणा राख्ने समान अवसर प्रदान गर्ने।

(छ) आवश्यकता अनुसार केन्द्रीय सभा/परिषदका उपाध्यक्ष तथा अन्य पदाधिकारीलाई जिम्मेवारी तोक्ने र कार्यविभाजन गर्ने।

(ज) केन्द्रीय सभा/परिषदको निर्णय, विधान तथा नियमावलीको अधीनमा रही आवश्यक प्रशासनिक तथा संगठनात्मक कार्य गर्ने।

(झ) केन्द्रीय सभा/परिषदको कामकारबाही सम्बन्धमा आवश्यक प्रतिवेदन तथा जानकारी सम्बन्धित निकायमा पेश गर्ने।

(ञ) दलको विधान, नियमावली तथा केन्द्रीय सभा/परिषदको निर्णयबमोजिम तोकिएका अन्य कार्य गर्ने।

२. केन्द्रीय सभा/परिषदका अन्य पदाधिकारीहरूको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) अध्यक्षलाई केन्द्रीय सभा/परिषदको काम, कर्तव्य र अधिकार प्रयोग गर्न आवश्यक सहयोग गर्ने तथा अध्यक्षको अनुपस्थितिमा तोकिएबमोजिम कार्यभार सम्हाल्ने।

(ख) केन्द्रीय सभा/परिषदका निर्णय तथा कार्यक्रमहरूको कार्यान्वयनमा आवश्यक समन्वय, सहजीकरण र सहयोग गर्ने।

(ग) सभा/परिषदको बैठक, अधिवेशन तथा अन्य कार्यक्रमको तयारी, व्यवस्थापन र सञ्चालनमा सहयोग गर्ने।

(घ) सभा/परिषदका निर्णय, प्रतिवेदन, अभिलेख तथा सम्बन्धित कागजातलाई व्यवस्थित रूपमा संरक्षण र व्यवस्थापन गर्ने।

(ङ) आफ्नो जिम्मेवारीअनुसार सम्बन्धित समिति तथा निकायसँग समन्वय गरी आवश्यक कार्य सम्पादन गर्ने।

(च) अध्यक्ष तथा केन्द्रीय सभा/परिषदले तोकेको जिम्मेवारीअनुसार कार्य गर्ने र कार्यसम्पादनको जानकारी पेश गर्ने।

(छ) सभा/परिषदको अनुशासन, मर्यादा तथा निर्णय कार्यान्वयनमा आवश्यक भूमिका निर्वाह गर्ने।

(ज) दलको विधान, नियमावली तथा केन्द्रीय सभा/परिषदको निर्णयबमोजिम तोकिएका अन्य काम, कर्तव्य तथा अधिकार प्रयोग गर्ने।

३. केन्द्रीय सभा/परिषदका पदाधिकारीहरुको काम,कर्तव्य र अधिकार सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**धारा ७७. केन्द्रीय तहमा रहने विभागीय समितिका पदाधिकारीहरुको काम, कर्तव्य र अधिकारः**

१. केन्द्रीय तहमा रहने विभागका पदाधिकारीको काम, कर्तव्य र अधिकार यस दफामा उल्लेख भए बमोजिम हुनेछ ।

२. केन्द्रीय विभागका पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) विभागीय अध्यक्षको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(१) विभागको बैठकको अध्यक्षता गर्ने तथा विभागका सम्पूर्ण कामकारबाहीलाई व्यवस्थित, प्रभावकारी र परिणाममुखी रूपमा सञ्चालन गर्ने।

(२) विभागको कार्ययोजना, नीति, कार्यक्रम तथा वार्षिक कार्यतालिका तयार गरी केन्द्रीय समितिसमक्ष पेश गर्ने र स्वीकृत कार्यक्रम कार्यान्वयन गर्ने।

(३) विभागका पदाधिकारी तथा सदस्यहरूको कार्यविभाजन गरी जिम्मेवारी तोक्ने र कार्यसम्पादनको अनुगमन गर्ने।

(४) विभागको कार्यक्षेत्रसँग सम्बन्धित विषयमा अध्ययन, अनुसन्धान तथा आवश्यक सुझाव तयार गरी केन्द्रीय समितिसमक्ष पेश गर्ने।

(५) विभाग र केन्द्रीय समिति तथा सम्बन्धित प्रदेश, जिल्ला र स्थानीय तहका निकायबीच आवश्यक समन्वय तथा सहकार्य कायम गर्ने।

(६) विभागबाट सम्पादन भएका कार्यहरूको नियमित समीक्षा गरी प्रगति प्रतिवेदन केन्द्रीय समितिसमक्ष पेश गर्ने।

(७) विभागको निर्णय, दलको विधान, नियमावली तथा केन्द्रीय समितिको निर्देशन कार्यान्वयन गर्ने तथा गराउने।

(८) विभागको कार्यक्षेत्रसँग सम्बन्धित विषयमा विज्ञ, विशेषज्ञ तथा सरोकारवाला निकायसँग आवश्यक समन्वय र परामर्श गर्ने।

(९) विभागको बैठक तथा निर्णयको अभिलेख व्यवस्थित राख्ने र विभागको संस्थागत निरन्तरता कायम गर्ने।

(१०) केन्द्रीय समिति वा दलको विधान तथा नियमावलीबमोजिम तोकिएका अन्य काम, कर्तव्य तथा अधिकार प्रयोग गर्ने।

(ख) केन्द्रीय विभागका उपाध्यक्षको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(१) विभागीय अध्यक्षलाई विभागका नीति, कार्यक्रम तथा दैनिक कार्य सञ्चालनमा आवश्यक सहयोग गर्ने र अध्यक्षको अनुपस्थितिमा अध्यक्षले तोकेबमोजिम विभागको कार्यभार सम्हाल्ने।

(२) विभागको कार्ययोजना तथा कार्यक्रम कार्यान्वयनमा समन्वय, सहजीकरण तथा अनुगमन गर्ने।

(३) विभागका पदाधिकारी तथा सदस्यहरूबीच आवश्यक समन्वय कायम गरी तोकिएको जिम्मेवारी प्रभावकारी रूपमा सम्पादन गर्न सहयोग गर्ने।

(४) विभागको कार्यक्षेत्रसँग सम्बन्धित विषयमा अध्ययन, अनुसन्धान तथा सुझाव तयार गरी अध्यक्षमार्फत विभागमा पेश गर्ने।

(५) विभागका बैठक, छलफल, प्रशिक्षण तथा अन्य कार्यक्रमको तयारी र सञ्चालनमा सहयोग गर्ने।

(६) विभागीय अध्यक्ष तथा विभागले तोकेको अन्य जिम्मेवारी पूरा गर्ने।

(ग) केन्द्रीय विभागका सचिवको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(१) विभागीय अध्यक्षको निर्देशन तथा विभागका निर्णयअनुसार विभागको प्रशासनिक तथा सांगठनिक कार्य सञ्चालन गर्ने।

(२) विभागका बैठक तथा कार्यक्रमको कार्यसूची, सूचना, निर्णय र कार्यविवरण तयार गरी अभिलेख व्यवस्थित राख्ने।

(३) विभागको स्वीकृत कार्ययोजना तथा कार्यक्रम कार्यान्वयनका लागि सम्बन्धित पदाधिकारी तथा सदस्यसँग आवश्यक समन्वय गर्ने।

(४) विभागका निर्णय तथा निर्देशन सम्बन्धित निकाय तथा सदस्यसम्म पुऱ्याउने र कार्यान्वयनको अवस्थाबारे जानकारी लिने।

(५) विभागको नियमित प्रगति प्रतिवेदन तयार गरी अध्यक्षसमक्ष पेश गर्ने।

(६) विभाग र केन्द्रीय समिति तथा सम्बन्धित तहका समिति/निकायबीच आवश्यक पत्राचार, सूचना तथा समन्वय गर्ने।

(७) विभागीय अध्यक्ष तथा विभागले तोकेको अन्य काम, कर्तव्य र जिम्मेवारी पूरा गर्ने।

(घ) अन्य पदाधिकारीहरूको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(१) विभागीय अध्यक्ष तथा सचिवलाई विभागका नीति, योजना, कार्यक्रम तथा निर्णय कार्यान्वयन गर्न आवश्यक सहयोग गर्ने र आफूलाई तोकिएको जिम्मेवारी इमानदारीपूर्वक सम्पादन गर्ने।

(२) विभागका बैठक, छलफल, प्रशिक्षण, अभियान तथा अन्य कार्यक्रमको तयारी, सञ्चालन र व्यवस्थापनमा सक्रिय भूमिका निर्वाह गर्ने।

(३) विभागको कार्यक्षेत्रसँग सम्बन्धित विषयमा आवश्यक सूचना, तथ्य, सुझाव तथा प्रतिवेदन संकलन गरी विभागसमक्ष पेश गर्ने।

(४) विभागको निर्णय तथा स्वीकृत कार्यक्रम कार्यान्वयन गर्न सम्बन्धित समिति, निकाय तथा सदस्यहरूसँग आवश्यक समन्वय र सहकार्य गर्ने।

(५) आफूलाई तोकिएको कार्यको प्रगति तथा प्राप्त उपलब्धिको जानकारी विभागीय अध्यक्ष वा सचिवसमक्ष नियमित रूपमा पेश गर्ने।

(६) विभागको संगठनात्मक अनुशासन, निर्णय तथा निर्देशनको पालना गर्ने र विभागीय कार्यलाई प्रभावकारी बनाउन आवश्यक सहयोग गर्ने।

(७) विभागीय अध्यक्ष, सचिव वा विभागले तोकेको अन्य काम, कर्तव्य तथा जिम्मेवारी पूरा गर्ने।

३. केन्द्रीय तहका विभागीय कमिटी समितिका पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**धारा ७८. केन्द्रीय तहमा रहने अन्य समितिका पदाधिकारीको काम, कर्तव्य र अधिकार:**

१. केन्द्रीय तहमा रहने अन्य समितिका पदाधिकारीको काम, कर्तव्य र अधिकार यस दफामा उल्लेख भए बमोजिम हुनेछ ।

२. केन्द्रीय अनुशासन समितिका पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) अध्यक्ष काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(१) केन्द्रीय अनुशासन समितिको बैठक बोलाउने, अध्यक्षता गर्ने तथा समितिको कामकारबाहीलाई निष्पक्ष, व्यवस्थित र प्रभावकारी रूपमा सञ्चालन गर्ने।

(२) दलको विधान, नियमावली, आचारसंहिता तथा केन्द्रीय समितिका निर्णयको अधीनमा रही अनुशासनसम्बन्धी विषयको छानबिन, सुनुवाइ तथा आवश्यक कारबाहीको प्रक्रिया अघि बढाउने।

(३) दलका पदाधिकारी, सदस्य तथा मातहतका समिति वा निकायबाट भएका अनुशासनसम्बन्धी उजुरी, गुनासा तथा प्रतिवेदनको अध्ययन तथा आवश्यक छानबिन गराउने।

(४) अनुशासनसम्बन्धी विषयमा समितिबाट भएका निर्णय तथा सिफारिस केन्द्रीय समितिसमक्ष पेश गर्ने।

(५) अनुशासन कायम गर्न आवश्यक निर्देशन, सुझाव तथा सुधारात्मक उपायका सम्बन्धमा केन्द्रीय समितिलाई सिफारिस गर्ने।

(६) विधान, नियमावली तथा केन्द्रीय समितिको निर्णयबमोजिम तोकिएका अन्य काम, कर्तव्य तथा अधिकार प्रयोग गर्ने।

(ख) सचिवको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(१) अध्यक्षको निर्देशन तथा समितिका निर्णयअनुसार अनुशासनसम्बन्धी उजुरी, निवेदन, कागजात तथा अभिलेख व्यवस्थित रूपमा संकलन, दर्ता र संरक्षण गर्ने।

(२) समितिको बैठक, छानबिन तथा सुनुवाइसम्बन्धी कार्यको तयारी गर्ने र बैठकका निर्णय तथा कार्यविवरण अभिलेख गर्ने।

(३) अनुशासनसम्बन्धी विषयमा सम्बन्धित पक्षबाट आवश्यक विवरण, प्रमाण तथा स्पष्टीकरण संकलन गरी समितिसमक्ष पेश गर्ने।

(४) समितिका निर्णय तथा सिफारिस सम्बन्धित निकायमा जानकारी गराउने र कार्यान्वयनको अवस्थाबारे अभिलेख राख्ने।

(५) अनुशासनसम्बन्धी वार्षिक तथा आवश्यकतानुसार प्रगति प्रतिवेदन तयार गरी अध्यक्ष तथा समितिसमक्ष पेश गर्ने।

(६) अध्यक्ष तथा समितिले तोकेको अन्य काम, कर्तव्य तथा जिम्मेवारी पूरा गर्ने।

३. केन्द्रीय सल्लाह तथा परामर्स समितिका पदाधिकारीहरुको काम, कर्तव्य अधिकार देहाय बमोजिम हुनेछः

(क) अध्यक्षको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(१) समितिको बैठक बोलाउने, अध्यक्षता गर्ने तथा समितिको कामकारबाहीलाई व्यवस्थित र प्रभावकारी रूपमा सञ्चालन गर्ने।

(२) दलको नीति, सिद्धान्त, कार्यक्रम तथा समसामयिक राजनीतिक, आर्थिक, सामाजिक र राष्ट्रिय विषयमा आवश्यक सल्लाह तथा परामर्शका लागि समितिलाई परिचालन गर्ने र प्राप्त सुझाव तथा परामर्श केन्द्रीय समितिसमक्ष पेश गर्ने।

(३) समितिका सदस्यहरूको विशेषज्ञता, अनुभव तथा दक्षताको उपयोग गरी आवश्यक विषयमा अध्ययन, छलफल तथा परामर्श गराउने।

(४) समितिको वार्षिक कार्ययोजना तयार गरी आवश्यक स्वीकृति तथा कार्यान्वयनका लागि सम्बन्धित निकायसमक्ष पेश गर्ने।

(५) समितिको निर्णय, सुझाव तथा परामर्शको अभिलेख व्यवस्थित राख्ने तथा आवश्यकतानुसार कार्यान्वयनको अवस्था समीक्षा गर्ने।

(६) विधान, नियमावली तथा केन्द्रीय समितिको निर्णयबमोजिम तोकिएका अन्य काम, कर्तव्य तथा अधिकार प्रयोग गर्ने।

(ख) उपाध्यक्ष/सदस्य-सचिवको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(१) समितिको अध्यक्षलाई समितिको कार्य सञ्चालनमा आवश्यक सहयोग गर्ने तथा अध्यक्षको अनुपस्थितिमा तोकिएको जिम्मेवारीअनुसार समितिको कार्य सञ्चालन गर्ने।

(२) बैठक, छलफल तथा परामर्श कार्यक्रमको तयारी गर्ने, कार्यसूची तथा निर्णयको अभिलेख राख्ने र समितिका सुझाव तथा परामर्श सम्बन्धित निकायसम्म पुऱ्याउने।

(३) विभिन्न विषयमा प्राप्त सुझाव, राय तथा अध्ययन सामग्री संकलन गरी व्यवस्थित रूपमा समितिसमक्ष पेश गर्ने।

(४) समितिका निर्णय तथा कार्यक्रम कार्यान्वयनमा आवश्यक समन्वय गर्ने र कार्यप्रगतिको जानकारी अध्यक्षसमक्ष पेश गर्ने।

(५) अध्यक्ष तथा समितिले तोकेको अन्य काम, कर्तव्य तथा जिम्मेवारी पूरा गर्ने।

४. केन्द्रीय कार्यान्वयन समितिका पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) अध्यक्षको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(१) केन्द्रीय कार्यान्वयन समितिको बैठक बोलाउने, अध्यक्षता गर्ने तथा समितिको काम, कर्तव्य र जिम्मेवारीलाई व्यवस्थित, प्रभावकारी तथा परिणाममुखी रूपमा सञ्चालन गर्ने।

(२) केन्द्रीय समिति, केन्द्रीय सभा/परिषद् तथा सम्बन्धित निकायबाट भएका नीति, निर्णय, कार्यक्रम र निर्देशनहरूको प्रभावकारी कार्यान्वयन गराउने तथा कार्यान्वयनको नियमित अनुगमन र मूल्याङ्कन गर्ने।

(३) दलका विभिन्न तह, समिति, विभाग तथा निकायबीच कार्यान्वयनका विषयमा आवश्यक समन्वय, सहजीकरण र निर्देशन गर्ने।

(४) स्वीकृत नीति, योजना तथा कार्यक्रम कार्यान्वयनका लागि आवश्यक कार्ययोजना, समयतालिका तथा जिम्मेवारी निर्धारण गरी सम्बन्धित पदाधिकारी तथा सदस्यलाई परिचालन गर्ने।

(५) कार्यान्वयनमा देखिएका समस्या, चुनौती तथा अवरोधको पहिचान गरी समाधानका लागि आवश्यक पहल गर्ने र आवश्यक विषयमा केन्द्रीय समितिसमक्ष प्रतिवेदन तथा सुझाव पेश गर्ने।

(६) विधान, नियमावली तथा सम्बन्धित निकायको निर्णयबमोजिम तोकिएका अन्य काम, कर्तव्य तथा अधिकार प्रयोग गर्ने।

(ख) सचिवको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(१) अध्यक्षको निर्देशन तथा समितिका निर्णयअनुसार स्वीकृत नीति, योजना तथा कार्यक्रमको कार्यान्वयनका लागि आवश्यक प्रशासनिक तथा सांगठनिक समन्वय गर्ने।

(२) कार्यान्वयनसम्बन्धी निर्णय, निर्देशन, कार्ययोजना तथा कार्यतालिका सम्बन्धित समिति, विभाग तथा निकायसम्म पुऱ्याउने र कार्यान्वयनको अवस्थाबारे नियमित जानकारी लिने।

(३) विभिन्न तहका समितिहरूबाट प्राप्त प्रगति विवरण तथा प्रतिवेदन संकलन गरी अभिलेख राख्ने र समितिसमक्ष पेश गर्ने।

(४) कार्यान्वयनमा देखिएका समस्या, ढिलाइ तथा कमजोरीको विवरण तयार गरी समाधानका लागि अध्यक्ष तथा समितिसमक्ष आवश्यक सुझाव पेश गर्ने।

(५) केन्द्रीय कार्यान्वयन समितिको बैठक, निर्णय, कार्यप्रगति तथा कार्यसम्पादनसम्बन्धी अभिलेख व्यवस्थित राख्ने।

(६) अध्यक्ष तथा केन्द्रीय कार्यान्वयन समितिले तोकेको अन्य काम, कर्तव्य तथा जिम्मेवारी पूरा गर्ने।

५. केन्द्रीय तहका विभिन्न समितिका पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**धारा ७९. प्रदेश समितिका पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार:**

१. प्रदेश अध्यक्षको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) प्रदेश समितिको बैठक बोलाउने, अध्यक्षता गर्ने तथा प्रदेशमा दलको नीति, सिद्धान्त, कार्यक्रम र निर्णयको प्रभावकारी कार्यान्वयन गराउने।

(ख) प्रदेशअन्तर्गतका जिल्ला, गाउँ/नगर तथा अन्य संगठनात्मक समिति र निकायबीच आवश्यक समन्वय, निर्देशन तथा सहजीकरण गर्ने।

(ग) प्रदेशको संगठन विस्तार, सदस्यता वृद्धि, प्रशिक्षण, जनसम्पर्क तथा राजनीतिक गतिविधिलाई प्रभावकारी रूपमा सञ्चालन गर्ने।

(घ) प्रदेश समितिबाट स्वीकृत नीति, कार्यक्रम, कार्ययोजना तथा बजेट कार्यान्वयन गराउने र त्यसको नियमित अनुगमन तथा मूल्याङ्कन गर्ने।

(ङ) प्रदेशका राजनीतिक, सामाजिक, आर्थिक तथा जनसरोकारका विषयमा दलको धारणा निर्माण तथा कार्यान्वयनका लागि आवश्यक पहल गर्ने।

(च) प्रदेश समितिका निर्णय तथा प्रदेशमातहतका समितिहरूको कार्यसम्पादनको समीक्षा गरी आवश्यक सुझाव तथा प्रतिवेदन केन्द्रीय समितिसमक्ष पेश गर्ने।

(छ) प्रदेश समितिको तर्फबाट सम्बन्धित सरकारी निकाय, राजनीतिक दल, सामाजिक संस्था तथा सरोकारवाला पक्षसँग आवश्यक समन्वय तथा प्रतिनिधित्व गर्ने।

(ज) प्रदेश समितिका पदाधिकारी तथा सदस्यहरूको कार्यविभाजन गरी जिम्मेवारी तोक्ने र कार्यसम्पादनको अनुगमन गर्ने।

(झ) प्रदेश समितिको अनुशासन, एकता, मर्यादा तथा संगठनात्मक प्रभावकारिता कायम गर्ने।

(ञ) दलको विधान, नियमावली, केन्द्रीय समितिको निर्णय तथा प्रदेश समितिको निर्णयबमोजिम तोकिएका अन्य काम, कर्तव्य तथा अधिकार प्रयोग गर्ने।

२. प्रदेश समितिका अन्य पदाधिकारीहरूको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) उपाध्यक्षको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(१) प्रदेश अध्यक्षलाई प्रदेश समितिको राजनीतिक, सांगठनिक तथा प्रशासनिक कार्य सञ्चालनमा आवश्यक सहयोग गर्ने र अध्यक्षको अनुपस्थितिमा तोकिएबमोजिम कार्यवाहक अध्यक्षको जिम्मेवारी सम्हाल्ने।

(२) प्रदेश समितिका नीति, निर्णय, कार्यक्रम तथा कार्ययोजनाको कार्यान्वयनमा समन्वय तथा सहजीकरण गर्ने।

(३) प्रदेशअन्तर्गतका जिल्ला, गाउँ/नगर तथा अन्य समितिहरूको कार्यसम्पादनमा आवश्यक समन्वय र अनुगमन गर्ने।

(४) अध्यक्ष तथा प्रदेश समितिले तोकेको अन्य काम, कर्तव्य तथा जिम्मेवारी पूरा गर्ने।

(ख) महासचिव/सचिवको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(१) प्रदेश अध्यक्षको निर्देशन तथा प्रदेश समितिको निर्णयबमोजिम प्रदेश समितिको सांगठनिक, प्रशासनिक तथा दैनिक कार्य सञ्चालन गर्ने।

(२) प्रदेश समितिका बैठक, निर्णय, पत्राचार, अभिलेख तथा कार्यप्रगति विवरण व्यवस्थित रूपमा राख्ने।

(३) प्रदेशअन्तर्गतका जिल्ला तथा स्थानीय समितिसँग आवश्यक समन्वय गरी संगठन विस्तार, सदस्यता, प्रशिक्षण तथा कार्यक्रम कार्यान्वयनमा सहजीकरण गर्ने।

(४) प्रदेश समितिका निर्णय तथा निर्देशन सम्बन्धित निकायमा पुऱ्याउने र कार्यान्वयनको प्रगति प्रदेश अध्यक्षसमक्ष पेश गर्ने।

(५) प्रदेश समितिको नियमित प्रगति प्रतिवेदन तयार गरी सम्बन्धित केन्द्रीय निकायसमक्ष पेश गर्ने।

(६) अध्यक्ष तथा प्रदेश समितिले तोकेको अन्य काम, कर्तव्य तथा जिम्मेवारी पूरा गर्ने।

३. प्रदेश समितिका पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## धारा ८०. प्रदेश सभा/परिषदका पदाधिकारीहरूको काम, कर्तव्य र अधिकार

१. प्रदेश सभा/परिषदको अध्यक्षको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) प्रदेश सभा/परिषदको बैठक तथा अधिवेशन बोलाउने, अध्यक्षता गर्ने र बैठकलाई निष्पक्ष, मर्यादित तथा व्यवस्थित रूपमा सञ्चालन गर्ने।

(ख) प्रदेश सभा/परिषदको कार्यसूची निर्धारण गर्ने, बैठकमा प्रस्तुत प्रस्तावमाथि छलफल गराउने तथा आवश्यक निर्णय प्रक्रिया अघि बढाउने।

(ग) प्रदेश सभा/परिषदबाट भएका निर्णयहरूको कार्यान्वयनका लागि प्रदेश समिति तथा सम्बन्धित निकायसँग आवश्यक समन्वय गर्ने।

(घ) प्रदेश सभा/परिषद र प्रदेश समितिबीच आवश्यक समन्वय, सहकार्य तथा संवाद कायम गर्ने।

(ङ) प्रदेश सभा/परिषदका सदस्यहरूलाई बैठकमा आफ्नो धारणा राख्ने समान अवसर प्रदान गर्ने तथा बैठकको अनुशासन र मर्यादा कायम गर्ने।

(च) प्रदेश सभा/परिषदको नीति, कार्यक्रम तथा संगठनात्मक विषयमा आवश्यक सुझाव, निर्देशन तथा मार्गदर्शन प्रदान गर्ने।

(छ) प्रदेश सभा/परिषदबाट प्रस्तुत प्रतिवेदन तथा निर्णयहरू सम्बन्धित निकायमा पेश गर्ने।

(ज) प्रदेश सभा/परिषदका पदाधिकारी तथा सदस्यहरूलाई आवश्यक जिम्मेवारी तोक्ने र कार्यसम्पादनमा समन्वय गर्ने।

(झ) प्रदेश सभा/परिषदको कामकारबाही, निर्णय तथा अभिलेखलाई व्यवस्थित र संस्थागत बनाउने।

(ञ) दलको विधान, नियमावली तथा प्रदेश सभा/परिषदको निर्णयबमोजिम तोकिएका अन्य काम, कर्तव्य तथा अधिकार प्रयोग गर्ने।

२. प्रदेश सभा/परिषदका अन्य पदाधिकारीहरूको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) उपाध्यक्षको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(१) प्रदेश सभा/परिषदको अध्यक्षलाई सभा/परिषदको बैठक तथा अधिवेशन सञ्चालनमा आवश्यक सहयोग गर्ने र अध्यक्षको अनुपस्थितिमा तोकिएबमोजिम बैठकको अध्यक्षता गर्ने।

(२) प्रदेश सभा/परिषदका निर्णय तथा कार्यक्रमहरूको कार्यान्वयनमा आवश्यक समन्वय र सहजीकरण गर्ने।

(३) सभा/परिषदका विभिन्न बैठक, छलफल तथा कार्यक्रमको तयारी र व्यवस्थापनमा सहयोग गर्ने।

(४) अध्यक्ष तथा प्रदेश सभा/परिषदले तोकेको अन्य काम, कर्तव्य तथा जिम्मेवारी पूरा गर्ने।

(ख) सचिव/सदस्य-सचिवको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(१) प्रदेश सभा/परिषदको बैठकको सूचना, कार्यसूची, निर्णय तथा कार्यविवरण तयार गरी व्यवस्थित अभिलेख राख्ने।

(२) सभा/परिषदका निर्णय तथा निर्देशन सम्बन्धित समिति तथा निकायमा जानकारी गराउने र कार्यान्वयनको समन्वय गर्ने।

(३) प्रदेश सभा/परिषदको बैठक, अधिवेशन, छलफल तथा अन्य कार्यक्रम सञ्चालनका लागि आवश्यक प्रशासनिक तथा प्राविधिक व्यवस्था मिलाउने।

(४) प्रदेश सभा/परिषदबाट प्राप्त प्रतिवेदन, प्रस्ताव, सुझाव तथा निर्णयहरू सम्बन्धित निकायसमक्ष पेश गर्ने।

(५) प्रदेश सभा/परिषदको कार्यसम्पादन तथा प्रगतिको विवरण तयार गरी अध्यक्षसमक्ष पेश गर्ने।

(६) अध्यक्ष तथा प्रदेश सभा/परिषदले तोकेको अन्य काम, कर्तव्य तथा जिम्मेवारी पूरा गर्ने।

३. प्रदेश सभा/परिषदका पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## धारा ८१. जिल्ला समितिका पदाधिकारीहरूको काम, कर्तव्य र अधिकार

१. अध्यक्षको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) जिल्ला समितिको बैठक बोलाउने, अध्यक्षता गर्ने तथा जिल्लामा दलको नीति, सिद्धान्त, कार्यक्रम र निर्णयको प्रभावकारी कार्यान्वयन गराउने।

(ख) जिल्लाअन्तर्गतका गाउँ/नगर, वडा तथा अन्य संगठनात्मक समिति र निकायबीच आवश्यक समन्वय, निर्देशन तथा सहजीकरण गर्ने।

(ग) जिल्ला समितिको संगठन विस्तार, सदस्यता वृद्धि, प्रशिक्षण, जनसम्पर्क तथा राजनीतिक गतिविधि सञ्चालन गर्ने तथा गराउने।

(घ) जिल्ला समितिबाट स्वीकृत नीति, कार्यक्रम, कार्ययोजना तथा बजेट कार्यान्वयन गराउने र त्यसको अनुगमन तथा मूल्याङ्कन गर्ने।

(ङ) जिल्लाका सामाजिक, आर्थिक, राजनीतिक तथा जनसरोकारका विषयमा पार्टीको धारणा निर्माण तथा आवश्यक पहल गर्ने।

(च) जिल्ला समितिका निर्णय तथा मातहतका समितिहरूको कार्यसम्पादनको समीक्षा गरी आवश्यक प्रतिवेदन तथा सुझाव प्रदेश समितिसमक्ष पेश गर्ने।

(छ) सम्बन्धित सरकारी निकाय, राजनीतिक दल, सामाजिक संघसंस्था तथा सरोकारवाला पक्षसँग दलको तर्फबाट आवश्यक समन्वय तथा प्रतिनिधित्व गर्ने।

(ज) जिल्ला समितिका पदाधिकारी तथा सदस्यहरूको कार्यविभाजन गरी जिम्मेवारी तोक्ने र कार्यसम्पादनको अनुगमन गर्ने।

(झ) जिल्लामा दलको अनुशासन, एकता, मर्यादा तथा संगठनात्मक प्रभावकारिता कायम गर्ने।

(ञ) दलको विधान, नियमावली, प्रदेश समिति तथा जिल्ला समितिका निर्णयबमोजिम तोकिएका अन्य काम, कर्तव्य तथा अधिकार प्रयोग गर्ने।

२. जिल्ला समितिका अन्य पदाधिकारीहरूको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) उपाध्यक्षको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(१) जिल्ला अध्यक्षलाई जिल्लाको संगठनात्मक, राजनीतिक तथा प्रशासनिक कार्य सञ्चालनमा आवश्यक सहयोग गर्ने र अध्यक्षको अनुपस्थितिमा तोकिएबमोजिम कार्यवाहक अध्यक्षको जिम्मेवारी सम्हाल्ने।

(२) जिल्ला समितिका नीति, निर्णय, कार्यक्रम तथा कार्ययोजनाको कार्यान्वयनमा समन्वय तथा सहजीकरण गर्ने।

(३) जिल्लाअन्तर्गतका गाउँ/नगर, वडा तथा अन्य समितिहरूको कार्यसम्पादनमा आवश्यक समन्वय, अनुगमन तथा सहजीकरण गर्ने।

(४) अध्यक्ष तथा जिल्ला समितिले तोकेको अन्य काम, कर्तव्य तथा जिम्मेवारी पूरा गर्ने।

(ख) सचिव/महासचिवको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(१) जिल्ला अध्यक्षको निर्देशन तथा जिल्ला समितिको निर्णयबमोजिम जिल्लाको सांगठनिक, प्रशासनिक तथा दैनिक कार्य सञ्चालन गर्ने।

(२) जिल्ला समितिका बैठक, निर्णय, पत्राचार, अभिलेख तथा कार्यप्रगति विवरण व्यवस्थित रूपमा राख्ने।

(३) जिल्लाअन्तर्गतका स्थानीय तथा वडा समितिसँग समन्वय गरी संगठन विस्तार, सदस्यता वृद्धि, प्रशिक्षण तथा पार्टीका कार्यक्रम सञ्चालनमा सहजीकरण गर्ने।

(४) जिल्ला समितिका निर्णय तथा निर्देशन सम्बन्धित निकायसम्म पुऱ्याउने र कार्यान्वयनको प्रगति जिल्ला अध्यक्षसमक्ष पेश गर्ने।

(५) जिल्ला समितिको नियमित प्रगति प्रतिवेदन तयार गरी प्रदेश समितिसमक्ष पेश गर्ने।

(६) अध्यक्ष तथा जिल्ला समितिले तोकेको अन्य काम, कर्तव्य तथा जिम्मेवारी पूरा गर्ने।

३. जिल्ला कमिटी समितिका पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## धारा ८२. जिल्ला सभा/परिषदका पदाधिकारीहरूको काम, कर्तव्य र अधिकार

१. जिल्ला सभा/परिषदको अध्यक्षको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) जिल्ला सभा/परिषदको बैठक तथा अधिवेशन बोलाउने, अध्यक्षता गर्ने र बैठकलाई निष्पक्ष, मर्यादित तथा व्यवस्थित रूपमा सञ्चालन गर्ने।

(ख) जिल्ला सभा/परिषदको कार्यसूची निर्धारण गर्ने, प्रस्तुत प्रस्तावमाथि छलफल गराउने तथा आवश्यक निर्णय प्रक्रिया अघि बढाउने।

(ग) जिल्ला सभा/परिषदबाट भएका निर्णयहरूको कार्यान्वयनका लागि जिल्ला समिति तथा सम्बन्धित निकायसँग आवश्यक समन्वय गर्ने।

(घ) जिल्ला सभा/परिषद र जिल्ला समितिबीच आवश्यक समन्वय, सहकार्य तथा संवाद कायम गर्ने।

(ङ) जिल्ला सभा/परिषदका सदस्यहरूलाई आफ्ना धारणा तथा सुझाव राख्ने समान अवसर प्रदान गर्ने र सभा/परिषदको अनुशासन तथा मर्यादा कायम गर्ने।

(च) जिल्ला सभा/परिषदमा प्रस्तुत राजनीतिक, सांगठनिक, आर्थिक तथा प्रगति प्रतिवेदनमाथि छलफल गराई आवश्यक सुझाव तथा मार्गदर्शन प्रदान गर्ने।

(छ) जिल्ला सभा/परिषदबाट स्वीकृत नीति, कार्यक्रम, योजना तथा बजेटको कार्यान्वयनका लागि सम्बन्धित निकायसँग आवश्यक समन्वय गर्ने।

(ज) जिल्ला सभा/परिषदका निर्णय, प्रतिवेदन तथा सिफारिसहरू सम्बन्धित प्रदेश तथा जिल्ला निकायसमक्ष पेश गर्ने।

(झ) जिल्ला सभा/परिषदका पदाधिकारी तथा सदस्यहरूको कार्यसम्पादनमा आवश्यक समन्वय, सहजीकरण तथा जिम्मेवारी निर्धारण गर्ने।

(ञ) दलको विधान, नियमावली, प्रदेश तथा जिल्ला समितिका निर्णयबमोजिम तोकिएका अन्य काम, कर्तव्य तथा अधिकार प्रयोग गर्ने।

२. जिल्ला सभा/परिषदका अन्य पदाधिकारीहरूको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) उपाध्यक्षको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(१) जिल्ला सभा/परिषदको अध्यक्षलाई सभा/परिषदको बैठक तथा अधिवेशन सञ्चालनमा आवश्यक सहयोग गर्ने तथा अध्यक्षको अनुपस्थितिमा तोकिएबमोजिम बैठकको अध्यक्षता गर्ने।

(२) जिल्ला सभा/परिषदका निर्णय, नीति, कार्यक्रम तथा कार्ययोजना कार्यान्वयनमा आवश्यक समन्वय तथा सहजीकरण गर्ने।

(३) सभा/परिषदका बैठक, अधिवेशन, छलफल तथा अन्य कार्यक्रमको तयारी र व्यवस्थापनमा सहयोग गर्ने।

(४) अध्यक्ष तथा जिल्ला सभा/परिषदले तोकेको अन्य काम, कर्तव्य तथा जिम्मेवारी पूरा गर्ने।

(ख) सचिव/सदस्य-सचिवको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(१) जिल्ला सभा/परिषदको बैठक तथा अधिवेशनको सूचना, कार्यसूची, निर्णय तथा कार्यविवरण तयार गरी व्यवस्थित अभिलेख राख्ने।

(२) सभा/परिषदका निर्णय तथा निर्देशन सम्बन्धित समिति तथा निकायमा जानकारी गराउने र कार्यान्वयनका लागि आवश्यक समन्वय गर्ने।

(३) जिल्ला सभा/परिषदका प्रस्ताव, प्रतिवेदन, सुझाव तथा निर्णयहरू सम्बन्धित निकायसमक्ष पेश गर्ने।

(४) सभा/परिषदका बैठक, अधिवेशन तथा कार्यक्रम सञ्चालनका लागि आवश्यक प्रशासनिक व्यवस्था मिलाउने।

(५) जिल्ला सभा/परिषदको कार्यसम्पादन तथा निर्णय कार्यान्वयनको प्रगति विवरण तयार गरी अध्यक्षसमक्ष पेश गर्ने।

(६) अध्यक्ष तथा जिल्ला सभा/परिषदले तोकेको अन्य काम, कर्तव्य तथा जिम्मेवारी पूरा गर्ने।

३. जिल्ला सभा परिषदका पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार सम्बन्धी अन्य व्यवस्थ तोकिए बमोजिम हुनेछ ।

**धारा ८३. गाउँ/नगर समितिका पदाधिकारीहरूको काम, कर्तव्य र अधिकार**

१. अध्यक्षको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) गाउँ/नगर समितिको बैठक बोलाउने, अध्यक्षता गर्ने तथा गाउँ/नगर क्षेत्रमा दलको नीति, सिद्धान्त, कार्यक्रम तथा निर्णयको प्रभावकारी कार्यान्वयन गराउने।

(ख) गाउँ/नगरअन्तर्गतका वडा तथा अन्य संगठनात्मक समितिबीच आवश्यक समन्वय, निर्देशन तथा सहजीकरण गर्ने।

(ग) गाउँ/नगर समितिको संगठन विस्तार, सदस्यता वृद्धि, प्रशिक्षण, जनसम्पर्क तथा जनसरोकारका कार्यक्रम सञ्चालन गर्ने तथा गराउने।

(घ) गाउँ/नगर समितिबाट स्वीकृत नीति, कार्यक्रम, कार्ययोजना तथा बजेट कार्यान्वयन गराउने र त्यसको नियमित अनुगमन तथा मूल्याङ्कन गर्ने।

(ङ) स्थानीयस्तरका सामाजिक, आर्थिक, राजनीतिक, विकास तथा जनसरोकारका विषय पहिचान गरी सम्बन्धित निकायसमक्ष आवश्यक पहल तथा प्रतिनिधित्व गर्ने।

(च) गाउँ/नगर समितिका निर्णय तथा मातहतका वडा समितिहरूको कार्यसम्पादनको समीक्षा गरी आवश्यक प्रतिवेदन तथा सुझाव जिल्ला समितिसमक्ष पेश गर्ने।

(छ) सम्बन्धित स्थानीय तह, सरकारी निकाय, राजनीतिक दल, सामाजिक संघ-संस्था तथा सरोकारवाला पक्षसँग दलको तर्फबाट आवश्यक समन्वय तथा प्रतिनिधित्व गर्ने।

(ज) गाउँ/नगर समितिका पदाधिकारी तथा सदस्यहरूको कार्यविभाजन गरी जिम्मेवारी तोक्ने र कार्यसम्पादनको अनुगमन गर्ने।

(झ) गाउँ/नगर क्षेत्रमा दलको अनुशासन, एकता, मर्यादा तथा संगठनात्मक प्रभावकारिता कायम गर्ने।

(ञ) दलको विधान, नियमावली, माथिल्लो तहका समितिका निर्णय तथा गाउँ/नगर समितिको निर्णयबमोजिम तोकिएका अन्य काम, कर्तव्य तथा अधिकार प्रयोग गर्ने।

२. गाउँ/नगर समितिका अन्य पदाधिकारीहरूको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) उपाध्यक्षको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(१) गाउँ/नगर अध्यक्षलाई संगठनात्मक, राजनीतिक तथा प्रशासनिक कार्य सञ्चालनमा आवश्यक सहयोग गर्ने तथा अध्यक्षको अनुपस्थितिमा तोकिएबमोजिम कार्यवाहक अध्यक्षको जिम्मेवारी सम्हाल्ने।

(२) गाउँ/नगर समितिका नीति, निर्णय, कार्यक्रम तथा कार्ययोजनाको कार्यान्वयनमा समन्वय तथा सहजीकरण गर्ने।

(३) वडा समितिहरूको कार्यसम्पादनमा आवश्यक समन्वय, अनुगमन तथा सहजीकरण गर्ने।

(४) सदस्यता विस्तार, संगठन सुदृढीकरण, प्रशिक्षण तथा जनसम्पर्क कार्यक्रम सञ्चालनमा सहयोग गर्ने।

(५) अध्यक्ष तथा गाउँ/नगर समितिले तोकेको अन्य काम, कर्तव्य तथा जिम्मेवारी पूरा गर्ने।

(ख) सचिव लगायत अन्य पदाधिकारीहरूका काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(१) गाउँ/नगर अध्यक्षको निर्देशन तथा समितिको निर्णयबमोजिम सांगठनिक, प्रशासनिक तथा दैनिक कार्य सञ्चालन गर्ने।

(२) गाउँ/नगर समितिका बैठक, निर्णय, पत्राचार, अभिलेख तथा कार्यप्रगति विवरण व्यवस्थित रूपमा राख्ने।

(३) वडा समितिसँग आवश्यक समन्वय गरी पार्टीका नीति, कार्यक्रम, सदस्यता विस्तार तथा संगठनात्मक गतिविधि कार्यान्वयन गर्ने।

(४) गाउँ/नगर समितिका निर्णय तथा निर्देशन सम्बन्धित वडा तथा सदस्यसम्म पुऱ्याउने र कार्यान्वयनको प्रगति संकलन गर्ने।

(५) गाउँ/नगर समितिको नियमित प्रगति प्रतिवेदन तयार गरी जिल्ला समितिसमक्ष पेश गर्ने।

(६) अध्यक्ष तथा गाउँ/नगर समितिले तोकेको अन्य काम, कर्तव्य तथा जिम्मेवारी पूरा गर्ने।

३. गाउँ/नगर समितिका पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## धारा ८४. गाउँ/नगर सभा/परिषदका पदाधिकारीहरूको काम, कर्तव्य र अधिकार

१. गाउँ/नगर सभा/परिषदको अध्यक्षको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) गाउँ/नगर सभा/परिषदको बैठक तथा अधिवेशन बोलाउने, अध्यक्षता गर्ने र बैठकलाई निष्पक्ष, मर्यादित, व्यवस्थित तथा प्रभावकारी रूपमा सञ्चालन गर्ने।

(ख) गाउँ/नगर सभा/परिषदको कार्यसूची निर्धारण गर्ने, बैठकमा प्रस्तुत प्रस्तावमाथि छलफल गराउने तथा आवश्यक निर्णय प्रक्रिया अघि बढाउने।

(ग) गाउँ/नगर सभा/परिषदबाट भएका निर्णयहरूको कार्यान्वयनका लागि गाउँ/नगर समिति तथा सम्बन्धित वडा समितिसँग आवश्यक समन्वय गर्ने।

(घ) गाउँ/नगर सभा/परिषद र गाउँ/नगर समितिबीच आवश्यक समन्वय, सहकार्य तथा संवाद कायम गर्ने।

(ङ) सभा/परिषदका सदस्यहरूलाई आफ्ना विचार, सुझाव तथा धारणा राख्ने समान अवसर प्रदान गर्ने तथा बैठकको अनुशासन र मर्यादा कायम गर्ने।

(च) गाउँ/नगर सभा/परिषदमा प्रस्तुत राजनीतिक, सांगठनिक, आर्थिक तथा प्रगति प्रतिवेदनमाथि छलफल गराई आवश्यक सुझाव, निर्देशन तथा मार्गदर्शन प्रदान गर्ने।

(छ) गाउँ/नगर तहको नीति, कार्यक्रम, कार्ययोजना तथा बजेटमाथि छलफल गराई आवश्यक निर्णय तथा स्वीकृतिका लागि प्रक्रिया अघि बढाउने।

(ज) गाउँ/नगर सभा/परिषदका निर्णय, प्रतिवेदन तथा सिफारिस सम्बन्धित जिल्ला समिति तथा अन्य माथिल्ला निकायसमक्ष पेश गर्ने।

(झ) गाउँ/नगर सभा/परिषदका पदाधिकारी तथा सदस्यहरूको कार्यसम्पादनमा आवश्यक समन्वय तथा सहजीकरण गर्ने।

(ञ) दलको विधान, नियमावली, माथिल्लो तहका समिति तथा गाउँ/नगर सभा/परिषदका निर्णयबमोजिम तोकिएका अन्य काम, कर्तव्य तथा अधिकार प्रयोग गर्ने।

२. गाउँ/नगर सभा/परिषदका अन्य पदाधिकारीहरूको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) उपाध्यक्षको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(१) गाउँ/नगर सभा/परिषदका अध्यक्षलाई सभा/परिषदको बैठक तथा अधिवेशन सञ्चालनमा आवश्यक सहयोग गर्ने तथा अध्यक्षको अनुपस्थितिमा तोकिएबमोजिम बैठकको अध्यक्षता गर्ने।

(२) सभा/परिषदका निर्णय, नीति, कार्यक्रम तथा कार्ययोजना कार्यान्वयनमा आवश्यक समन्वय तथा सहजीकरण गर्ने।

(३) सभा/परिषदका बैठक, अधिवेशन, छलफल तथा अन्य कार्यक्रमको तयारी र व्यवस्थापनमा सहयोग गर्ने।

(४) अध्यक्ष तथा गाउँ/नगर सभा/परिषदले तोकेको अन्य काम, कर्तव्य तथा जिम्मेवारी पूरा गर्ने।

(ख) सचिव/सदस्य-सचिवको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(१) गाउँ/नगर सभा/परिषदको बैठक तथा अधिवेशनको सूचना, कार्यसूची, निर्णय तथा कार्यविवरण तयार गरी व्यवस्थित अभिलेख राख्ने।

(२) सभा/परिषदका निर्णय तथा निर्देशन सम्बन्धित समिति, वडा तथा निकायमा जानकारी गराई कार्यान्वयनका लागि आवश्यक समन्वय गर्ने।

(३) गाउँ/नगर सभा/परिषदका प्रस्ताव, प्रतिवेदन, सुझाव तथा निर्णयहरू सम्बन्धित गाउँ/नगर समितिसमक्ष पेश गर्ने।

(४) सभा/परिषदका बैठक, अधिवेशन तथा कार्यक्रम सञ्चालनका लागि आवश्यक प्रशासनिक व्यवस्था मिलाउने।

(५) सभा/परिषदको निर्णय तथा कार्यसम्पादनको प्रगति विवरण तयार गरी अध्यक्षसमक्ष पेश गर्ने।

(६) अध्यक्ष तथा गाउँ/नगर सभा/परिषदले तोकेको अन्य काम, कर्तव्य तथा जिम्मेवारी पूरा गर्ने।

३. गाउँ/नगर सभा परिषदका पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## धारा ८५ जनमत संकलन समितिः

१. दलका नीति, कार्यक्रम, घोषणापत्र तथा समसामयिक राष्ट्रिय, प्रदेश, जिल्ला तथा स्थानीय जनसरोकारका विषयमा नागरिकको राय, सुझाव, अपेक्षा तथा प्रतिक्रिया संकलन गरी दलको नीति निर्माणमा सहयोग पुर्‍याउन जनमत संकलन समिति गठन गरिनेछ।

२. जनमत संकलन समितिमा देहायबमोजिमका पदाधिकारी तथा सदस्यहरू रहनेछन् :-

(क) संयोजक - १ जना

(ख) उपसंयोजक - १ जना

(ग) सचिव - १ जना

(घ) सहसचिव - १ जना

(ङ) लगायत १५ सदस्य जनमत संकलन समिति हुनेछ।

३. समितिमा कम्तीमा एक तिहाई महिला सदस्य रहनेछन् तथा समानुपातिक समावेशी सिद्धान्तका आधारमा विभिन्न वर्ग, समुदाय, जातजाति, भाषाभाषी, क्षेत्र तथा समूहको प्रतिनिधित्व सुनिश्चित गरिनेछ।

४. जनमत संकलन समितिले देहायबमोजिमका कार्य गर्नेछः-

(क) नागरिक तथा मतदाताबाट लिखित, मौखिक, डिजिटल तथा अन्य माध्यमबाट राय, सुझाव तथा जनमत संकलन गर्ने।

(ख) राष्ट्रिय, प्रदेश, जिल्ला तथा स्थानीयस्तरका जनसरोकारका विषय पहिचान गरी जनमत संकलन गर्ने।

(ग) जनमत संकलनका लागि सर्वेक्षण, अन्तरक्रिया, सार्वजनिक सुनुवाइ, सुझाव संकलन अभियान, डिजिटल प्लेटफर्म तथा अन्य उपयुक्त माध्यम सञ्चालन गर्ने।

(घ) संकलित जनमतलाई तथ्याङ्क तथा विषयगत आधारमा वर्गीकरण, विश्लेषण तथा अभिलेखीकरण गर्ने।

(ङ) जनमत तथा सुझावको आधारमा नीति, कार्यक्रम, घोषणापत्र तथा निर्णय निर्माणका लागि सम्बन्धित समितिलाई सुझाव तथा सिफारिस पेश गर्ने।

(च) विभिन्न तहका समिति तथा विभागबाट प्राप्त जनमतसम्बन्धी विवरणलाई एकीकृत गरी केन्द्रीय समितिसमक्ष प्रतिवेदन पेश गर्ने।

(छ) दलका नीति तथा कार्यक्रमप्रति नागरिकको प्रतिक्रिया र प्रभावको नियमित अध्ययन गरी आवश्यक सुधारका लागि सुझाव दिने।

(ज) जनमत संकलनका क्रममा प्राप्त व्यक्तिगत तथा संवेदनशील सूचनाको गोपनीयता कायम गर्ने।

(झ) जनमत संकलन समितिको काममा निष्पक्षता, पारदर्शिता, वस्तुनिष्ठता तथा तथ्यमा आधारित प्रक्रिया अवलम्बन गर्ने।

(ञ) केन्द्रीय समिति वा सम्बन्धित अधिकारप्राप्त निकायले तोकेका अन्य काम, कर्तव्य तथा जिम्मेवारी पूरा गर्ने।

५. जनमत संकलन समितिले प्रत्येक वर्ष कम्तीमा एक पटक जनमत प्रतिवेदन तयार गरी केन्द्रीय समितिसमक्ष पेश गर्नेछ।

६. जनमत संकलन समितिको गठन, पदावधि, कार्यक्षेत्र, कार्यविधि, जनमत संकलनको माध्यम तथा अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

## धारा ८६ केन्द्रीय अनुसन्धान तथा गुप्तचर समिति

१. दलको राजनीतिक, सामाजिक, आर्थिक, राष्ट्रिय सुरक्षा तथा समसामयिक विषयमा अध्ययन, अनुसन्धान, तथ्य तथा सूचना संकलन, विश्लेषण एवं जोखिम मूल्याङ्कन गरी केन्द्रीय समितिलाई आवश्यक सुझाव तथा प्रतिवेदन उपलब्ध गराउन २१ सदस्यीय केन्द्रीय अनुसन्धान तथा गुप्तचर समिति गठन गरिनेछ।

२. समितिमा देहायबमोजिमका पदाधिकारी तथा सदस्यहरू रहनेछन् :-

(क) संयोजक - १ जना

(ख) उपसंयोजक - २ जना

(ग) सचिव - १ जना

(घ) सहसचिव - २ जना

(ङ) जम्मा २१ सदस्य केन्द्रीय अनुसन्धान तथा गुप्तचर समिति रहने।

३. समितिमा कम्तीमा एक तिहाई महिला सदस्य रहनेछन् तथा गठन गर्दा समानुपातिक समावेशी सिद्धान्तका आधारमा विभिन्न वर्ग, समुदाय, जातजाति, क्षेत्र, भाषाभाषी तथा समूहको प्रतिनिधित्व सुनिश्चित गरिनेछ।

४. समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) राष्ट्रिय, प्रदेश तथा स्थानीयस्तरका राजनीतिक, सामाजिक, आर्थिक तथा जनसरोकारका विषयमा तथ्यगत सूचना संकलन, अध्ययन तथा विश्लेषण गर्ने।

(ख) दलको संगठन, नीति, कार्यक्रम तथा गतिविधिसँग सम्बन्धित सम्भावित चुनौती, जोखिम तथा अवसरको अध्ययन गरी केन्द्रीय समितिसमक्ष सुझाव पेश गर्ने।

(ग) सार्वजनिक रूपमा उपलब्ध सूचना, आधिकारिक स्रोत तथा सम्बन्धित निकायबाट प्राप्त तथ्य तथा विवरणको अध्ययन गरी अनुसन्धान प्रतिवेदन तयार गर्ने।

(घ) देशको समसामयिक अवस्था, राष्ट्रिय हित, सामाजिक सद्भाव, विकास, सुशासन, सुरक्षा तथा जनसरोकारका विषयमा आवश्यक अध्ययन तथा विश्लेषण गर्ने।

(ङ) विभिन्न तहका समिति तथा विभागबाट प्राप्त तथ्य, सूचना तथा प्रतिवेदनलाई एकीकृत गरी व्यवस्थित अभिलेख तथा विश्लेषण तयार गर्ने।

(च) गलत सूचना, अफवाह तथा भ्रामक दाबीको तथ्य परीक्षण गरी सत्यतथ्य पहिचान गर्न सहयोग गर्ने।

(छ) दलका संवेदनशील आन्तरिक सूचना तथा अनुसन्धानसम्बन्धी अभिलेखको गोपनीयता र सुरक्षित व्यवस्थापन सुनिश्चित गर्ने।

(ज) अनुसन्धानका क्रममा व्यक्तिगत गोपनीयता, मानव अधिकार, प्रचलित कानून तथा लोकतान्त्रिक मूल्य-मान्यताको पूर्ण पालना गर्ने।

(झ) कुनै व्यक्ति, संस्था वा समुदायको अनधिकृत निगरानी, व्यक्तिगत सूचना संकलन वा कानूनविपरीत गतिविधि गर्ने अधिकार समितिलाई हुनेछैन।

(ञ) केन्द्रीय समितिले तोकेका अन्य अनुसन्धान, अध्ययन तथा सूचना विश्लेषणसम्बन्धी कार्य गर्ने।

५. समितिले आफ्नो कार्यसम्पादनको त्रैमासिक तथा वार्षिक प्रतिवेदन केन्द्रीय समितिसमक्ष पेश गर्नेछ।

६. समितिको गठन, पदावधि, बैठक, कार्यविभाजन, सूचना व्यवस्थापन, गोपनीयता, प्रतिवेदन तथा अन्य कार्यविधि तोकिएबमोजिम हुनेछ।

## परिच्छेद-११

# बैठक र निर्णय सम्बन्धी व्यवस्था

### धारा ८७. केन्द्रीय सभा/परिषदको बैठक

१. सामान्यतया केन्द्रीय सभा/परिषदको बैठक प्रत्येक छ महिनामा कम्तीमा एक पटक बस्नेछ। एक बैठक र अर्को बैठकको बीचको अन्तर छ महिनाभन्दा बढी हुनेछैन।

२. दलको आवश्यकताअनुसार अध्यक्ष वा केन्द्रीय समितिको निर्णयबाट विशेष बैठक बोलाउन सकिनेछ। विशेष बैठक बोलाउँदा बैठकको कारण, मिति, स्थान र कार्यसूचीको जानकारी सम्बन्धित सदस्यहरूलाई समयमै गराइनेछ।

३. केन्द्रीय सभा/परिषदको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ। अध्यक्षको अनुपस्थितिमा उपाध्यक्षले र उपाध्यक्षसमेत अनुपस्थित भएमा बैठकले चयन गरेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ।

४. बैठकमा उपस्थित सदस्यहरूको बहुमतको निर्णय मान्य हुनेछ। मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिन सक्नेछ।

५. केन्द्रीय सभा/परिषदको बैठकको गणपूरक संख्या कुल सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी हुनेछ। गणपूरक संख्या नपुगेमा आवश्यक कार्यविधिअनुसार पुनः बैठक बोलाइनेछ।

६. बैठकको निर्णय, उपस्थितिको विवरण तथा कार्यविवरण व्यवस्थित रूपमा अभिलेख राखी सम्बन्धित पदाधिकारीबाट प्रमाणित गरिनेछ।

७. केन्द्रीय सभा/परिषदको बैठकसम्बन्धी अन्य कार्यविधि दलको विधान, नियमावली तथा सभाले स्वीकृत गरेको कार्यविधिबमोजिम हुनेछ।

### धारा ८८. केन्द्रीय समितिको बैठक

१. सामान्यतया केन्द्रीय समितिको बैठक प्रत्येक तीन महिनामा कम्तीमा एक पटक बस्नेछ। एक बैठक र अर्को बैठकको बीचको अन्तर तीन महिनाभन्दा बढी हुनेछैन।

२. दलको आवश्यकताअनुसार अध्यक्ष/सभापतिले वा केन्द्रीय समितिका कम्तीमा एक तिहाइ सदस्यको लिखित मागबमोजिम विशेष बैठक बोलाउन सकिनेछ। विशेष बैठकको सूचना, मिति, स्थान तथा कार्यसूची सम्बन्धित सदस्यहरूलाई समयमै उपलब्ध गराइनेछ।

३. केन्द्रीय समितिको बैठकको अध्यक्षता अध्यक्ष/सभापतिले गर्नेछ। अध्यक्ष/सभापतिको अनुपस्थितिमा उपाध्यक्षले र उपाध्यक्षसमेत अनुपस्थित भएमा बैठकले चयन गरेको पदाधिकारी वा सदस्यले बैठकको अध्यक्षता गर्नेछ।

४. केन्द्रीय समितिको बैठकको गणपूरक संख्या कुल सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी हुनेछ। गणपूरक संख्या नपुगेमा बैठक स्थगित गरी पुन: बैठक बोलाउन सकिनेछ।

५. बैठकमा उपस्थित सदस्यहरूको बहुमतबाट निर्णय गरिनेछ। मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिन सक्नेछ।

६. केन्द्रीय समितिको बैठकको निर्णय, उपस्थितिको विवरण तथा कार्यविवरण व्यवस्थित रूपमा अभिलेख राखी अध्यक्ष/सभापति तथा सचिवबाट प्रमाणित गरिनेछ।

७. केन्द्रीय समितिको बैठकसम्बन्धी अन्य कार्यविधि दलको विधान, नियमावली तथा बैठकले स्वीकृत गरेको कार्यविधिबमोजिम हुनेछ।

८. केन्द्रीय समितिको बैठक सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## धारा ८९. प्रदेश सभा/परिषदको बैठक:

१. सामान्यतया प्रदेश सभा/परिषदको बैठक प्रत्येक छ महिनामा कम्तीमा एक पटक बस्नेछ। एक बैठक र अर्को बैठकको बीचको अन्तर छ महिनाभन्दा बढी हुनेछैन।

२. प्रदेश समितिको निर्णयअनुसार आवश्यकता परेमा विशेष बैठक बोलाउन सकिनेछ। विशेष बैठकको मिति, स्थान, कार्यसूची तथा आवश्यक सूचना सम्बन्धित सदस्यहरूलाई समयमै उपलब्ध गराइनेछ।

३. प्रदेश सभा/परिषदको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ। अध्यक्षको अनुपस्थितिमा उपाध्यक्षले र उपाध्यक्षसमेत अनुपस्थित भएमा बैठकले चयन गरेको पदाधिकारी वा सदस्यले बैठकको अध्यक्षता गर्नेछ।

४. प्रदेश सभा/परिषदको बैठक सञ्चालनका लागि कुल सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा गणपूरक संख्या पुगेको मानिनेछ।

५. बैठकमा उपस्थित सदस्यहरूको सामान्य बहुमतबाट निर्णय गरिनेछ। मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिन सक्नेछ।

६. प्रदेश सभा/परिषदको बैठकको निर्णय, उपस्थितिको विवरण तथा कार्यविवरण व्यवस्थित रूपमा अभिलेख राखिनेछ र सम्बन्धित पदाधिकारीबाट प्रमाणित गरिनेछ।

७. प्रदेश सभा/परिषदको बैठकसम्बन्धी अन्य कार्यविधि दलको विधान, नियमावली तथा सभाबाट स्वीकृत कार्यविधिबमोजिम हुनेछ।

८. प्रदेश सभा/परिषदको बैठक सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**धारा ९०. प्रदेश समितिको बैठक:**

१. सामान्यतया प्रदेश समितिको बैठक प्रत्येक तीन महिनामा कम्तीमा एक पटक बस्नेछ। एक बैठक र अर्को बैठकको बीचको अन्तर तीन महिनाभन्दा बढी हुनेछैन।

२. प्रदेश समितिको आवश्यकताअनुसार प्रदेश अध्यक्षले वा प्रदेश समितिका कम्तीमा एक तिहाइ सदस्यको लिखित मागबमोजिम विशेष बैठक बोलाउन सकिनेछ। विशेष बैठकको मिति, स्थान तथा कार्यसूचीको जानकारी सम्बन्धित सदस्यहरूलाई समयमै उपलब्ध गराइनेछ।

३. प्रदेश समितिको बैठकको अध्यक्षता प्रदेश अध्यक्षले गर्नेछ। अध्यक्षको अनुपस्थितिमा उपाध्यक्षले र उपाध्यक्षसमेत अनुपस्थित भएमा बैठकले चयन गरेको पदाधिकारी वा सदस्यले बैठकको अध्यक्षता गर्नेछ।

४. प्रदेश समितिको बैठकको गणपूरक संख्या कुल सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी हुनेछ। गणपूरक संख्या नपुगेमा आवश्यकताअनुसार पुनः बैठक बोलाउन सकिनेछ।

५. बैठकमा उपस्थित सदस्यहरूको सामान्य बहुमतबाट निर्णय गरिनेछ। मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिन सक्नेछ।

६. प्रदेश समितिको बैठकको निर्णय, उपस्थितिको विवरण तथा कार्यविवरण व्यवस्थित रूपमा अभिलेख राखी सम्बन्धित पदाधिकारीबाट प्रमाणित गरिनेछ।

७. प्रदेश समितिको बैठकसम्बन्धी अन्य कार्यविधि दलको विधान, नियमावली तथा प्रदेश समितिले स्वीकृत गरेको कार्यविधिबमोजिम हुनेछ।

८. प्रदेश समितिको बैठक सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**धारा ९१. जिल्ला सभा/परिषदको बैठक:**

१. सामान्यतया जिल्ला सभा/परिषदको बैठक प्रत्येक छ महिनामा कम्तीमा एक पटक बस्नेछ। एक बैठक र अर्को बैठकको बीचको अन्तर छ महिनाभन्दा बढी हुनेछैन।

२. जिल्लाको आवश्यकताअनुसार जिल्ला अध्यक्ष वा जिल्ला समितिको निर्णयबाट विशेष बैठक बोलाउन सकिनेछ। विशेष बैठकको मिति, स्थान, कार्यसूची तथा आवश्यक सूचना सम्बन्धित सदस्यहरूलाई समयमै उपलब्ध गराइनेछ।

३. जिल्ला सभा/परिषदको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ। अध्यक्षको अनुपस्थितिमा उपाध्यक्षले र उपाध्यक्षसमेत अनुपस्थित भएमा बैठकले चयन गरेको पदाधिकारी वा सदस्यले बैठकको अध्यक्षता गर्नेछ।

४. जिल्ला सभा/परिषदको बैठक सञ्चालनका लागि कुल सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा गणपूरक संख्या पुगेको मानिनेछ।

५. बैठकमा उपस्थित सदस्यहरूको सामान्य बहुमतबाट निर्णय गरिनेछ। मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिन सक्नेछ।

६. जिल्ला सभा/परिषदको बैठकको निर्णय, उपस्थितिको विवरण तथा कार्यविवरण व्यवस्थित रूपमा अभिलेख राखी सम्बन्धित पदाधिकारीबाट प्रमाणित गरिनेछ।

७. जिल्ला सभा/परिषदको बैठकसम्बन्धी अन्य कार्यविधि दलको विधान, नियमावली तथा जिल्ला सभा/परिषदबाट स्वीकृत कार्यविधिबमोजिम हुनेछ।

८. जिल्ला सभा/परिषदको बैठक सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**धारा ९२. जिल्ला समितिको बैठकः**

१. सामान्यतया जिल्ला समितिको बैठक प्रत्येक तीन महिनामा कम्तीमा एक पटक बस्नेछ। एक बैठक र अर्को बैठकको बीचको अन्तर तीन महिनाभन्दा बढी हुनेछैन।

२. जिल्लाको आवश्यकताअनुसार जिल्ला अध्यक्षले वा जिल्ला समितिका कम्तीमा एक तिहाइ सदस्यको लिखित मागबमोजिम विशेष बैठक बोलाउन सकिनेछ। विशेष बैठकको मिति, स्थान तथा कार्यसूचीको जानकारी सम्बन्धित सदस्यहरूलाई समयमै उपलब्ध गराइनेछ।

३. जिल्ला समितिको बैठकको अध्यक्षता जिल्ला अध्यक्षले गर्नेछ। अध्यक्षको अनुपस्थितिमा उपाध्यक्षले र उपाध्यक्षसमेत अनुपस्थित भएमा बैठकले चयन गरेको पदाधिकारी वा सदस्यले बैठकको अध्यक्षता गर्नेछ।

४. जिल्ला समितिको बैठक सञ्चालनका लागि कुल सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा गणपूरक संख्या पुगेको मानिनेछ।

५. बैठकमा उपस्थित सदस्यहरूको सामान्य बहुमतबाट निर्णय गरिनेछ। मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिन सक्नेछ।

६. जिल्ला समितिको बैठकको निर्णय, उपस्थितिको विवरण तथा कार्यविवरण व्यवस्थित रूपमा अभिलेख राखी सम्बन्धित पदाधिकारीबाट प्रमाणित गरिनेछ।

७. जिल्ला समितिको बैठकसम्बन्धी अन्य कार्यविधि दलको विधान, नियमावली तथा जिल्ला समितिले स्वीकृत गरेको कार्यविधिबमोजिम हुनेछ।

८. जिल्ला समितिको बैठक सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## धारा ९३. गाउँ/नगर सभा/परिषदको बैठक:

१. सामान्यतया गाउँ/नगर सभा/परिषदको बैठक प्रत्येक छ महिनामा कम्तीमा एक पटक बस्नेछ। एक बैठक र अर्को बैठकको बीचको अन्तर छ महिनाभन्दा बढी हुनेछैन।

२. गाउँ/नगरको आवश्यकताअनुसार गाउँ/नगर समितिको निर्णयबाट विशेष बैठक बोलाउन सकिनेछ। विशेष बैठकको मिति, स्थान, कार्यसूची तथा आवश्यक सूचना सम्बन्धित सदस्यहरूलाई समयमै उपलब्ध गराइनेछ।

३. गाउँ/नगर सभा/परिषदको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ। अध्यक्षको अनुपस्थितिमा उपाध्यक्षले र उपाध्यक्षसमेत अनुपस्थित भएमा बैठकले चयन गरेको पदाधिकारी वा सदस्यले बैठकको अध्यक्षता गर्नेछ।

४. गाउँ/नगर सभा/परिषदको बैठक सञ्चालनका लागि कुल सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा गणपूरक संख्या पुगेको मानिनेछ।

५. बैठकमा उपस्थित सदस्यहरूको सामान्य बहुमतबाट निर्णय गरिनेछ। मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिन सक्नेछ।

६. गाउँ/नगर सभा/परिषदको बैठकको निर्णय, उपस्थितिको विवरण तथा कार्यविवरण व्यवस्थित रूपमा अभिलेख राखी सम्बन्धित पदाधिकारीबाट प्रमाणित गरिनेछ।

७. गाउँ/नगर सभा/परिषदको बैठकसम्बन्धी अन्य कार्यविधि दलको विधान, नियमावली तथा सभा/परिषदबाट स्वीकृत कार्यविधिबमोजिम हुनेछ।

८. गाउँ/नगर सभा परिषदको बैठक सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## धारा ९४. गाउँ/नगर समितिको बैठक

१. सामान्यतया गाउँ/नगर समितिको बैठक प्रत्येक तीन महिनामा कम्तीमा एक पटक बस्नेछ। एक बैठक र अर्को बैठकको बीचको अन्तर तीन महिनाभन्दा बढी हुनेछैन।

२. गाउँ/नगरको आवश्यकताअनुसार गाउँ/नगर अध्यक्षले वा गाउँ/नगर समितिका कम्तीमा एक तिहाइ सदस्यको लिखित मागबमोजिम विशेष बैठक बोलाउन सकिनेछ। विशेष बैठकको मिति, स्थान तथा कार्यसूचीको जानकारी सम्बन्धित सदस्यहरूलाई समयमै उपलब्ध गराइनेछ।

३. गाउँ/नगर समितिको बैठकको अध्यक्षता गाउँ/नगर अध्यक्षले गर्नेछ। अध्यक्षको अनुपस्थितिमा उपाध्यक्षले र उपाध्यक्षसमेत अनुपस्थित भएमा बैठकले चयन गरेको पदाधिकारी वा सदस्यले बैठकको अध्यक्षता गर्नेछ।

४. गाउँ/नगर समितिको बैठक सञ्चालनका लागि कुल सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा गणपूरक संख्या पुगेको मानिनेछ। बैठकमा उपस्थित सदस्यहरूको सामान्य बहुमतबाट निर्णय गरिनेछ। मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिन सक्नेछ।

५. गाउँ/नगर समितिको बैठकका निर्णय, उपस्थितिको विवरण तथा कार्यविवरण व्यवस्थित रूपमा अभिलेख राखी सम्बन्धित पदाधिकारीबाट प्रमाणित गरिनेछ।

६. गाउँ/नगर समितिको बैठकसम्बन्धी अन्य कार्यविधि दलको विधान, नियमावली तथा समितिले स्वीकृत गरेको कार्यविधिबमोजिम हुनेछ।

७. गाउँ/नगर समितिको बैठक सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**धारा ९५. संसदीय दलको बैठक:**

१. सामान्यतया संसदीय दलको बैठक प्रत्येक तीन महिनामा कम्तीमा एक पटक बस्नेछ। एक बैठक र अर्को बैठकको बीचको अन्तर तीन महिनाभन्दा बढी हुनेछैन।

२. संसदको अधिवेशन चलिरहेको अवस्थामा आवश्यकताअनुसार संसदीय दलको नेता, प्रमुख सचेतक वा संसदीय दलका कम्तीमा एक तिहाइ सदस्यको अनुरोधमा जुनसुकै समयमा विशेष बैठक बोलाउन सकिनेछ। विशेष बैठकको मिति, स्थान तथा कार्यसूचीको जानकारी सम्बन्धित सदस्यहरूलाई समयमै उपलब्ध गराइनेछ।

३. संसदीय दलको बैठकको अध्यक्षता संसदीय दलका नेताले गर्नेछ। नेताको अनुपस्थितिमा उपनेताले र उपनेतासमेत अनुपस्थित भएमा बैठकले चयन गरेको पदाधिकारी वा सदस्यले बैठकको अध्यक्षता गर्नेछ।

४. संसदीय दलको बैठक सञ्चालनका लागि कुल सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा गणपूरक संख्या पुगेको मानिनेछ। बैठकमा उपस्थित सदस्यहरूको सामान्य बहुमतबाट निर्णय गरिनेछ। मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिन सक्नेछ।

५. संसदीय दलका बैठकका निर्णय, उपस्थितिको विवरण तथा कार्यविवरण व्यवस्थित रूपमा अभिलेख राखी सम्बन्धित पदाधिकारीबाट प्रमाणित गरिनेछ।

६. संसदीय दलको बैठकसम्बन्धी अन्य कार्यविधि दलको विधान, संसदीय दलको विधान तथा स्वीकृत कार्यविधिबमोजिम हुनेछ।

७. संसदीय दलको बैठक सम्बन्धी अन्य व्यवस्था सम्बन्धित संसदीय दलको विधान तथा यस विधान बमोजिम बनेको नियमावलीमा तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद-१२

# अनुशासन सम्बन्धी कारबाही र पुनरावेदन

**धारा ९६ आचार संहिताः**

१. दलले सबै तहका पदाधिकारी, सदस्य, प्रतिनिधि, उम्मेदवार तथा दलसँग आबद्ध अन्य व्यक्तिले पालना गर्नुपर्ने आचार संहिता बनाई लागू गर्नेछ।

२. उपधारा (१) बमोजिमको आचार संहिता राष्ट्रिय महाधिवेशनबाट स्वीकृत गरी लागू गरिनेछ र आवश्यकता अनुसार सम्बन्धित तहको अधिवेशन वा सम्बन्धित अधिकारप्राप्त निकायले आफ्नो कार्यक्षेत्रभित्र आवश्यक थप आचार संहिता बनाई लागू गर्न सक्नेछ।

३. उपधारा (२) बमोजिम लागू भएको आचार संहिताको पालना गर्नु दलका सबै तहका प्रत्येक पदाधिकारी, सदस्य, प्रतिनिधि, उम्मेदवार तथा दलसँग आबद्ध व्यक्तिको कर्तव्य हुनेछ।

४. आचार संहिता उल्लङ्घन भएको सम्बन्धमा उजुरी प्राप्त भएमा सम्बन्धित अनुशासन तथा अनुगमन निकायले आवश्यक छानबिन गरी सम्बन्धित व्यक्तिलाई आफ्नो सफाइ पेश गर्ने उचित अवसर प्रदान गर्नु पर्नेछ।

५. आचार संहिता उल्लङ्घन गरेको प्रमाणित भएमा उल्लङ्घनको प्रकृति र गम्भीरताका आधारमा चेतावनी, लिखित स्पष्टीकरण, जिम्मेवारीबाट हटाउने, निश्चित अवधिका लागि निलम्बन, सदस्यता निलम्बन वा समाप्ति लगायतका कारबाही विधान तथा नियमावलीबमोजिम गर्न सकिनेछ। त्यस्तो निर्णय उपर सम्बन्धित व्यक्तिले विधानबमोजिम पुनरावेदन गर्न सक्नेछ।

६. आचार संहिता निर्माण, संशोधन, कार्यान्वयन, अनुगमन, उजुरी, छानबिन, कारबाही तथा पुनरावेदनसम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

८. आचार संहिता सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

**धारा ९७ पदाधिकारी तथा सदस्यले पालना गर्नु पर्ने अनुशासनको नियमः**

१. दलले सबै तहका पदाधिकारी एवं सदस्यहरूले पालना गर्नुपर्ने अनुशासनसम्बन्धी नियमको व्यवस्था गर्न सक्नेछ।

२. उपधारा (१) बमोजिम पालना गर्नुपर्ने अनुशासनसम्बन्धी नियम केन्द्रीय समितिको बैठकबाट स्वीकृत गरी लागू गरिनेछ।

३. उपधारा (२) बमोजिम स्वीकृत भई लागू भएको अनुशासनसम्बन्धी नियमको पालना गर्नु प्रत्येक पदाधिकारी तथा दलका सदस्यको कर्तव्य हुनेछ।

४. अनुशासनसम्बन्धी नियम उल्लङ्घन गर्ने पदाधिकारी वा सदस्य उपर देहायबमोजिम कारबाही गर्न सकिनेछः-

(क) लिखित वा मौखिक चेतावनी दिने,

(ख) स्पष्टीकरण माग गर्ने,

(ग) निश्चित अवधिका लागि जिम्मेवारी वा पदबाट निलम्बन गर्ने,

(घ) दलको कुनै जिम्मेवारीबाट हटाउने,

(ङ) दलको सदस्यता निश्चित अवधिका लागि निलम्बन गर्ने,

(च) गम्भीर अनुशासनहीनता प्रमाणित भएमा विधानबमोजिम दलको सदस्यताबाट हटाउने।

५. उपधारा (४) बमोजिम कारबाही गर्नु अघि सम्बन्धित पदाधिकारी वा सदस्यलाई आरोपको जानकारी दिई उचित समयभित्र आफ्नो सफाइ पेश गर्ने अवसर दिनुपर्नेछ। कारबाहीबाट चित्त नबुझेमा सम्बन्धित व्यक्तिले विधानबमोजिमको पुनरावेदन निकायमा पुनरावेदन गर्न सक्नेछ।

६. दलको अनुशासनसम्बन्धी उजुरी, छानबिन, सफाइ, कारबाही, पुनरावेदन तथा अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

७. दलको अनुशासन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

**धारा ९८ आचारसंहिता तथा अनुशासनको नियमको उल्लंघन गरेको मानिनेः**

१. पदाधिकारी, सदस्य तथा दलका कुनै निकायले देहायबमोजिमको कार्य गरे वा गराएमा धारा ९३ वा ९७ बमोजिम जारी आचारसंहिता वा अनुशासनसम्बन्धी नियम उल्लङ्घन गरेको मानिनेछः-

(क) दलको आदर्श, सिद्धान्त, विधान, नियमावली, नीति तथा कार्यक्रम विपरीत कार्य गरे वा गराएमा,

(ख) नेपालको संविधान तथा प्रचलित कानूनबमोजिम हुने कुनै निर्वाचनमा दलको आधिकारिक निर्णय विपरीत उम्मेदवार बनेमा, दलको आधिकारिक उम्मेदवारको विरुद्धमा प्रचार-प्रसार गरेमा, त्यस्तो उम्मेदवारको विरुद्धमा उम्मेदवारी दिने अन्य

व्यक्तिको प्रस्तावक वा समर्थक बनेमा वा त्यस्तो उम्मेदवारको पक्षमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा कुनै कार्य गरेमा,

(ग) नैतिक पतन देखिने फौजदारी कसुरमा संलग्न भएको, भ्रष्टाचार वा भ्रष्ट क्रियाकलाप गरेको वा राष्ट्र, दल वा सार्वजनिक हितविरुद्ध अवाञ्छित गतिविधिमा संलग्न भएको प्रमाणित भएमा,

(घ) पदीय आचरण वा दलको हितविपरीत आर्थिक अनुशासनहीनता गरेको, दलको कोष, सम्पत्ति, स्रोत वा साधनको दुरुपयोग गरेको वा हिनामिना गरेको प्रमाणित भएमा,

(ङ) छुवाछुत, जातीय भेदभाव, लैङ्गिक विभेद, लैङ्गिक हिंसा, यौन दुर्व्यवहार वा कुनै पनि प्रकारको हिंसाजन्य क्रियाकलाप गरेको वा गराएको प्रमाणित भएमा,

(च) दलका पदाधिकारी, सदस्य वा कार्यकर्ताबीच घृणा, द्वेष, हिंसा, गुटबन्दी वा वैमनस्य फैलाउने तथा दलको एकता, संगठनात्मक अनुशासन र प्रतिष्ठामा गम्भीर असर पर्ने कार्य गरेमा,

(छ) दलको आधिकारिक निर्णय, निर्देशन वा जिम्मेवारीलाई जानाजान अवज्ञा गरी संगठनात्मक कार्यमा बाधा पुऱ्याएमा,

(ज) दलको नाम, झण्डा, चुनाव चिन्ह, लोगो, लेटरप्याड, आधिकारिक परिचय वा पदको अनधिकृत प्रयोग गरी व्यक्तिगत वा समूहगत लाभ लिन खोजेमा,

(झ) दलको गोप्य वा संवेदनशील सूचना अनधिकृत रूपमा सार्वजनिक गरेमा वा दलको हितविपरीत प्रयोग गरेमा,

(ञ) सामाजिक सञ्जाल, सञ्चार माध्यम वा अन्य सार्वजनिक माध्यमबाट दलको आधिकारिक निर्णयविपरीत झुटा, भ्रामक, अपमानजनक वा दलको प्रतिष्ठामा गम्भीर क्षति पुऱ्याउने सामग्री प्रकाशन वा प्रसारण गरेमा,

(ट) दलको सदस्यता, पद, जिम्मेवारी, निर्वाचन वा संगठनात्मक प्रक्रियामा झुटा विवरण, किर्ते कागजात, नक्कली हस्ताक्षर वा अन्य अनियमित माध्यम प्रयोग गरेमा,

(ठ) दलको पद वा जिम्मेवारीको दुरुपयोग गरी व्यक्तिगत, पारिवारिक वा समूहगत स्वार्थ पूरा गरेमा,

(ड) दलको आन्तरिक विवाद समाधानका लागि विधानबमोजिमको प्रक्रिया अवलम्बन नगरी सार्वजनिक रूपमा विवादलाई उक्साउने, संगठनात्मक मर्यादा भङ्ग गर्ने वा दलको निर्णय प्रक्रियालाई प्रभावित पार्ने कार्य गरेमा,

(ढ) प्रचलित कानून, विधान, नियमावली, आचारसंहिता वा अनुशासनसम्बन्धी नियमले निषेध गरेको अन्य कार्य गरेमा।

२. आचारसंहिता वा अनुशासनका नियम उल्लंघन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ

**धारा ९९ अनुशासन सम्बन्धी कारबाही:**

१. दलका सबै तहका समितिले समिति निर्वाचित भएको तीस दिनभित्र समितिको बैठकबाट निर्णय गरी एक जना संयोजक र कम्तीमा एक तिहाइ महिला सदस्य रहने गरी ७ सदस्यीय एक अनुशासन समिति गठन गर्नुपर्नेछ।

२. कुनै पनि पदाधिकारी तथा सदस्यले धारा ९२ वा ९३ बमोजिम जारी भएको आचार संहिता तथा अनुशासनको नियम उल्लंघन गरेमा सम्बन्धित तहको अनुशासन समितिले आचार संहिता उल्लंघन भएको हो होइन छानवीन गरी कारबाहीको लागि सम्बन्धित तहको समितिमा सिफारिस गर्नु पर्नेछ ।

३. उपधारा (२) बमोजिम कारबाहिको लागि सिफारिस गर्नु पूर्व सम्बन्धित पदाधिकारी वा सदस्यलाई सफाई पेश गर्ने मौका दिनु पर्नेछ ।

४. उपधारा (२) बमोजिम कारवाहीको लागि सिफारिस भई आएकोमा सम्बन्धित तहको समितिले कारवाहीको निर्णय गर्नेछ ।

५. उपधारा (४) बमोजिम सम्बन्धित समितिले कारबाहीको निर्णय गर्दा पुनरावेदन गर्नको लागि पन्ध्र दिनको हद म्याद दिनु पर्नेछ ।

६. उपधारा (४) बमोजिम भएको कारबाहीको निर्णय उपर चित्त नबुझेमा सम्बन्धित पदाधिकारी वा सदस्यले तोकिएको हद म्यादभित्र विधानबमोजिमको पुनरावेदन समितिमा पुनरावेदन गर्न सक्नेछ।

७. उपधारा (६) बमोजिम पुनरावेदन परेको अवस्थामा पुनरावेदनको अन्तिम निर्णय नभएसम्म गम्भीर प्रकृतिको बाहेक अन्य कारबाहीको कार्यान्वयन सम्बन्धित पुनरावेदन समितिको निर्णयबमोजिम हुनेछ।

८. अनुशासनात्मक कारबाही तथा कारबाही गर्दा अपनाउनु पर्ने कार्यविधि सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**धारा १०० कारबाही:**

१. देहाय अनुसारको आचारसंहिता तथा अनुशासनको नियम उल्लङ्घन गरेमा चेतावनीसम्म दिइनेछः-

(क) दलको सामान्य निर्णय, निर्देशन वा संगठनात्मक कार्यमा पहिलो पटक सामान्य प्रकृतिको लापरवाही गरेमा,

(ख) दलको आन्तरिक मर्यादा वा अनुशासनमा सामान्य असर पर्ने कार्य गरेमा।

२. देहाय अनुसारको आचारसंहिता तथा अनुशासनको नियम उल्लङ्घन गरेमा बढीमा एक वर्षसम्म निलम्बन गर्न सकिनेछः-

(क) पटक-पटक चेतावनी दिइँदा समेत अनुशासनहीन कार्य दोहोर्‍याएमा,

(ख) दलको निर्णय, निर्देशन वा जिम्मेवारीको जानाजानी अवज्ञा गरी संगठनात्मक कार्यमा बाधा पुर्‍याएमा।

३. देहाय अनुसारको आचारसंहिता तथा अनुशासनको नियम उल्लङ्घन गरेमा दलको पदाधिकारीबाट हटाउन सकिनेछः-

(क) पदीय जिम्मेवारीको दुरुपयोग गरी दलको हितविपरीत कार्य गरेमा,

(ख) आर्थिक अनियमितता, दलको सम्पत्ति वा स्रोतको दुरुपयोग तथा पदीय मर्यादा गम्भीर रूपमा उल्लङ्घन गरेमा।

४. देहाय अनुसारको आचारसंहिता तथा अनुशासनको नियम उल्लङ्घन गरेमा आगामी महाधिवेशन वा अधिवेशनमा दलको कुनै पनि तहमा र पदमा उम्मेदवार बन्नबाट वञ्चित गर्न सकिनेछः-

(क) दलको आधिकारिक उम्मेदवारको विरुद्धमा जानीजानी प्रचार-प्रसार गरेमा वा त्यस्तो उम्मेदवारलाई पराजित गराउने उद्देश्यले कार्य गरेमा,

(ख) दलको आन्तरिक निर्वाचन, महाधिवेशन वा अधिवेशनमा अनुचित प्रभाव, दबाब, प्रलोभन वा अनियमित माध्यम प्रयोग गरी निर्वाचन प्रक्रियालाई प्रभावित गरेमा।

५. देहाय अनुसारको आचारसंहिता तथा अनुशासनको नियम उल्लङ्घन गरेमा बढीमा पाँच वर्षसम्म निलम्बन गर्न सकिनेछः-

(क) दलको आदर्श, सिद्धान्त, नीति, कार्यक्रम तथा विधानको गम्भीर उल्लङ्घन गरी दलको संगठनात्मक एकता, प्रतिष्ठा वा हितमा गम्भीर क्षति पुर्‍याएमा,

(ख) भ्रष्टाचार, आर्थिक हिनामिना, गम्भीर पदीय दुरुपयोग, जातीय भेदभाव, लैङ्गिक हिंसा वा दलको नाममा गम्भीर अनियमितता गरेको प्रमाणित भएमा।

६. देहाय अनुसारको आचारसंहिता तथा अनुशासनको नियम उल्लङ्घन गरेमा दलको साधारण सदस्य समेत नरहने गरी हटाउन सकिनेछः-

(क) राष्ट्रको सार्वभौमिकता, स्वतन्त्रता, भौगोलिक अखण्डता, राष्ट्रिय हित वा संविधानविरुद्ध गम्भीर प्रकृतिको कार्य गरेको प्रमाणित भएमा,

(ख) भ्रष्टाचार, गम्भीर फौजदारी कसुर, दलको सम्पत्तिको गम्भीर हिनामिना, हिंसात्मक गतिविधि वा दलको अस्तित्व तथा प्रतिष्ठामा गम्भीर क्षति पुऱ्याउने कार्य गरेको प्रमाणित भएमा।

**धारा १०१. पुनरावेदन समितिः**

१. दलको सम्बन्धित तहको महाधिवेशन वा अधिवेशनबाट देहायबमोजिम प्रत्येक तहमा एक पुनरावेदन समितिको निर्वाचन हुनेछः-

(क) केन्द्रीय तहमा महाधिवेशनबाट एक जना संयोजक र कम्तीमा एक तिहाई महिला सदस्य रहने गरी बढीमा ७ सदस्यीय पुनरावेदन समिति।

(ख) प्रदेश तहमा प्रदेश अधिवेशनबाट एक जना संयोजक र कम्तीमा एक तिहाई महिला सदस्य रहने गरी बढीमा ७ सदस्यीय पुनरावेदन समिति।

(ग) जिल्ला तहमा जिल्ला अधिवेशनबाट एक जना संयोजक र कम्तीमा एक तिहाई महिला सदस्य रहने गरी बढीमा ५ सदस्यीय पुनरावेदन समिति।

(घ) गाउँ/नगर तहमा गाउँ/नगर अधिवेशनबाट एक जना संयोजक र कम्तीमा एक तिहाई महिला सदस्य रहने गरी बढीमा ३ सदस्यीय पुनरावेदन समिति।

२. पुनरावेदन समितिको पदाधिकारीमा निर्वाचित हुनका लागि सम्बन्धित तहको समितिको पदाधिकारी हुन आवश्यक योग्यता सहरको योग्यता हुनु पर्नेछ ।

३. पुनरावेदन समितिका पदाधिकारीको निर्वाचन सम्बन्धित तहको निर्वाचन समितिले सम्बन्धित तहको कमिटी समितिका पदाधिकारीको निर्वाचनका लागि तय गरेको प्रक्रिया अवलम्बन गरी गराउनेछ ।

४. पुनरावेदन समिति दलको एक स्थायी संरचनाको रुपमा रहनेछ र यसको पदावधि सम्बन्धित तहको समिति सरह हुनेछ ।

५. पुनरावेदन समितिले सम्बन्धित तहको अनुशासन समिति वा समितिबाट भएको कारबाहीको निर्णय उपर परेको पुनरावेदनको छानबिन तथा सुनुवाई गरी आवश्यक निर्णय गर्नेछ। पुनरावेदन समितिको निर्णय सम्बन्धित तहमा अन्तिम हुनेछ।

६. पुनरावेदन समितिले पुनरावेदनको सुनुवाई गर्दा सम्बन्धित पक्षलाई आफ्नो भनाइ तथा प्रमाण पेश गर्ने उचित अवसर प्रदान गर्नुपर्नेछ र पुनरावेदनसम्बन्धी निर्णय लिखित रूपमा अभिलेख राखी सम्बन्धित पक्ष तथा सम्बन्धित समितिलाई जानकारी गराउनु पर्नेछ।

७. पुनरावेदन समिति सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**धारा १०२ पुनरावेदन समितिको काम, कर्तव्य र अधिकार:**

१. पुनरावेदन समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) कुनै पदाधिकारी वा सदस्यउपर भएको कारबाहीका सम्बन्धमा परेको पुनरावेदन ग्रहण गर्ने, दर्ता गर्ने तथा सुनुवाइ गर्ने।

(ख) पुनरावेदनको सुनुवाइ गर्दा प्रचलित कानून, दलको विधान, नियमावली तथा तोकिएबमोजिमको प्रक्रिया पूरा गरी निष्पक्ष, स्वतन्त्र र न्यायोचित ढङ्गबाट सुनुवाइ गर्ने।

(ग) सुनुवाइका क्रममा सम्बन्धित कमिटी/समितिको निर्णय, पदाधिकारी, सदस्य तथा आवश्यक अन्य व्यक्तिसँग बयान, स्पष्टीकरण वा जानकारी लिनुपर्ने भए सो लिने।

(घ) पुनरावेदनसँग सम्बन्धित आवश्यक कागजात, प्रमाण, निर्णय, प्रतिवेदन तथा अन्य सामग्री झिकाई अध्ययन, परीक्षण तथा मूल्याङ्कन गर्ने।

(ङ) पुनरावेदनको विषयमा आवश्यक छानबिन गरी कारबाही बदर गर्ने, कायम राख्ने, संशोधन गर्ने वा पुनः निर्णयका लागि सम्बन्धित निकायमा पठाउने सम्बन्धमा निर्णय तथा सिफारिस गर्ने।

(च) पुनरावेदनको अन्तिम निर्णय लिखित रूपमा तयार गरी सम्बन्धित पक्ष तथा अधिकारप्राप्त निकायलाई जानकारी गराउने।

(छ) पुनरावेदनमाथि निर्णय गर्दा सम्बन्धित पदाधिकारी वा सदस्यलाई आफ्नो कुरा राख्ने तथा उचित प्रतिरक्षाको अवसर प्रदान गर्ने।

(ज) पुनरावेदनसम्बन्धी सम्पूर्ण निर्णय, कागजात तथा अभिलेख सुरक्षित र व्यवस्थित रूपमा राख्ने।

(झ) पुनरावेदनसम्बन्धी कार्यमा निष्पक्षता, पारदर्शिता, प्राकृतिक न्याय तथा समानताको सिद्धान्त कायम गर्ने।

(ञ) दलको विधान, नियमावली तथा अधिकारप्राप्त निकायको निर्णयबमोजिम पुनरावेदन समितिलाई तोकिएका अन्य काम, कर्तव्य तथा अधिकार प्रयोग गर्ने।

२. पुनरावेदन समितिको काम, कर्तव्य र अधिकार सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजि हुनेछ।

**धारा १०३ पुनरावेदनको प्रक्रिया:**

१. दलको सम्बन्धित वडा तहको समितिले गरेको कारबाही उपर गाउँ/नगर समिति तहको पुनरावेदन समिति र गाउँ नगर, जिल्ला, प्रदेश तथा केन्द्रीय तहको समितिले गरेको कारवाही उपर सोही समिति तहको पुनरावेदन समिति समक्ष पुनरावेदन दिन सकिनेछ ।

२. उपधारा (१) बमोजिम पुनरावेदन दिन चाहने व्यक्तिले सम्बन्धित कमिटी समितिबाट भएको निर्णय थाहा पाएको मितिले पन्ध्र दिनभित्र पुनरावेदन गर्न सक्नेछ ।

३. उपधारा (२) बमोजिम पुनरावेदन पर्न आएकोमा सम्बन्धित तहको पुनरावेदन समितिले तीस दिनभित्र बुझ्नु पर्ने सबै प्रमाण कागजात बुझी बढीमा चालीस दिनभित्र निर्णय दिनु पर्नेछ ।

४. उपधारा (३) बमोजिम पुनरावेदन समितिले गरेको निर्णयमा चित्त नबुझेमा गाउँ/नगर तहको पुनरावेदन समितिको निर्णय उपर जिल्ला तहको पुनरावेदन समितिमा, जिल्ला तहको पुनरावेदन समितिको निर्णय उपर प्रदेश तहको पुनरावेदन समितिमा, प्रदेश तहको पुनरावेदन समितिको निर्णय उपर केन्द्रीय तहको पुनरावेदन समितिमा र केन्द्रीय तहको पुनरावेदन समितिको निर्णय उपर केन्द्रीय समितिमा पुनरावलोकनको लागि निवेदन दिन सकिनेछ ।

५. उपधारा (४) बमोजिम पुनरावलोकनको लागि निवेदन परेमा सम्बन्धित तहको समितिले उपधारा (३) बमोजिमको प्रक्रिया र अवधिमा निर्णय दिनु पर्नेछ ।

६. उपधारा (५) बमोजिम भएको निर्णय अन्तिम हुनेछ ।

७. उपधारा (१) बमोजिम पुनरावेदन वा उपधारा (४) बमोजिम पुनरावलोकनको निवेदन दर्ता भएको अवस्थामा सम्बन्धित निर्णयको कार्यान्वयन पुनरावेदन वा पुनरावलोकनको अन्तिम निर्णय नभएसम्म स्थगित रहनेछ। तर गम्भीर प्रकृतिको विषयमा सम्बन्धित पुनरावेदन समिति वा केन्द्रीय समितिले आवश्यक कारणसहित तत्काल कार्यान्वयन गर्न आदेश दिन सक्नेछ।

८. पुनरावेदन वा पुनरावलोकनको सुनुवाई गर्दा सम्बन्धित पक्षलाई आफ्नो भनाइ, सफाइ तथा प्रमाण पेश गर्ने उचित अवसर प्रदान गर्नुपर्नेछ। पुनरावेदन तथा पुनरावलोकन सम्बन्धी सम्पूर्ण निर्णय लिखित रूपमा अभिलेख राखी सम्बन्धित पक्ष तथा सम्बन्धित समितिलाई जानकारी गराउनु पर्नेछ।

९. पुनरावेदन प्रक्रिया सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद-१३

# विवाद समाधान समिति सम्बन्धी व्यवस्था

**धारा १०४ विवाद समाधान समितिः**

दलको आन्तरिक विवाद समाधानका लागि देहायबमोजिमका पदाधिकारी रहेको १५ सदस्यीय विवाद समाधान समिति गठन गर्नुपर्नेछः-

(क) केन्द्रीय समितिले पार्टी अध्यषको प्रस्तावमा १ जना अध्यक्ष र १ जना सचिव सहितको कुल १५ जनाको विवाद समाधान समिति गठन गर्नेछ ।

(ख) विवाद समाधान समितिमा सम्भव भएसम्म कम्तीमा एक तिहाई महिला सदस्यको प्रतिनिधित्व सुनिश्चित गरिनेछ।

(ग) विवाद समाधान समितिका सदस्यहरू विवादमा प्रत्यक्ष संलग्न नभएका, निष्पक्ष तथा अनुभवी व्यक्तिहरूमध्येबाट सम्बन्धित अधिकारप्राप्त निकायले तोक्नेछ।

(घ) समितिले दलभित्र उत्पन्न विवादलाई आपसी छलफल, संवाद, समन्वय तथा मध्यस्थताका माध्यमबाट समाधान गर्ने प्रयास गर्नेछ।

(ङ) विवाद समाधानका क्रममा सम्बन्धित पक्षलाई आफ्नो धारणा, प्रमाण तथा स्पष्टीकरण प्रस्तुत गर्ने पर्याप्त अवसर प्रदान गरिनेछ।

(च) समितिले आवश्यक परेमा सम्बन्धित पदाधिकारी, सदस्य तथा अन्य सरोकारवालासँग बयान, छलफल वा जानकारी लिन सक्नेछ।

(छ) विवाद समाधान गर्दा दलको विधान, नियमावली, प्रचलित कानून, प्राकृतिक न्याय, निष्पक्षता तथा पारदर्शिताको सिद्धान्त पालना गर्नुपर्नेछ।

(ज) विवाद समाधान समितिले गरेको निर्णय वा सिफारिस लिखित रूपमा तयार गरी सम्बन्धित अधिकारप्राप्त निकायसमक्ष पेश गर्नुपर्नेछ।

**धारा १०५. विवाद समाधान समितिको काम, कर्तव्य र अधिकारः**

विवाद समाधान समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) दलभित्र उत्पन्न आन्तरिक विवाद, मतभेद तथा संगठनात्मक समस्याको निष्पक्ष रूपमा अध्ययन गरी समाधानका लागि आवश्यक पहल गर्ने।

(ख) विवादमा संलग्न सम्बन्धित पक्षहरूलाई बोलाई आपसी छलफल, संवाद, सहमति, समन्वय तथा मध्यस्थतामार्फत विवाद समाधान गर्ने प्रयास गर्ने।

(ग) विवादसँग सम्बन्धित आवश्यक कागजात, प्रमाण, निर्णय, प्रतिवेदन तथा अन्य विवरण संकलन गरी अध्ययन तथा मूल्याङ्कन गर्ने।

(घ) सम्बन्धित पदाधिकारी, सदस्य तथा आवश्यक अन्य व्यक्तिसँग बयान, स्पष्टीकरण वा जानकारी लिन सक्ने।

(ङ) विवाद समाधानका क्रममा सम्बन्धित सबै पक्षलाई आफ्नो धारणा, प्रमाण तथा प्रतिरक्षा प्रस्तुत गर्ने उचित अवसर प्रदान गर्ने।

(च) विवाद समाधान गर्दा दलको विधान, नियमावली, प्रचलित कानून, प्राकृतिक न्याय, निष्पक्षता, पारदर्शिता तथा संगठनात्मक हितका आधारभूत सिद्धान्त पालना गर्ने।

(छ) विवाद समाधानका लागि आवश्यक सुझाव, सहमति वा निर्णयको प्रस्ताव तयार गरी सम्बन्धित अधिकारप्राप्त निकायसमक्ष पेश गर्ने।

(ज) गम्भीर प्रकृतिको विवादमा तत्काल आवश्यक अन्तरिम व्यवस्था वा संगठनात्मक सहजीकरणका लागि सम्बन्धित निकायलाई सुझाव दिने।

(झ) विवाद समाधान भएपछि सोसम्बन्धी निर्णय, सहमति, सिफारिस तथा आवश्यक अभिलेख व्यवस्थित रूपमा सुरक्षित राख्ने।

(ञ) दलका विभिन्न तहका समिति तथा निकायबीच उत्पन्न विवाद दोहोरिन नदिन आवश्यक सुझाव तथा सुधारका उपाय सम्बन्धित निकायसमक्ष पेश गर्ने।

(ट) आफूले समाधान गर्न नसक्ने वा आफ्नो अधिकारक्षेत्रभन्दा बाहिर पर्ने विवादलाई कारणसहित सम्बन्धित माथिल्लो अधिकारप्राप्त निकायसमक्ष सिफारिससहित पठाउने।

(ठ) दलको विधान, नियमावली तथा अधिकारप्राप्त निकायले तोकेका अन्य काम, कर्तव्य तथा अधिकार प्रयोग गर्ने।

**धारा १०६. विवाद समाधान प्रक्रियाः**

विवाद समाधान प्रक्रिया देहायबमोजिम हुनेछः-

(क) दलका कुनै समिति, पदाधिकारी वा सदस्यबीच विवाद उत्पन्न भएमा सम्बन्धित पक्षले विवादको विषय, कारण तथा माग स्पष्ट खुलाई लिखित रूपमा सम्बन्धित विवाद समाधान समितिसमक्ष निवेदन दिनुपर्नेछ।

(ख) निवेदन प्राप्त भएपछि विवाद समाधान समितिले आवश्यक प्रारम्भिक अध्ययन गरी विवाद आफ्नो अधिकारक्षेत्रभित्र पर्ने वा नपर्ने सम्बन्धमा निर्णय गर्नेछ।

(ग) अधिकारक्षेत्रभित्र पर्ने विवादमा सम्बन्धित पक्षहरूलाई लिखित सूचना दिई आवश्यक छलफल, संवाद तथा सुनुवाइको अवसर प्रदान गरिनेछ।

(घ) विवाद समाधान समितिले सम्भव भएसम्म आपसी सहमति, संवाद, समन्वय तथा मध्यस्थतामार्फत विवाद समाधान गर्ने प्रयास गर्नेछ।

(ङ) आवश्यक परेमा समितिले सम्बन्धित पदाधिकारी, सदस्य तथा साक्षी वा सरोकारवाला व्यक्तिसँग बयान, स्पष्टीकरण तथा जानकारी लिन सक्नेछ।

(च) विवादसँग सम्बन्धित कागजात, प्रमाण, निर्णय, प्रतिवेदन तथा अन्य आवश्यक सामग्री माग गरी अध्ययन तथा परीक्षण गर्न सकिनेछ।

(छ) विवादका दुवै पक्षलाई आफ्नो धारणा, प्रमाण तथा प्रतिरक्षा प्रस्तुत गर्ने समान र पर्याप्त अवसर दिइनेछ।

(ज) छलफल तथा सुनुवाइपछि विवाद समाधान समितिले उपलब्ध तथ्य, प्रमाण, विधान, नियमावली, प्रचलित कानून तथा प्राकृतिक न्यायका सिद्धान्तका आधारमा लिखित निर्णय वा सिफारिस तयार गर्नेछ।

(झ) विवाद समाधान समितिको निर्णय वा सिफारिस सम्बन्धित पक्ष तथा अधिकारप्राप्त निकायलाई लिखित रूपमा जानकारी गराइनेछ र आवश्यक कार्यान्वयनका लागि सम्बन्धित समितिले व्यवस्था गर्नेछ।

(ञ) समितिको निर्णयबाट असन्तुष्ट पक्षले दलको विधान तथा नियमावलीबमोजिम तोकिएको समयभित्र सम्बन्धित पुनरावेदन समितिसमक्ष पुनरावेदन गर्न सक्नेछ।

(ट) विवाद समाधान प्रक्रियामा सहभागी सबै पदाधिकारी, सदस्य तथा सम्बन्धित पक्षले समितिको कार्यमा सहयोग गर्नुपर्नेछ र गोपनीय राख्नुपर्ने विषय अनधिकृत रूपमा सार्वजनिक गर्न पाइने छैन।

(ठ) विवादको प्रकृति, जटिलता वा गम्भीरताअनुसार आवश्यक परेमा माथिल्लो तहको विवाद समाधान समिति वा अधिकारप्राप्त निकायमा विवाद पठाउन सकिनेछ।

परिच्छेद-१४

## दलको कोष सम्बन्धी व्यवस्था

**१०७. कोष:**

१. दलको एक छुट्टै कोष हुनेछ, जसमा देहाय अनुसारको रकम जम्मा हुनेछः-

(क) सदस्यता शुल्कवापत प्राप्त रकम,

(ख) तोकिएको लेवी वा सदस्यता नवीकरण शुल्कवापत प्राप्त रकम,

(ग) दललाई प्राप्त हुने स्वेच्छिक आर्थिक सहयोगबाट प्राप्त हुने रकम,

(घ) दलले कुनै कार्यक्रम आयोजना गरी सङ्कलन गरेको रकम,

(ङ) प्रकाशन तथा चल अचल सम्पत्ति बिक्रीबाट प्राप्त रकम,

(च) कोषमा रहेको रकम बापत बैंकबाट प्राप्त व्याज रकम,

(छ) सहयोगवापत प्राप्त हुने रकम,

(ज) वैधानीक माध्यम बाट प्रप्त हुने अन्य रकम,

(झ) विधान बमोजिम दललाई प्राप्त हुने जुनसुकै रकम ।

२. उपधारा (१) बमोजिमको कोष प्रत्येक तहको समितिमा रहनेछ ।

३. उपधारा (१) बमोजिमको कोषमा रहेको रकम प्रत्येक तहका समितिले बैंकमा खाता खोली जम्मा गर्नु पर्नेछ ।

४. दलको प्रत्येक तहका समितिको नाममा हुने सबै खर्च सम्बन्धित तहको दलको कोषबाट व्यहोरिनेछ।

५. दलको कोषमा प्राप्त हुने रकम प्राप्त गर्दाका बखत अनुसूची ८ बमोजिमको ढाँचाको रसिद/भरापई उपलब्ध गराईनेछ ।

६. दलको प्रत्येक तहको कोषको रकम दलको स्वीकृत उद्देश्य तथा नीति, कार्यक्रम र बजेटअनुसार मात्र खर्च गर्नुपर्नेछ र कोषको सञ्चालन, आय-व्ययको लेखा, बैंक खाता सञ्चालन तथा आर्थिक पारदर्शिता सम्बन्धी व्यवस्था प्रचलित कानून, यस विधान तथा तोकिएबमोजिम हुनेछ।

७.कोष सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**धारा १०८. बैंक खाता सञ्चालनः**

१. दलको बैंक खाता सम्बन्धित तहको समितिका अध्यक्ष, सचिव र कोषाध्यक्षमध्ये कोषाध्यक्ष अनिवार्य रहने गरी कुनै दुई जनाको संयुक्त दस्तखतबाट सञ्चालन गरिनेछ।

२. बैंक खाताबाट रकम निकासा तथा भुक्तानी गर्दा सम्बन्धित तहको समितिको निर्णय, स्वीकृत बजेट तथा प्रचलित आर्थिक नियमअनुसार गरिनेछ। बैंक खाताको सञ्चालन, रकम जम्मा, निकासा तथा आर्थिक कारोबारको सम्पूर्ण अभिलेख व्यवस्थित रूपमा राख्नुपर्नेछ।

३. दलको बैंक खाता सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

**धारा १०९. रकम खर्च सम्बन्धी व्यवस्थाः**

१. दलको कोषमा रहेको रकम सम्बन्धित तहको महाधिवेशन वा अधिवेशनबाट स्वीकृत नीति, कार्यक्रम तथा बजेटअनुरूप मात्र खर्च गरिनेछ।

२. उपधारा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सम्बन्धित तहको महाधिवेशन वा अधिवेशनले सम्बन्धित तहको समितिलाई निर्णय गरी खर्च गर्न सक्ने गरी अधिकार प्रत्यायोजन गरेकोमा त्यस्तो समितिको निर्णयबमोजिम रकम खर्च गर्न सकिनेछ।

३. दलको कोषबाट रकम खर्च गर्दा स्वीकृत बजेट, कार्यक्रम तथा सम्बन्धित समितिको निर्णयको आधारमा मात्र खर्च गर्नुपर्नेछ। प्रत्येक खर्चको बिल, भरपाई, भौचर तथा आवश्यक प्रमाण कागजात सुरक्षित राख्नुपर्नेछ।

४. दलको कोषको रकम व्यक्तिगत प्रयोजन, गैरकानूनी कार्य वा दलको उद्देश्य तथा कार्यक्रमसँग असम्बन्धित कार्यमा खर्च गर्न पाइने छैन। कोषको रकम खर्च गर्दा पारदर्शिता, मितव्ययिता, जवाफदेहिता तथा प्रचलित कानूनको पालना गर्नुपर्नेछ।

५. दलको कोषबाट रकम खर्च गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

**धारा ११०. लेखा समितिः**

१. दलको प्रत्येक तहका समितिले सम्बन्धित तहका लागि एक जना संयोजक र कम्तीमा एक तिहाई महिला सदस्य रहने गरी एक लेखा समिति गठन गर्नुपर्नेछ।

२. उपधारा (१) बमोजिमको लेखा समिति सम्बन्धित तहको समितिको निर्वाचन भएको मितिले तीस दिनभित्र गठन गरिसक्नुपर्नेछ।

३. उपधारा (२) बमोजिम लेखा समिति गठन भएको विषयमा सम्बन्धित तहको समितिले आफ्नो माथिल्लो समितिलाई तथा निर्वाचन आयोगको सम्बन्धित कार्यालयलाई पन्ध्र दिनभित्र लिखित जानकारी दिनुपर्नेछ।

४. लेखा समितिले सम्बन्धित तहको दलको आय, व्यय, बैंक खाता, कोष, सम्पत्ति तथा आर्थिक कारोबारको नियमित परीक्षण, अनुगमन तथा लेखापरीक्षण गरी आवश्यक सुझाव तथा प्रतिवेदन सम्बन्धित समितिसमक्ष पेश गर्नेछ।

५. लेखा समितिको काम, कर्तव्य, अधिकार तथा लेखा परीक्षणसम्बन्धी अन्य व्यवस्था दलको विधान, नियमावली तथा प्रचलित कानूनबमोजिम हुनेछ।

६. लेखा समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) सम्बन्धित तहको लेखा समितिले सम्बन्धित तहको समितिको आय, व्यय तथा आर्थिक कारोबारको लेखा जाँच गर्ने।

(ख) खण्ड (क) बमोजिम लेखा जाँच गर्दा कुनै कैफियत, अनियमितता वा त्रुटि देखिएमा तत्काल सुधारका लागि सम्बन्धित समितिलाई निर्देशन तथा आवश्यक सुझाव दिने।

(ग) सम्बन्धित तहको समितिको आन्तरिक लेखापरीक्षण नियमित रूपमा हुने व्यवस्था मिलाउने तथा आन्तरिक लेखापरीक्षण प्रतिवेदनको समीक्षा गर्ने।

(घ) सम्बन्धित तहको समितिको अन्तिम लेखापरीक्षण प्रचलित कानून तथा तोकिएबमोजिमको प्रक्रिया पूरा गरी गराउने व्यवस्था मिलाउने।

(ङ) दलको चल तथा अचल सम्पत्तिको यथार्थ विवरण, तथ्याङ्क तथा अभिलेख अद्यावधिक र व्यवस्थित रूपमा राख्ने व्यवस्था मिलाउने।

(च) सम्बन्धित तहको समिति तथा मातहतका निकायको आर्थिक कारोबारमा पारदर्शिता, मितव्ययिता, जवाफदेहिता तथा वित्तीय अनुशासन कायम भए/नभएको अनुगमन गर्ने।

(छ) लेखापरीक्षणका क्रममा देखिएका कैफियत, बेरुजु तथा आर्थिक अनियमितता फछ्र्यौट गर्न सम्बन्धित समितिलाई आवश्यक निर्देशन तथा सुझाव दिने र त्यसको प्रगति अनुगमन गर्ने।

(ज) लेखापरीक्षण तथा आर्थिक अवस्थासम्बन्धी वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित तहको समिति तथा आवश्यकतानुसार माथिल्लो निकायसमक्ष पेश गर्ने।

७. लेखा समितिको काम, कर्तव्य र अधिकार तथा लेखा समिति सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

**धारा १११. कोष सञ्चालनका लागि जिम्मेवार पदाधिकारी:**

१. दलको प्रत्येक तहका समितिले निर्वाचन आयोगको सम्बन्धित कार्यालयमा कोष सञ्चालनसम्बन्धी कार्यका लागि एक जना सम्पर्क व्यक्ति तोक्नुपर्नेछ।

२. उपधारा (१) बमोजिमको सम्पर्क व्यक्ति सम्बन्धित तहको समितिको निर्वाचन भएको मितिले तीस दिनभित्र तोकिसक्नुपर्नेछ।

३. उपधारा (२) बमोजिम तोकिएको सम्पर्क व्यक्तिको सम्बन्धमा सम्बन्धित तहको समितिले आफूभन्दा माथिल्लो समितिलाई र निर्वाचन आयोगको सम्बन्धित कार्यालयलाई पन्ध्र दिनभित्र लिखित जानकारी दिनुपर्नेछ।

४. कुनै कारणवश तोकिएको सम्पर्क व्यक्ति पदमा नरहेमा वा जिम्मेवारी निर्वाह गर्न असमर्थ भएमा सम्बन्धित तहको समितिले वैकल्पिक सम्पर्क व्यक्ति तीस दिनभित्र तोक्नुपर्नेछ र सोको जानकारी सम्बन्धित निकायलाई दिनुपर्नेछ।

५. सम्पर्क व्यक्तिले कोष सञ्चालन, आर्थिक कारोबार तथा निर्वाचन आयोगसँग सम्बन्धित वित्तीय विषयमा सम्बन्धित तहको समितिको तर्फबाट आवश्यक समन्वय तथा सहजीकरण गर्नेछ।

६. सम्पर्क व्यक्तिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) निर्वाचन आयोगको सम्बन्धित कार्यालयसँग नियमित सम्पर्क, समन्वय तथा आवश्यक पत्राचारमा रहने।

(ख) निर्वाचन आयोगबाट जारी भएका निर्देशन, आदेश, सूचना वा कोष तथा आर्थिक कारोबारसम्बन्धी अन्य विषय आफ्नो समितिमा जानकारी गराई आवश्यक छलफल तथा कार्यान्वयनका लागि पहल गर्ने।

(ग) खण्ड (ख) बमोजिम प्राप्त निर्देशन, आदेश तथा निर्णयको प्रभावकारी कार्यान्वयन गर्न गराउन आवश्यक समन्वय तथा प्रयत्न गर्ने।

(घ) खण्ड (ख) बमोजिमका विषयको कार्यान्वयन तथा प्रगतिबारे निर्वाचन आयोगको सम्बन्धित कार्यालयलाई आवश्यक जानकारी तथा प्रतिवेदन उपलब्ध गराउने।

(ङ) सम्बन्धित तहको समितिको कोष, बैंक खाता तथा आर्थिक कारोबारसम्बन्धी आवश्यक विवरण तथा कागजात व्यवस्थित रूपमा संकलन गरी माग भएबमोजिम सम्बन्धित निकायमा उपलब्ध गराउने।

(च) निर्वाचन आयोग, लेखा समिति तथा सम्बन्धित तहको समितिबीच आर्थिक तथा कोषसम्बन्धी विषयमा आवश्यक समन्वय र सहजीकरण गर्ने।

(छ) दलको कोष तथा आर्थिक कारोबारसम्बन्धी प्रचलित कानून, निर्वाचन आयोगका निर्देशन तथा दलको विधान र नियमावलीको पालना भए/नभएको विषयमा सम्बन्धित समितिलाई आवश्यक जानकारी तथा सुझाव दिने।

(ज) कोष सञ्चालन तथा आर्थिक कारोबारसँग सम्बन्धित महत्वपूर्ण निर्णय, पत्राचार, निर्देशन तथा अभिलेख सुरक्षित र व्यवस्थित रूपमा राख्ने।

(झ) निर्वाचन आयोगले माग गरेको आर्थिक, वित्तीय वा कोषसम्बन्धी विवरण तथा प्रतिवेदन तोकिएको समयभित्र सम्बन्धित निकायमार्फत उपलब्ध गराउन आवश्यक समन्वय गर्ने।

(ञ) सम्पर्क व्यक्तिको काम, कर्तव्य र अधिकार तथा कोष सञ्चालनसम्बन्धी अन्य व्यवस्था प्रचलित कानून, निर्वाचन आयोगको निर्देशन तथा तोकिएबमोजिम हुनेछ।

७. सम्पर्क व्यक्तिको काम, कर्तव्य र अधिकार तथा सम्पर्क व्यक्ति सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**धारा ११२. लेखा व्यवस्थापनः**

१. दलको लेखा निर्वाचन आयोगले तोकेको ढाँचामा दोहोरो लेखा प्रणाली अनुरूप व्यवस्थित रूपमा राखिनेछ।

२. दलको सम्बन्धित तहको समितिको लेखा राख्नका लागि दलको समिति निर्वाचित भएको मितिले तीस दिनभित्र सम्बन्धित तहको समितिले आवश्यक पदाधिकारी तोक्नुपर्नेछ।

३. उपधारा (२) बमोजिम लेखा राख्न तोकिएको पदाधिकारीको विवरण सम्बन्धित तहको समितिले पदाधिकारी तोकिएको मितिले पन्ध्र दिनभित्र आफूभन्दा माथिल्लो समिति र निर्वाचन आयोगको सम्बन्धित कार्यालयलाई लिखित जानकारी दिनुपर्नेछ।

४. दलको जग्गा, भवन, सवारी साधन, मेशिन तथा औजार, फर्निचर, फिक्स्चरलगायत अन्य चल तथा अचल सम्पत्तिको लेखांकन, अभिलेखीकरण तथा अद्यावधिक विवरण राखिनेछ।

५. दलको प्रत्येक तहका समितिले आय, व्यय, बैंक कारोबार, सम्पत्ति तथा दायित्वसम्बन्धी आवश्यक विवरण र प्रमाण कागजात सुरक्षित तथा व्यवस्थित रूपमा राख्नुपर्नेछ।

६. दलका सबै आर्थिक कारोबारलाई सम्बन्धित बैंक खाता तथा आधिकारिक लेखा अभिलेखमार्फत पारदर्शी रूपमा सञ्चालन गरी प्रत्येक आर्थिक वर्षको हिसाब-किताब तयार गरी प्रचलित कानूनबमोजिम लेखापरीक्षण गराउनुपर्नेछ।

७. लेखा व्यवस्थापनसम्बन्धी अन्य व्यवस्था प्रचलित कानून, निर्वाचन आयोगको निर्देशन तथा तोकिएबमोजिम हुनेछ।

**धारा ११३. आन्तरिक लेखापरीक्षण:**

१. सम्बन्धित तहको समितिको कोषको आय-व्यय तथा आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गर्नका लागि सम्बन्धित तहको लेखा समितिले विषयविज्ञमध्येबाट एक जना आन्तरिक लेखापरीक्षक नियुक्त गर्नेछ।

२. उपधारा (१) बमोजिम नियुक्त आन्तरिक लेखापरीक्षकले सम्बन्धित तहको समितिको आय-व्यय, बैंक कारोबार, आर्थिक अभिलेख, भौचर, बिल, भरपाई तथा अन्य वित्तीय कारोबारको नियमित आन्तरिक लेखापरीक्षण गरी मासिक रूपमा लेखा समितिसमक्ष प्रतिवेदन पेश गर्नुपर्नेछ।

३. उपधारा (२) बमोजिम पेश भएको आन्तरिक लेखापरीक्षण प्रतिवेदन लेखा समितिले अध्ययन, समीक्षा तथा आवश्यक सुधारका लागि सम्बन्धित तहको समितिसमक्ष पेश गर्नुपर्नेछ।

४. आन्तरिक लेखापरीक्षणका क्रममा कुनै कैफियत, बेरुजु, आर्थिक अनियमितता वा त्रुटि देखिएमा लेखा समितिले सम्बन्धित तहको समितिलाई आवश्यक सुधार, फछ्र्यौट तथा नियन्त्रणका लागि निर्देशन तथा सुझाव दिन सक्नेछ।

५. सम्बन्धित तहको समितिले आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएका कैफियत तथा बेरुजु सुधार वा फछ्र्यौट गरी सोको जानकारी लेखा समितिसमक्ष पेश गर्नुपर्नेछ।

६. आन्तरिक लेखापरीक्षकको नियुक्ति, सेवा, सुविधा, योग्यता, कार्यक्षेत्र तथा आन्तरिक लेखापरीक्षणसम्बन्धी अन्य व्यवस्था प्रचलित कानून, निर्वाचन आयोगको निर्देशन तथा तोकिएबमोजिम हुनेछ।

**धारा ११४. अन्तिम लेखापरीक्षण:**

१. दलको सम्बन्धित तहका समितिले आर्थिक वर्ष समाप्त भएको छ महिनाभित्र आफ्नो आय, व्यय तथा आर्थिक कारोबारको अन्तिम लेखापरीक्षण इजाजतप्राप्त लेखापरीक्षकबाट गराउनुपर्नेछ।

२. उपधारा (१) बमोजिमको लेखापरीक्षण गर्दा दलको आय-व्यय, बैंक कारोबार, सम्पत्ति, दायित्व, कोष तथा आर्थिक अभिलेखको परीक्षण गरी लेखापरीक्षण प्रतिवेदन तयार गर्नुपर्नेछ।

३. लेखापरीक्षणबाट देखिएका कैफियत, बेरुजु, अनियमितता वा सुधार गर्नुपर्ने विषय सम्बन्धित तहको समितिले तोकिएको समयभित्र सुधार तथा फछ्र्यौट गरी सोको अभिलेख सुरक्षित राख्नुपर्नेछ र आवश्यकतानुसार माथिल्लो समिति तथा निर्वाचन आयोगको सम्बन्धित कार्यालयमा प्रतिवेदन पेश गर्नुपर्नेछ।

४. लेखापरीक्षक नियुक्ति, पारिश्रमिक, लेखापरीक्षणको प्रक्रिया, प्रतिवेदन पेश गर्ने व्यवस्था तथा लेखापरीक्षणसम्बन्धी अन्य व्यवस्था प्रचलित कानून, निर्वाचन आयोगको निर्देशन तथा तोकिएबमोजिम हुनेछ।

स्पष्टीकरण: यस धाराको प्रयोजनका लागि “आर्थिक वर्ष” भन्नाले नेपाल सरकारले प्रचलित कानूनबमोजिम तोकेको आर्थिक वर्ष सम्झनुपर्छ।

**धारा ११५. लेखापरीक्षण प्रतिवेदन सार्वजनिक:**

१. सम्बन्धित तहको समितिले धारा ११५ बमोजिमको अवधिभित्र लेखापरीक्षण कार्य सम्पन्न गरी सोको प्रतिवेदन लेखापरीक्षण सम्पन्न भएको मितिले तीस दिनभित्र निकट माथिल्लो तहको समितिसमक्ष पेश गर्नुपर्नेछ।

२. सम्बन्धित तहको समितिले उपधारा (१) बमोजिम निकट माथिल्लो तहको समितिसमक्ष लेखापरीक्षण प्रतिवेदन पेश गरेको मितिले तीस दिनभित्र उक्त लेखापरीक्षण प्रतिवेदन सार्वजनिक गर्नुपर्नेछ।

३. उपधारा (१) बमोजिमको लेखापरीक्षण प्रतिवेदन प्रचलित कानूनमा भएको व्यवस्था वा निर्वाचन आयोगको निर्देशनबमोजिम निर्वाचन आयोगको सम्बन्धित कार्यालयमा समेत पेश गर्नुपर्नेछ।

४. लेखापरीक्षण प्रतिवेदनका साथ दलको जग्गा, भवन, सवारी साधन, मेशिन तथा औजार, फर्निचर, फिक्स्चरलगायत अन्य चल तथा अचल सम्पत्तिको अद्यावधिक विवरण समेत सार्वजनिक गरिनेछ।

५. सार्वजनिक गरिएको लेखापरीक्षण प्रतिवेदनमा दलको सम्बन्धित तहको कुल आय, कुल खर्च, बैंक तथा नगद मौज्दात, सम्पत्ति, दायित्व तथा प्रमुख आर्थिक कारोबारको विवरण स्पष्ट रूपमा उल्लेख गरिनेछ।

६. सार्वजनिक गरिएको लेखापरीक्षण प्रतिवेदन तथा सम्पत्तिको विवरण दलको आधिकारिक वेबसाइट, सूचना पाटी वा सार्वजनिक सूचना माध्यम मार्फत सर्वसाधारणको जानकारीका लागि उपलब्ध गराउन सकिनेछ।

७. लेखापरीक्षण प्रतिवेदन सार्वजनिक गर्ने, अभिलेख राख्ने, निर्वाचन आयोगमा पेश गर्ने तथा सम्पत्तिको विवरण प्रकाशन गर्ने सम्बन्धी अन्य व्यवस्था प्रचलित कानून, निर्वाचन आयोगको निर्देशन तथा तोकिएबमोजिम हुनेछ।

**धारा ११६. कोष तथा आर्थिक व्यवस्थापन सम्बन्धी अन्य व्यवस्थाः**

१. दलको जग्गा, भवन, सवारी साधन, मेशिन तथा औजार, फर्निचर, फिक्स्चरलगायत अन्य चल तथा अचल सम्पत्तिको स्पष्ट विवरण खुल्ने गरी अनुसूची-९ बमोजिमको ढाँचामा सम्पत्ति अभिलेख तथा लगत राखिनेछ।

२. उपधारा (१) बमोजिम राखिएको सम्पत्ति अभिलेख तथा लगतको विवरण प्रत्येक वर्ष चैत्र मसान्तभित्र अद्यावधिक गरी सार्वजनिक गरिनेछ।

३. दलको सम्पत्ति खरिद, बिक्री, हस्तान्तरण, भाडामा दिने, लिने वा अन्य कुनै किसिमले व्यवस्थापन गर्दा सम्बन्धित तहको समितिको निर्णय, स्वीकृत बजेट तथा प्रचलित कानूनबमोजिम गर्नुपर्नेछ। सम्पत्तिको कारोबारको आवश्यक कागजात तथा अभिलेख सुरक्षित राखिनेछ।

४. दलको कोष तथा सम्पत्तिको संरक्षण, उपयोग र व्यवस्थापनमा पारदर्शिता, मितव्ययिता, जवाफदेहिता तथा वित्तीय अनुशासन कायम गरिनेछ। दलको सम्पत्ति व्यक्तिगत प्रयोजन वा दलको उद्देश्यविपरीत प्रयोग गर्न पाइने छैन।

५. दलको कोष तथा लेखा व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था प्रचलित कानून, निर्वाचन आयोगको निर्देशन तथा तोकिएबमोजिम हुनेछ।

परिच्छेद-१५

## विधान संशोधन

**धारा ११७. विधान संशोधन कार्यदल:**

१. दलको विधान संशोधन गर्न आवश्यक देखिएमा केन्द्रीय समितिले एक जना संयोजकसहित बढीमा ११ सदस्यीय विधान संशोधन कार्यदल गठन गर्नेछ।

२. उपधारा (१) बमोजिमको कार्यदलमा कम्तीमा एक तिहाई महिला सदस्य रहनेछन्।

३. उपधारा (१) बमोजिमको कार्यदल समानुपातिक समावेशी सिद्धान्तका आधारमा गठन गरिनेछ र सम्भव भएसम्म महिला, दलित, आदिवासी जनजाति, मधेसी, थारू, मुस्लिम, पिछडिएको क्षेत्र तथा अन्य समावेशी समूहका प्रतिनिधित्व सुनिश्चित गरिनेछ।

४. विधान संशोधन कार्यदलले दलको विधानको विद्यमान व्यवस्था, कार्यान्वयनमा देखिएका समस्या, आवश्यक सुधार तथा समसामयिक आवश्यकता अध्ययन गरी संशोधन गर्नुपर्ने विषय पहिचान गर्नेछ।

५. विधान संशोधन कार्यदलले तयार गरेको संशोधन प्रस्ताव केन्द्रीय समितिसमक्ष पेश गर्नेछ र केन्द्रीय समितिले आवश्यक छलफल तथा परिमार्जन गरी राष्ट्रिय महाधिवेशन/विशेष महाधिवेशनसमक्ष स्वीकृतिका लागि पेश गर्नेछ।

६. विधान संशोधन कार्यदलको गठन, कार्यक्षेत्र, कार्यविधि, समयावधि तथा विधान संशोधनसम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

**धारा ११८. विधान संशोधन कार्यदलले गर्नुपर्ने कार्य:**

१. विधान संशोधन कार्यदलले देहायबमोजिमको प्रक्रिया अवलम्बन गरी विधान संशोधनको मस्यौदा तयार गर्नुपर्नेछ:-

(क) प्रदेश, जिल्ला, गाउँ/नगर तथा वडा समिति/कमिटीबाट विधान संशोधन गर्नुपर्ने विषयमा आवश्यक सुझाव तथा राय माग गर्ने।

(ख) खण्ड (क) बमोजिम प्राप्त सुझाव, राय तथा प्रस्तावको अध्ययन गरी आवश्यक विषय समेटेर विधान संशोधनको प्रारम्भिक खाका तयार गर्ने।

(ग) खण्ड (ख) बमोजिम तयार गरिएको संशोधनको खाकामाथि केन्द्रीय समिति/कमिटी तथा आवश्यकता अनुसार प्रदेश, जिल्ला, गाउँ/नगर तथा वडा समिति/कमिटीसँग छलफल, परामर्श तथा सुझाव संकलन गर्ने।

(घ) प्राप्त सुझाव तथा छलफलका आधारमा विधान संशोधनको मस्यौदा तयार गरी प्रतिवेदनसहित केन्द्रीय समितिसमक्ष पेश गर्ने।

(ङ) विधानको प्रस्तावित संशोधनका प्रत्येक विषयको औचित्य, आवश्यकता तथा प्रभाव स्पष्ट हुने गरी संशोधन प्रस्ताव र कारणसहितको विवरण तयार गर्ने।

(च) विधान संशोधनको अन्तिम मस्यौदा राष्ट्रिय महाधिवेशन/विशेष महाधिवेशनसमक्ष पेश गर्नुअघि आवश्यक कानुनी, संगठनात्मक तथा समावेशी पक्षको पुनरावलोकन गरी अन्तिम सिफारिससहित केन्द्रीय समितिमा पेश गर्ने।

२. विधान संशोधन कार्यदलको कार्यसम्पादन, कार्यदलले अपनाउनुपर्ने प्रक्रिया, सुझाव तथा परामर्श संकलन, मस्यौदा तयारी, प्रतिवेदन पेश गर्ने प्रक्रिया तथा यससम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

**धारा ११९. विधान संशोधन प्रस्ताव:**

१. धारा ११४ को खण्ड (घ) बमोजिम प्राप्त प्रतिवेदनका आधारमा केन्द्रीय समितिले अनुसूची-१० बमोजिमको ढाँचामा विधान संशोधनको प्रस्ताव तयार गर्नुपर्नेछ।

२. उपधारा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि केन्द्रीय समितिले अनुसूची-१० बमोजिमको ढाँचामा विधान संशोधनको प्रस्ताव तयार गर्ने जिम्मेवारी विधान संशोधन कार्यदललाई तोक्न सक्नेछ।

३. उपधारा (२) बमोजिम जिम्मेवारी तोकिएकोमा सोहीबमोजिम विधान संशोधनको प्रस्ताव तयार गरी केन्द्रीय समितिसमक्ष पेश गर्नु विधान संशोधन कार्यदलको जिम्मेवारी हुनेछ।

४. विधान संशोधनको प्रस्ताव तयार गर्दा विद्यमान विधानको कुन धारा, उपधारा, खण्ड वा व्यवस्थामा संशोधन गर्नुपर्ने हो, प्रस्तावित संशोधनको व्यहोरा तथा संशोधन गर्नुपर्ने कारण र औचित्य स्पष्ट रूपमा उल्लेख गर्नुपर्नेछ।

५. केन्द्रीय समितिले विधान संशोधन प्रस्तावमाथि आवश्यक छलफल, अध्ययन तथा परामर्श गरी परिमार्जन गर्न सक्नेछ र स्वीकृत प्रस्तावलाई राष्ट्रिय महाधिवेशन वा विशेष महाधिवेशनसमक्ष निर्णयार्थ पेश गर्नेछ।

६. विधान संशोधन प्रस्ताव तयार गर्ने, छलफल गर्ने, परिमार्जन गर्ने, पेश गर्ने तथा स्वीकृत गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

**धारा १२०. विधान संशोधनको प्रक्रिया:**

१. दलको विधान संशोधन राष्ट्रिय महाधिवेशन वा विशेष महाधिवेशनबाट मात्र गरिनेछ।

२. उपधारा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै निश्चित विषयका सम्बन्धमा विधान संशोधन गर्ने अधिकार राष्ट्रिय महाधिवेशनले केन्द्रीय सभा/परिषदलाई प्रत्यायोजन गर्न सक्नेछ।

३. उपधारा (२) बमोजिम अधिकार प्रत्यायोजन भएकोमा प्रत्यायोजन गरिएको विषय र अधिकारको सीमाभित्र मात्र केन्द्रीय सभा/परिषदले विधान संशोधन गर्न सक्नेछ।

४. विधान संशोधन प्रस्ताव राष्ट्रिय महाधिवेशन वा विशेष महाधिवेशनमा पेश गर्नुअघि केन्द्रीय समितिले प्रस्तावको आवश्यक अध्ययन, छलफल तथा कानुनी र संगठनात्मक परीक्षण गरी स्वीकृतिका लागि पेश गर्नेछ।

५. राष्ट्रिय महाधिवेशन वा विशेष महाधिवेशनबाट स्वीकृत भएको विधान संशोधन सम्बन्धित निर्णयअनुसार अभिलेखमा समावेश गरी दलका सबै तहका समिति तथा निकायमा कार्यान्वयन गरिनेछ।

६. विधान संशोधन प्रस्ताव तयार गर्ने, पेश गर्ने, छलफल गर्ने, निर्णय गर्ने, अभिलेख राख्ने तथा कार्यान्वयन गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

**धारा १२१. संशोधित विधानको प्रमाणीकरण:**

१. संशोधित विधान राष्ट्रिय महाधिवेशन वा विशेष महाधिवेशनबाट पारित भएको निर्णयका आधारमा महाधिवेशनद्वारा तोकिएको समितिले प्रमाणित गर्नेछ।

२. उपधारा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि धारा ११६ को उपधारा (२) बमोजिम केन्द्रीय सभा/परिषदलाई विधान संशोधन गर्ने अधिकार प्रत्यायोजन गरिएको अवस्थामा त्यस्तो सभा/परिषदका अध्यक्ष र तत्काल कायम रहेका केन्द्रीय समितिका प्रमुख पदाधिकारीहरूले संयुक्त रूपमा संशोधित विधान प्रमाणित गर्नुपर्नेछ।

३. संशोधित विधान प्रमाणित गर्दा संशोधन भएको धारा, उपधारा, खण्ड तथा संशोधनसम्बन्धी निर्णयको विवरण स्पष्ट रूपमा अभिलेखमा राख्नुपर्नेछ।

४. प्रमाणित संशोधित विधानको एक प्रति दलको केन्द्रीय कार्यालयमा सुरक्षित राखी आवश्यकतानुसार सम्बन्धित प्रदेश, जिल्ला, गाउँ/नगर तथा अन्य समितिलाई उपलब्ध गराउनुपर्नेछ।

५. विधान संशोधनको प्रमाणीकरण, अभिलेखीकरण, प्रतिलिपि वितरण तथा सम्बन्धित निकायमा जानकारी गराउनेसम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

**धारा १२२. संशोधित विधान लागू हुने:**

१. धारा ११७ बमोजिम प्रमाणित विधान धारा ११४ को उपधारा (१) को ढाँचामा विधान संशोधन भएको मितिले पन्ध्र दिनभित्र आयोगमा पेश गरिनेछ ।

२. उपधारा (१) बमोजिमको पेश गरिएको संशोधित विधान आयोगबाट स्वीकृति प्राप्त गरेको मिति देखी लागू हुनेछ ।

## परिच्छेद-१६

# दल विघटन हुने अवस्था र विघटन भएमा सम्पत्ति तथा दायित्वको व्यवस्थापन

### धारा १२३. दल विघटन सम्बन्धी व्यवस्था:

१. दलको विघटन गर्न उपयुक्त छ भनी तत्काल कायम रहेको केन्द्रीय समितिको दुई तिहाइ सदस्यबाट निर्णय गरी तत्काल कायम रहेको केन्द्रीय सभा/परिषदसमक्ष प्रस्ताव पेश गर्न सकिनेछ।

२. उपधारा (१) बमोजिम प्रस्ताव पेश भएकोमा तत्काल कायम रहेको केन्द्रीय सभा/परिषदको कुल सदस्य संख्याको दुई तिहाइ सदस्यले दल विघटन गर्ने निर्णय गरेमा दल विघटन भएको मानिनेछ।

३. दल विघटनसम्बन्धी प्रस्तावमाथि निर्णय गर्नु अघि केन्द्रीय सभा/परिषदमा आवश्यक छलफल तथा बहस गरिनेछ र सम्बन्धित सदस्यहरूलाई आफ्नो धारणा राख्ने अवसर प्रदान गरिनेछ।

४. दल विघटन गर्ने निर्णय भएको अवस्थामा दलको चल तथा अचल सम्पत्ति, कोष, दायित्व, अभिलेख, कागजात तथा अन्य जायजेथाको विवरण तयार गरी प्रचलित कानूनबमोजिम फछ्र्यौट तथा व्यवस्थापन गरिनेछ।

५. उपधारा (२) बमोजिम दल विघटन भएमा दलको सम्पूर्ण जायजेथा तथा सम्पत्ति प्रचलित कानूनबमोजिम नेपाल सरकारको हुनेछ।

६. दल विघटनसम्बन्धी प्रस्ताव, निर्णय, सम्पत्ति तथा दायित्वको व्यवस्थापन, अभिलेख, निर्वाचन आयोगलाई जानकारी तथा अन्य आवश्यक प्रक्रिया सम्बन्धी व्यवस्था प्रचलित कानून तथा तोकिएबमोजिम हुनेछ।

परिच्छेद-१७

# विविध

## धारा १२४. उम्मेदवार मनोनयनको मापदण्डः

१. नेपालको संविधान तथा प्रचलित कानूनबमोजिम हुने निर्वाचनमा दलको तर्फबाट उम्मेदवार मनोनयन गर्दा देहायको मापदण्डको आधारमा गरिनेछः-

(क) उम्मेदवारले दलको नीति, सिद्धान्त, विधान तथा कार्यक्रमप्रति प्रतिबद्ध भई दलको अनुशासन पालना गरेको हुनुपर्नेछ।

(ख) उम्मेदवारको योग्यता, क्षमता, इमानदारी, सामाजिक प्रतिष्ठा, जनसमर्थन, संगठनमा गरेको योगदान तथा निर्वाचन क्षेत्रसँगको सम्बन्धलाई आधार मानिनेछ।

(ग) उम्मेदवार चयन गर्दा समानुपातिक समावेशी सिद्धान्त, सामाजिक विविधता, महिला तथा विभिन्न समुदायको प्रतिनिधित्व र भौगोलिक सन्तुलनलाई प्राथमिकता दिइनेछ।

(घ) उम्मेदवारले नेपालको संविधान तथा प्रचलित कानूनबमोजिम निर्वाचनमा उम्मेदवार हुन आवश्यक योग्यता पूरा गरेको हुनुपर्नेछ।

(ङ) भ्रष्टाचार, गम्भीर फौजदारी कसुर वा सार्वजनिक नैतिकताविपरीत गम्भीर आचरणका कारण कानूनबमोजिम उम्मेदवार हुन अयोग्य ठहरिएको व्यक्ति उम्मेदवार बन्न पाउने छैन।

२. उपधारा (१) बमोजिम उम्मेदवार मनोनयन गर्दा देहायको प्रक्रिया अवलम्बन गरिनेछः-

(क) सम्बन्धित निर्वाचन तह तथा क्षेत्रबाट सम्भावित उम्मेदवारहरूको नामावली संकलन गरी सम्बन्धित संगठनात्मक समितिले आवश्यक छलफल तथा सिफारिस गर्नेछ।

(ख) प्राप्त सिफारिस, उम्मेदवारको योग्यता, क्षमता, जनसमर्थन, समावेशिता तथा दलको संगठनात्मक आवश्यकताको मूल्याङ्कन गरी सम्बन्धित अधिकारप्राप्त निकायले उम्मेदवारको छनोट तथा मनोनयन गर्नेछ।

(ग) उम्मेदवारको अन्तिम मनोनयन दलको विधान, नियमावली, निर्वाचनसम्बन्धी प्रचलित कानून तथा केन्द्रीय समितिले तोकेको प्रक्रियाबमोजिम गरिनेछ।

(घ) उम्मेदवार मनोनयन गर्दा एकभन्दा बढी व्यक्तिको दाबी भएमा आवश्यकतानुसार आन्तरिक निर्वाचन, सहमति, प्रतिस्पर्धात्मक छनोट वा अन्य तोकिएको विधिबाट उम्मेदवार छनोट गर्न सकिनेछ।

(ङ) उम्मेदवार मनोनयनसम्बन्धी निर्णय, सिफारिस तथा अभिलेख व्यवस्थित रूपमा राखिनेछ र सम्बन्धित निकायलाई आवश्यक जानकारी गराइनेछ।

**धारा १२५. सम्पर्क व्यक्तिः**

१. आयोगसँग निरन्तर सम्पर्क, समन्वय, सहकार्य र सहजीकरण गर्नका लागि दलले देहाय अनुसार सम्पर्क व्यक्तिको व्यवस्था गर्नेछः-

(क) केन्द्रीय समितिको तर्फबाट निर्वाचन आयोगको केन्द्रीय कार्यालयमा सम्पर्कका लागि केन्द्रीय समतिको निर्वाचन भएको तीस दिनभित्र केन्द्रीय समितिको बैठकले प्रतिनिधि तोक्ने निर्णय गरी सात दिनभित्र आयोगको केन्द्रीय कार्यालयमा जानकारी दिइनेछ,

(ख) प्रदेश समितिको तर्फबाट निर्वाचन आयोगको प्रदेश कार्यालयमा सम्पर्कका लागि प्रदेश समितिको निर्वाचन भएको तीस दिनभित्र प्रदेश समितिको बैठकले प्रतिनिधि तोक्ने निर्णय गरी सात दिनभित्र आयोगको प्रदेश कार्यालयमा जानकारी दिइनेछ,

(ग) जिल्ला समितिको तर्फबाट निर्वाचन आयोगको जिल्ला कार्यालयमा सम्पर्कका लागि जिल्ला समतिको निर्वाचन भएको तीस दिनभित्र जिल्ला समितिको बैठकले प्रतिनिधि तोक्ने निर्णय गरी सात दिनभित्र आयोगको जिल्ला कार्यालयमा जानकारी दिइनेछ,

(घ) गाउँ/नगर समितिको तर्फबाट निर्वाचन आयोगको जिल्ला कार्यालय तथा स्थानीय तहका सम्पर्क व्यक्ति सँग सम्पर्कका लागि गाउँ/नगर समितिको निर्वाचन भएको तीस दिनभित्र गाउँ/नगर समितिको बैठकले प्रतिनिधि तोक्ने निर्णय गरी सात दिनभित्र आयोगको जिल्ला निर्वाचन कार्यालय स्थानीय तहका सम्पर्क व्यक्तिलाई जानकारी दइनेछ ।

२. उपधारा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि निर्वाचन आयोगले निर्णय गरी माग गरेबमोजिम सम्पर्क व्यक्ति तोकी पठाउनु दलको कर्तव्य हुनेछ।

३. उपधारा (१) र (२) बमोजिम तोकिएका सम्पर्क व्यक्तिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) दलको सम्बन्धित तहको कमिटी/समितिको तर्फबाट निर्वाचन आयोगसँग निरन्तर सम्पर्क, समन्वय तथा आवश्यक पत्राचारमा रहने।

(ख) दलको तर्फबाट निर्वाचन आयोगमा पेश गर्नुपर्ने कागजात, विवरण, प्रतिवेदन तथा अन्य आवश्यक सामग्री तोकिएको समयभित्र पेश गर्ने/गराउने व्यवस्था मिलाउने।

(ग) निर्वाचन आयोगबाट सम्बन्धित सम्पर्क व्यक्तिलाई लक्षित गरी आयोजना गरिएका बैठक, प्रशिक्षण, छलफल, अन्तरक्रिया तथा अन्य कार्यक्रममा दलको तर्फबाट सहभागी हुने।

(घ) निर्वाचन आयोगबाट प्राप्त सूचना, जानकारी, निर्देशन, आदेश वा अन्य आवश्यक पत्राचार सम्बन्धित तहको समितिका अध्यक्ष तथा आवश्यकता अनुसार अन्य पदाधिकारीलाई तत्काल जानकारी गराउने।

(ङ) निर्वाचन आयोगसँग सम्बन्धित दलका कामकारबाही, निर्णय तथा आवश्यक विवरणको अभिलेख व्यवस्थित रूपमा राख्ने तथा माग भएका अवस्थामा सम्बन्धित निकायमा उपलब्ध गराउने।

(च) निर्वाचन आयोगबाट प्राप्त निर्देशन, सूचना तथा जानकारीको कार्यान्वयनका लागि सम्बन्धित तहको समिति तथा पदाधिकारीबीच आवश्यक समन्वय र सहजीकरण गर्ने।

४. तोकिएको सम्पर्क व्यक्ति परिवर्तन भएमा सम्बन्धित तहको समितिले नयाँ सम्पर्क व्यक्ति तोकी सोको जानकारी निर्वाचन आयोग तथा आफूभन्दा माथिल्लो समितिलाई तोकिएको समयभित्र लिखित रूपमा गराउनुपर्नेछ।

५. सम्पर्क व्यक्तिले आफ्नो जिम्मेवारी निर्वाह गर्दा दलको विधान, नियमावली, निर्वाचनसम्बन्धी प्रचलित कानून तथा निर्वाचन आयोगबाट जारी निर्देशन र आदेशको पालना गर्नुपर्नेछ।

६. सम्पर्क व्यक्ति सम्बन्धी अन्य व्यवस्था प्रचलित कानून, निर्वाचन आयोगको निर्देशन तथा तोकिएबमोजिम हुनेछ।

**धारा १२६. कर्मचारी व्यवस्थापन:**

१. दलले आफ्नो संगठनात्मक तथा प्रशासनिक आवश्यकता अनुसार आवश्यक कर्मचारी भर्ना गर्न तथा कर्मचारीको सेवा, शर्त, सुविधा र पारिश्रमिक निर्धारण गर्न सक्नेछ।

२. कर्मचारी भर्ना गर्दा योग्यता, क्षमता, अनुभव, दक्षता तथा आवश्यकतानुसार समानुपातिक समावेशी सिद्धान्तलाई आधार मानिनेछ।

३. कर्मचारीको नियुक्ति, जिम्मेवारी, कार्यसम्पादन, अनुशासन, बिदा, पारिश्रमिक, सेवासुविधा तथा सेवाको अन्त्य सम्बन्धी व्यवस्था पारदर्शी तथा व्यवस्थित रूपमा गरिनेछ।

४. कर्मचारी भर्ना तथा सेवा सुविधाका शर्त सम्बन्धी अन्य व्यवस्था कर्मचारी प्रशासन विनियममा तोकिएबमोजिम हुनेछ।

**धारा १२७. सम्पत्ति विवरण सम्बन्धी व्यवस्था:**

१. दलको केन्द्रीय समितिका पदाधिकारी र सदस्यमा निर्वाचित भएको व्यक्ति निर्वाचित भएको साठी दिनभित्र आफ्नो चल तथा अचल सम्पत्तिको विवरण सिलबन्दी गरी दलको केन्द्रीय कार्यालय समक्ष पेश गर्नुपर्नेछ ।

२. उपधारा (१) बमोजिमको विवरण प्राप्त भएपछि कार्यालयमा त्यसको अभिलेख राखी सम्पत्ति विवरण पेश गर्ने र नगर्ने पदाधिकारी तथा सदस्यको नाम सम्पत्ति विवरण पेश गर्नुपर्ने अवधि नाघेको एक महिनाभित्र प्रकाशन गर्नुपर्नेछ ।

३. उपधारा (१) बमोजिमको सम्पत्ति विवरण अनुसूची-११ बमोजिमको ढाँचामा बुझाउनु पर्नेछ।

**धारा १२८. अधिकार प्रत्यायोजन:**

१. राष्ट्रिय महाधिवेशनले केन्द्रीय समितिलाई तथा सम्बन्धित तहको अधिवेशनले सम्बन्धित तहको समितिलाई राष्ट्रिय महाधिवेशन वा अधिवेशनको अधिकार तोकिएको शर्त तथा सीमाभित्र रही प्रयोग गर्न प्रत्यायोजन गर्न सक्नेछ।

स्पष्टीकरण: यस उपधाराको प्रयोजनका लागि "तोकिएको शर्त" भन्नाले अधिकार प्रत्यायोजन गर्दा सम्बन्धित राष्ट्रिय महाधिवेशन वा अधिवेशनले निर्धारण गरेको शर्त, सीमा, विषय तथा कार्यक्षेत्रलाई सम्झनुपर्छ।

२. उपधारा (१) बमोजिम प्रत्यायोजन भएको अधिकार सम्बन्धित निकायले पुन: अन्य कुनै निकाय, विभाग, समिति वा पदाधिकारीलाई प्रत्यायोजन गर्न पाउने छैन।

३. सम्बन्धित तहको समितिले आफ्नो अधिकारक्षेत्रभित्रको कुनै अधिकार आवश्यकता अनुसार सम्बन्धित विभाग, समिति वा पदाधिकारीलाई स्पष्ट कार्यक्षेत्र, अवधि तथा शर्त तोकी प्रत्यायोजन गर्न सक्नेछ।

४. अधिकार प्रत्यायोजन गर्दा प्रत्यायोजित अधिकारको विषय, सीमा, अवधि, प्रयोग गर्ने निकाय वा पदाधिकारी तथा लागू हुने शर्त स्पष्ट रूपमा उल्लेख गर्नुपर्नेछ।

५. अधिकार प्रत्यायोजन गर्ने निकायले प्रत्यायोजित अधिकारको प्रयोगको अनुगमन, समीक्षा तथा आवश्यक निर्देशन गर्न सक्नेछ। प्रत्यायोजित अधिकार प्रयोग गर्ने निकाय वा पदाधिकारीले गरेको कार्यका सम्बन्धमा सम्बन्धित मूल निकायप्रति जवाफदेही हुनुपर्नेछ।

६. अधिकार प्रत्यायोजन, त्यसको प्रयोग, सीमा, नियन्त्रण, अनुगमन, फिर्ता तथा समाप्तिसम्बन्धी अन्य व्यवस्था विधान, नियमावली तथा तोकिएबमोजिम हुनेछ।

**धारा १२९. दल एकीकरण हुन सक्ने:**

१. दलको केन्द्रीय समितिको कम्तीमा पचास प्रतिशत सदस्यको निर्णयबाट अन्य कुनै दललाई यस दलमा एकीकरण गर्न वा अन्य दलहरूसँग समेत एकीकरण गरी नयाँ दल गठन गर्न सकिनेछ।

२. दल एकीकरण वा नयाँ दल गठन भएको अवस्थामा एकीकरण हुने दल वा दलहरूको सम्पत्ति, कोष, अधिकार, दायित्व, अभिलेख तथा अन्य जायजेथा एकीकरण भई कायम भएको दलमा सर्नेछ।

३. दल एकीकरण वा नयाँ दल गठन गर्नुअघि सम्बन्धित दलहरूको विधान, नीति, कार्यक्रम, संगठनात्मक संरचना, नेतृत्व तथा सम्पत्ति-दायित्वसम्बन्धी विषयमा आवश्यक सहमति र लिखित समझदारी कायम गर्नुपर्नेछ।

४. दल एकीकरण वा नयाँ दल गठनसम्बन्धी निर्णय भएपछि प्रचलित कानूनबमोजिम आवश्यक विवरण, निर्णय तथा कागजात निर्वाचन आयोगमा पेश गरी अभिलेख अद्यावधिक गर्नुपर्नेछ। एकीकरणपछि दलका समिति तथा संगठनात्मक संरचनालाई आवश्यकताअनुसार पुनर्गठन गर्न सकिनेछ।

५. दल एकीकरणको प्रस्ताव, निर्णय, सम्पत्ति तथा दायित्व हस्तान्तरण, संगठनात्मक समायोजन, नेतृत्व व्यवस्थापन तथा निर्वाचन आयोगमा जानकारी गराउने सम्बन्धी अन्य व्यवस्था प्रचलित कानून, दलको विधान, नियमावली तथा तोकिएबमोजिम हुनेछ।

**धारा १३०. विधानको व्याख्या:**

विधानको अन्तिम व्याख्या दलको महाधिवेशनले गर्नेछ ।

**धारा १३१. बाधा अड्काउ फुकाउने:**

१. दलको विधान कार्यान्वयन गर्ने क्रममा कुनै बाधा, अड्चन वा अस्पष्टता उत्पन्न भएमा त्यस्तो बाधा, अड्चन वा अस्पष्टता हटाउन केन्द्रीय समितिले आवश्यक निर्णय गर्न सक्नेछ।

२. उपधारा (१) बमोजिम गरिएको निर्णयका कारण विधानमा संशोधन गर्न आवश्यक देखिएमा दलको विधानमा व्यवस्था भएबमोजिमको प्रक्रिया पूरा गरी तत्पश्चात् बस्ने राष्ट्रिय महाधिवेशनमा विधान संशोधनको प्रस्ताव पेश गर्नुपर्नेछ।

३. बाधा अड्काउ फुकाउने निर्णय गर्दा दलको मूल नीति, सिद्धान्त, उद्देश्य, लोकतान्त्रिक मूल्य, समानुपातिक समावेशी सिद्धान्त तथा प्रचलित कानूनको प्रतिकूल हुने गरी निर्णय गर्न पाइने छैन।

४. उपधारा (१) बमोजिम गरिएको बाधा अड्काउ फुकाउने निर्णयको जानकारी सम्बन्धित सबै तहका समिति तथा निकायलाई यथाशीघ्र उपलब्ध गराउनुपर्नेछ र त्यस्तो निर्णयको अभिलेख सुरक्षित राख्नुपर्नेछ।

५. बाधा अड्काउ फुकाउने कार्यविधि तथा बाधा अड्काउ फुकाउनेसम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

**धारा १३२. संक्रमणकालीन व्यवस्था:**

१. सम्बन्धित तहको समितिले महाधिवेशन वा अधिवेशनको घोषणा गरेपछि तत्काल कायम रहेको समिति स्वतः सम्बन्धित तहको महाधिवेशन वा अधिवेशन आयोजक समितिमा रूपान्तरण हुनेछ।

२. उपधारा (१) बमोजिम आयोजक समितिमा रूपान्तरण भएको समितिले महाधिवेशन वा अधिवेशनबाट नयाँ समिति निर्वाचित नभएसम्म सम्बन्धित तहको कार्यकारी समितिको हैसियतमा कार्य गरिरहनेछ।

३. महाधिवेशन वा अधिवेशन आयोजक समितिले नियमित प्रशासनिक तथा संगठनात्मक कार्य सञ्चालन गर्ने भए तापनि दीर्घकालीन नीतिगत निर्णय, संगठनात्मक संरचनामा व्यापक परिवर्तन तथा नयाँ आर्थिक दायित्व सिर्जना हुने कार्य आवश्यक बाहेक गर्न पाउने छैन।

४. आयोजक समितिले महाधिवेशन वा अधिवेशन निष्पक्ष, पारदर्शी, व्यवस्थित तथा लोकतान्त्रिक ढङ्गबाट सम्पन्न गर्न आवश्यक तयारी, प्रतिनिधि छनोट, कार्यसूची निर्धारण, निर्वाचन व्यवस्थापन तथा अन्य आवश्यक कार्य गर्नेछ।

५. संक्रमणकालीन अवस्थामा समिति तथा निकायको सञ्चालन, महाधिवेशन वा अधिवेशन आयोजना, आयोजक समितिको अधिकार तथा जिम्मेवारी र यससम्बन्धी अन्य व्यवस्था विधान, नियमावली तथा तोकिएबमोजिम हुनेछ।

**धारा १३३ नियमावली बनाउन सक्ने:**

१. दलको केन्द्रीय समितिले यो विधान बमोजिमको व्यवस्था कार्यान्वयन गर्न आवश्यकता अनुसार नियमावली बनाउन सक्नेछ ।

२. उपधारा (१) बमोजिम बनाइएको नियमावली निर्वाचन आयोगबाट स्वीकृत प्राप्त गरेपछि मात्र कार्यान्वयन हुनेछ ।

३. विधानसँग बाझिएको नियम बाझिएको हद सम्म अमान्य हुनेछ ।

**धारा १३४. कार्यविधि बनाउन सक्ने:**

१. दलको केन्द्रीय समिति वा नियमावलीमा तोकिए बमोजिमको तहका समितिले दल सञ्चालन तथा विधान र नियमावली बोजिमको व्यवस्था कार्यान्वयन गर्न कार्यविधि बनाउन सक्नेछ ।

२ उपधारा (१) बमोजिम कार्यविधि स्वीकृत गरी कार्यान्वयन गरिएकोमा कार्यविधि स्वीकृत भएको मितिले पन्ध्र दिनभित्र सम्बन्धित तहको समितिले निकट माथिल्लो तहको समिति र आयोगको सम्बन्धित कार्यालयमा जानकारी गराउनु पर्नेछ । तर केन्द्रीय समितिले गरेको निर्णय आयोगमा दिइनेछ ।

**धारा- १३५. पार्टीका ज्येष्ट नागरिक :**

१. केन्द्रीय समिति, प्रदेश समिति, जिल्ला समिति र पालिका समितिले आफ्नो तहमा पार्टीमा लामो समय योगदान गरेका र ७० बर्ष उमेर पूरा भएका सदस्यहरू रहेको पार्टी जेष्ठ नागरिक मञ्च गठन गर्नेछन् ।

२. मञ्चमा सम्बन्धित समितिले तोकेबमोजिम अध्यक्ष- १, उपाध्यक्ष- १, सचिव- १ र सदस्यहरू रहनेछन् ।

३. सम्बन्धित समितिले मञ्चका पदाधिकारी र सदस्यलाई विशेष समारोह आयोजना गरी तोकिएबमोजिमको परिचय-पत्र प्रदान गर्नेछन् ।

४. मञ्चको बैठक आवश्यकता अनुसार बस्नेछ । मञ्चका अध्यक्षले सम्बन्धित समितिको अध्यक्षसँग परामर्श गरी मञ्चको बैठक बोलाउनेछन् ।

५. मञ्चका पदाधिकारी र सदस्य आफूमा रहेको ज्ञान र अनुभव नयाँ पुस्तामा हस्तान्तरण गर्न र पार्टीको पक्षमा जनमत निर्माण गर्नमा सक्रिय रहनेछन् । मञ्च सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

६. पार्टीमा दीर्घकालीन तथा आजीवन निष्ठापूर्वक सेवा गरेका ज्येष्ठ सदस्यहरूको सम्मान, सामाजिक सुरक्षा तथा आर्थिक सहयोगका लागि "ज्येष्ठ नागरिक कल्याण कोष" स्थापना गरिनेछ। उक्त कोषमार्फत पार्टीको आर्थिक क्षमता, कोषको अवस्था तथा निर्धारित मापदण्डका आधारमा योग्य ज्येष्ठ सदस्यहरूलाई मासिक ज्येष्ठ नागरिक सेवा भत्ता उपलब्ध गराइनेछ। साथै, उनीहरूको स्वास्थ्य, सम्मान, अनुभव र योगदानको संरक्षण तथा उपयोगका लागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ।

## धारा- १३६. औपचारिक कार्यक्रम :

पार्टीका औपचारिक कार्यक्रममा पार्टीको झण्डा र राष्ट्रिय झण्डाको प्रयोग गरिनेछ । यससम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

## धारा- १३७. पार्टी सदस्यले एजेण्डा उठाउन सक्ने :

कुनै तहका समितिमा सदस्य नरहेका पार्टी सदस्यहरुले आफू सम्बन्धित वडा समिति मार्फत् पार्टीको नीति, विचार र निर्णयसँग सम्बन्धित रहेर एजेण्डा उठाउन सक्नेछ र त्यसरी उठाइएको एजेण्डा वडा समितिमा छलफल हुनुपर्नेछ । सबै तहका समितिलाई आफ्नोएक तह माथिको समितिमा एजेण्डा उठाउने अधिकार हुनेछ । वडा समितिले पालिका समिति, पालिका समितिले प्रदेश समिति र प्रदेश समितिले केन्द्रीय समितिमा पार्टीको नीति, विचार र निर्णयसँग सम्बन्धित रहेर एजेण्डा उठाउन सक्नेछ ।

## धारा- १३८. पार्टीमा युवा सहभागिता :

पार्टीमा युवा सहभागितालाई प्रवर्द्धन गर्न पार्टीको केन्द्रीय समिति, केन्द्रीय लेखा परीक्षण बिभाग, केन्द्रीय अनुशासन समिति, पालिका समिति र वडा समितिमा कम्तिमा (३२-४०) उमोरका युवाहरुको संख्या ५८ प्रतिसत हुनुपर्नेछ ।

## धारा- १३९. जलवायु परिवर्तन :

बिस्व जलवायु परिवतन लाइ मध्यनजर गर्दै देसलाइ कार्व मुक्त बनाउन पार्टीको सबै तहका समितिका सदस्यहरुले बोट रोपेको हुनुपर्नेछ । पार्टीका तर्फ बाट हुने बृक्षारोपण कार्यक्रमा सहभागी हुने ।

## धारा- १४०. सूचना, संचार तथा प्रचार प्रसार :

१. प्रचार-प्रसारको काम गर्ने, सूचना संकलन गर्ने ।

२. पार्टी पुस्तकालयको सञ्चालन गर्ने, पार्टीका तर्फबाट सार्वजनिक गराउनुपर्ने विषयको सूचना प्रवाहित गर्ने तथा पार्टीमाथि लगाइएका आरोपहरूको सम्बन्धमा प्रष्ट पार्ने र खण्डन आदि गर्ने ।

३. पार्टीले भाग लिएको निर्वाचनमा निर्वाचन रणनीति तय गर्ने, निर्वाचन सामाग्रीको तयारी गरी वितरण गर्ने गराउने ।

४. प्रचार सामाग्रीलाई प्रत्येक जिल्ला, क्षेत्रीय समिति एवं गाँउ इकाइ नगर वडा टोल समितिसम्म व्यवस्थित तरिकाले पुऱ्याउने ।

५. पार्टीबाट संचालित कार्यक्रम र अभियानको निरन्तर प्रचार प्रसार गर्ने ।

## धारा- १४१. विज्ञान तथा प्रविधि :

१. देशको समग्र विकासका निमित्त विज्ञान तथा आधुनिक प्रविधिहरुको अधिकतम उपयोग गर्ने तर्फ कार्ययोजना तयार गरी पार्टीमा राय सुझाव पेश गर्ने ।

२. समाजका सबै समुदाय र क्षेत्रमा विज्ञान र प्रविधिको पहुँच पुऱ्याउने नीति तर्जुमा गर्न पार्टीलाई सुझाव दिने ।

३. आधुनिक विज्ञान र सूचना प्रविधिको पहुँच र उपयोग समाजका हरेक क्षेत्र र वर्गमा व्यापक बनाउन आवश्यक पहल गर्ने ।

४. विज्ञान तथा सूचना प्रविधिको क्षेत्रमा भएका विकास र आविष्कारका बारेमा जानकारी राख्ने र पार्टीको कार्य संचालनमा सूचना प्रविधिको अधिकतम उपयोग गर्न आवश्यक रणनीति बनाई कार्यान्वयन गर्न पार्टीमा सुझाव दिने ।

## धारा- १४२. पार्टीको मूल संरचना परिवर्तन:

१. पार्टीको नाम, झण्डा, चुनाव चिन्ह, मूल सिद्धान्त तथा आधारभूत राजनीतिक उद्देश्य परिवर्तन गर्न विशेष महाधिवेशनको दुईतिहाइ बहुमत आवश्यक हुनेछ।

२. यस्तो विषयमा संस्थापन परिषद्को लिखित रायसमेत अभिलेखमा राखिनेछ।

## धारा- १४३. संस्थापन टिमको मान्यता:

१. पार्टी स्थापनाको प्रारम्भिक चरणमा पार्टी निर्माण, संगठन विस्तार, नीति-सिद्धान्त निर्माण र निर्वाचन आयोगमा दर्ता प्रक्रियामा नेतृत्वदायी भूमिका निर्वाह गर्ने व्यक्तिहरूलाई संस्थापन टिमका रूपमा मान्यता दिइनेछ।

२. संस्थापन टिमको नामावली पार्टीको आधिकारिक अभिलेखमा सुरक्षित गरिनेछ।

**धारा- १४४. संस्थापन परिषद् गठन:**

१. पार्टीको दीर्घकालीन नीति, सिद्धान्त, संगठनात्मक निरन्तरता तथा मूल उद्देश्यको संरक्षणका लागि संस्थापन परिषद् गठन गरिनेछ।

२. संस्थापन परिषद्मा संस्थापक अध्यक्षसहित विधानले तोकेका संस्थापक सदस्यहरू रहनेछन्।

**धारा- १४५. संस्थापन परिषद्को विशेष अधिकार:**

१. पार्टीको मूल सिद्धान्त, विचारधारा र राजनीतिक मार्गदर्शनको संरक्षण गर्ने।

२. विधानको मूल भावना विपरीत हुने निर्णयबारे केन्द्रीय समितिलाई सुझाव तथा पुनर्विचारका लागि निर्देशनात्मक सिफारिस गर्ने।

३. पार्टी विभाजन, पार्टीको नाम/झण्डा/चुनाव चिन्ह परिवर्तन वा पार्टीको मूल वैचारिक आधारमा ठूलो परिवर्तन गर्नुपरेमा विशेष राय दिने।

४. पार्टीमा उत्पन्न गम्भीर आन्तरिक विवाद समाधानका लागि मध्यस्थता गर्ने।

५. पार्टीको दीर्घकालीन रणनीति तथा राष्ट्रिय महत्वका विषयमा विशेष मार्गदर्शन दिने।

**धारा- १४६. संस्थापक अध्यक्षको विशेष भूमिका:**

१. संस्थापक अध्यक्ष पार्टीको संस्थापक तथा वैचारिक संरक्षकका रूपमा सम्मानित हुनेछन्।

२. संस्थापक अध्यक्षले पार्टीको मूल विचार, सिद्धान्त र संगठनात्मक एकताको संरक्षणका लागि विशेष मार्गदर्शन गर्नेछन्।

३. संस्थापक अध्यक्षको अनुपस्थितिमा विधानबमोजिम तोकिएको वरिष्ठ संस्थापक सदस्यले उक्त जिम्मेवारी निर्वाह गर्नेछ।

**धारा- १४७. संस्थापन टिमको सहभागिता:**

१. केन्द्रीय महाधिवेशन, राष्ट्रिय सम्मेलन तथा पार्टीका महत्वपूर्ण नीति निर्माण प्रक्रियामा संस्थापन टिमको संस्थागत सहभागिता सुनिश्चित गरिनेछ।

२. संस्थापन टिमका अनुभवी सदस्यहरूलाई पार्टीका महत्वपूर्ण राजनीतिक, वैचारिक तथा संगठनात्मक जिम्मेवारीमा प्राथमिकता दिन सकिनेछ।

**धारा- १४८. संस्थापन परिषद्को संरक्षण:**

१. संस्थापन टिमका सदस्यलाई उनीहरूले पार्टी स्थापनामा गरेको योगदानका आधारमा विशेष सम्मान र संस्थागत संरक्षण प्रदान गरिनेछ।

२. संस्थापन टिमको योगदानलाई पार्टीको आधिकारिक इतिहास तथा दस्तावेजमा समावेश गरिनेछ।

**धारा- १४९. शक्ति सन्तुलन:**

१. संस्थापन परिषद्लाई विशेष भूमिका प्रदान गरिए पनि पार्टीको नियमित प्रशासन, आर्थिक कारोबार, निर्वाचन र संगठन सञ्चालन लोकतान्त्रिक विधि, विधान र निर्वाचित निकायबाट हुनेछ।

२. कुनै पनि विशेष अधिकार पार्टीको मूल उद्देश्य, लोकतान्त्रिक मूल्य र नेपालको प्रचलित कानूनविपरीत प्रयोग गर्न पाइने छैन।

**धारा- १५०. विशेष महाधिवेशनमा संस्थापनको भूमिका:**

पार्टीको अस्तित्व, मूल विचारधारा, संगठनात्मक एकता वा राष्ट्रिय राजनीतिक दिशामा गम्भीर संकट उत्पन्न भएमा संस्थापन टिमले विशेष महाधिवेशन बोलाउन केन्द्रीय समितिसमक्ष लिखित प्रस्ताव राख्न सक्नेछ।

**धारा- १५१. संस्थापन टिमको दीर्घकालीन संरक्षकत्व:**

संस्थापन टिम पार्टीको इतिहास, विचार र संस्थागत निरन्तरताको संरक्षक निकायका रूपमा रहनेछ।

**धारा- १५२. संस्थापन टिमको गठन, हेरफेर तथा पुनर्गठन:**

१.पार्टीको संस्थापन टिम पार्टी स्थापनाको क्रममा मूल नेतृत्व तथा संस्थापक सदस्यहरूबाट गठन भएको विशेष संस्थागत निकाय हुनेछ।

२. संस्थापन टिममा कुनै सदस्य थप गर्नुपर्ने, हटाउनुपर्ने, जिम्मेवारी परिवर्तन गर्नुपर्ने वा टिमको पुनर्गठन गर्नुपर्ने अवस्था आएमा त्यस्तो निर्णय संस्थापन टिमको बैठकबाट मात्र गर्न सकिनेछ।

३. संस्थापन टिमको संरचना, सदस्य संख्या तथा जिम्मेवारीमा हेरफेर गर्ने अधिकार केन्द्रीय समिति, प्रदेश समिति, जिल्ला समिति, महाधिवेशन वा पार्टीका अन्य नियमित निकायले प्रत्यक्ष रूपमा प्रयोग गर्न पाउने छैनन्।

४. संस्थापन टिममा नयाँ सदस्य मनोनयन, सदस्यको जिम्मेवारी हेरफेर वा सदस्यता समाप्त गर्ने निर्णय संस्थापन टिमको बैठकमा उपस्थित सदस्यहरूको कम्तीमा दुईतिहाइ बहुमतबाट हुनेछ।

५. संस्थापन टिमका कुनै सदस्यले स्वेच्छाले जिम्मेवारीबाट अलग हुन चाहेमा लिखित राजीनामा संस्थापन टिमसमक्ष पेश गर्नुपर्नेछ र सोही टिमले स्वीकृत गरेपछि मात्र पद रिक्त भएको मानिनेछ।

६. संस्थापन टिमको कुनै सदस्यको निधन, स्थायी रूपमा जिम्मेवारी निर्वाह गर्न नसक्ने अवस्था वा विधानबमोजिम अन्य कारणले पद रिक्त भएमा रिक्त पदमा नयाँ सदस्य मनोनयन गर्ने अधिकार संस्थापन टिमलाई मात्र हुनेछ।

७. संस्थापन टिमले पार्टीको मूल सिद्धान्त, विचार, उद्देश्य, संगठनात्मक एकता र संस्थागत निरन्तरताको संरक्षणका लागि आवश्यक देखेमा आफ्नो संरचना पुनर्गठन गर्न सक्नेछ।

८. संस्थापन टिमको पुनर्गठन गर्दा पार्टीको मूल संस्थापक भावना, योगदान, अनुभव, क्षमता, निष्ठा तथा पार्टीप्रतिको दीर्घकालीन प्रतिबद्धतालाई आधार मानिनेछ।

९. संस्थापन टिमको संरचना वा सदस्यतासम्बन्धी निर्णयलाई पार्टीका अन्य कुनै निकायले एकतर्फी रूपमा खारेज, संशोधन वा उल्टाउन सक्ने छैन।

१०. संस्थापन टिमसम्बन्धी विवाद उत्पन्न भएमा त्यसको प्रारम्भिक तथा अन्तिम संस्थागत समाधान गर्ने अधिकार स्वयं संस्थापन टिमलाई हुनेछ, तर त्यस्तो निर्णय नेपालको प्रचलित कानून र पार्टी विधानको मूल भावनाविपरीत हुन सक्ने छैन।

११. संस्थापन टिमले गरेका संरचनात्मक निर्णयहरू पार्टीको आधिकारिक अभिलेखमा राखिनेछन् र सम्बन्धित निकायलाई जानकारी गराइनेछ।

## अनुसूची-१

## (धारा ४ सँग सम्बन्धित )

दलको छाप

दुईवटा गोलाकारको बीचमा माथिल्लो भागमा राष्ट्रिय सामाजिक पार्टी तथा तल उल्टोतर्फ स्थापित मिति लेखिएको र दुई वटा गोलाकारको बीचा रकेटको आकृति उल्लेख रहनेछ ।

**अनुसूची-२**

## (धारा ५ सँग सम्बन्धित)

विधानको धारा- ५ सँग सम्बन्धित चुनाव चिन्ह

हातमा हतौडी समातेको आकृति पार्टीको चुनाव चिन्ह रहनेछ ।



## अनुसूची-३

## (धारा ६ सँग सम्बन्धित)

विधानको धारा- ६ सँग सम्बन्धित पार्टीको झण्डा

पार्टी झण्डाको लम्बाई-चौडाई ३:२ अनुपातको हुनेछ । झण्डामा नेपालको झण्डामा रहेको रातो, सेतो र निलो रङ समावेस हुनेछ । मध्य भागमा सेतो गोलाकार घेरा भित्र रकेटको आकृती हुने छ ।



# अनुसूची-४

## (धारा २१ को उपधारा (१) सँग सम्बन्धित)

## दलको दर्ता किताब

प्रदेश..................जिल्ला................प्रतिनिधिसभा निर्वाचन क्षेत्र नं..........प्रदेश सभा निर्वाचन क्षेत्र नं.....................नगरपालिका/गाउँपालिका............वडा नं..........

| क्र.सं. | सदस्यता नं. | नाम | स्थायी ठेगाना | अस्थायी ठेगाना | नागरिकता प्रमाणपत्र नं. | नागरिकता प्राप्त जिल्ला | जाति/समुदाय | लिङ्ग | वर्ग | पेशा | सदस्यता प्राप्त मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | |

प्रमाणित गर्ने

हस्ताक्षर

नाम

पद र समिति

मिति

## अनुसूची - ५

## (धारा २४ को उपधारा (१) सँग सम्बन्धित)

विधानको धारा- २३ को उपधारा १ सँग सम्बन्धित

म ............................................... राष्ट्रिय सामाजिक पार्टीको सदस्य भएको यस अवसरमा प्रतिज्ञा गर्दछु कि म राष्ट्रिय सामाजिक पार्टीको विधान २०८३ को अधिनमा रहि  नेपाली जनता, राष्ट्र, पार्टी र राष्ट्रको हितमा निरन्तर क्रियाशील र समर्पित रहनेछु । पार्टीको सिद्धान्त, कार्यक्रम र नीतिलाई दृढताकासाथ अनुशरण गर्दै पार्टी विधानलाई इमान्दारीताका साथ पालन गर्नेछु । पार्टीको गोपनीयता तथा एकता जोगाउँदै स्वच्छ एवं नैतिक आचरणयुक्त जीवन बिताउनेछु । म राष्ट्र, जनता र पार्टी प्रति बफादार रहि ईश्वरको नाममा शपथ ग्रहण गर्दछु ।

राष्ट्रिय सामाजिक पार्टी- जिन्दावाद ! जिन्दावाद !!

हस्ताक्षर : ....................................................................................................

नाम : ....................................................................................................

ठेगाना : ....................................................................................................

फोन नम्बर : ....................................................................................................

पार्टी सदस्यता नम्बर : ..........................................................................................

मिति : ....................................................................................................

**अनुसूची-६**

## (धारा २६ को उपधारा (२) सँग सम्बन्धित)

## सङ्गठनात्मक संरचना



# अनुसूची-७

## (धारा ५० को उपधारा (४) सँग सम्बन्धित)

बिजयी उम्मेदवारको प्रमाणपत्र

तपाई श्री/शुश्री/श्रीमती/डा..........................................................मिति.......................मा

भएको महाधिवेशनबाट/अधिवेशनबाट राट्रिय सामाजिक पार्टीको................................................

बमोजिमको आचरण गर्न र जिम्मेवारी बोध गर्न सक्षम बन्नुहोस भन्ने कामनाका साथ यो प्रमाण्नपत्र प्रदान गरिएको छ।

मितिः

...........................

नामः....................

(.........................)

राष्ट्रिय सामाजिक पार्टी

**अनुसूची-८**

## (धारा १०८ को उपधारा (५) सँग सम्बन्धित)

नगदी रसिद/भरपाई

राष्ट्रिय सासाजिक पार्टी

र.नं...........................

नगदी रसिद/भरपाइ

मिति.................

श्री.......................................................ज्यू बाट...............................................वापत

अक्षरुपी.....................................................................................स-धन्यवाद प्राप्त भयो।

| रु.................................. |
|---|

............................ ........................

बुझिलिनेको सही बुझउनेको सही

# अनुसूची-९

## (धारा ११७ को उपधारा (१) सँग सम्बन्धित)

राष्ट्रिय सामाजिक पार्टी

दलको सम्पतिको लागत अभिलेख ढाचा

| क्र.सं. | जग्गा | घर | सवारी साधन | जिन्सी समान | नगद |
|---|---|---|---|---|---|
| | | | | | |

## अनुसूची-१०

## (धारा १२० को उपधारा (१) सँग सम्बन्धित)

राष्ट्रिय सामाजिक पार्टी

विधान संशोधन

| क्र.सं. | पलि विधानमा भएको व्यवस्था | अहिले संशोधनमा भएको व्यवस्था | संशोधन गर्नुपर्ने कारणहरु |
|---|---|---|---|
| | | | |

## अनुसूची - ११

## (धारा १२८ को उपधारा (३) सँग सम्बन्धित)

सम्पत्ति विवरण पेश गर्ने ढाँचा

सम्पति विवरण फारम

नामः

पदः

समितिः

स्थायी ठेगानाः

विवरण पेश गरेको आ.व.:

१. अचल सम्पतिको विवरणः

क) घर

| क.सं. | घरधनिको नाम | घर र घरले चर्चेको जग्गाको विवरण | | | | | खरिद गरेको भए खरिद मुल्य | प्राप्तीको स्रोत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | जिल्ला | गा.पा./ न.पा. | वडा नं. | कित्ता नं. | क्षेत्रफल (व.मी) | | | |
| | | | | | | | | | |

ख) जग्गा

| क.सं. | घरधनिको नाम | जग्गाको विवरण | | | | | खरिद गरेको भए खरिद मुल्य | प्राप्तीको स्रोत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | जिल्ला | गा.पा./ न.पा. | वडा नं. | कित्ता नं. | क्षेत्रफल (व.मी) | | | |
| | | | | | | | | | |

२. चल सम्पतिको विवरणः

क) नगत, सुन, चाँदी, हिरा, जवाहरातः

| क्र.सं. | विवरण | परिमाण | प्राप्ती मिति | खरिद गरेको भए खरिद मुल्य | प्राप्तीको स्रोत | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |

ख) बैंक वित्तिय संस्था तथा सहकारी संस्थामा रहेको खाताको विवरणः

| क्र.सं. | खातावालाको नाम | संस्थाको नाम र ठेगाना | खाता नं. | मौज्दात रकम | प्राप्तीको स्रोत | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |

ग) धितोपत्र, शेयर वा ऋणपत्रको विवरणः

| क्र.सं. | शेयरधनीको नाम | कम्पनीको नाम र ठेगाना | शेयर/अणपत्रको किसिम | शेयर/अणपत्रको विवरण | प्राप्तीको स्रोत | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | संख्या | रकम | परल मुल्य |

घ) ऋण लिए/दिए/तिरेको विवरणः

| क्र.सं. | ऋण लिने/दिने/तिर्ने व्यक्ति/संस्थाको नाम ठेगाना | ऋण | | | ऋण लिए दिए तिरेको रकम | ऋण लिए दिए तिरेको मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | लिएको | दिएको | तिरेको | | | |
| | | | | | | | |